३१३

# भक्तपुर मासिक

Bhaktapur Monthly

भाद्र २०७९

ISSN 2705-4454




# भक्तपुर नपामा जनप्रतिनिधिको सय दिन

- नेमकिपा चुनावबाट समाजवाद स्थापना हुनेमा विश्वास गर्दैन
- 'काठमाडौं उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्ने'
- सयवर्ष पछिको भक्तपुर (३)
- 'सरकारले पेट्रोलियम पदार्थको विकल्प विद्युतमा जोड दिनुपर्छ'
- राजनीतिशास्त्र के र किन ?
- भिं रथारोहण– जेष्ठ नागरिकको सम्मान
- क्यान्सर र उपचार
- भक्तपुर नपाका गतिविधिहरू




नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ भक्तपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिले काम गरेको एक सय दिन पुगेको अवसरमा आयोजित कार्यक्रममा सम्बोधन गर्नुहुँदै (भदौ ११ गते)



जनप्रतिनिधिको सय दिनको कार्यक्रममा सहभागी अतिथिहरू

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #(★cÆ !)★g}; ≢!$@★lj÷; ≢@)&(efb|★A.D.2022

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)






'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

**'बुद्धिमान मानिस विवेकबाट, साधारण मानिस अनुभवबाट, अज्ञानी आवश्यकताबाट र पशु स्वभावबाट सिक्दछ ।'– सिसेरो**

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन | – | ३ |
| २) | सुकुलढोका भीमसेन सत्तलको ऐतिहासिक पृष्ठभूमि | – | ६ |
| ३) | जनताले जनविरोधी पदाधिकारीहरूको स्वार्थ कहिल्यै पुरा हुनदिने छैन | सुनिल प्रजापति | ७ |
| ४) | जनप्रतिनिधि, कर्मचारी र जनताबीचको समन्वयले भक्तपुर देशकै उत्कृष्ट नगर बन्न सफल | रजनी जोशी | १० |
| ५) | नेमकिपा चुनावबाट समाजवाद स्थापना हुनेमा विश्वास गर्दैन | सुनिल प्रजापति | १२ |
| ६) | भिं रथारोहण – जेष्ठ नागरिकको सम्मान | ओम धौभडेल | १३ |
| ७) | 'काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्ने' | सुनिल प्रजापति | १६ |
| ८) | सयवर्ष पछिको भक्तपुर (३) | नारायणमान बिजुक्छेँ | १९ |
| ९) | 'सरकारले पेट्रोलियम पदार्थको विकल्प विद्युतमा जोड दिनुपर्छ' | सुनिल प्रजापति | २६ |
| १०) | कर्मचारी र पदाधिकारीहरूले योगदान गरे समाज परिवर्तन गर्ने काममा टेवा मिल्ने | रजनी जोशी | २७ |
| ११) | 'जेलका चिठ्ठीहरू' भित्रकी 'कामरेड शोभा' | समा | २९ |
| १२) | क्यान्सर र उपचार | शोभा प्रधान | ३२ |
| १३) | प्रचलित गीत र गाइचा (गाइने) म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा (१) | विगोल | ४६ |
| १४) | काठमाडौँको वातावरणीय मुद्दा : संस्कृति, फोहोर व्यवस्थापनमा 'सेग्रीगेशन' र नागरिक दायित्व | मीरा राजभण्डारी अमात्य | ५१ |
| १५) | सांस्कृतिक सम्पदा समग्रता जीवनका | तेजेश्वरबाबु ग्वंग | ५५ |
| १६) | घर भत्केको पीडितलाई क्षतिपूर्ति नदिनु भनेको निकै अन्याय हो | कुशल | ५७ |
| १७) | प्रहरीमा लम्पसारवादले बढाएको जोखिम | रमेशप्रसाद खरेल | ६० |
| १८) | राजनीतिशास्त्र के र किन ? | राजु लासिवा | ६१ |
| १९) | भूमिगत पानीको भण्डारण र अत्याधिक दोहन | विष्णुभक्त राजचल | ६४ |
| २०) | समालोचनाया सिद्धान्त (६) | प्रा.माणिकलाल श्रेष्ठ | ६८ |
| २१) | भक्तपुर नपा : कार्यपालिका बैठक निर्णय | – | ७० |
| २२) | अनुभवको आदान-प्रदान | – | ८१ |
| २३) | भक्तपुर नपा गतिविधि | – | ९२ |
| २४) | विविध समाचार | – | १०० |
| २५) | भक्तपुर जिल्लाका नपाहरूमा निर्वाचितहरू | – | ११५ |
| २६) | २००६ सालको नगरपञ्चायत ऐन (७) | – | ११९ |
| २७) | गठबन्धनको गाईजात्रे राजनीति (सम्पादकको पृष्ठ) | – | १२० |


**साथमा**


बसिबियालो-३१/ संक्षेपमा-११२/ २०७९ सालको गाईजात्राको केही झलकहरू-११३/ २०७९ सालको पंचदान (केही झलक)-११४/ विश्वमा कोभिड-१९ को स्थिति-११७/ रंगीनपृष्ठ- क देखि घ

# जनप्रतिनिधिहरूको सय दिन




भक्तपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिले काम गरेको एक सय दिन पुगेको अवसरमा भदौ ११ गते प्रवचन कार्यक्रम भयो।

नगरका पूर्व जनप्रतिनिधि, बुद्धिजीवी, विभिन्न क्षेत्र र पेशाका नगरवासीहरूको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा जनप्रतिनिधिहरूले आफ्नो एक सय दिनको कार्य प्रगति र उपलब्धिहरूबारे चर्चा गरेका थिए।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)**ले भक्तपुर नपाको सय दिनको काम उपलब्धिपूर्ण भएको बताउनुहुँदै देशलाई समृद्ध बनाउन स्थानीय तहलाई बलियो र अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले नयाँ पुस्ताले अन्धविश्वासमा वैज्ञानिकताको खोजी गर्नुपर्ने बताउनुहुँदै सरकारले अन्य देशबाट सिक्दै देशलाई समृद्ध बनाउनतर्फ सोच्नुपर्ने बताउनुभयो।

अध्यक्ष बिजुक्छेँले राजनीतिक कार्यकर्ताहरूले सङ्गठित भएर काम गरे गल्ती कममात्र हुने बताउनुहुँदै राजनैतिक प्रतिबद्धतामा ठूलो नैतिक बल हुने बताउनुभयो।

भक्तपुर नगरपालिकालाई भ्रष्टाचारमुक्त र पारदर्शी नगरपालिकाको रूपमा कायम राख्न जनप्रतिनिधि र कर्मचारीहरूले प्रतिबद्ध



भएर काम गर्नुपर्ने बताउनुहुँदै समय सापेक्षित ढङ्गले कर्मचारीहरूलाई तालिम र प्रशिक्षणहरूको आवश्यकता रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नगरपालिकाले एक सय दिनमा गरेका गतिविधिहरूबारे जानकारी दिनुहुँदै भक्तपुरलाई सफा, सुन्दर र विश्वकै हेर्नलायक नगर बनाउने काममा नगरपालिकासँगै यहाँका जनताको निरन्तर साथ र सहयोगको आवश्यकता औँल्याउनुभयो ।




उहाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनज्योति पुस्तकालयलाई ई-लाइब्रेरीको रूपमा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको, ख्वप अस्पताल १०० शय्यामा स्तरोन्नति, ख्वप विश्वविद्यालय सञ्चालनको निम्ति प्रयास, दैनिक सङ्कलन भएका कुहिने फोहोरबाट सीएनबिएम प्रविधिबाट कम्पोष्ट मल बनाइ बिक्री वितरण, विभिन्न वैकल्पिक स्रोतहरूमार्फत केयुकेएलसँगको समन्वयमा भक्तपुरमा खानेपानी वितरण, पर्यटन क्षेत्रमा गत वर्षको तुलनामा उल्लेख्य सुधार, अनलाइनमार्फत कर भुक्तानी प्रक्रिया सुरु गर्ने योजना, हनुमानघाटमा सुधारिएको शवदाह गृह सञ्चालन, ख्वप टेलिभिजन सञ्चालनको तयारीमा जुटेको बताउनुभयो ।

शिक्षालाई व्यापार बनाउन चाहनेहरूले जनताका छोराछोरीलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्न नचाहेको प्रष्ट पार्नुहुँदै उहाँले नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङका नयाँ विद्यार्थी भर्ना गर्न सीटीईभीटीले अनावश्यक दुःख दिइरहेको प्रसङ्ग जोड्नुभयो ।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्था भएपछि भक्तपुर नगरपालिकाले स्थानीय तहको रूपमा विभिन्न कानुन, नीति र नियमावलीहरूको व्यवस्था गरी जनतालाई गुणस्तरीय सेवा प्रदान गर्दै आएको बताउनुभयो ।



भक्तपुर नपामा जनप्रतिनिधिको सय दिन निकै उपलब्धिपूर्ण भएको बताउनुहुँदै संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले नीति निर्माण गर्ने, त्यसको कार्यान्वयन गर्ने र व्यापक जनताको हितको निम्ति शिक्षा र स्वास्थ्य जस्ता विषयहरू न्यून शुल्कमा सेवा प्रदान गर्दै समाजवादउन्मुख काममा जोड दिँदै आएको उपप्रमुख जोशीले बताउनुभयो ।

त्यस्तै बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले भक्तपुर नपाको सय दिनको अवसरमा शुभकामना दिनुहुँदै शिक्षा, स्वास्थ्य र सरसफाइलगायतका विषयमा नपालाई रचनात्मक सुझाव दिनुभयो ।



उहाँले निर्वाचनमा हुने आर्थिक चलखेलबाट जनता सचेत हुनुपर्ने बताउनुहुँदै भक्तपुरको विकासको मोडल देशका अन्य स्थानीय तहहरूले पनि साथ र सहयोगको अपेक्षा गरेको बताउनुभयो ।

सांसद गोसाईंले भक्तपुर नपाको उपलब्धि र सफलताबाट भक्तपुरवासी र देशकै जनता लाभान्वित भएको बताउनुहुँदै भक्तपुर नगरपालिकाको शिक्षा, स्वास्थ्य, कला संस्कृतिको संरक्षणबारे अडियो भिडियो अभिलेखीकरणमा नपाले जोड दिनुपर्ने बताउनुभयो ।





कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका निर्देशक डा. **विष्णुदत्त पौडेल**ले भक्तपुरलाई आफ्नो कार्यक्षेत्र बनाउन पाउँदा गौरवान्वित महसुस भएको बताउनुहुँदै भक्तपुर क्यान्सर अस्पताल क्यान्सरका सम्पूर्ण उपचार उपलब्ध भएको देशकै व्यवस्थित सरकारी अस्पताल भएको बताउनुभयो। वडा वडामा पाठेघर शिविर गरी भक्तपुरका महिलाहरूलाई क्यान्सरबारे सचेत बनाउन भक्तपुर नपाले विशेष पहल गर्नुपर्नेमा डा. पौडेलले नगर प्रमुख प्रजापतिको ध्यानाकर्षण गराउनुभयो।

इतिहासविद् प्रा.डा. **पुरुषोत्तमलोचन श्रेष्ठ**ले भक्तपुर नपाका जनप्रतिनिधिहरूलाई भक्तपुरलाई संसारकै अतुलनीय सहरको रूपमा स्थापित गर्न सफलता मिलोस् भन्ने शुभकामना दिनुभयो।



उहाँले भक्तपुर नपाको हरेक काममा भक्तपुरवासी जनताको साथ र सहयोग रहेकै कारण भक्तपुर नपाले सम्पूर्ण काम सहजताका साथ सफलतापूर्वक सम्पन्न गर्न सकेको बताउनुभयो।

सम्पदा र पर्यटन एउटै सिक्काका दुई पाटा हो भन्नुहुँदै प्रा.डा. श्रेष्ठले भक्तपुरका भौतिक सम्पदाहरूमा दृश्य प्रदूषण नहुने गरी सम्पदाहरूको मौलिक नाम उल्लेख गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।




भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको सय दिनकै अवसरमा भक्तपुर नपा वडा नं. ५ स्थित भीमसेन सत्तल निजी गुठीका सञ्चालक गणेशमान बिजुक्छैँका माहिला छोरा प्रयागमान बिजुक्छैँमार्फत नगर प्रमुख प्रजापतिलाई **भीमसेन सत्तल हस्तान्तरण** गर्नुभएको थियो।





कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां** र वडा नं ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छैँ**ले पनि बोल्नुभएको थियो।

# सुकुलढोका भीमसेन सत्तलको ऐतिहासिक पृष्ठभूमि




भीमसेन सत्तलको वर्तमान स्वरूप

भक्तपुर नगरपालिकाको मध्यभाग स्थित सुकुलढोका साबिक वडा नं ७ र ५ को सिमानामा रहेको भीमसेन सत्तल वा भीम आदर्श निमाविको नामले चिनिने तीनतले भवनमा २०१८ सालदेखि भीम आदर्श स्कूल रहेको सर्वविदितै छ। उक्त ऐतिहासिक स्कूलका संस्थापकहरू थिए – स्व. गणेशमान बिजुक्छेँ, स्व. मदनकृष्ण हाडा र स्व. गजेन्द्रबहादुर मूल। वि.सं १९९० को महाभूकम्पपश्चात पूर्णरूपमा पातालैसम्म भत्किएको त्यो सत्तल छाडा चौपाया गाई गोरुको आश्रयस्थलमा परिणत भइसकेको थियो। त्यतिबेला पाटनका गणेशदास मानन्धरको नाममा रहेको भनिएको सो सत्तलको पुनर्निमार्ण गर्न सुकुलढोका र गोल्मढीका केही व्यक्तिहरू तम्सिए। आफूहरू व्यापार व्यवसाय गर्ने भएकाले गणेशमानका ससुरालीतर्फका चम्पासाहु भनेर चिनिने कक्षपतिहरू त्यसमा पसल कवल निमार्ण गर्ने योजना बनाउन थालेका थिए। तर, आवश्यक पैसा र कानूनी कागजात मिलाउने काम भने फत्ते गर्नु थियो। अन्तमा (कक्षपतिहरूले) समाजमा त्यतिबेलाका प्रभावशाली आफ्नो भेना (गणेशमान) लाई सो सत्तल निर्माण गर्न राजी तुल्याए। गणेशमान बिजुक्छेँले पाटनका गणेशदास मानन्धरसँग स्वीकृति प्राप्त गरी आफ्नै लगानीमा तीन तले सो सत्तलको पुन:निर्माण गरे। जमिन तलाको नौ कवल पसलमध्ये पूर्वपट्टिको ६ कवल पसलहरूमा चम्पासाहुहरूले पसल चलाए भने पश्चिमपट्टिको तीन कवल अमात्यहरूले समझदारीमा चलाए। माथिको दुइतलामा भीम आदर्श निमावि स्कूलको स्थापना गरी सञ्चालन गरे। यसरी करिब तीन दशकसम्म अलपत्र रहेको सत्तलले पुनर्जन्म पाए र एउटा सामाजिक कार्यले पूर्णता पाएको थियो।

तर केही वर्षपछि चम्पासाहुहरू र अमात्यहरूसँग सत्तल घर पुनर्निमार्ण गर्ने गणेशमान बिजुक्छेँ र पसल चलाउनेहरू बीच असमझदारी बढ्दै गयो। ०३९/०४० सालको नापीमा सो सत्तल गणेशमान बिजुक्छेँले आफ्नो नाममा दर्ता गराए। विवाद चर्कियो र घटनालाई राजनैतिक रङ दिने प्रयास गरियो। सत्तलको स्वामित्वको बारेमा मुद्दासमेत सुरु भयो। पसल कवल चलाउने पक्षहरू र भीमसेन मन्दिरका पुजारी शुद्धकारहरूले समेत सो सत्तल आ-आफ्नो नाममा हुनुपर्छ भनी मुद्दा चलाउन थाले। केही वर्षको मुद्दामा सर्वोच्चले उक्त सत्तल गणेशमान बिजुक्छेँको हो भनी फैसला गरे। तर, राजनैतिक परिवारसँग सम्बन्धित भएकोले यसले अझ राजनैतिक रूप लियो। सत्तलसँग लेनादेना केही नभएका परिवारका सदस्यहरूलाई समेत मुछिने गरी नियोजित रूपमा बदनाम गराउने कामहरू समेत हुँदै गयो। सत्तलको स्वामित्व कानूनी रूपमा आफ्नो भएपनि गणेशमान बिजुक्छेँलाई परिवारबाट नैतिक रूपमा सो सत्तलको स्वामित्व नगरपालिकालाई हस्तान्तरण गर्नुपर्ने दवाब पर्दै गयो।



भीमसेन सत्तल हस्तान्तरण

सत्तलको स्वामित्व नगरपालिकालाई हस्तान्तर गर्ने कुरा अगाडि बढ्दै थियो तर यो निजी गुठी भएकोले तत्काललाई केही अप्ठेरो नपर्ने कुराहरू पनि उठ्यो र यसै बीच गणेशमान बिजुक्छेँको विसं २०४३ साल मंसिरमा देहवसान भयो। केही वर्षसम्म छलफलले विश्राम लियो। यता केही वर्षसम्म नगरपालिका जनप्रतिनिधिविहीन हुन पुग्यो र स्वामित्व हस्तान्तरणको मुद्दा पनि ओझेल पऱ्यो। यही मौकाको फाइदा उठाई राजनैतिक स्वार्थले लिप्त पाखण्डीहरूले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँलाई हिलोछ्यापी सो सत्तलको मुद्दालाई राजनीतिकरण गर्ने पटक पटक दुष्प्रयास भने गरिनै रहे। २०७४ को स्थानीय तहको निर्वाचनपश्चात जनप्रतिधिहरूले नपा सम्हालिसकेपछि फेरि उक्त सत्तलको स्वामित्व हस्तान्तरणको कुरो उठ्यो। आज यो हस्तान्तरणले मूर्तरूप लिँदैछ। भक्तपुर नगरपालिकाले गर्दै आएको सम्पदा संरक्षणको अभियानमा यो भीमसेन सत्तलको स्वामित्व हस्तान्तरण पनि एउटा कोशे ढुङ्गासाबित हुने विश्वास लिन सकिन्छ।

*(भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको सय दिनको कार्यक्रममा भक्तपुर नगरपालिकालाई हस्तान्तरण गरिएको भक्तपुर नपा वडा नं. ५ स्थित भीमसेन सत्तल निजी गुठी।)*

# 'जनताले जनविरोधी पदाधिकारीहरूको स्वार्थ कहिल्यै पूरा हुन दिने छैन'

– सुनिल प्रजापति, प्रमुख–भक्तपुर नपा




स्थानीय तहको दोस्रो निर्वाचनबाट हामी निर्वाचित भएको आज १०० दिन पुग्यो। २०७९ वैशाख ३० गते सम्पन्न निर्वाचनमा भक्तपुर नगरपालिकाका लागि प्रमुख, उप प्रमुखसहित सम्पूर्ण सदस्यहरू नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरू विजयी भयौँ। विगतमा नेमकिपाका जनप्रतिनिधिहरूले गरेका कामको मूल्याङ्कन गरी पुनः एक कार्यकालका लागि भक्तपुरका जनताले नेमकिपाका उम्मेदवारहरूलाई जिताउनु भयो। यस अवसरमा हामीलाई अत्यधिक मतले विजयी बनाउनु हुने तमाम भक्तपुरवासी मतदाता दाजुभाइ दिदीबहिनीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। जेठ ६ गते हामीले सपथग्रहण गरेदेखि नै निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएको वचनअनुसार काम गर्दैछौँ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्य स्थल र सांस्कृतिक नगर घोषणा गर्ने योजनासहित भक्तपुर नगर अघि बढिरहेको छ। का.रोहितद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर'को सपना साकार पार्न आधारहरू निर्माणका कामहरू हुँदैछन्। देशको एक सुन्दर नगर बनाउने उद्देश्यअनुसार काम गरिरहेको नगरपालिकालाई सङ्घ र प्रदेश सरकारको तर्फबाट समय समयमा बाधा व्यवधान दिँदै आएका छन्। यसको पछिल्लो उदाहरण हो, ख्वप बहु प्राविधिक अध्ययन संस्थान अन्तर्गत सञ्चालित नर्सिङ कक्षा सञ्चालनमा रोक लगाउनु। भक्तपुर नगरपालिकाले २०६०/६१ सालदेखि नै ख्वप बहुप्राविधिक अध्ययन संस्थानअन्तर्गत नर्सिङको पढाइ सञ्चालन गर्दै आएको हो। गत वर्ष शिक्षा मन्त्रालयले १०० शय्याको अस्पताल नभएको भनी नर्सिङमा नयाँ भर्ना बन्द गरायो। हामीले बारम्बार प्रयास गर्दा समेत कक्षा सञ्चालन गर्न सकेनौँ । यो वर्ष बागमती प्रदेश सरकारको तर्फबाट २०७९ जेठ २३ गते ख्वप अस्पताललाई १०० शय्याको स्वीकृति प्राप्त भयो। जेठ २६ गते नै सीटीईभीटीमा सम्पूर्ण कागजसहित नर्सिङ कक्षा सञ्चालन गर्न अनुमतिको लागि निवेदन दियौँ। अन्तिम समयमा अनुगमन गर्नुपर्ने बहाना बनाइ ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई अझै कक्षा सञ्चालनको लागि भर्ना खोल्न अनुमति दिएको छैन। भाद्र ७ गते सीटिइभिटीका उपाध्यक्षलगायतका पदाधिकारीहरूलाई भेटेर हामीले ध्यानाकर्षण गरायौँ। उहाँहरूले भर्ना खोल्ने आश्वासन दिए पनि अहिलेसम्म खुलेको छैन।

शिक्षालाई व्यापार बनाउन चाहनेहरूले जनताका छोराछोरीलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरेको मन पराएका छैनन्। निजी क्षेत्रको स्वार्थमा काम गरेर व्यक्तिगत लाभ लिन चाहने पदाधिकारीहरू भक्तपुर नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू विभिन्न निहुँमा बन्द गर्न चाहन्छन् र कुनै न कुनै बहानामा सरकारी शैक्षिक संस्थाहरूलाई कमजोर बनाउन खोज्दैछन्। तर भक्तपुरका जनताले जन विरोधी पदाधिकारीहरूको स्वार्थ कहिल्यै पूरा हुन दिने छैनन्।

यो वर्ष किसानहरूले खेतीको समयमा रसायनिक मल पाएनन्। हामीले किसानहरूलाई आवश्यक मलको व्यवस्थाको लागि सङ्घ र प्रदेशका जिम्मेवार पदाधिकारीहरूसित आग्रह गर्‍यौँ। ती पदाधिकारीहरू लाचार देखिए। भक्तपुर नगरपालिकाका लागि बागमती प्रदेश कृषि मन्त्रालयबाट मल वितरण हुने भएकोले हामीले कृषि मन्त्री, सचिवलगायतका पदाधिकारीहरूसित भेटेर आग्रह गर्‍यौँ। उहाँहरूले गोदाममै पर्याप्त मल नभएको भनी भक्तपुरलाई मल दिन नसक्ने जवाफ दिनुभयो। कृषि प्रधान देशमा मलबिना कृषि उत्पादन कसरी बढ्छ ? कसरी कृषिमा नेपाल आत्मनिर्भर हुन्छ ? यो देशलाई कृषिमा परनिर्भर बनाउने चाल हो। त्यसैले भक्तपुर नगरपालिकाले घर घरबाट निस्केको कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने काम शुरु गर्‍यो। यसले मलमा आत्मनिर्भरतातर्फ थोरै भए पनि योगदान गर्ने हाम्रो विश्वास हो।

दोश्रो कार्यकालको लागि निर्वाचनको क्रममा घोषणापत्रमार्फत हामीले विगतका अधुरा कामहरू पूरा गर्ने र जनताको हितमा नयाँ नयाँ कामहरू गर्ने प्रतिबद्धता व्यक्त गरेका थियौँ। हामी निर्वाचित भए पछि यो १०० दिनमा नगरपालिकाले गरेका केही महत्त्वपूर्ण कार्यहरूबारे सङ्क्षिप्तमा जानकारी गराउन चाहन्छौँ :

१) सर्वसुलभ तरिकाले जनतालाई स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आएको **ख्वप अस्पताल हाल १०० शय्यामा स्तरोन्नति भएको छ।** बागमती प्रदेशबाट २०७९ जेठ २३ गते स्वीकृत प्राप्त भएको हो। अस्पताल स्तरोन्नतिको लागि सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। उक्त अस्पतालले गत आ.व. २०७८/७९ मा ४९ जिल्लाका १,७५,९४३ जना बिरामीहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गर्‍यो। अस्पतालले हरेक दिन ७५० भन्दा बढी बिरामीहरूको सेवा गरिरहेको छ भने अस्पतालप्रति जनताको विश्वास बढ्दै गएको छ। सार्वजनिक बिदा, शनिबार र हरेक दिन बिहान ७ बजेदेखि साँझ ६ बजेसम्म ओपीडी सेवा सञ्चालन ख्वप अस्पतालको विशेषता हो। अस्पताललाई स्रोत र साधनले सम्पन्न बनाई सस्तो र गुणस्तरीय स्वास्थ्य उपचार सेवा दिने हाम्रो उद्देश्यअनुसार काम गर्दैछौँ। विभिन्न रोगको विशेषज्ञ सेवा प्रदान गर्दै आएकोमा यस अवधिमा मुटु रोग विशेषज्ञबाट उपचार सेवाको प्रारम्भ भएको छ। साथै वडा वडामा सञ्चालित स्वास्थ्य केन्द्रहरूमासमेत चिकित्सकहरूको व्यवस्था गरिएको छ। **नगरवासीहरू बिरामी भई रगतको आवश्यकता भएमा त्यसको लागि शुल्क नगरपालिकाले व्यहोर्ने** निर्णय भएको हुँदा निकट भविष्यमा नै यो कार्यान्वयनमा आउने व्यहोरा पनि सम्पूर्ण नगरवासीहरूलाई जानकारी दिन चाहन्छु।

२) ज्ञानविज्ञानको केन्द्र बनाउने लक्ष्य लिएर अगाडि बढिरहेको भक्तपुर नगरपालिकाले **नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको आयोजनामा राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दै आएको छ।** ख्वप कलेज र विश्वविद्यालय अनुदान आयोगको संयुक्त आयोजनामा २०७९ जेठ २९ र ३० गते **'आर्थिक विकासमा व्यवस्थापनको भूमिका'** विषयक राष्ट्रिय सम्मेलन सम्पन्न भयो। त्यसैगरी भनपाद्वारा सञ्चालित ख्वप इ. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा **'समाजको दिगो विकासको लागि ऊर्जाको भूमिका'** विषयक अन्तर्राष्ट्रिय सम्मेलन २०७९ साउन २३ गते सम्पन्न भयो। यस्ता सम्मेलनहरूको आयोजनाले हाम्रा कलेजहरू र विभिन्न देशका विश्वविद्यालयहरूसँगको सम्पर्क बढ्दै जाने र ज्ञानको क्षेत्र फराकिलो हुँदै जाने हाम्रो विश्वास छ। यस्ता सम्मेलनहरूलाई निरन्तरता दिँदै जानेछौँ। ख्वप विश्वविद्यालय सञ्चालनको निम्ति हाम्रो प्रयास जारी छ।

३) नगरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने अलग अलग सङ्कलन गर्दै आएकोमा **फोहोरलाई आयको श्रोत बनाउनेतर्फ हाम्रो ध्यान केन्द्रित छ।** घर घरबाट निस्कने फोहोर आधा कम गर्न सकेमामात्रै पनि सफाइमा भइरहेको नगरपालिकाको खर्च करोडौँ घटाउन सकिन्छ। त्यसलाई ध्यान दिएर कृषि विशेषज्ञहरूबाट सर्वसाधारण जनता र विद्यालयका शिक्षक शिक्षिकाहरूलाई सघन रूपमा कौसी खेती, गड्यौला मल, कम्पोष्ट मल बनाउने प्रशिक्षण दिँदैछौँ। दैनिक सङ्कलन भएका कुहिने फोहोरबाट सीएनबिएम प्रविधिबाट कम्पोष्ट मल बनाइ प्रतिकेजी २० रुपैयाँका दरले किसानहरूलाई बिक्री गर्दै आएका छौँ।

४) निर्वाचन घोषणापत्रअनुसार **खानेपानी समस्या समाधान गर्न हामी निरन्तर लाग्दैछौँ।** सपथ ग्रहणको लगतै मेलम्ची खानेपानी भक्तपुरमा वितरण गर्ने प्रयास गर्‍यौँ। फलस्वरूप जेठ १२ गतेबाट मेलम्चीको पानी वितरण सुरु भयो। जनताले केही राहत महसुस गरे। तर केही समयपछि नै वर्षाको कारण देखाउँदै केयुकेएलले मेलम्चीको पानी काठमाडौँ उपत्यकामा पठाउन बन्द गरेपछि पुनः पानीको समस्या देखिएको छ। विभिन्न वैकल्पिक स्रोतहरूमार्फत केयुकेएलसँगको समन्वयमा भक्तपुरमा खानेपानी वितरण भइरहेको छ।

५) पर्यटन क्षेत्रमा गत वर्षको तुलनामा उल्लेख्य सुधार भएको छ। यस वर्ष जेठ, असार र साउन गरी तीन महिनामा गैरसार्कतर्फ ७,७२५ र सार्क पर्यटकहरू १५,३४७ गरी कूल २३,०७२ जनाले भक्तपुर भ्रमण गरे। गत वर्ष कोरोनाको प्रभावको कारण सोही अवधिमा गैर सार्क १४० र सार्क १५९ गरी जम्मा २९९ जनाले मात्रै भक्तपुर भ्रमण गरेका थिए। गत वर्षको तुलनामा सोही अवधिमा **भक्तपुर भ्रमण गर्ने २२,७७३ जना पर्यटक वृद्धि भएको** रेकर्ड छ।

६) नगरवासीहरूलाई नगरपालिकासम्म आएर कर तिर्न नपर्ने गरी **अनलाइनमार्फत कर भुक्तानी प्रक्रिया** सुरु गर्दैछौँ। गत वर्ष २०७८ जेठ १ गतेदेखि २०७८ साउन ३१ गतेसम्ममा कूल आन्तरिक आय ७ करोड ८६ लाख ७३ हजार ७७८ रहेको थियो भने २०७९ जेठ १ गतेदेखि २०७९ साउन ३१ गतेसम्मको आन्तरिक आय रु. १० करोड ८० लाख ५७ हजार ३३४ रहेको छ। गत वर्षको तुलनामा यस वर्ष सोही अवधिमा आन्तरिक आयमा रु. २ करोड ९३ लाख, ८३ हजार ५५६ वृद्धि भयो। पर्यटनतर्फ रु. १ करोड ९७ लाख ३८ हजारर गैर पर्यटनतर्फ रु. ९६ लाख ४५ हजार वृद्धि भएको छ।

**७)** नगरलाई सधैँभरी सफा राख्न हरेक महिनाको १ गते र १५ गते **सफाइ कार्यक्रम** गर्दै आएका छौँ। उक्त कार्यक्रममा सम्पूर्ण जनप्रतिनिधि, नगरपालिकाका कर्मचारीहरू र स्थानीय टीम, क्लब, वाचनालय तथा विद्यालय परिवारलाई सहभागिता गराउँदै आएका छौँ।

**८)** भक्तपुर नगरपालिकाले गरेका कामहरू सहज रूपमा जनतासम्म पुऱ्याउन 'भक्तपुर' मासिक, 'ख्वप पौ' पाक्षिक, ख्वप सः रेडियो कार्यक्रम, अनलाइन पत्रिका 'भक्तपुर खबर डट कम' लगायत सञ्चालन गर्दै आएकोमा यही अवधिमा **ख्वप टेलिभिजन सञ्चालन गर्ने स्वीकृति प्राप्त भयो।** अब तालिम दिने र स्टुडियो निर्माण गर्ने क्रममा छौँ।

**९)** कोरोनाको समयमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू र स्थानीय स्वयंसेवकहरू जनताका सेवामा अहोरात्र खट्नुभयो। जनताको सेवामा लागेको ती सबैको उच्च मूल्याङ्कन गर्दै बागमती प्रदेशले यस वर्ष **भक्तपुर नगरपालिकालाई 'विपद सेवी पदक' बाट सम्मान गऱ्यो।** यो हामी सबैका लागि गर्वको विषय हो।

**१०) भौतिक निर्माणतर्फ :** यस अवधिमा भक्तपुर नपा वडा नं. ७ स्थित हनुमानघाटको पुल (न्याताँ) र भनपा वडा नं. ३ बाराहीस्थानस्थित बाराही पुल गरी दुई ओटा पुल पुनः निर्माण र जीर्णोद्धार सम्पन्न भयो। भनपा वडा नं. ७ हनुमानघाटमा सुधारिएको शवदाह गृह निर्माण सम्पन्न गरी २०७९ साल असारदेखि सञ्चालनमा ल्याएका छौँ।

त्यसै गरी ढुङ्गा छपाइतर्फ पलिखेल चोक (भनपा ७), क्वाछेँ गल्ली (भनपा ५), त्रिपुरासुन्दरीदेखि चोछेँ (भनपा ५), महेन्द्र आवि प्राङ्गण (भनपा ८) सम्पन्न भएको छ। ईँटा छपाइतर्फ मको गल्ली (वडा नं.९), ठूलो व्यासी (वडा नं. २), भार्वाचोदेखि गणेश मा.वि. (वडा नं.१) सम्म सम्पन्न भए भने नगरका ठाउँ ठाउँमा ढुङ्गा छाप्ने र ईँटा छाप्ने कार्य भइरहेका छन्। त्यसैगरी रामन्दिर, गपलीहुँदै भुलाँचासम्म, सृजना नगर पुरानो पुलदेखि मध्यपुरको सीमासम्म र वासिकचादेखि जगातिसम्मको सडक कालोपत्रे र रानी पोखरीदेखि धाँलाखुसीसम्मको सडकमा ढलान कार्य सम्पन्न भएको छ।

यही अवधिमा तुमचो (वडा नं.९), कालीघाट (वडा नं.२), नाग पोखरी (वडा नं.१०) र बाराही स्थान (वडा नं.३)गरी ४ ओटा खानेपानी त्याँकी निर्माण सम्पन्न भएका छन्। भनपा १ मा सुविधा सम्पन्न शिशु स्याहार केन्द्र र नगरपालिका परिसरमा स्वचालित शौचालय निर्माण सम्पन्न भएको छ। यसबाहेक सार्वजनिक जग्गा संरक्षण, हनुमन्ते खोला सुधारलगायतका कार्यहरू भएका छन्।

**सम्पदातर्फ :**

क) सिद्ध पोखरी उत्तरतर्फको गुह्यश्वरी पाटी (भनपा १), बेताल द्यःछेँ पुनःनिर्माण र भगवती स्थानको ढुङ्गेधारा जीर्णोद्धार (भनपा ५), क्वाठण्डौ स्थित सरस्वती पाटी पुनःनिर्माण र कमलविनायक पोखरीसँगैको चिभ द्यः ( वडा नं. १०) पुनः निर्माण सम्पन्न भयो।

**११)** भक्तपुर नगरपालिका वडा नं. ३ सोमला गलीमा अवस्थित **नवदुर्गा आगंछेँ**को जग्गा जग्गाधनीहरू सरोज बैद्यसमेतले संरक्षणको जिम्मेवारीसहित नगरपालिकालाई हस्तान्तरण गर्नुभएको छ। विश्व सम्पदा क्षेत्र टौमढीसँगै रहेको अत्यन्त महत्त्वपूर्ण ठाउँको उक्त जग्गा नगरपालिकालाई प्रदान गर्नु भएकोमा सम्बन्धित सबैलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौँ।

**१२)** भक्तपुर नगरपालिकाको भगिनी सम्बन्ध रहेको मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र **सान्नान सहरबाट ख्वप अस्पताललाई सहयोग** स्वरूप भेन्टिलेटर १, ओटी टेबल १ र ओटी लाइट १ गरी कूल ३ लाख आर.एम.बी. बराबरको स्वास्थ्य सामाग्री प्राप्त भयो।

**१३)** नक्सापास प्रक्रियालाई सहज बनाउन **अनलाइन नक्सापास** प्रक्रियालाई अगाडि बढाउँदैछौँ। यो प्रक्रिया अन्तिम चरणमा पुगेको छ र अनलाइन नक्सापासले जनतालाई सहज हुने हाम्रो विश्वास छ।

**१४)** भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ असार १६ गते ३ दिने नगरब्यापी विद्यालयस्तरीय **खेलकुद प्रतियोगिता** सम्पन्न भयो।

**१५)** कोरोनाको कारण गत २ वर्षसम्म गाईजात्रा औपचारिकतामा मात्र सीमित गरिएकोमा यो वर्ष गाईजात्रा व्यवस्थित गर्न गाइजात्रा अवधिभर प्रदर्शन भएका सबै **आधुनिक र परम्परागत सांस्कृतिक विधाको अलग अलग मूल्याङ्कन गरी पुरस्कारको व्यवस्था** गरिएको छ।

**१६)** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **जनज्योति पुस्तकालयलाई ई-लाइब्रेरीको रूपमा सञ्चालन गर्ने तयारी** अन्तिम चरणमा पुगेको छ। पुस्तकालयको भण्डार कक्ष निर्माण र उपयुक्त व्यवस्थापनले सदस्य सङ्ख्यामा क्रमशः वृद्धि भइरहेको छ।

**१७)** यस अवधिमा धेरै **महत्त्वपूर्ण व्यक्तित्वहरूले भक्तपुरको भ्रमण** गर्नुभयो। चनियाँ कम्युनिष्ट पार्टी विदेश विभाग प्रमुख लि चियान छायो नेतृत्वमा चिनियाँ

प्रतिनिधि मण्डलले भक्तपुरको भ्रमण गर्‍यो। उहाँले नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित)सित भेट गर्नुभयो।

त्यसैगरी बागमती प्रदेश स्वास्थ्यमन्त्री निमा लामा र बागमती प्रदेशकै युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकालले पनि भक्तपुर नगरको भ्रमण गर्नुभयो। स्वास्थ्यमन्त्री लामाले ख्वप अस्पताललाई स्वास्थ्य उपकरणहरूको सहयोग गर्ने आश्वासन दिनु भए पनि अहिलेसम्म प्राप्त भएको छैन भने खेलकुद मन्त्री ढकालले माहेश्वरी खेलमैदान व्यवस्थित रूपमा अगाडि बढाउन आवश्यक सहयोगको वचन दिनुभएको छ।

१८) भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माण, सरसफाइलगायतको क्षेत्रहरूमा गरिरहेको कामहरूबारे जानकारी लिन देशका विभिन्न महानगर, उपमहानगर, नगरपालिका र गाउँपालिकाका जनप्रतिनिधिहरू भक्तपुर आएर यहाँको विविध पक्षबारे **अध्ययन अवलोकन** गर्नुभयो। उहाँहरूसँगको भेटघाटले विभिन्न पालिकाहरूसँग मित्रता बढ्नुका साथै हामीले धेरै कुरा सिक्ने अवसर पनि पायौँ। त्यसरी भक्तपुर आउने नगरपालिकाहरूमा बाजुराको बडीमालिका नपा, ललितपुर महानपा, चन्द्रागिरी नगरपालिका, बन्दीपुर गाउँपालिका, कैलालीको घोडाघोडी नगरपालिका, मोरङको लेटाङ नपा, धनगढी उपहानगरपालिका, गोरखाको आरुघाट गाउँपालिका, उदयपुरको लिम्चुङबुङ गाउँपालिका, सप्तरीको सुरुङ्गा नपा र दैलेखको दुल्लू नपाका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत र वडाध्यक्षहरूले भक्तपुरको अवलोकन गर्नुभयो।

त्यसैगरी हामीले पनि बिराटनगर महानपा, इटहरी उपमहानपा, बागमती नपा, लालबन्दी नपा, सुन्दरहरैचा नपा र बर्दीबास नपाको अध्ययन भ्रमण गरी अनुभवको आदानप्रदान गरेका छौँ। यस किसिमको अध्ययन भ्रमणले विभिन्न नपाहरूसँग समन्वय र सहकार्य वृद्धी हुनुकासाथै नगर विकासमा टेवा मिल्ने आशा गर्दछौँ।

अन्त्यमा भक्तपुरलाई सफा, सुन्दर र विश्वकै हेर्नलायक नगर बनाउने काममा नगरपालिकासँगै यहाँका जनताको निरन्तर साथ र सहयोगको आवश्यकता छ। विगतका दिनहरूमा जस्तै भक्तपुर नगरपालिकाले गर्ने काममा साथ र सहयोगको अपेक्षासहित विदा हुन्छु। धन्यवाद !

*(२०७९ भदौ ११ गते भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको १०० दिन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*

# ‘जनप्रतिनिधि, कर्मचारी र जनताबीचको राम्रो समन्वयले भक्तपुर नगर देशकै उत्कृष्ट नगर बन्न सफल भएको हो’

– रजनी जोशी, उपप्रमुख




‘कला र संस्कृतिको नगर’, ‘नाचगानको राजधानी’ उपनाम पाएको यस भक्तपुर नगरलाई पछिल्लो समय ‘संसारको जीवित सङ्ग्रहालय’ भनी परिभाषित गरिएको हामीले पाउँछौँ। पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृतिको नारालाई हाम्रा अग्रजहरूले ‘ज्ञानविज्ञानको केन्द्र’, पर्यटकीय गन्तव्यस्थल बनाउने अभियानको थालनीलाई हामी स्थानीय सरकारको २०७४ सालको पहिलो निर्वाचन र १०० दिन अघि सम्पन्न दोस्रो निर्वाचनबाट जनताबाट चुनिएका हामी जनप्रतिनिधिहरूले उक्त अभियानलाई निरन्तरता दिनको लागि भक्तपुर नगरपालिकामार्फत काम गर्न दृढ संकल्पका साथ आएका हौँ।

देशमा प्रजातन्त्र प्राप्तिका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौँ र समाज परिवर्तनको लागि महत्त्वपूर्ण योगदान दिनु हुने अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दै हामी नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूलाई अत्यधिक मत दिएर विजयी गराई नगर र नगरवासीहरूको सेवा गर्ने पुनः सुअवसर दिनु हुने सम्पूर्ण नगरवासीहरूमा कृतज्ञता व्यक्त गर्दछौँ। नेमकिपाको जनसेवा र विकासका कार्यक्रमले भरिएको २०७४ को स्थानीय तह निर्वाचनमा दिइएको घोषणापत्रलाई नै आधार बनाई हामी अघि

बढिराखेको यहाँहरू समक्ष स्मरण गराउन चाहन्छु । साथै पुनः २०७९ वैशाख ३० गतेको निर्वाचनताका हामीलाई उपलब्ध घोषणापत्रलाई अक्षरशः पालना गर्दै अघि बढ्ने वाचा गर्न चाहन्छौँ ।

हामी सम्पूर्ण जनप्रतिनिधिहरूले गत कार्यकालमा झैँ नेपाल मजदुर किसान पार्टीबाट प्राप्त घोषणापत्रअनुरूप काम गर्ने हामी जनप्रतिनिधिहरूको दोस्रो कार्यकालको १०० दिनमा प्रतिबद्धता जाहेर गर्दछौँ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) ले भक्तपुरको भविष्यको कल्पना गर्दै २०५९ असोजमा 'सय वर्षपछिको भक्तपुर' नामक पुस्तक प्रकाशित गर्नुभयो । त्यो पुस्तकलाई हामी जनप्रतिनिधिहरूले पथप्रदर्शक मानेर काम गर्दै आयौँ । हामी भक्तपुरलाई सफा, सुन्दर र शान्त नगरको रूपमा विकास गर्ने कोसिस गर्दैछौँ । जनताको साथ र सहयोगबाट काम गर्न हामीले सहज महसुस गरेका छौँ । जनप्रतिनिधि, कर्मचारी र जनताबीचको राम्रो समन्वयले भक्तपुर नगर आजको अवस्थामा आइपुग्न सम्भव भएको हो । देशकै उत्कृष्ट नगर बन्न सफल भएको हो ।

देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भए पश्चात ३ तहको सरकार गठन भयो । सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्था भएपछि भक्तपुर नगरपालिकाले स्थानीय तहको रूपमा विभिन्न कानुन, नीति र नियमावलीहरूको व्यवस्था गरी जनतालाई गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ । भक्तपुर नगरपालिकाले विकेन्द्रीकरण र स्वायत्त शासनको अभ्यासलाई पूर्ण उपयोग गर्दै आइरहेको छ । साथै नेपालको संविधानको भावनाअनुसार समाजवादउन्मुख काम गर्दैछौँ ।

उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका आधारभूत आवश्यकताका विषयहरू निःशुल्क, रोजगारीको सुनिश्चितता र आर्थिक समानता हुने राजनैतिक व्यवस्था नै समाजवाद हो । संविधानले निर्दिष्ट गरेको उद्देश्य प्राप्तिको लागि समाजवादी अर्थ नीतिबिना सम्भव हुँदैन । आत्मनिर्भर अर्थतन्त्रको विकासले मात्रै देशको विकास सम्भव हुन्छ । संविधानले शिक्षामा मा.वि. तहसम्म सम्पूर्ण एकल अधिकार स्थानीय तहलाई दिएको छ । संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले नीति निर्माण गर्ने, त्यसको कार्यान्वयन गर्ने र व्यापक जनताको हितको निम्ति शिक्षा र स्वास्थ्यजस्ता विषयहरू न्यून शुल्कमा सेवा प्रदान गर्दै समाजवादउन्मुख काम गर्दैछौँ । 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' भन्ने नारालाई सार्थक बनाउन भौतिक एवम् सांस्कृतिक सम्पदाहरूको संरक्षण, भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने लक्ष्यका साथ भनपाले उच्च शिक्षा, स्वास्थ्य सेवा, भौतिक एवम् सांस्कृतिक सम्पदा संरक्षण, पर्यटन, सरसफाइ तथा पारदर्शिता र सुशासनमा नमुनाको रूपमा कार्य गर्दै आएका छौँ र भक्तपुरलाई शिक्षित, स्वस्थ एवम् सुसंस्कृत नगरको रूपमा परिचित गराउने अभियानमा लागेका छौँ ।

निर्वाचन घोषणापत्रअनुसार हामीले ख्वप विश्वविद्यालय सञ्चालनमा जोड दिँदैछौँ । सङ्घीय सरकारले प्रतिनिधि सभामा ख्वप विश्वविद्यालय विधेयक पारित गरी नदिएको कारण भक्तपुरका जनताको त्यो चाहना पूरा हुन सकेको छैन । मेडिकल कलेज स्थापना गरी सस्तोमा गुणस्तरीय चिकित्सक उत्पादन गर्ने हाम्रो उद्देश्य थियो । हामीले यसलाई निरन्तर जोड दिइरहेका छौँ ।

त्यसैगरी दरबार क्षेत्रस्थित कला सङ्ग्रहालय रहेको भवन (लाल बैठकसहित) पुनःनिर्माण मल्लकालीन शैलीमा गर्न संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र भक्तपुर नगरपालिकाबीच सहमति भए पनि युनेस्कोको अनुमति लिनुपर्ने जस्ता प्राविधिक कारणले त्यो अघि बढ्न सकेको छैन । साथै सरकारले पटक पटक आश्वासन दिएर पनि आवश्यक बजेट व्यवस्था गरी नदिएको कारण भक्तपुर नपा वडा नं. ६ मा अरनिको सभा भवन निर्माण गर्ने हाम्रो योजना पूरा हुन पाएको छैन ।

तथापि हामीले यस दोस्रो कार्यकालमा यी सबै कामहरू सम्पन्न गर्ने योजना बनाएका छौँ र हामीलाई विश्वास छ यी योजनाहरू सफलताका साथ सम्पन्न गरी २१ औँ शताब्दीको लागि आवश्यक आयामहरूका साथ भक्तपुरको नाउँलाई कायम राखी अघि बढ्नेछौँ । भक्तपुर नपाले 'जनताको लागि जनताबाटै' भन्ने नारालाई कायम राखी जनताको सहभागितामा हामी जनप्रतिनिधिलगायत कर्मचारी र अग्रजहरूको मार्गनिर्देशनमा सचेत/संयम र सक्षमताका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै उपस्थित प्रमुख अतिथि/विशेष अतिथिलगायत सम्पूर्णलाई पुनः एकपल्ट भक्तपुर नपामा जनप्रतिनिधिहरूको 'सय दिन' कार्यक्रममा स्वागत गर्दै बिदा हुन्छु । धन्यवाद !

*(२०७९ भदौ ११ गते, शनिबार आयोजित भक्तपुर नपामा जनप्रतिनिधिको सय दिन कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको मन्तव्य)*

# नेमकिपा चुनावबाट समाजवाद स्थापना हुनेमा विश्वास गर्दैन

– सुनिल प्रजापति, प्रमुख भक्तपुर नपा



भक्तपुर देशका साना नगरहरूमध्ये एक भएर पनि ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक वस्तु र सम्पदाहरूका कारण अत्यन्त सम्पन्न नगर हो। भक्तपुर नाचगानको राजधानी, सांस्कृतिक नगर र जीवित सङ्ग्रहालयको रूपमा परिचित छ।

भक्तपुर नगरपालिकामा गत २०७९ सालका स्थानीय तहका निर्वाचनमा नेपाल मजदुर किसान पार्टीका शत प्रतिशत जनप्रतिनिधिहरू निर्वाचित भयौँ। नेपाल मजदुर किसान पार्टी नेपालका कम्युनिष्ट पार्टीहरूमध्ये एक हो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) हुनुहुन्छ। उहाँ नेपालका वरिष्ठ कम्युनिष्ट नेताहरूमध्ये एक हुनुहुन्छ। मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई नेपाल मजदुर किसान पार्टीले मार्गदर्शनको रूपमा लिँदै देशमा समाजवाद स्थापना गर्न कानुनी र गैरकानुनी सङ्घर्षमार्फत अगाडि बढ्दैछ।

निर्वाचनबाट समाजवाद स्थापना हुनेमा नेपाल मजदुर किसान पार्टी विश्वास गर्दैन। निर्वाचनमा बहुमत जितेर समाजवाद स्थापना हुने विचार संशोधनवाद हो र संशोधनवाद मार्क्सवादविपरीत पुँजीवादी विचार हो। तर निर्वाचनलाई समाजवादी क्रान्तिको लागि अगाडि बढ्न नेमकिपाले जनताको हितमा उपयोग गर्दै आएको छ। प्रतिक्रियावादी सङ्घ संस्था भित्र गएर जनताको हितमा काम गर्ने लेनिनवादी नीतिअनुसार नेपाल मजदुर किसान पार्टीले विभिन्न तहका निर्वाचनहरूमा भाग लिएर जनताको सेवा गर्दै आएको छ।

देशको राजनैतिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको नेपाल मजदुर किसान पार्टीको तर्फबाट सङ्घीय संसदमा पार्टी सचिव का. प्रेम सुवालले प्रतिनिधित्व गर्दै हुनुहुन्छ भने बागमती प्रदेशमा का. सुरेन्द्रराज गोसाई र सृजना सैंजुले प्रतिनिधित्व गर्दै आउनुभएको छ। पुँजीवादी सरकारमा नगई संसदमा प्रखर प्रतिपक्षको भूमिका खेल्ने पार्टीको नीतिअनुरूप नेमकिपाका निर्वाचित प्रतिनिधिहरूले संसद र प्रदेश सभामा काम गर्दै आउनुभएको छ। जनताका हितविपरीतका विधेयकहरूको विरोध गर्ने र जनपक्षीय कानुनलाई अगाडि बढाउने तथा देशघाती एमसीसी र एसपीपीको विषयमा नेपाल मजदुर किसान पार्टीले विरोध गर्दै त्यसलाई पारित नगराउन सडक र सदनमा निरन्तर अवाज उठाउँदै आएको छ।

स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले विभिन्न जिल्लामा जित हासिल गर्नुभयो। त्यहाँ पनि हाम्रा पार्टीका प्रतिनिधिहरूले जनताको पक्षमा काम गर्दै आउनुभएको छ। शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण, सरसफाइजस्ता जनताका आधारभूत विषयहरूलाई नगरपालिकाले जोड दिँदै आएको छ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले 'सय वर्षपछिको भक्तपुर' र '५० वर्षपछिको नेपाल' बारे पुस्तक लेख्नुभयो। दुई दशक अघि लेख्नुभएको त्यही पुस्तकलाई आधार बनाई भक्तपुर नपाले काम गर्दैछ।

नगरपालिकामा नेमकिपाका जनप्रतिनिधिहरूले कामदार वर्गको हितमा निरन्तर काम गर्दैछौँ। घरदैलो नर्सिङ सेवा, वडा वडामा स्वास्थ्य केन्द्र स्थापना, नगरपालिकाको १०० बेडको अस्पताल सञ्चालन गर्दै २०-२५ मिनेटभित्र नागरिकहरूलाई स्वास्थ्य केन्द्र पुग्ने व्यवस्था गर्दैछौँ।

कुनै पनि विद्यार्थी उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस् भनी रु. ५ लाखसम्मका शैक्षिक ऋण, वार्षिक ३ करोडभन्दा बढी छात्रवृत्ति तथा भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषा पढ्ने नगरवासी विद्यार्थीहरूलाई पीएचडीसम्म पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएका छौँ। वडा वडामा शिशुस्याहारको सञ्चालन, ७ ओटा शैक्षिक संस्थाहरूमार्फत देशभरका ७७ मध्ये ७२ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरू अध्ययन अध्यापनको व्यवस्था गर्दैछौँ। ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी गर्दैछौँ। ➲

# भिं रथारोहण – जेष्ठ नागरिकको सम्मान



ओम धौभडेल

नेपालमा रहेका विभिन्न जनजातिहरूमध्ये काठमाडौँ उपत्यका र वरपरको प्राचीन नेपालमण्डलमा नेवाः:हरू बस्दछन् । नेवाः:हरू सांस्कृतिक हिसाबले अति धनी जातिमा पर्दछ । उनीहरूले यो ठाउँमा आजभन्दा हजारौँ वर्ष पहिले नै असङ्ख्य मूर्त र अमूर्त सम्पदाहरू निर्माण गरिसकेको इतिहास छ । काठमाडौँ, ललितपुर, भक्तपुरलगायत यहाँका अन्य कयौँ प्राचीन बस्तीहरूमा रहेका मठमन्दिर, देवालय, शिवालय, पाटीपौवा, बाटोघाटो, पोखरी, ढुङ्गेधारा, दरबार, सत्तल, डबली, चोक, ननिलगायतका अन्य कयौँ मूर्त सम्पदाहरू नेवाः:हरूले निर्माण गरेको धरोहरहरू यसको साक्षी बनेर आजपनि देख्न पाइरहेको छ । त्यस्तै नेवाः:हरूको जनजीवन, रहनसहन, खानपिन, कृषि, पेशा, ब्यवसाय, पोशाक, चालचलन, जात्रा, चाडपर्व आदि मौलिकपनले धनी छ । यसमा जन्मदेखि मृत्युसम्मका संस्कारहरु त झनै महत्त्वपूर्ण छ । जुन हिन्दूधर्मको १६ विभिन्न संस्कारहरूबाट प्रभावित छ । ती यसप्रकारको छ–

| | | |
|---|---|---|
| १.गर्भाधान | २.पुसवन | ३.सीमन्तोनयन |
| ४.जातकर्ण | ५.नामकरण | ६.निष्क्रमण, |
| ७.अन्नप्राशन | ८.चूडाकर्म | ९.कर्णवेध |
| १०.विद्यारम्भ | ११.उपनयन | १२.केशान्त |
| १३.समार्वतन | १४.विवाह | १५.अग्न्याधान |
| १६.सिज्या । | | |

यी १६ संस्कारहरूबाट नै नेवाःहरूको जन्म देखि मृत्युसम्मका संस्कारहरू निर्देशित छ । सबैभन्दा रोचक त, नेवाःहरूले यो १६ संस्कारलाई समेत आफ्नै ढङ्गले परिमार्जित गरी अपनाएको छ । जसअनुसार *धौबजि नकेगु, मचाबु ब्यंकेगु, चिपं थिकेगु, भुसा खायेगु, कयता बियेगु, इहि, बाराहा तयेगु, इहिपा, जंको, अन्येष्टि* गरी आफ्ना संस्कारहरू विधिपूर्वक मान्दै आएको छ । यसमा जंको एक प्रमुख संस्कार हो ।

नेवाः समाजमा विवाहपछि जब विवाहिता आफ्नी छोरी दुई जीउकी हुन्छे, माइती पक्षले दही चिउरा ख्वाउने चलन छ । जहाँ विभिन्न मासु, तरकारीका परिकारहरू, मिठाई, योमारी आदि पनि ख्वाइन्छ । यसले गर्भवती छोरीले शिशु जन्माउने बेलामा तागत प्राप्त गर्छ भन्ने मान्यता छ । धौबजी नकेगु भनिने यो प्रचलन अति ब्यवहारिक एवम् वैज्ञानिक समेत छ । शिशु जन्मिसके पछि सुतक लाग्छ । यो आफ्नो रित अनुसार ४ दिनदेखि ११ दिनसम्म अवधिको हुन्छ । सुतक फुकाउनेलाई मचाबु ब्यंकेगु भनिन्छ । शिशु जन्मेको एक महिनापछि शिशुसहित सुत्केरी माइती जाने चलन छ । जसलाई मचाबु लहिगु भनिन्छ । यता शिशु पुत्र भए **६** महिनामा र पुत्री भए ५ महिनामा पहिलो पटक अन्न

➲ २०७२ सालको भूकम्पले यहाँका सयौँ सम्पदाहरू बिग्रे, भत्के । त्यसको पुनःनिर्माण हाम्रो चुनौति थियो । २०७४ सालको निर्वाचनमा हामी निर्वाचित भएपछि द्रुतगतिमा सम्पदा पुनःनिर्माणका कामहरू भए । हालसम्म भूकम्पले भत्केका अधिकांश सम्पदाहरूको पुनःनिर्माण सम्पन्न भइसकेका छन् ।

सरसफाइलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले स्थानीय जनतालाई नै सचेत पारी घर घरमै कुहिने र नकुहिने मल अलग अलग सङ्कलनको व्यवस्था गर्दैछ । कुहिने मलबाट प्राङ्गारिक मल उत्पादन गरी सस्तोमा किसानहरूलाई बिक्री गर्दै आएको छ ।

संविधानको भावनाअनुसार प्रत्येक नागरिकलाई शारीरिक व्यायामको अधिकार प्रदान गर्ने उद्देश्यले टोल टोलमा खुला व्यायामशाला, हरेक वर्ष अन्तरनगर खेलकुद प्रतियोगिता, अन्तरविद्यालय खेलकुद प्रतियोगितालगायत खेललाई नागरिक जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने नगरपालिकाले सोच राख्दै आएको छ ।

शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खानेपानी, विकास निर्माणलगायत जनताका आधारभूत आवश्यकता पूरा गर्दै भक्तपुर नगरपालिकाले नेमकिपाको घोषणापत्रलाई आधार बनाई संविधानले कल्पना गरेको समाजवादउन्मुख कार्य गर्दै आएको छ ।

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मदन भण्डारी एसियाली विद्यालयबाट विभिन्न देशका प्रतिनिधिहरू भक्तपुर नगरपालिकामा अवलोकन भ्रमणमा आएका सहभागी प्रतिनिधिमण्डल टोलीको स्वागतमा साउन २९ गते आयोजित कार्यक्रममा व्यक्त मन्तव्य)*

खुवाइन्छ। जसलाई चिपंथिकेगु भनिन्छ। शिशु जन्मेको २ वर्षमा पहिलो पटक जन्म दिन मनाउँछ। यसलाई निदाँ पुन्हि भनिन्छ। बालक ५ देखि ११ वर्षको बीचमा भुसाखाये वा कयता पुजा गर्नुपर्छ। केटी भए ७ वर्षदेखि ११ वर्षभित्र इही गर्नुपर्छ। त्यस्तै केटीको जीवनमा पहिलो पटक मासिक धर्म भएको दिनदेखि १२ दिनसम्म गोप्यकोठामा राख्ने चलन छ। जसलाई बाह्रा तयेगु भनिन्छ। नेवाः समाजमा उमेर पुगेपछि केटा र केटीबीच विवाह गरिदिन्छ। विवाहपश्चात् तिनीहरुका सन्तानको यही क्रम दोहोरिन्छ। आफ्नो र सन्तानको भविष्यको लागि अभिभावकहरूले दिनरात नभनी मिहिनेत गर्छ। जीवनको सबैभन्दा लामो समय यसैमा खर्च हुन्छ। आफ्नो अनि सन्तानको भविष्यको लागि यसको ठूलो भूमिका हुन्छ।

जब अविभावक ७७ वर्ष, ७ महिना, ७ दिन, ७ घडी, ७ पला, ७ विपला पुगेपछि पहिलो पटक जंको गरिन्छ। यसमा विशेष गरी घरको मूलीको उमेर पुगेपछि उनको श्रीमती जतिसुकै उमेरकी भएपनि दम्पत्तिलाई सँगै राखी जंको गर्ने चलन छ। पहिलो पटक गर्ने यो जंकोलाई **भिं रथारोहण** भनिन्छ। त्यस्तै ८३ वर्ष ३ महिना, ३ दिन, ३ घडी, ३ पला, ३ विपला हुँदा दोश्रो पटक पुनः अर्को जंको गरिन्छ। यतिबेला १००० चन्द्रदर्शन पनि गर्ने परम्परा रहेकोले यो जंकोलाई **सहर्षचन्द्रोदर्शन** भनिन्छ। त्यस्तै ८८ वर्ष ८ महिना ८ दिन ८ घडी ८ पला ८ विपला हुँदा तेश्रो पटकको जंको हुन्छ। यसलाई **देव रथारोहण** भनिन्छ। ९९ वर्ष ९ महिना, ९ दिन, ९ घडी ९ पला ९ विपला पुगेपछि चौथो पटक जंको हुन्छ। यसलाई **महावि रथारोहण** भनिन्छ। मानिसको जीवनमा अन्तिम पटक १२० वर्ष १० महिना, १० दिन, १० घडी १० पला १० विपला पुगेपछि पांचौँ पटक जंको हुन्छ। यो अत्यन्त दुर्लभ हुन्छ। प्राय पाँचौँ पटकसम्म जंको नहुने भएपछि कसै कसैले १०० वर्ष नाघे पछि नै **महा देवरथारोहण** गरी सो अवसर जुराएको हुन्छ। यसरी पाँचौँ पटकसम्म जंको गरिसकेपछि मान्छे पनि भगवान हुन्छ भन्ने मान्यता छ। यसरी नेवाः समाजमा जेष्ठ नागरिकहरूलाई सम्मान स्वरूप जंको गर्ने परम्परा छ। जंको गरिसकेका ब्यक्तिहरूलाई आदर तथा सम्मानका साथ अग्रपङ्क्तिमा राख्ने, नेवाः परम्पराअनुसार भोज आदिमा पहिलो स्यु पाउने ब्यक्ति उही जेष्ठ नायो हुन्छ। त्यस्तै सधवा उमेरले सबैभन्दा जेष्ठ आईमाईलाई नकीं भनिन्छ। यसरी गरिने जंकोको लागि आवश्यक सामग्रीहरू निम्न प्रकारको छ–

सुनका विभिन्न सामग्री, चाँदीका विभिन्न सामग्री, माटाका कलशहरू, तामाका कलशहरू, सगुन, दही, योमारी, मुटुमारी, विभिन्न पातहरू, फलफूल, मिठाई, ब्वसलाको चित्र लेखिएको रथ, जमिनबाट उम्रिएका अन्नहरू, गेडागुडीहरू आदि।

## जंको गर्ने विधि

जंको गर्ने दिन निश्चित गर्न ज्योतिषकहाँ जानुपर्छ। जंको गर्ने ब्यक्तिको जन्ममिति अनुसार ७७ वर्ष, ७ महिना, ७ दिन, ७ घडी, ७ पला, ७ विपलाको ठिक समयमा नै यो कार्य हुन्छ। यसको लागि ज्योतिषले लेखिदिएको साईत पौ ल्याउनुपर्छ। यसरी दिन निश्चित भएपछि त्यसको एकदिन अगाडिको दिनलाई **धुस** भनिन्छ। यसदिन जंको गर्ने ज्येष्ठ ब्यक्तिलाई पूजा गर्नुपर्छ। यसपछि जंको गर्ने ब्यक्तिलाई एक्लै छोड्नुहुँदैन। उहाँहरूसित कोही न कोही एकजना साथी बस्नुपर्छ। भोलिपल्ट जंको गर्ने मुख्य दिनमा घर सबै रातो माटो र गोवरले लिप्नुपर्छ। जंको गर्ने ब्यक्तिलाई नङ, रौँ काट्न लगाई शुध्द गर्ने। यसलाई **सुचिस्नान** पनि भनिन्छ। यसको लागि ४ ओटा कलशमा ४ समुद्रको जल हालिन्छ। ती ४ ओटा कुम्भमा बरुणको चिह्न स्वरूप रातो, सेतो, हरियो र कालो नागको चित्र लेखेको हुन्छ। त्यो कुम्भमा सयओटा प्वाल भएको सत्धारा र हजार ओटा प्वाल भएको सहस्रधारा कुम्भबाट जंको गर्ने ब्यक्तिको शीरमा जलको धारा खन्याउने नै सुचिस्नान हो। यस्तो स्नानलाई **न्हव यायेगु** भनिन्छ। जुन प्रायशः देवदेवतालाई मात्र गरिन्छ। मानिसको जीवनमा पनि जंकोको बेला यस्तै न्हव हुन्छ। न्हव पछि जंको गर्ने ब्यक्तिको नङ काट्ने कार्य हुन्छ। नङ काट्दा भुईंमा पर्नु हुँदैन भन्ने मान्यता छ। जंको गर्नेको दिदिबहिनीले उक्त नङ थालमा थाप्नुपर्छ। दिदिबहिनी नभए छोरीले भएपनि यो काम गर्नसकिन्छ। जंकोको शुरुआत श्री गणेशको पूजाबाट शुभारम्भ हुन्छ। जंको गर्ने ब्यक्तिलाई नकींले एक हात फलामको साँचो समाउन लगाई अर्को हातले जलधारा तर्काई जंको गर्ने स्थानमा आसन ग्रहण गर्न लगाउँछ। यहाँ आ-आफ्नो परम्परा अनुसार यज्ञ, होम, नवग्रह पूजा, कुलदेवता, इष्टदेवता आदि देवदेवीको पूजा अनुष्ठान आदि हुन्छ। जंको गर्ने ब्यक्तिले आफ्नो गृहस्थी जीवन त्याग्न आफ्नो गोत्र त्याग्नुपर्छ। यसको लागि ७ ओटा पानको पात लहरै राखी त्यसमाथि ल्वाङ, सुपारी, दक्षिणा राखिन्छ। त्यसमाथि टेकेर जंको गर्ने यज्ञस्थलमा लैजान्छ। जहाँ ब्वसला अङ्कित रथ पश्चिम दिशा फर्काएर राखेको हुन्छ। त्यसमा विराजमान गराइन्छ। यज्ञमा पुरोहित, कर्माचार्य र जोशीबाट विधिविधान अनुसारका कार्य हुन्छ। यस यज्ञमा होम गर्ने क्रममा विभिन्न वस्तु सुर्यलाई अर्पण गर्छ। यस यज्ञको नाम नै सूर्याग्नि हो। यसको अर्थ जंको गर्ने ब्यक्ति पनि सूर्य समान हो भन्ने जनाइन्छ। जसरी सूर्य बसेको रथलाई सप्तरङ्गी घोडाहरूले

हाँकेको हुन्छ। जंको गर्ने ब्यक्तिलाई पनि त्यसै गरी रथमा बस्ने मौका यसदिन पाउँछ। यस सिलसिलामा जंको गर्ने ब्यक्तिलाई पौगा लगाउन दिन्छ। कपासले बनाएको पौगा देवदेवीलाई वस्त्रको रूपमा अर्पण गर्ने परम्परा छ। जीवित देवी कुमारीलाई समेत यसरी पौगा चढाइन्छ। यस्तो पवित्र वस्तु धारण गर्न पाउनुबाट जंको गर्ने ब्यक्ति अवश्य पनि भाग्यमानी ब्यक्ति हुन्। यस अवसरमा नकींले उनको जन्मकुण्डली, चिना, पुण्यचा, मुगा वा मोतिको माला, सगुनको रूपमा दिन्छ। यसबेला नै जंको गर्नेको शरीरमा तिलको लड्डु, योमरी, मुट्ठमारी, लावा, अक्षता, फलफूलका टुक्रा आदि सिफामा राखी तीनपटक खन्याउने अर्थात लुकेगु गर्छ। नेवाः संस्कारमा विभिन्न शुभकार्य गर्दा यसरी लुकेगु चलन छ। विवाह व्रतवन्ध जन्मदिन, म्हपूजा किजापुजा आदिमा पनि शीर, कुम र घुँडामा छुवाई तीनपटक यसरी लुकेगु गर्दा विशेष गरी इष्टदेवताले सदैव शरीरलाई रक्षा गर्छ भन्ने मान्यता छ। यसपछि उक्त रथलाई सबै आफन्तले तानेर घर वरपर विशेष गरी गणेशस्थान, टोल वा नगर परिक्रमा गर्ने चलन छ। यसरी परिक्रमा पश्चात् रथ पुनः पहिलेकै स्थानमा राख्न ल्याउँछ। त्यसपछि सबै आफन्तजनले जंको गर्ने ब्यक्तिको गोडा धोई पूजा गर्छ। उनीहरू सबैलाई टीका लगाई प्रसाद दिन्छ। यसदिन जंको गर्ने ब्यक्तिले माछामासु तथा नुन भएका खाना बार्नुपर्छ।

## जंकोको महत्व

नेवाः समाजमा जेष्ठ नागरिकहरूलाई सम्मान स्वरूप जंको गर्ने परम्परा छ। जंको गरिसकेका ब्यक्तिहरूलाई आदर तथा सम्मानका साथ अग्रपङ्क्तिमा राख्ने चलन छ। जेष्ठ व्यक्तिहरूमा पनि सबैभन्दा बढी उमेरको लाई नायो भनी सबैभन्दा अग्रपङ्क्तिमा राख्ने, निर्णय सबै गर्ने अधिकार हुने, पूजा संकल्प गर्ने, जस्ता हरेक अधिकार हुन्छ।

नेवाः समाजमा यो जन्मदेखि मरणसम्मलाई आफ्नै संस्कारबाट चलाइआएको हुन्छ। एकजना शिशु बालक होस् वा बालिका होस्, जन्मपछि गर्ने संस्कार फरक फरक शैलीको हुन्छ। शिशु बालक भए पास्नीमा सिङ्गो रांगोको टाउको राखी मचाबु ब्यंकेगुदेखि कयता बियेगु, व्रतबन्ध गर्ने, विवाह गर्ने जस्ता कार्य गरिन्छ। वालिका भए आधा रांगोको टाउको राखी ५ महिनामा पास्नी गर्ने चलन छ। त्यसपछि इही, बाह्रा अनि विवाह गरिन्छ। विवाह पूर्व शिक्षा प्राप्त गरी कुनै न कुनै एक पेशामा लागिसकेको हुन्छ। विशेष गरी केटा मान्छेले आय आर्जनमा लागेको हुन्छ। केटी मान्छेले घर परिवार चलाउने शिक्षा पाएकै हुन्छ। केटा मान्छेको २५ देखि ३५ वर्षभित्र अनि केटी मान्छेको २० देखि ३० वर्ष भित्र विवाह भइसक्छ। विवाहपछि सन्तानको जन्म स्वाभाविक प्रक्रिया हो।

६० वर्ष नाघिसकेपछि उनीहरू ज्येष्ठ नागरिक बन्न पुग्छ। त्यतिबेलासम्म उसको परिवारमा छोराछोरीहरू हुर्किसकेको हुन्छ र शिक्षा दीक्षा, रोजगार अनि विवाह समेत भई नाति नातिना भइसकेको हुन्छ। उमेरले वृद्ध वृद्धा भैसकेको हुँदा उनीहरूको स्वास्थ्य कमजोर भइसकेको हुन्छ। तर हाम्रो समाजले उनीहरूले जीवनमा परिवार, समाज अनि राष्ट्रको लागि गरेको योगदानलाई सदैव सकारात्मक ढङ्गले लिने क्रममा उनीहरूको भूमिका सदैव उच्च स्थानमा राख्ने गर्छ। एउटा संयुक्त परिवारमा बाजे बजैलाई उनीहरूका छोरा, बुहारी नाति नातिनाहरूले सदैव उच्च स्थानमा राखेको हुन्छ। घरमा हुने जुनसुकै कार्यमा ज्येष्ठ नागरिकलाई नै सबैभन्दा पहिले मान सम्मान गर्ने गर्छ। भोजभतेर, पूजापर्व, समारोह गुथिगाना हरेक स्थानमा ज्येष्ठ नागरिकलाई अगुवा स्थानमा राखेको हुन्छ। सबैभन्दा पहिला उहाँहरूलाई नै फूल प्रसाद दिने, भोजमा सबैभन्दा माथि राख्ने, उहाँहरूले नखाए सम्म अरूले नखाने, उहाँहरू नउठेसम्म अरू नउठ्ने जस्ता कार्यहरूबाट ज्येष्ठ नागरिकप्रतिको सम्मान प्रष्ट झल्किन्छ। धार्मिक तथा सांस्कृतिक हिसावले उहाँहरूलाई नायो नकीं भनि उच्च दर्जा प्रदान गरेको हुन्छ। त्यस्तै अरू ज्येष्ठ नागरिकहरूलाई उहाँहरूको उमेरको आधारमा त्यसपछिको स्थानमा राख्ने चलन छ। यसमा पुरुषको श्रीमति बितेपनि पुरुषले यो दर्जा पाइरहेको हुन्छ तर महिलाको हकमा सधुवा हुञ्जेलमात्र यो मान पाउँछ। जब श्रीमान्को मृत्यु हुन्छ, महिलाले यो दर्जा पाउँदैन। शायद यो पुरुषप्रधान समाजको उपज हुनुपर्छ। तर पनि परिवारिक हिसावले एकल ज्येष्ठ नागरिकको लालनपालन वा रेखदेख परिवारका सदस्यहरूले गरेको हुन्छ। ती ज्येष्ठ नागरिकहरूलाइ गर्ने जंको अर्थात भिंरथारोहण वास्तवमा उँहाहरूप्रतिको ठूलो सम्मान हो। यो उमेरसम्म ज्येष्ठ नागरिकको रूपमा आमाबाबु जीवित पाउनु ठूलो अहोभाग्य हो। आफूहरूलाई जन्म दिने आमाबालाई बुढेसकालमा सहारा बनी सेवा गर्न पाउनु कमको धर्म होइन। टाढाटाढाको तीर्थमा जानुभन्दा आफ्नै घरका ज्येष्ठ नागरिकहरूको सुखद जीवनको लागि सर्मपित हुनु सबैभन्दा ठूलो धर्म हो। यसैलाई मनन गरी ती ज्येष्ठ नागरिक देवता सरह भयो भनी छोरा, छोरी, बुहारी, छोरी नाति नातिना, आफन्त सबै मिली विधिपूर्वक जंको गर्छ। जंको गरिसकेका ज्येष्ठ नागरिकहरूलाई देवताको दर्जा दिई अझ बढी सम्मान दर्शाउने परम्परा छ। ज्येष्ठ नागरिकहरूलाई जंको अर्थात भिं रथारोहणको माध्यमबाट सम्मान दर्शाउने हाम्रो यो परम्परा संसारकै लागि अनुकरणीय छ।

# 'काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्ने'



– सुनिल प्रजापति, प्रमुख–भक्तपुर नगरपालिका

नेपालको अर्थतन्त्रको एउटा महत्त्वपूर्ण आधार भएर पनि सरकारले उचित ध्यान दिन नसकेको विषय हो, पर्यटन। नेपाल पर्यटन विकासको अत्यन्त सम्भावना भएको देश हो। विश्वको शिखर सगरमाथा, बुद्धको जन्मभूमि लुम्बिनी, उत्कृष्ट पदयात्रा र सफारीका थुप्रै विकल्प भएको देश हो नेपाल। विश्वमै विरलैमात्र पाइने हिमाल, पहाड र तराईको प्राकृतिक, जैविक र सांस्कृतिक विविधता नेपालमा उपलब्ध छन्। उपत्यकास्थित विश्व सम्पदामा सूचिकृत काठमाडौँ, भक्तपुर र ललितपुरको दरबार क्षेत्र, चाँगुनारायण, स्वयम्भू जस्ता सम्पदाहरू हाम्रा सांस्कृतिक धरोहरहरू हुन्। जनकपुर र चितवनलगायत जिल्ला जिल्लामा रहेका सांस्कृतिक, धार्मिक र प्राकृतिक दृष्टिले महत्त्वपूर्ण स्थान र सम्पदाहरू पर्यटन आकर्षणको आधारहरू हुन्। त्यसको अलावा थुप्रै मूर्त र अमूर्त सम्पदाहरूले स्वदेशी र विदेशी पर्यटकहरूलाई वर्षैभरि आकर्षित गरिरहेका हुन्छन्। यति हुँदाहुँदै पनि पर्यटनका हिसाबले नेपाल विश्वको ११० औँ स्थानमा रहेको देखाइएको छ।

विश्व पर्यटनको गन्तव्य बन्नुपर्ने नेपाल सन् २०२२ को बितेको ७ महिनामा २ लाख ८२ हजार पर्यटक भित्रिएकोमा खुशी हुनुपर्ने अवस्था छ। किनभने विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड १९ को कारण सन् २०२१ को वर्षमा जम्मा ६० हजारमात्रै पर्यटकहरू नेपाल भित्रिएको तथ्याङ्क छ। सन् २०१९ मा नेपालमा १२ लाख पर्यटकहरू भित्रिएको र वार्षिक २० लाख पर्यटक भित्र्याउने उद्देश्यले सरकारले सन् २०२० लाई 'नेपाल भ्रमण वर्ष' मनाउने घोषणा समेत गरेको थियो। कोभिडका कारण स्थगित गर्नुपरेको दुखद घटना हामी सबैको मानसपटलमा ताजै छ। २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त थुप्रै सम्पदाहरूको पुनःनिर्माणको काम अझै बाँकी छन्। पुनःनिर्माण प्राधिकरणकाअनुसार २०७८ साल भदौसम्ममा क्षतिग्रस्त सम्पदाहरूमध्ये ५३ प्रतिशत मात्र पुनःनिर्माण सम्पन्न भएको छ। भूकम्पबाट पूर्ण र आंशिक गरी ९२० ओटा सम्पदामा क्षति पुगेकोमा ४९५ ओटा सम्पदाको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भएको प्राधिकरणले जनाएको छ।

पर्यटकहरूको आकर्षणको केन्द्र काठमाडौँ उपत्यकामा क्षतिग्रस्त सम्पदाहरूको पुनःनिर्माण अत्यन्त सुस्त गतिमा भइरहेको प्रति जनताको गुनासो छ। सरकारको उच्च ओहोदामा बस्ने पदाधिकारीहरूले देश र जनताप्रतिको जिम्मेवारीबोधले काम नगरेको आरोप पनि छ। आत्मनिर्भरतालाई कहिल्यै ध्यान नदिने, विदेशीले बनाइ दिएको सम्पदाप्रति गर्व गर्ने, विदेशीहरूले सहयोग नगरे वास्ता नगर्ने जस्ता परनिर्भर सोचकै कारण सम्पदा पुनःनिर्माण ढिलाइ भइरहेको भन्ने जनमानसमा व्यापक चर्चा छ। हाम्रा पुर्खाहरूले निर्माण गरेर गएका ती सम्पदाहरू जीर्णोद्धार र संरक्षणकै लागि पनि विदेशीहरूको मुख ताक्नुपर्ने अवस्था आउनु साँचै विडम्बनापूर्ण छ। सबै काम विदेशीले गरिदिने हो भने नेपाल सरकार, संस्कृति मन्त्रालय, स्थानीय तह र पुरातत्त्व विभागको औचित्यतामाथि नै प्रश्न उठ्छ।

भक्तपुरको राष्ट्रिय कला सङ्ग्रहालय भएको भवन हालसम्म बन्न सकेको छैन। मल्लकालीन शैलीमा बनाउने संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र नगरपालिकाको संयुक्त बैठकले मिति २०७५ साउन ८ गते निर्णय गऱ्यो तर युनेस्कोको 'सहमति चाहिने' भन्दै हालसम्म त्यसको पुनःनिर्माण कार्य अगाडि बढ्न सकेन। के हाम्रो सम्पदा मौलिक शैलीमा बनाउन पनि युनेस्कोको अनुमति चाहिन्छ ? विश्व सम्पदा सूचीमा सूचिकृत सबै सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धारको लागि युनेस्कोको स्वीकृति लिनुपर्ने हो भने कुनै पनि सम्पदा हाम्रो कार्यकालमा पुनःनिर्माण सम्पन्न त के सुरु पनि गर्न सक्ने छैनौँ। यसतर्फ संस्कृति मन्त्रालयको ध्यान जानु आवश्यक छ।

सम्पदा पुनःनिर्माणको काम स्थानीय जनतामार्फत गर्ने कानुनी बन्दोबस्त हुन आवश्यक छ। स्थानीय जनतामा सम्पदाप्रतिको अपनत्व हुनुको साथै उनीहरूले सम्पदाको ऐतिहासिक र सांस्कृतिक महत्त्व बुझ्ने हुँदा त्यसको संरक्षणमा

विशेष ध्यान दिनेछन्। ठेकेदारहरूले सम्पदाको महत्त्वभन्दा नाफामा बढी ध्यान दिने हुँदा तिनीहरूबाट सम्पदाको मौलिकता बचाइ राख्न सम्भव हुँदैन।

भारतले लामो समयदेखि गौतमबुद्ध भारतमा जन्मेको प्रचार गर्दै आयो तर नेपाल सरकारको तर्फबाट त्यसको औपचारिक खण्डन गर्ने वा विश्वसामु स्पष्ट पार्ने कामसमेत भएन। केही समय अघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लुम्बिनी भ्रमण गरे। बुद्धको जन्मबारे विश्वसामु स्पष्ट पार्ने नेपालको लागि त्यो राम्रो अवसर थियो। नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाबाट जनताले त्यही आशा गरेका थिए। तर त्यसो हुन सकेन। केही वर्ष पहिले हाम्रा साथीहरू चीन भ्रमणको क्रममा त्यहाँको पुस्तकालयमा रहेको पुस्तकमा 'बुद्ध भारतमा जन्मेको' भनी उल्लेख गरिएको जानकारी दिनुभयो। प्रतिनिधि सभाको बैठकमा हाम्रा सांसदहरूले बुद्धको जन्मबारे गलत प्रचार प्रसार बन्द गर्न भारत सरकार समक्ष कूटनीतिक पहल गर्नुपर्ने आवाज उठाउनु भयो। यो कुरा बुद्धको जन्मसँगमात्र सीमित छैन। यसलाई भारतले नेपालको सार्वभौमिकतामाथि हस्तक्षेपको रूपमा लिइनु पर्छ। भारत नेपाललाई उसको एउटा प्रान्तको रूपमा विश्वमा देखाउन चाहन्छ।

पर्यटन उद्योगको विकासबारे हामीले क्युवाबाट सिक्नुपर्छ। क्युवा आजभन्दा ६ दशकभन्दा लामो समयदेखि अमेरिकी साम्राज्यवादले नाकाबन्दी गरेको देश हो। क्षेत्रफल र आकारमा नेपालभन्दा सानो भए पनि क्युवामा सन् २०१८ मा ४७ लाखभन्दा बढी पर्यटकहरूले भ्रमण गरे। स्वास्थ्य उपचारमा संसारमा उत्कृष्ट प्रमाणित क्युवामा अमेरिकी सरकारले प्रतिबन्ध लगाउँदा लगाउँदै पनि अमेरिकी जनता सस्तो र उत्कृष्ट स्वास्थ्य उपचार पाउन क्युवा भ्रमण गर्छन्। त्यहाँको अर्थतन्त्रको प्रमुख आधारमध्ये पर्यटन पनि एक हो। नेपालमा जस्तै त्यहाँ पनि विश्व सम्पदामा सूचिकृत ७ ओटा सम्पदाहरू छन्।

हाम्रा छिमेकी देशहरू चीन र भारत संसारमै सबभन्दा बढी जनसङ्ख्या भएको पहिलो र दोस्रो देशहरू हुन्। सन् २०१८ मा १३ करोड ५० लाख चिनियाँ नागरिकहरूले विदेश भ्रमण गरे भने २ करोड ३० लाख भारतीय नागरिकहरूले विदेश भ्रमण गरेको समाचार सार्वजनिक भयो। त्यसमध्ये १ लाख चिनियाँहरू र १ लाख १८ हजार भारतीयहरूले मात्रै नेपाल भ्रमण गरेको तथ्याङ्क छ। आखिर यस्तो किन हुन्छ ? पर्यटकहरूका लागि आवश्यक पूर्वाधारहरूको तयारी गरी छिमेकी देशका पर्यटकहरूलाई मात्रै आकर्षित गर्न सकेको खण्डमा पनि नेपालमा पर्यटन क्षेत्रको विकास सहज रूपमा गर्न सकिन्छ।

नेपाल सरकारले काठमाडौँ उपत्यकामा लाखौँ रोपनी जग्गामा ठूलठूला आवास योजनाहरूको निर्माण कार्य अगाडि बढाएको छ। फोहोरको समस्या, यातायात जाम, अपराधको सङ्ख्यामा वृद्धि, खानेपानीको हाहाकार र धूलो धुवाँले आक्रान्त उपत्यका मानव बस्न लायक शहर नहुनेतर्फ अग्रसर छ। यस्तो अवस्थामा उपत्यकामा पर्यटनको विकास कसरी सम्भव हुन्छ ? यसर्थ शहरको विकास उपत्यका बाहिर गर्नुपर्ने र काठमाडौँ उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नेतर्फ सरकारले ध्यान दिने आशा गर्छौं।

## पर्यटनमा भक्तपुर नगरपालिका

भक्तपुर क्षेत्रफलको आधारमा सानो भए पनि सांस्कृतिक नगर, नाचगानको राजधानी, जीवित सङ्ग्रहालयको नाउँबाट परिचित नगर हो। बेलायती लेखक इ.ए. पावेलले 'भक्तपुरको भ्रमणले आधा विश्व भ्रमणको अनुभूति गराउने' उल्लेख गर्नुभएको छ। मूर्त र अमूर्त सम्पदाहरूले भरिएको भक्तपुर वर्षैभरि विभिन्न चाडपर्व र जात्राहरूले रोमाञ्चित बनाइ रहेको हुन्छ।

लिच्छविकालीन र मल्लकालीन थुप्रै सम्पदाहरूमध्ये कैयौँ लोप भइसके भने कयौँ लोपोन्मुख अवस्थामा छन्। कतिपय सम्पदाहरू सुरक्षित छन्। नगरपालिकाले लोपोन्मुख सम्पदाहरूलाई संरक्षण गर्दै लोप भइसकेको सम्पदाहरूको प्राप्त प्रमाणहरूको आधारमा उत्खनन गरी सुरक्षित राख्ने काम गर्दैछ।

२०७२ सालको विनासकारी भूकम्पबाट झन्डै १३० भन्दा बढी सम्पदामा क्षति पुगेकोमा जनप्रतिनिधिहरूको पहिलो कार्यकालमा १२४ ओटा सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार कार्य सम्पन्न भए भने दर्जनौं सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धारको क्रममा छन्। हालसम्म १२७ ओटा सम्पदाहरूको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भएको जानकारी गराउन चाहन्छौं। भक्तपुर नपाले विदेशीको सहयोग बिना जनताको सहयोगमै ती सम्पदाहरू जीर्णोद्धार र पुन:निर्माण सम्पन्न गरेको हो।

आ.व. २०७६/७७ को ९ महिनामा १ लाख ६१ हजार ४ सय ९५ पर्यटकहरूले भक्तपुर भ्रमण गरेका थिए। कोभिडको कारण लकडाउन भएपछि झन्डै २ वर्ष नगन्य मात्रामा पर्यटकहरूले भक्तपुर भ्रमण गरे। आ.व. २०७८/७९ मा सार्क र गैरसार्क गरी कूल ५३,५६० जना विदेशी पर्यटकहरूले भक्तपुर भ्रमण गरेको तथ्याङ्क छ। तिनै पर्यटकहरूबाट उठेको शुल्कबाटै भक्तपुर नगरपालिकाले सम्पदाहरूको संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइजस्ता जनताका आधारभूत

आवश्यकता पूरा गर्दै आएको छ ।

पर्यटकहरूको लागि आवश्यक स्थानीय पथप्रदर्शकहरूको तालिम, चिनियाँ, जापानीलगायत विदेशी भाषाहरूको प्रशिक्षण, ठाउँ–ठाउँमा पर्यटक शौचालय र पर्यटक सूचना केन्द्रको व्यवस्था गर्दै आएका छौँ । त्यसैगरी पर्यटकीय क्षेत्रहरूमा विशेष सरसफाइ, समय समयमा सांस्कृतिक विधाहरूको प्रतियोगिताको आयोजना गर्नुका साथै सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रम पनि गर्दै आएका छौँ । पर्यटन उद्योगको लाभ निश्चित व्यक्तिहरूको हातमा मात्र सीमित नहोस् भनी त्यसको फाइदा सर्वसाधारण जनतासम्म पुऱ्याउने कोसिस गर्दैछौँ । भक्तपुरको मौलिक जीवनशैली झल्किने सङ्ग्रहालय निर्माण गर्नेतर्फ पनि हामी जोड दिँदैछौँ ।


## काठमाडौँ उपत्यकामा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनको लागि केही सुझावहरू :

१. २०७२ सालको भूकम्पले क्षति पुऱ्याएका सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार गर्नुपर्ने तथा मुख्यमुख्य पर्यटकीय स्थलमा जोखिमपूर्ण रूपमा टेको लगाई राखेका निजी वा सार्वजनिक संरचनाहरूको उचित व्यवस्थापन गर्नुपर्ने,
२. सुरक्षाको कारण देखाई पर्यटकहरूका लागि बन्द गरेका स्थानहरू आवश्यक सुरक्षा व्यवस्था गरी खुला गर्नुकासाथै शान्ति सुरक्षा र कोभिड १९ रोगबाट सुरक्षाको प्रत्याभूति हुने वातावरण तयार गरी आवश्यक प्रचार प्रसार गर्नुपर्ने,
३. काठमाडौँ उपत्यकाभित्र बग्ने सबै साना ठूला खोला र नदीको प्रदूषण नियन्त्रण र फोहोर व्यवस्थापनको दिगो समाधान खोज्नुपर्ने र समग्र अपराध र पर्यटनसँग सम्बन्धित अपराध न्यूनीकरण गरी सुरक्षित वातावरण तयार गरी बढ्दो ध्वनि, धुवाँ, वातावरण, पानी, र रसायन प्रदूषण नियन्त्रण गरी सफा र स्वच्छ वातावरण तयार गर्नुपर्ने,
४. काठमाडौँ उपत्यकाको मौलिक नेवारी जीवनशैली, कला, संस्कृति, संस्कार, सीप, खाद्य सामग्रीलगायतका विषयहरू संरक्षण र प्रवर्द्धन गर्ने तथा विश्व सम्पदा सूचीमा सूचिकृत सम्पदा क्षेत्रहरूमा क्रमशः सवारी साधन निषेध गर्दै लानुपर्ने,
५. काठमाडौँ उपत्यकाका लोपोन्मुख जात्रा, पर्व, नाचगान, बाजा र सांस्कृतिक गतिविधिको संरक्षण र प्रवर्द्धन गर्ने तथा मुख्यमुख्य पर्यटकीय स्थलहरूमा पर्यटनका पूर्वाधारहरू बसपार्क, शौचालय, सूचना केन्द्र, सेवा केन्द्र, विश्राम स्थल, मनोरञ्जन पार्क, सूचना र सङ्केत बोर्ड व्यवस्थापन गर्नुपर्ने,
६. पर्यटकीय क्षेत्रमा सहजपहुँच पुऱ्याउन आवश्यक व्यवस्था मिलाई ट्राफिक व्यवस्थापन र पर्यटकीय क्षेत्रहरूमा ढलको उचित व्यवस्थापन तथा भुस्याहा कुकुर, छाडा चौपाया, दोपाया, माग्ने केटाकेटी आदिको नियन्त्रण गर्नुपर्ने,
७. विभिन्न प्राकृतिक विपत्तिका कारण लोप भएका पुरातात्त्विक क्षेत्रको उत्खनन गरी प्राप्त प्रमाणको आधारमा सम्पदाहरूको पुनर्निर्माण र सांस्कृतिक सम्पदाहरूको परम्परागत शैलीमा श्रृंगारको व्यवस्था गर्नुपर्ने,
८. परम्परागत शैलीमा निर्माण गर्ने निजी घर धनीहरूलाई उचित अनुदानको व्यवस्था गरी संरक्षण गर्नुपर्ने,
९. सार्वजनिक र निजी ऐतिहासिक चित्रकला, काष्ठकला, धातुकला, प्रस्तरकला, मृतिकाकला, थ्यासाफूलगायतका पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण गर्नुपर्ने,
१०. पर्यटन उद्योगको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तालिमहरूको व्यवस्था गर्नुपर्ने,
११. काठमाडौँ उपत्यकालाई प्रदूषण मुक्त, सफा र सुन्दर बनाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्नुपर्ने, र
१२. काठमाडौँ उपत्यकाका आदिवासी, जनजाति नेवारहरूको परम्परागत पेशा, उत्पादन, पोशाक, संस्कार, जात्रापर्वलगायतसँग सम्बन्धित सङ्ग्रहालयहरूको व्यवस्था गर्नुपर्ने ।

अन्त्यमा, सम्पदाहरू सारा जनताका साझा सम्पत्ति हुन् । सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमा पुनःनिर्माण र जीर्णोद्धार गर्नु आवश्यक छ । नेपाल विश्वका पर्यटकहरूको भ्रमणको पहिलो रोजाइमा पर्ने गरी पूर्वाधारहरूको विकास गर्न सबै एक भएर लागौँ । पर्यटन क्षेत्रले देशको अर्थतन्त्र मजबुत बनाउन तथा पर्यटनको विकास र प्रवर्द्धनको लागि सबैले आ–आफ्नो क्षेत्रबाट योगदान गरौँ । धन्यवाद ।

*(नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय जीवनराम श्रेष्ठको अध्यक्षतामा काठमाडौँ उपत्यकामा पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन सम्बन्धमा काठमाडौँ उपत्यकाका प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतहरूबीच २०७९ साउन २० गते भएको छलफल कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं ।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ ।**




# सय वर्षपछिको भक्तपुर -#_



नारायणमान बिजुक्छेँ

## ‘gfrufgsf]/fhwfgL M eQmk'/' Ps l6Kk0fL

‘नाचगानको राजधानी : भक्तपुर’ मा लेखक जगदीश शमशेर राणाले भक्तपुरको परम्परागत नाचगानलाई संरक्षण र सम्बर्द्धन गर्ने आवश्यकताबारे आग्रह, अनुरोध, माग र घच्घच्याउने काम गर्नु भएको कार्य अनुकरणीय छ ।

पुस्तकको भूमिकामा लेखकले भक्तपुरलाई वास्तुकला, मूर्तिकला, काष्ठकलाको ‘अद्वितीय सङ्ग्रह’ भन्नु हुँदै मुजुर झ्याल, पंखे झ्याल, घोडे झ्याल, परेवा झ्याल, आँखे झ्यालबारे उल्लेख गर्नु भएको छ । तर ऊँटे झ्यालबारे वहाँले उल्लेख गर्नु भएन, सायद यसबारे वहाँलाई जानकारी भएन । दाजु–भाइको अंशवण्डाको झगडामा आधा गर्दा ऊँटे झ्याल अब अस्तित्वमा छैन ।

नाच एक ठूलो शारीरिक व्यायाम पनि हो र सङ्गीत हृदयको एक लयबद्ध अभिव्यक्ति पनि हो । लेखकले काठमाडौँ उपत्यकालाई ‘विश्वको सबभन्दा सङ्गीतमय रंगशाला’ को नाम दिनुभएको छ, त्यसको कारण विभिन्न जाति–उपजातिले ‘तिथि, पर्व, पूजाआजा, रोपाइँ, कटाइ–चुटाइ, ब्यौली विवाह, द्यौडा, जुहारी नाच र गान जहिल्यै अर्थात् बाह्रै महिना र हरेक दिन चलिरहन्छ ।’ काठमाडौँ राजनैतिक राजधानी छ भने ‘भादगाउँ नाचगानको राजधानी हो’ भन्नुको कारण लेखक बताउनु हुन्छ– ‘६ नौ बाजा डफ्फा, ६३ गान–बजान डफ्फा, ३६ ढोलक डफ्फा, १३ भजन मण्डल, १ क्वाखिं बाजाटोली, २३ धिमेबाजा मण्डल, ३ धाँबाजा टोली, ९ नायखिं बाजा टोली, ९ कुसुले बाजाटोली, २ कँ बाजाटोली, ३ गुलाँ बाजा (सालमी), ३ गुँला बाजाटोली (बज्राचार्य/शाक्य), ५ गाइने तथा ३० अलग–अलग नृत्य मण्डली र १ नवदुर्गा नाच अझै छन् ।’ लेखकले यो तथ्य जर्मन विद्वान गेट भेकनरको सर्वेक्षणबाट लिनु भएको हो । १७ वार्डमा ४० हजार जनसङ्ख्यामा जम्मा २०० नाचगान टोलीको उल्लेख त्यसै सर्वेक्षणमा रहेछ । लेखकको भनाइमा मल्ल राजाहरूको ललितकलामा अगाध प्रेम थियो र त्यसमा प्रजाको अगाध योगदान थियो । ‘यथा राजा तथा प्रजा’ भनेको यही हो । भक्तपुरका अन्तिम राजा रणजीत मल्ल आफ्नो मित छोरा पृथ्वीनारायण शाहलाई भेट्न जाँदा भैरव नाचको टुक्रा कोसेली लगेका थिए । ‘त्यो नाच पोखरामा अझै बाँचेको छ ।’ पृथ्वीनारायण शाहले काठमाडौँलाई राजधानी बनाएपछि दरबारको नासचोकमा भक्तपुरको नाच देखाउँदा ‘नाच त यहींका राम्रा’ भनेको र नाचगान टोलीको सङ्ख्याको कारणले नै लेखकले भक्तपुरलाई नाचगानको राजधानी भन्नुभएको प्रष्ट हुन्छ ।

नौ बाजाको गेट भेकनरको सहयोगले लेखक परिचय गराउनु हुन्छ– ‘द्याँ (ठूलठूला बर्बालका सिङ्गले सिङ्गारिएका), वाद्य–जात्राको गुलाँबाजा, धाचा (ताल) दिने ढोलक, धिमेचा, पश्छिमा– (पंखबाजा जस्तै खालको ढोलक), क्वाखिंचा (बाँसुरी खालको लामा सहनाई), नगरा (आजकल कम प्रयोगमा), अनि मुहाली (लामो निगाले बाजा), लालाखीं (मादल), दुई जोर ता र केही झ्यालीहरू अनि स्तोत्र गाउनेहरू, आरती जलाउनेहरू, सबै गर्दा निकै ठूलो डफ्फा हुन्छ ।’ यी बाजाहरूसहित भजन गर्ने टोलीलाई दाफा भनिन्छ, जसको निम्ति मल्ल कालमै गुठी वा खेतको आयस्ताको बन्दोबस्त गरिएको थियो ।

नौ बाजाको अर्थ ९ ओटा बाजा भएको टोली र ९ ओटा जात भएको भजन टोली भन्ने अर्थ लाग्छ । यसबारे गेट भेकनर र लेखक पनि मौन हुनुहुन्छ ।

लेखकले बाजा सिक्ने र सिकाउनेहरूको धार्मिक, तान्त्रिक र रहस्यात्मक अनुष्ठानबारे पनि उल्लेख गर्नु भएको छ । ‘नासद्यः’ र ‘हैमाद्यः’ बारे गेट भेकनर र लेखकलाई पनि सायद भाषाको कठिनाइले प्रष्ट छैन । नासद्यः त लेखकको भनाइअनुसार भारतको नाट्येश्वर र नटराजसँग मिल्छ तर ‘हैमाद्यः’ ‘हयूँको देवताको स्त्री’ भन्ने लेखकको भनाइ मेल खान्न । त्यसमा दीक्षा लिनेहरूको भनाइमा ‘हैमाद्यः’ को अर्थ हनुमान वा डर भगाउने मनोवैज्ञानिक

अनुष्ठानको अङ्ग हो ।

भक्तपुरको सङ्गीतबारे लेखक यसरी मूल्याङ्कन गर्नुहुन्छ– 'सङ्गीतकारको सङ्ख्या यो सहरको जनसङ्ख्याको औसतमा विश्वको कुनै सहरभन्दा ज्यादा छ ।' (पृष्ठ –६)

देवी प्याखँ, भैल प्याखँ, ख्याः प्याखँः (ख्याक नाच), नागाचा प्याखँ, (बालक देवी देवदेवताको युगल नाच), २८ दिनसम्म धाराबाहिक रूपले चल्ने महाभारतको कथामा आधारित खः प्याखँ, नवदुर्गा नाच आदि भक्तपुरका यी नाचहरूबारे लेखकको मूल्याङ्कन पनि हेरौँ– 'विश्व नृत्य क्रियामा भादगाउँले नाचको आफ्नै विशिष्ट शैली र रूप छ ।' लेखकले भक्तपुरका नाचहरूलाई संसारका विभिन्न नाचहरूसँग तुलना गर्नुभएको छ ।

यी नाचगानबारे लेखकलाई भाषागत बाधाले अनेक गलत समझदारी पनि भएको देखिन्छ । त्यसलाई राम्रो र व्यवस्थित ढङ्गले लेखिएमा झन्डै ५०–६० पृष्ठको एक पुस्तिका नै तयार हुनेछ ।

भक्तपुरको नाचगानको उच्च मूल्याङ्कनलाई प्रशंसा गर्दागर्दै पनि तन्त्र, मन्त्र, अवचेतन, दार्शनिक चिन्तनसँग सहमत हुन गाऱ्हो छ । यसको एक उदाहरण '........ तान्त्रिक तथ्यमा मुकुण्डोले मुख छोप्नाको पहिलो अभिप्राय नै दर्शकको ध्यान सामान्य जागृत र स्वप्नको चेतनादेखि हटाउनु हो ।' नासद्यःको एक तीनकुने प्वाल र हैमाद्यःको तीनकुने तीन प्वालको रहस्य बताउनु हुन्छ– 'सङ्गीतमा 'शब्द' नै प्रधान तत्त्व रहन्छ, यो तत्त्वको पञ्चमहा भूतसँग तादाम्य गर्दा, पाँच तत्त्वमध्ये आकाश तत्त्वसँग मेल खान जान्छ । हामी आज आकाशवाणी सुन्नेलाई शब्द र आकाशको सम्बन्ध बुझ्न टाढा जानुपर्दैन । त्यसैले सङ्गीत र नृत्यको देवता आकाशलाई मान्नु तार्किक र वैज्ञानिक पनि हो । 'अब आकाशलाई कसरी मूर्तिमान गर्नु ? आकाश थुनेर बसेको कोठा या भित्तामा आकाश देखिने गरी प्वाल पार्नु नै सहज कार्य हो । ... झकिझकाउ मूर्तिमा भन्दा आकाशको प्रतीक प्वालमा ध्यान बाँध्न स्वरका साधकहरूलाई सजिलो हुन्छ ।'

भक्तपुरका नाचगानको अध्ययनले यसको मौलिकताबारे सोच्नु आवश्यक छ । यसबारे लेखकको राम्रो ध्यान गएको देखिन्छ । आँखा चिम्लेर कसैको दोष र गुणगान गर्नु ठीक होइन । तलका केही बुँदाहरूबाट लेखकको सतर्कतालाई प्रष्ट्याउँछ । (पृष्ठ ५ र ६)

**१)** बाऱ्हैमासे मालश्री, विद्यापति र ब्रम्हानन्दको रचना गाइन्छ– जयदेवकै संस्कृतमा लेखिएको गीत गोविन्द नै गाइन्छ । अरू धेरै स्तोत्रहरूमा भने संस्कृत, बज्रभाषा, मैथली भाषा प्रयोग भएपनि विभक्ति र क्रियाहरू नेवारी भाषामा भएका पाइन्छन् । नेवारीमा रचिएका श्लोकहरू पनि गाइन्छन् ।' (पृष्ठ ४)

**२)** 'भारतको केरला राज्यको 'कत्थकली नृत्य' ले तान्त्रिक नृत्यलाई केवल भेषभूषा र मुकुण्डो जस्तो मुख गरेको ..... सँग पनि अलमल्याउँछ ।' (पृष्ठ ७)

**३)** 'हुन त प्रसङ्गमा बाद्यवादन, बाजै पनि यहाँ काठमाडौँमा नै उभ्रेका होइनन् । नवबाजा भारतको अकबरको दरबारको नकाशाखानामा पनि थियो, चर्चा गाउने पद्धति बङ्गालबाटै आएको हो, कर्नाटक सङ्गीतको ज्यासलबाट उडेका फिलिङ्गो र हिन्दुस्तानी सङ्गीतको परम्परा यहाँका सङ्गीतमा व्याप्त छ ।' (पृष्ठ १०)

**४)** 'भक्तपुरको गाना बजानामा भारत वर्षको धेरै किसिमका गाना बजाना र बाजा-गाजाको प्रभाव परेको छ ।' (पृष्ठ ११)

**५)** 'द्यः ल्हाय्गु (देवता बोलाउने) बोल बजाउँदा यी बाजाको छिटो छिटो चढ्ने विषम तालमा सुदूर पूर्व एशियाली बजानमा जस्तो ताल मिल्न जान्छ ।' (पृष्ठ ११ )

**६)** '......... भक्तपुरका पारम्पारिक गायन वादन, रचनाको स्तोत्र शास्त्रीय गान, शास्त्रीय नृत्यको मुद्रा र चाल भएपनि यी भारतबाट या तिब्बतको ज्ञान केन्द्र गुम्बाबाट आएका परम्परालाई समेटेर तथा यही भक्तपुरका जनसाधारणको न्यानो अँगालोले भट्टीमा खारेर रूपान्तर गरिएको नाचगानको विशिष्ट रूप हो । यहाँका कृषक वर्गको लोकगीत र लोकनृत्यको केही छायाँ परे पनि भक्तपुरका पारम्पारिक नाचगानको विधालाई लोकगीत र लोकनाचबाटै जन्मेको विधा भन्न मिल्दैन ।' (पृष्ठ ३६)

ती नाचगानका जग हाल्ने अग्रदूतहरूबारे लेखक प्रष्ट भाषामा भन्नुहुन्छ– 'भक्तपुरका राजा जयस्थिति मल्ल (सन् १३८२–१४५२) लाई नै नेपाल खाल्टोभित्र धेरै कालपछि पुनर्जागरण र निर्माणको युग शुरु गर्ने यश दिन्छन् ।' (पृष्ठ १२)

त्यसबाहेक– 'यी नाच र गान बजाउने आ-आफ्नो रूप लिँदा या यिनको स्वरूप तयार गर्दा ती सांस्कृतिक जागरणका उदयकालका भक्तपुरका कलाप्रेमी राजाहरू, शास्त्रका ज्ञाता गुभाजुहरू र नाचगानको नयाँ रूप निर्माण गर्न उत्सुक नाइकेहरू मिलेर काम गरेको प्रष्ट देखिन्छ ।' (पृष्ठ १३)

तर आर्य र हिन्दूबाट मंगोल रक्त र बौद्ध धर्माबलम्बी ज्यापू जनतासम्म पुग्दा २०० वर्ष उच्च-शास्त्रीय गायन, नृत्य र संस्कृत भाषा र साहित्यबारे अज्ञान नेवारहरूले आजसम्म

धार्मिक भावना र पुर्खाको सम्पत्तिको रूपमा थामी राख्दा त्यसमा अनेक अशुद्धि, विकृति र खिया लागिसकेका छन्। लेखकको भाषामा ती नाचगानको रूप यस्ता हुन्–

**१)** संस्कृत स्तोत्रको अपभ्रंश तुत्हा गाउने साना ठूला धेरै छन्।' (पृष्ठ ४)

**२)** 'यी नाच र गान दुवैको स्तर एक छैन। गान-बजानमा पारम्परिक राग र थाटलाई लिएर स्थानीय धुनमा तथा यहाँकाले गरेको रूपान्तर प्रस्तुत गर्दा पनि धेरै ठाउँमा त्रुटि भएकोले सङ्गीतज्ञहरूले सुन्दा कहिले त बालकको खेल लाग्छ।' (पृष्ठ १६)

**३)** '......... यहाँ आज प्रचलनमा रहेको सङ्गीत र नृत्य दुवैमा शास्त्रीय स्वरूपको सर्वाङ्ग लक्षण नभए पनि, स्थानीय मूलका व्युत्पन्न धुन या स्वरूप मिसिएको भएपनि, मौखिक परम्परा चल्दा चल्दा पूर्ण स्वरूपमा केही विकार र अभ्यासको कमीले त्रुटि देखिए तापनि यी सङ्गीत र नृत्य प्रबन्ध गीत र प्रबन्ध नृत्य हुन्।' (पृष्ठ २२)

**४)** 'पारम्परिक गान-बजानमा कतै नियास्रोलाग्दो गरी दोहोरिने, कति केवल कर्मकाण्ड पूरा गर्न दोहोर्‍याइ रहने, कतै व्यक्तिगत र मौलिक प्रबन्धीकरणलाई निखार्नु अघि नै दबाइ दिने, कतै बादकको कमीलाई साधनले पूरा गर्नुको साटो बेवास्ताले पन्छाउन खोज्ने आदि त्रुटि प्रशस्त देखा पर्न थालेका छन्।' (पृष्ठ ५५)

माथिका सबै त्रुटि र खोटहरू बोक्दै पनि आजको शुभलाभमा मात्रै होमिने पूँजीवादी र हानथापको युगमा भक्तपुरका जनताले ती पुराना नाचगान जोगाइ राखेकोमा लेखक सार्‍है खुशी र आश्चर्यचकित देखिनु हुन्छ। वहाँ ती दाफा र नाचगान टोलीका गुरुहरू, सदस्यहरू र छात्रहरूबाट सार्‍है प्रभावित हुनुहुन्छ। वहाँले लिनुभएको चिन्तन र चिन्ता वास्तवमा शिक्षा र संस्कृति मन्त्रालय, साहित्य एकेडेमी र त्रिभुवन विश्वविद्यालय, पुरातत्त्व विभागले लिनुपर्ने थियो। नेवारी संस्कृतिमा बाजा-गाजाकै मात्र विविध बोल र दिनचर्याको सङ्केतले पनि सांस्कृतिक सम्पन्नतालाई औंल्याउन लेखक चुक्नु भएन।

'नायखिं बाजा' भन्नाले एक ढोलक र सिछ्याचा भन्ने एक बाजा हुन्छ। त्यो बाजा बजाएर टोल टोलमा सरकारको घोषणा, सूचना र खबर गर्ने गरिन्थ्यो। 'नायखिं चोय्केगु' को अर्थ आज पनि 'प्रचार गर्ने' अर्थमा लिइन्छ। त्यही बाजाको भिन्न भिन्न बोलले समाज र जनताको घटना र दिनचर्या बताउने कुरालाई लेखक यसरी प्रष्ट गर्नु हुन्छ– 'खास खास पर्वको नाच र गान, बिहेको ताल एउटा, मर्दाका अर्को, मुर्दा लैजाँदाको अर्कै, दागबत्ती दिँदाको या जलाउँदाको अर्कै र यी सबको कर्मकाण्डसँगको सम्बन्ध सब विधिविधानले कसेको हुन्छ (पृष्ठ ३४)।' नायखिं बाजाबारे लेखक भन्नुहुन्छ– 'यो नायखिं बजाउँदाको शैली प्राचीन स्थानीय शैली नै हो।'

यस्तै नवदुर्गाको '..... दशैंमा तलेजुमा नाच्ने चाल अर्कै, बाटो बाटो नाच्दै जाने अर्कै, कुनै द्यःछैंको पीठमा पुगेर नाच्ने शैली बेग्लै र यी सब शैली परम्पराले मात्र होइन परिस्थिति र धर्मकाण्ड या त्यसबेलाको स्थितिले बाँधिएको हुन्छ।'

बाजा र नृत्य टोली नदेखे पनि बाजाको बोलले नै कुन नाच टोली आयो, कहाँ पुग्यो र कुन नाच नाच्दैछन् भन्ने कुरा सबैजसोले बुझ्छन्। त्यतिमात्र होइन उमेरदार मानिसहरू नवदुर्गा वा अन्य नाचको ५-१० घण्टाको कथानक कहाँ पुग्यो भन्ने कुरा बाजा सुनेर बुझ्छन्। सांस्कृतिक जीवनपद्धतिको एक नमुना यही हो। गाइनेको हरेक गीतले ऋतु र महत्त्वपूर्ण दिनलाई पात्रोले जस्तै बताउँछ। यही कुरा दाफा, भजन, चाड-पर्व र नाचगानको बोलले बताउँछ। सङ्गीतमय, लयबद्ध, नियमितता, विविधता र व्यवस्थित जीवनपद्धति नै सांस्कृतिक सम्पन्नताको एक चिनो र द्योतक हो।

भक्तपुरको सांस्कृतिक जीवनमा एक महत्त्वपूर्ण कुरा भक्तपुर घुम्ने वा सांस्कृतिक टोली र चाड-पर्वमा देवगण वा देवता लैजाने एक निश्चित बाटो छ। त्यस बाटोले नगरका सबैजसो महत्त्वपूर्ण देव देवालय र मुख्य मुख्य टोलहरूमा पुर्‍याउँछ। सम्भवतः त्यो बाटो नै भक्तपुरको सबभन्दा पुरानो बस्तीहरू वा टोलहरू जोडिएको बाटो हो। लेखकले त्यसलाई भन्नुहुन्छ– 'बाजा बजाएर हिँड्ने बाटो आफ्नै छ।' त्यो शहरमा जात्रा परिक्रमा गर्ने र खास-खास पर्वमा पृथक-पृथक टोलीले नाच्दै गाउँदै घुम्ने यात्रा मार्ग परम्परादेखि नै तोकिएको छ। सापारुमा गाईजात्रा घुम्ने बाटोले सारा सहरको परिक्रमा बाँधेको छ। यो यात्रा मार्ग घुम्न तीन घण्टा जति लाग्छ।'

गाईजात्राबारे लेखक यसरी बयान गर्नुहुन्छ– '.......... दिनभरि गाई र कुनै गाईकै माटोको ठूलो मूर्ति र धेरैजसो आठ-दश हात अग्लो पछ्यौराले र ओड्नेले बेरेर (सिङ्गारेको लिङ्गो) चलिनैरहन्छ। हरेक झाँकीको पछाडि र अगाडि बाजाको तालमा नाच्दै उफ्रँदै जाने केटाहरूको टोली हुन्छन्। वर्षको एक पटक यसरी नाच्ने अभ्यास सहरमा सत्तरी प्रतिशत केटाहरूले गर्ने चलन भएपछि यो सहरमा सानैदेखि नाचमा रुचि, गानाको तालको ज्ञान, आम सडक चोकमा नाच्न र गाउन धक फुक्ने हुने नै भयो।'

सांस्कृतिक गतिविधिको स्रोत पत्ता लगाउँदै लेखक भन्नुहुन्छ– 'यी हजारौं बाल युवकमध्येबाट आ-आफ्नो टोलीलाई नयाँ भर्ना छान्ने मौका पनि भयो। यस्तो विस्तृत र व्यापक अभ्यासबारे मैले कतै सुनेकोसम्म छैन। यो प्रथा रहेसम्म मूल सुक्दैन।'

भक्तपुरका हरेक केटा र केटीहरूले सामान्य ज्ञानकै रूपमा त्यो यात्रा गर्ने बाटो घेंताघिसिं, नवदुर्गा, अन्य नाचगान चिनेका, जानेका र बुझेका हुन्छन्। यसप्रकार भक्तपुरका सांस्कृतिक जीवनपद्धतिलाई लेखक राणाले पुस्तकको यत्रतत्र मोती छरेझैं छरिदिनु भएको छ। व्यवस्थित रूपमा भक्तपुरकै सांस्कृतिक जीवनबारे कलम चलाउने फुर्सत पाउनु भएमा वहाँले ती मोतीहरूलाई एक सुन्दर मालाका रूपमा गाँस्न सक्नुहुने कुरामा विश्वास गर्न सकिन्छ।

यस्तो संस्कृतिले सुसज्जित नेवार जातिको मात्र गान बजानको संरक्षण र सम्बर्द्धन गर्ने काममा सम्बन्धित क्षेत्रले ध्यान नदिएकोमा वहाँ भन्नुहुन्छ– 'आरक्षणको चासो कतै छैन।' 'संरक्षणको कार्य ढिलो गर्ने बेला छैन।' र 'धेरै जसो नाचहरू मेरो विचारमा लोप हुन आँटेका छन्। त्यसैले यिनको संरक्षण गर्ने हो भने, आजसम्म यी नाच धानेर बसेकाहरूलाई हतोत्साहको धापबाट उतार्नुपर्छ– त्यो पनि छिट्टै। समय हाम्रो पक्षमा छैन।'

तर संरक्षणको नाममा परम्परा, धर्म, प्रसङ्ग र शास्त्र विरोधी कार्य गराउन वहाँ चाहनु हुन्न। हनुमान ढोकाको कालो भैरवको उदाहरणमा वहाँ भन्नुहुन्छ– 'हेतु संरक्षणको भएपनि यो प्राचीन मूर्तिको प्राचीनत्व र महत्त्व नबुझी दिगम्बर (आकाश नै ओढेको) यी भैरवलाई आधुनिक टिनको छानाले ढाकेर आकाशको अङ्ग , रङ्ग, ढङ्ग सबैदेखि वञ्चित गरे।' कलाको संरक्षणको बारे पुस्तकमा उल्लेख भएको बेलायत, भारत, फ्रान्स, सोभियत रुस आदि देशहरूको उदाहरण उपयुक्त छ।

देखावटी कलाप्रेमीहरूको टोली पनि खडा हुँदैछन्। त्यस प्रवृत्तिले केवल पैसा कमाउने उद्देश्यले कलाको सर्वनाश हुनेबारे लेखकको चिन्तामा ध्यान दिनुपर्ने देखिन्छ– 'यी खतराको चेतावनी दिन पर्याप्त शब्द मसँग छैन। तर यसको ख्याल निरन्तर राख्नै पर्छ।' लेखकको चिन्ताअनुसार नै यस क्षेत्रमा 'नाफाखोर' र टपरटुइँयाहरूको हात बलियो हुँदै जानेछ, पछि आवश्यक बन्दोबस्त गर्न सकिएन भने।

पुस्तकको उद्देश्य भक्तपुरको नाचगानको संरक्षण र सम्बर्द्धन भएपनि विभिन्न नाचगानको स-साना परिचय दिएर विषयवस्तुमा चाख बढाउने खालको लेखकको शैलीमा आफ्नोपन छर्लङ्गिन्छ। राधा-कृष्ण, बलराम-कृष्ण र नारी, महादेव-पार्वती र कृष्ण-गोपिनीहरूको समेत प्रतीक मानिने 'नागाचा प्याखँ' मा लेखक आकर्षित हुनु भएको देखिन्छ। त्यसबारे भन्नुहुन्छ– 'यो नाच साह्रै रसपूर्ण र वात्सल्य तथा प्रेमशक्तिले भरिएको नाच छ। रतिराग र रतिरसको अन्तर यो नाचमा साक्षात्कार हुन्छ। कत्थकली नृत्यका विभिन्न प्रकरणमध्ये दक्षिण भारतको पेरिपत ताण्डव उद्दण्डताको सीमा हो भन्ने यो कोमलताको पराकाष्ठा हो।'

'यो नाच कोमल अभिनयमा आधारित छ। कोमल वस्तु जस्तै कोमल विद्या पनि सम्हाल्न गाह्रो हुन्छ। कथ्यक नृत्य छरितो हुन्छ। छिटो प्रखरता अनि यो नृत्यमा प्रयोग गरिने तालको द्रुतचाल र प्रचण्डता पनि निकै व्यापक र छिट्टै प्रभाव पार्ने खालको हुन्छ।' 'नृत्य शिरोमणि' नवदुर्गाको नाचबारे लेखक भन्नुहुन्छ– 'यी नाचमा मनोरञ्जनभन्दा धर्मकाण्ड प्रधान छ। तान्त्रिक नृत्यको अनुष्ठानिक बुँदा यिनैमा पाइन्छ।'

सन् १५१३ मा राजा सुवर्ण मल्लद्वारा शुरु गरिएको विभिन्न नाचगानबारे परिचय र मन्तव्य दिनुहुँदै वहाँ त्यस कला र संस्कृतिको ह्रासको खतरा देख्दै जानुहुन्छ। त्यसको कारण पनि खुट्याउँदै जानुहुन्छ– गुठी उन्मूलन, अरूको कीर्ति लोप गर्ने रोगले प्रशासनलाई छोएको, विभाग र प्रतिष्ठानले न योजना गर्न सकेको, न कार्य विभाजन गर्न सकेको, नाचगान टोलीका थकालीहरूले गुठीको जग्गा नै (आयस्ता) हडप गरेको वा गुठी जग्गालाई आफ्नो नाममा दर्ता (लालपुर्जा) गरेको, टोलीका आन्तरिक झगडा, नाचगानमा आउने नयाँ विद्यार्थीको कमी, पुरानो सत्तल, पाटी-पौवा व्यक्तिगत सम्पत्ति हुन थालेको हुँदा नाचगानको स्थानको अभाव, पढेलेखेका जानकारहरूले टोली छोडी काठमाडौं गएर बस्नु, आयस्ताको कमी, स्थानीय धनीमानी, साहू-महाजन र सरकारले बेवास्ता गर्नु आदि त्यसका कारणहरू हुन्। तर पनि आफूहरू छिँडीमा बसेर गरिबी र अभावमा समेत त्यस कलालाई जोगाइ राख्ने केही गुठीहरूलाई उदाहरणका रूपमा अघि सार्नु भएको छ। ख:प्याखँका शंखबहादुर ब्याँजू र मोहलाल बासुकला, भैरबनाथका पञ्चकुमार, चक्रबहादुर र टेकबहादुर, कवाँ नाचका विष्णुप्रसाद आदिको कला उच्च भावनाबाट प्रेरित छ। भक्तपुरको त्यस कलालाई यतिसम्म पनि जोगाइ राख्न जस (यश) दिनुपर्ने त्यही पराजित जातिको खर्पन, जुम्रे वा अपमानित ज्यापू वा किसान वर्ग हो। कति युवा किसानहरू आधा पेट खाएर नाचको अभ्यास गर्दा गर्दै बिरामी हुन्छन् र नाच छाड्छन्, कति कलाकार दाफामा

ल्हापं (शुल्क) तिर्न नसकेर छोड्छन् र नयाँ पुस्ता त आफ्नो पढाइ र पेशाको निम्ति छोड्न बाध्य भएका छन् ।

पुस्तकमा उल्लेख गरिएका कलाप्रेमी र गुरुहरूबाहेक चोछेँ दाफा र अन्य दाफालाई बचाइ राख्ने गुरुहरूसँग पनि लेखकको परिचय हुनु र छलफल हुनु आवश्यक छ । लेखकको चिन्ता एक अर्थमा सही छ– व्यासी खःप्याखँको एक गुरु मोहलाल बासुकला यता १–२ महिनामै कालको मुखमा परिसकेका छन् । नयाँ पुस्ता तयार नहुँदै पुरानियाहरू जानाले कलाको संरक्षणमा जरुर क्षति हुनेछ । 'नेतृत्वको कमी' नै भक्तपुरको कला र संस्कृतिको ह्रास र सङ्कटको कारणलाई लेखकले नजानिँदो ढङ्गले औँल्याउनु भएको छ ।

नाच र गानलाई संरक्षण र सम्बर्द्धन गर्ने उपायबारे लेखकका शास्त्रीय, प्राविधिक र व्यावहारिक उपायहरू जताततै अभिव्यक्त भएका छन् । ती मध्ये केही हुन्–

१) वर्तमान स्थितिमा रहेको नाचगानलाई भिडियो, क्यासेट र अन्य आधुनिक साधनमा चित्राङ्कन र ध्वन्याङ्कन गर्ने अर्थात् नृत्य र त्यसमा लय र ताल दिने सङ्गीतलाई विभिन्न साधनद्वारा शब्दाङ्कन, स्वराङ्कन, अभिनय, लेखा र रेखाङ्कन गर्नुपर्छ ।

२) यस सम्बन्धी पुराना हस्तलिखित पुस्तकका प्रतिहरू वा थ्यासफुहरूको अणुचित्र (Microfilm) र ऋतुचित्र (Photostat) बनाई अध्ययन र अनुसन्धानको निम्ति तयार गर्नु आवश्यक छ ।

३) नाचगानको वर्तमान स्थितिलाई भारतमा समेत लैजान सकिने ढङ्गले परिमार्जन र परिस्कृत गर्न ज्ञाताहरूद्वारा प्रशिक्षण दिइनु पर्दछ ।

४) नाचगान (नयाँ पुस्तालाई) सिकाउन र सिक्न, पुराना गुरुहरू र नयाँ छात्रहरू भेटघाट गर्न, अभ्यास प्रदर्शन (Rehearsal) गर्ने चोक वा हल, ठूलाठूला ऐना, भिडियो आलेखन र प्रदर्शन सामग्रीको बन्दोबस्त गर्नु आवश्यक छ ।

५) नाचगान र ललितकलासम्बन्धी पुराना र नयाँ स्वदेशी र विदेशी शास्त्रीय पुस्तकहरू र कागतपत्रहरूलाई प्रकाशन गर्ने र अध्ययन गर्न पुस्तकालयहरूको बन्दोबस्त गर्ने अथवा चित्र, मूर्ति, कला र सामग्रीसम्बन्धी राष्ट्रिय सङ्ग्रहालय भए जस्तै बाद्य र नृत्यको पनि राष्ट्रिय स्तरको सङ्ग्रहालय हुनुपर्छ, जसमा माथि उल्लिखित सबै सामग्री उपलब्ध होस् ।

६) भक्तपुरकै नृत्य र सङ्गीतलाई संरक्षण र सम्बर्द्धन गर्न अभ्यास गर्ने पुरानो चोक, द्यःछेँ जस्तै ठाउँ र बाजा, पोशाक, मुकुण्डो वा अन्य सामान राख्ने सुरक्षित भण्डारको बन्दोबस्त गरिनुपर्छ । छोटोमा नाचगान टोलीहरूलाई नयाँ ढङ्गले संस्थागत बनाउनुपर्दछ ।

७) यस क्षेत्रमा सराहनीय योगदान दिनेलाई पुरस्कृत गरिनु आवश्यक छ ।

८) शास्त्रीय आधारमा बनेका देव नाच र नाचका विभिन्न विधाको अभिव्यञ्जना दर्शकहरूलाई बुझाउने, बुझ्ने भाषामा सूत्रधार र व्याख्याकारको बन्दोबस्त गरिनु पर्दछ । तर यी सबैको निम्ति कसको हातमा सुन्पने भन्ने विषयमा लेखकको स्पष्ट विचार छ– 'यस काममा सरकारले या प्रज्ञा-प्रतिष्ठानले आजको परिस्थितिमा हात हाल्नु हुन्न ।' लेखक कर्मचारीतन्त्र र कलाकारहरूको लुछाचुँडीबाट संत्रस्त हुनुहुन्छ । 'यो काम व्यक्ति या गैर वा अर्धसरकारी संघ–संस्थाले बोकिदिए काम गर्न र परेको खर्चबर्च गर्न सजिलो मात्र होइन आफ्नोपनको पनि फाइदा हुन्छ ।' 'हाम्रो विश्वविद्यालयमा सांस्कृतिक विभाग चले पनि सङ्गीतशास्त्रको छुट्टै विभाग विकास हुन बाँकी छ । हाम्रा पाठ्यपुस्तकहरू र उच्च शिक्षाका सामग्री या इतिहासका पुस्तकहरूमा पनि यो विषय शून्यप्रायः छ ।' यी सबै कारणले लेखक नाचगानलाई संरक्षण र सम्बर्द्धन गर्न पुरानै टोलीहरूलाई जिम्मा दिन चाहनु हुन्छ । एक अर्थमा शास्त्रीय प्रबन्धलाई कसरी सामाजिकीकरण गरियो र सामाजिकीकरण गरिएको वस्तु कसरी जीवित रहन्छ भन्ने उदाहरण नै भक्तपुर हो । तर उत्पादनको साधन र सम्बन्ध फेरिँदै गएको हुँदा लेखककै भाषामा 'होडबाजी' पूँजीवादको प्रवाहमा संरक्षित रहला ? अब शङ्का लाग्छ ।

भक्तपुरको नाचगान भक्तपुरको मात्रै कला र संस्कृतिको रूपमा नभई आज सम्पूर्ण नेपाली र नेपाली राष्ट्रियताको एक अङ्गको रूपमा लिँदै जाने भएकाले त्यसलाई संरक्षण र सम्बर्द्धन गर्न सकिने सम्भावनाहरू बढ्दै गएको छ । हो, त्यसको निम्ति कला र संस्कृतिका मर्मज्ञहरूले माथिल्लै स्तरबाट एक सांस्कृतिक पुनरुत्थान र नवजागरणलाई तलसम्म ल्याउनु आवश्यक छ । नत्र सम्पूर्ण नेपाली जनताको सांस्कृतिक सम्पत्तिलाई डोको, खुकुरी र मादलले मात्रै कसरी निर्वाह गर्न सकिएला र !

लेखकको कला र संस्कृतिबारे देखिएको राष्ट्रिय र व्यापक दृष्टिकोणलाई बुझ्दा बुझ्दै पनि स्वर्ग, नर्क, पुनर्जन्म र आफूलाई चिन्ने जस्ता रहस्यमय दर्शन जस्तै 'मन्त्र (स्वर, उच्चारण, सङ्गीत आदि), यन्त्र (रेखा, स्वरूप, चित्रमूर्ति) आदि र तान्त्रिक नृत्यका मुकुण्डोले मुख छोप्नाको पहिलो अभिप्राय नै दर्शकको ध्यान सामान्य जागृत तथा स्वप्नको चेतनादेखि हटाउनु हो' भन्ने ज्ञानसँग साधारण

पाठक परिचित हुन र बुझ्न गाऱ्हो मान्ने छन् ।

त्यस्तै 'परम्परागत कला पनि कुनै प्रचलित मिथक, विश्वास, प्रथा र व्यवस्थामा आधारित कलाकौशलको रूप र धारणा' लाई यथावत् राख्नुपर्ने समझदारीलाई समाज विकासको नियम र वैज्ञानिक व्याख्याले मात्रै आलोचनात्मक दृष्टिकोणलाई चित्त बुझाउन सकिने छ ।

हो, बर्बर युगका मानिसहरूमा जीवन र जगतका अनेक जटिल ज्ञानको कमीले अनेक टुना-मुना र अन्धविश्वास पलाएको थियो । डर, आशङ्का र अज्ञानताको अनेक अभौतिक शक्तिको कल्पना हरेक महादेश र समाजमा पाइन्छ । तर अहिले यी मानव समाज र संस्कृतिको अध्ययनमा आउने प्रारम्भिक अध्यायहरू भए वर्तमान मानव समाजलाई त्यसै अवस्थामा राख्न गाऱ्हो हुन्छ, न त्यसो रहन सक्नेछ, न त त्यस्तो कोसिस नै युग सुहाउँदो होला ।

भक्तपुरको चोक, दबु (मञ्च) र टोल (चौडा ठाउँ र चौबाटो समेत) स्वयं रंगशाला भएको र 'न्यातापोलको त्यति अग्लो डबली र त्यत्रा बिघ्न सिँढीबाट देवीगणहरू नाच्दै ओर्लेको' दृश्य देख्दा लेखकलाई उत्साह र आश्चर्यले छोयो । हो त आजको 'सडक नाटक' या 'नुकड नाटक' हाम्रो निम्ति नयाँ होइन ।

भक्तपुरको नाचगान र संस्कृतिबारे आफ्नो आँखाको नानी र प्राचीन नेपालको हृदयको आवाज जत्तिकै सम्झने लेखकलाई गेट भेकनरको अङ्ग्रेजी वा विदेशी भाषामा लेखिएको पुस्तक त्रुटि, दोष र उच्चारण दोषको साथै अपूर्ण सूचना र जानकारीकै कारण पुस्तकमा केही त्रुटि रहन गएको देखिन्छ, मुद्रणको विराम होइन भने । 'नाय् खिं, हुनुपर्ने 'न्याय खिं' 'दाफा छैँ' मा 'डफा छैँ' खिं पूजाको 'खप्वउ पूजा' भएको छ । त्यस्तै व्यासी टोललाई (बयासी टोल), जला प्याखँ (ल प्याखँ), २१ टोल (२१ चोक), याछैँ (याक्षे), थ्या साफु (थ्यास पो), महाकाली (मुहाली), सापारु (सपरा) भएको छ । नौ बाजा (नव बाजा), सिछ्याभुस्या (सिम्न्या-भुञ्या), गाथा वा उजजू (गठे) र प्रजापतिहरूको ७०० टोललाई चौरासी टोल भएको छ । त्यस्तै धूवा शब्दलाई 'धूवँ', 'द्यः ल्हायगु' लाई 'दये हालाइयगु', 'तः' लाई 'ता' आदि श्रुतिदोषका त्रुटिहरू पनि छन् ।

ठाउँ ठाउँमा सलल बग्ने र काव्यात्मक शैली र वाक्यहरूले विषयवस्तुलाई रोचक बनाउन लेखक साऱ्है सफल हुनुभएको छ । 'खल गरौँ', 'खपाली एकलनकाल' जस्तो वाक्यांश र शब्दहरूको प्रयोगले भाषामा नयाँ छनक देखापर्छ । दमौडीहरू, छेक पुर्गें, विसु (विस्केट), छिमला, सांस्कृतिक पाकताउली जस्ता अप्रचलित शब्दहरूले पाठकहरूलाई अलमल्याउँछ । टवा-ऐला, थान् (थाय्), थुप्रा थुप्रा टुरिष्टहरू (बगाल-बगाल टुरिष्ट ?), हापझाप (तामझाम, झिलीमिली) ले पनि अप्ठेरो परेको छ ।

व्यासी टोलका ज्यापूहरू, प्रजापतिहरू, गाईजात्रामा 'सबभन्दा पहिले सबभन्दा अग्लो सिङ्गारिएको करिब १२ फुटको शोभा खट' चल्ने, बेल विवाह अझै लोप नभएको समाजमा स्त्री तिरस्कृत छैनन् भन्ने जस्ता भनाइ सत्य होइनन् । यसबारे लेखकलाई गलत जानकारी दिइएको देखिन्छ ।

'...... यत्रो कला समाजका सर्वसाधारण र सबैले थामेर बस्नमा त्यसताकाको समाज व्यवस्थाको पनि प्रशस्त असर थियो । समाजका विभिन्न वर्गमा आर्थिक अन्तर ज्यादा थिएन । भक्तपुरमा लखपति पाउन सिला खोज्ने जस्तै खोज्नु पर्थ्यो ।' यो धारणा यथार्थसँग मेल खान्न । निश्चित सूचनाको श्रोतबाट समाजको सबै वर्गीय जटिलताहरू थाहा नहुनु अस्वाभाविक होइन । भक्तपुरका समाजमा २००७ साल र २०१७ सालभन्दा पहिले आर्थिक अन्तर अन्य समाजमा जस्तै थियो । ज्यापू किसानहरू साँचो मानेमा अर्धदास थिए । हरेक टोल र गल्लीमा लखपतिहरू थिए । पहिलेका धेरै पाटी-पौवा, सत्तल र मन्दिर तिनीहरूले नै बनाएका थिए । भक्तपुरको सामाजिक स्तर र वर्गीय समाजबारे भिन्नै लेखको आवश्यकता छ । दासयुगका दास मालिकहरूले आफ्नो आवश्यकताअनुसार घरेलु, उत्पादन कार्य, लडाकु, बाटो र निर्माण कार्य गर्ने मात्र होइन नाचगान र लेखन दासहरूको समेत बन्दोबस्त गरेको हुन्थ्यो । यो कुरा ग्रीस, रोम, भारत, चीन र नेपालमा पनि केही विशेषताअनुसार लागू भएको छ ।

हरेक वस्तुको सकारात्मक र नकारात्मक पक्ष हुन्छ । लिच्छवि र मल्ल राजाहरूले तल्लो वर्गमा शास्त्रीय नाचगानको बीऊलाई छरेर नेपाललाई नयाँ सभ्यता र संस्कृतिमा हुर्कने मौका दिए भने त्यस सांस्कृतिक दासताको प्रचारले विद्रोहलाई पनि मत्थर पार्ने गुलियो पोतिएको विष छर्ने काम गर्थ्यो । यसबारे लेखकले ठीकै भन्नु भएको छ- 'पारम्परिक नाच, गान र बजान घन्किरहेको यो सहरका बासिन्दा कलाकौशलमा लागेर रणकौशल बिर्सिंदै गएको बेला छोपेर रणकौशलमा नै दक्ष गोर्खालीले जितेदेखि यहाँको सङ्गीत र नृत्यको गति रोकिँदै गएको हो । ' (पृष्ठ ३५)

मल्ल राजाहरू रगतले नेवारहरू नभई आर्यहरू नै भएको हुनाले स्थानीय जनता र राजा शासक वर्गको बीचमा हुने 'राजा र प्रजाको सम्बन्ध या सांस्कृतिक तादात्म्य' मा

लेखकको दृष्टिकोण आदर्शवादी भन्न सुहाउँछ । आदर्श त यथार्थभन्दा टाढा मात्रै होइन उल्टै पनि हुन्छ । हो, गोर्खालीले जितेपछि भक्तपुरको मात्र किन कुनै पनि जातिको सांस्कृतिक विकास भएको छ भन्न सजिलो छैन । मल्ल राजाहरूले छरेको सांस्कृतिक दासताको फल आज पनि माथिल्लो वर्गले बाली काट्दै छन् भन्दा लेखकको निम्ति नौलो कुरा हुनसक्छ । समाज र वर्गबारे लेखकसँग कतैकतै अहिले एकात्मकता देखा नपरे पनि भारतको सङ्गीत नाटक अकादमी, अमेरिकाको केनेडी सेन्टर, रुसको बोल्सेई थिएटर, भारतको सिमलाको भाई सरिगल लज (राष्ट्रपति भवन) लाई सर्वपल्लि राधाकृष्णाले उच्च अध्ययन केन्द्रमा परिणत गरेको कदम, फ्रान्समा राष्ट्रपति देगाल र विद्वान मार्लोले कलाको उत्थानको निम्ति गरेका निर्णयहरू गान-बजान वा सांस्कृतिक क्षेत्रबाट पनि देशलाई हुने आर्थिक लाभबारे स्वीडेन र अन्य देशका उदाहरणहरूलाई नेपालले पनि सकारात्मक ढङ्गले लिनुपर्छ भन्नेबारे सहमत हुनमा कसैलाई गाऱ्हो पर्ने छैन ।

संरक्षणबारे गीतको गेडीलाई लिपिबद्ध गर्न बाद्यवादनको ताल, लयलाई रेखाङ्कन र ध्वन्याङ्कन गरिनुपर्छ, नृत्यको सबै मुद्रा, चाल र हाउभाउ वा अभिनयलाई भिडियोद्वारा र लेखनद्वारा चित्राङ्कण गरी त्यसको अर्थलाई पनि व्याख्या गरिनुपर्छ भन्ने लेखकको दृष्टिकोणसँग कतै मतभेद राख्नु आवश्यक छैन ।

सम्बर्द्धनबारे लेखकले ध्यान दिँदादिँदै केही थप्नुपर्ने देखिन्छ । प्रज्ञा-प्रतिष्ठान, संस्कृति मन्त्रालय, विश्वविद्यालय, पुरातत्त्व विभाग आदि सबै सरकारी र गैरसरकारी संस्थाहरूको सहयोगमा हाललाई भक्तपुरमा नाचगानको महाविद्यालय खोलिनु आवश्यक छ । पूर्वी र पश्चिमी शास्त्रीय नाचगानका ज्ञाताहरू र स्थानीय गुरुहरूको संयुक्त प्राध्यापनमा नयाँ पुस्तालाई दीक्षित गरिनु उत्तम हुनेछ । छात्रछात्राहरूलाई छात्रवृत्तिको पूर्ण व्यवस्था गरिनु व्यावहारिक हुनेछ । आजको अन्तर्राष्ट्रिय सम्बन्ध, विविधताको युग र देशको पर्यटन उद्योगलाई समेत ध्यान दिई शास्त्रीय र व्यापारिक दुवै दृष्टिले पाइला चालिनु पर्छ र यस क्षेत्रका प्राध्यापक, गुरुहरू र छात्रछात्राहरूलाई विदेशमा प्रदर्शन गर्न जाने र अन्य सहुलियतहरूको पनि बन्दोबस्त गरिनु उत्प्रेरक कार्य हुनेछ ।

यसबाहेक लेखकको विचारअनुसार राष्ट्रिय नाचगान सङ्ग्रहालय, एकेडेमी, अनुसन्धान संस्थान, प्रकाशन र पुस्तकालय हुनु आवश्यक छ ।

हुन त काव्य, नाटक र साहित्यलाई नै ध्वनि, चित्र, अभिनय र मूर्ति कुँदेर मानिसले आफ्नो अभिव्यक्ति दिन्छ । त्यस्तै पुस्तक, नाचगान, चित्रकला, मूर्तिकला, काष्ठकला र वास्तुकलाको विकास भएको छ । भक्तपुरलाई पेकिङको गृष्म दरबारको प्यागोडा, थाइल्याण्डको सुनको मन्दिर, कम्बोडियाको अङ्कोरवाट, बरोडा, वनारस र समरकन्दको उत्कृष्ट कलासँग दाँजेका छन्- विदेशी विद्वान्हरूले । 'रहस्यको अन्तिम घर' भन्ने आफ्नो पुस्तकमा ई.ए.पावेलले स्पष्ट शब्दमा वास्तुकला र कलाको दृष्टिले भादगाउँ अलाद्दिनको गुफा हो, यो वास्तुकलाको विष्मय वा आश्चर्यको सँगम हो, नेवार कलाको निधि वा सम्पत्तिको ठूलो ढुकुटी हो भनेका छन् । त्यसमा लेखकले अझ थप्छन्- 'भक्तपुरको लायकु देखेन भने आधा एशिया हेर्न बाँकी नै रहेको हुनेछ ।'

यही कुरा नाचगानको क्षेत्रमा पनि हो भन्ने कुरा विद्वान् जगदीश शमशेर राणा आफ्नो 'नाचगानको राजधानी भक्तपुर' मा भन्नुहुन्छ । उक्त विषयमा अन्य ज्ञाताहरू वहाँको उच्च मूल्याङ्कनसँग सहमत हुने धेरै ठाउँहरू छन् । भक्तपुरको बारे वहाँबाट अन्य रचनाहरूको आशा राख्नु स्वाभाविक छ । **(क्रमशः)**

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

"समाजको दिगो विकासको लागि ऊर्जाको भूमिका" विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन

# 'सरकारले पेट्रोलियम पदार्थको विकल्प विद्युतमा जोड दिनुपर्छ'

– सुनिल प्रजापति, प्रमुख–भक्तपुर नपा



समाजको दिगो विकासको लागि ऊर्जाको भूमिका विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन ख्वप इन्जिनियरिङ कलेजमा गर्न पाउँदा हामी ज्यादै खुशी छौँ। सर्वप्रथम यस सम्मेलनको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौँ।

यो सम्मेलन अत्यन्त महत्त्वपूर्ण समयमा हुन गइरहेको छ। नेपालको व्यापारघाटा चुलिएको छ। देशको वार्षिक बजेट बराबर व्यापार घाटा छ। यसले अर्थतन्त्र निकै नराम्रो स्थितिमा पुऱ्याउँदै छ। त्यसको मुख्य कारण उर्जाको लागि आवश्यक पेट्रोलियम पदार्थ आयातमा व्यापक बृद्धि हुनु नै हो। सरकारले वार्षिक झण्डै साढे दुई खर्ब रूपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात गर्छ। देशको समग्र वस्तु निर्यातबाट हुने आय पेट्रोलियम पदार्थ आयात गर्न पनि पुग्दैन। देश श्रीलंकाको बाटोमा अघि बढिरहेको अर्थ शास्त्रीहरू बताउँदै छन्। पेट्रोलियम पदार्थको आयात कम गर्ने सहज उपाय जलविद्युतको उत्पादन बढाउनु हो। विद्युत उत्पादन गरेर जनतालाई सस्तोमा वितरण गर्नुको सट्टा हप्ताको दुई दिन बिदा र यातायातमा जोरबिजोर प्रणाली लागू गर्ने जस्ता सुझाव दिएर आयल निगम सरकारलाई उल्टो बाटोमा अगाडि बढाउन खोज्दैछ।

नेपाल जलविद्युतको विकासमा अत्यन्त सम्भावना भएको देश भएर पनि हिउँदको समयमा अझै भारतबाट बिजुली आयात गर्नुपर्ने अवस्थामा छ। नेपालको आर्थिक समृद्धिको महत्त्वपूर्ण खम्बाको रूपमा रहेको विद्युत सस्तोमा भारतलाई बेच्ने र महँगोमा खरिद गर्ने गरेको कारण पनि देशले आर्थिक घाटा व्यहोर्नु परेको हो।

सरकारले विद्युतीय यातायात सञ्चालनमा जोड दिनुपर्छ। हुनत नेपाललले चिनियाँ सरकारको सहयोगमा पहिलेदेखि नै विद्युतबाट चल्ने यातायात पनि सञ्चालनमा ल्याएको थियो। २०३३ सालदेखि नै भक्तपुर काठमाडौँ ट्रलीबस चल्थ्यो। आर्थिक उदारीकरणको नीतिसँगै ट्रलीबसहरू बन्द भए। केही दशकअघि काठमाडौँमा ब्याट्रीबाट सञ्चालन हुने सफा ट्याम्पो व्यापक चलेका थिए। विभिन्न कारणले त्यो पनि बन्द भयो। उर्जा सङ्कट समाधान गर्न विद्युत विदेश निर्यातभन्दा नेपाली जनतालाई प्राथमिकतामा राख्नु पर्थ्यो। विद्युत सस्तो भएमा नयाँ नयाँ यातायात र कलकारखाना स्थापना हुँदै जानेछन्। युवाहरूलाई रोजगारीको अवसर प्राप्त हुने छन्। विदेशिने युवाहरूको सङ्ख्यामा कमी आउने छ। देश आत्मनिर्भरताको बाटोमा अघि बढ्ने छ।

विश्व बैंकका अनुसार माथिल्लो कर्णालीबाट मात्रै ४१८० मेघावाट विद्युत उत्पादनको क्षमता राख्छ। केही वर्ष अघि नेपाल सरकारले भारतको जिएमआर कम्पनीसँग ९०० मे.वा. मा सम्झौता गऱ्यो। त्यस्तै पश्चिम सेती, अरूण तेस्रो र अरूण चौथो पनि भारतलाई नै बनाउन दिने सरकारले निर्णय गरिसकेको छ। यो नेपालको जलस्रोतमाथि भारतको नियन्त्रण कायम हुँदै जानु हो। यस्तो स्थितिले नेपाल कहिल्यै समृद्ध हुन सक्दैन। भारत नेपाललाई एउटा सार्वभौमसत्ता सम्पन्न र स्वतन्त्र देशभन्दा पनि आफ्नो एउटा प्रान्तको रूपमा व्यवहार गर्छ। नेपालको जल विद्युतलगायतका क्षेत्रमा उसको अनुमति बिना कुनै पनि देशको लगानी उसलाई स्वीकार्य हुँदैन। नेपालका शासक दलहरूकै कारण नेपाल भारतको उपनिवेशको रूपमा हुँदै गइरहेको छ। यो स्थितिको अन्त्य हुनुपर्छ।

नेपालमा उत्पादित बिजुली बेच्ने कारण देखाउँदै शासक दलहरूले एमसीसी जस्ता देशघाती सम्झौता संसदबाट अनुमोदन गरे। त्यसको असर नेपालमा लामो समयसम्म रहिरहने छ र नेपाली जनताले भोग्नु पर्नेछ।

नेपाल सरकार कुनै पनि काम गर्न विदेशीको मुख ➲

**नवआगन्तुक विद्यार्थीलाई स्वागत तथा अभिमुखीकरण**

# कर्मचारी र पदाधिकारीहरूले योगदान गरे समाज परिवर्तन गर्ने काममा टेवा मिल्ने

*–रजनी जोशी, उपप्रमुख भक्तपुर नपा*



भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, सभ्य र सुसंस्कृत नगरको रूपमा विकास गर्ने भक्तपुर नगरपालिकाको उद्देश्यअनुसार २०५६ सालमा ख्वप उच्च मावि स्थापना गर्दै हाल विभिन्न सातओटा शैक्षिक संस्थाहरू सञ्चालन गरी ख्वप सर्कलको रूपमा स्थापित भएको हो ।

नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको साढे दुई दशक अगाडिको भक्तपुर नगरमा **'एक घर एक स्नातक'** शैक्षिक जनशक्ति उत्पादन गर्ने उद्देश्यलाई प्रत्यक्ष मद्दत पुग्ने गरी सुरु गरेको शैक्षिक अभियान आज देशकै लागि नमुना शैक्षिक उपलब्धि बनेको छ ।

देशकै एक मात्र शैक्षिक संस्थाहरू सञ्चालन गर्ने स्थानीय तहको रूपमा भक्तपुर नगरपालिकाले ख्याति कमाएको छ भने यसको अनुसरण र अवलोकन गर्न देशभरिकै स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूले भक्तपुर नगरपालिका र नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्थाहरूको अवलोकन भ्रमण भइरहेको जानकारी गराउन चाहन्छु । यसले नगरपालिका र नगरवासीहरूको गरिमा बढाएको छ ।

नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूबाट योग्य र दक्ष जनशक्ति उत्पादन भई देशकै सबै क्षेत्रहरूमा उल्लेखनीय योगदान गर्दै आएको हामीमा जानकारी छ । यस सम्बन्धमा सबै शैक्षिक संस्थाहरूले आफूले उत्पादन गरेका विद्यार्थीहरू हाल कुन कुन स्थानमा कुनकुन तह र पदमा बसी योगदान गरिरहेको छ सो सम्बन्धी जानकारी राख्न पास आउट विद्यार्थीहरूको कन्ट्याक ट्रेसिङ एवम् अपडेट भइराख्नुपर्नेमा हाम्रो शैक्षिक संस्थाहरूलाई ध्यानाकर्षण गर्न चाहन्छु ।

नगरपालिकाबाट सञ्चालित कलेजहरूको लागि आवश्यक बजेट, नगरवासीहरूबाट उठेको करबाट निर्माण हुने भएकोले यहाँबाट उत्पादित जनशक्तिले नगर, नगरपालिका र नगरवासीहरूको हितको लागि कार्य गर्न हाम्रा शिक्षण संस्थाहरूले समय समयमा प्रेरित गरिरहनुपर्दछ ।

अर्थशास्त्रका विद्यार्थी र शिक्षकहरूले यसका

---

➲ ताक्ने गर्छ । नेपालीहरूसँग पूँजीको अभाव छैन । हजारौँको सङ्ख्यामा रहेका सहकारीसँग खबौँ रुपैयाँ जम्मा भएर बसेको छ । सबै सहकारीलाई शेयर दिने घोषणा गर्दै जलविद्युतमा लगानी गर्न आह्वान गरेको खण्डमा ४०।५० अर्ब पैसा जम्मा गर्नु ठूलो कुरा होइन । उपयुक्त वातावरण तयार गरी दिएमा नेपालीहरू आफै काम गर्न सक्छन् ।

अहिले प्रत्येक नागरिकको हात हातमा मोबाइल भएको र इन्टरनेटबिना जीवन नचल्ने अवस्थामा पुगेको अवस्थामा उर्जाको महत्त्व झन्झन् बढ्दै गएको छ ।

यो देश विकाससँग पनि सम्बन्धित छ । देश विकासको निम्ति उर्जाको विकास एक अपरिहार्य विषय हो । रुस युक्रेन युद्धले पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ । यसको असर अझै कयौँ वर्षसम्म रहिरहनेछ । यसर्थ नेपाल सरकारले जलविद्युत परियोजनाहरूको विकासमै बढी ध्यान केन्द्रित गर्नु जरुरी छ । यसतर्फ आजको यो सम्मेलनले महत्त्वपूर्ण योगदान दिने विश्वास गर्दछौँ । धन्यवाद !

*(भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ र आई.ई.ई.ई. पी.ई.एस. को संयुक्त आयोजनामा २०७९ साउन २३ गते भएको 'समाजको दिगो विकासको लागि ऊर्जाको भूमिका' विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको शुभकामना मन्तव्य)*

परिभाषित शब्दहरू जस्तै मुद्रास्फिति, भुक्तानी असन्तुलन, विदेशी मुद्रा सञ्चिति, व्यापार घाटा, आर्थिक विकासका सूचकहरू प्रतिव्यक्ति आय, कूल राष्ट्रिय आय, अतिरिक्त मूल्य आदिको अर्थसँग सम्बन्धित आधारभूत विषयमा सर्वसाधारणलाई जानकारी गराउने कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ। त्यसैगरी राजनीतिशास्त्रका विद्यार्थी र शिक्षकहरूले जनतालाई सङ्घीयता, गणतन्त्र, एकात्मक राज्य, गणराज्य, अधिराज्य, सम्प्रभुसत्ता, अखण्डता, राज्य र सरकार, राज्यका अङ्गहरू, सङ्घीयताका प्रकार, समाजवादी र पुँजीवादी राज्यव्यवस्था, नवउदारवाद, साम्राज्यवाद, विस्तारवाद, समाजवाद, राष्ट्रवाद र देशभक्ति तथा अन्तराष्ट्रवाद जस्ता प्राविधिक शब्दहरूबारे समाजलाई जानकारी दिनुपर्ने आजको आवश्यकता हो।

वातावरण विज्ञानका विद्यार्थीहरूले प्रदूषण नियन्त्रणको लागि आवश्यक अनुसन्धान गरी उपाय सुझाउन सकिने तथा नगरका ढल र खोला सुधारको लागि वातावरणीय अध्ययन अनुसन्धानबाट उपाय खोजी गर्नुपर्ने र फोहोर व्यवस्थापनको लागि अध्ययन अनुसन्धान गरी आधुनिक प्रविधिको खोजी गरी नगरको सरसफाइ र वातावरण सुधारमा योगदान गर्नुपर्दछ। त्यस्तै अङ्ग्रेजीमा 10 RS मध्ये कम्तीमा हाललाई 3 RS (Reuse, Reduce and Recycle) लाई दैनिकी बनाउन युवा पुस्तालाई जोड दिनुपर्दछ।

त्यस्तै नगरपालिकाबाट सञ्चालित कलेजबाट उत्पादन हुने इतिहास, भूगोल, इन्जिनियरिङ, विज्ञान, मानविकी, कानुन र व्यवस्थापनलगायतका शिक्षक एवम् विद्यार्थीहरूले आ-आफ्नो क्षेत्रबाट नगर र नगरवासीको हितको लागि सक्रिय योगदान गर्नु सबैको कर्तव्य हो।

नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा भएका विभिन्न किसिमका प्राविधिक विषयहरू जुन नगरपालिकाको दैनिक र नियमित कार्यसँग सम्बन्धित छ, यस्ता विषयहरूमा नगरपालिकाका सम्बन्धित जनशक्तिहरूलाई प्रशिक्षित गरी सहयोग पुऱ्याउने सकिन्छ जस्तैः कम्प्युटर, सफ्टवेयर, इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल, मेकानिकल, आर्किटेक्चर, व्यवस्थापनलगायतका विभिन्न क्षेत्रहरूको सम्बन्धित जनशक्तिलाई अद्यावधिक तालिम प्रदान गरी दक्षता प्रदान गरी यी कलेजहरूले नगरपालिकाबाट प्रवाह हुने सेवा सुविधा अझ गुणस्तरीय र प्रभावकारी हुनेमा हामी विश्वस्त हुन्छौँ।

नगरपालिकाले आयोजना गर्ने विभिन्न सामाजिक र चेतनामूलक कार्यक्रमहरूमा नपाबाट सञ्चालित शैक्षिक संस्था र स्वास्थ्य संस्थाका कर्मचारी र पदाधिकारीहरू समेत सहभागी भई योगदान गर्नुभए भक्तपुर नगरपालिकाले गरेका समाज परिवर्तन गर्ने काममा टेवा मिल्नेछ। यसप्रकार हामी सबै मिलेर र समाजलाई सही ढङ्गले अघि बढाइ देश विकासमा हातेमालो गरौँ।

यही अनुरोधका साथ आजको यस ख्वप माविद्वारा सञ्चालित कक्षा ११ का नवआगन्तुक भाइबहिनीहरूलाई पुनः स्वागत गर्दै प्रमुख अतिथि, अतिथिज्यूहरूलाई धन्यवाद व्यक्त गर्दै आजको यस कार्यक्रम यही सम्पन्न भएको घोषणा गर्दछु।

*(भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भाद्र ३ गते भएको ख्वप मा.वि.मा कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम व्यक्त मन्तव्य।)*

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित




एम्बुलेन्स
र
शव वाहन
को लागि
सम्पर्क फोन : ६६१३ २००

**सन्दर्भ : भक्तपुरकाण्ड**

# ‘जेलका चिठ्ठीहरू’ भित्रकी ‘कामरेड शोभा’

रमा




वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँकी जीवनसङ्गिनी एवम् ‘जेलका चिट्ठीहरू’ भित्रकी ‘शोभा प्रधान’ अब हामी माझ रहनुभएन । कैयौँ उतारचढाव र सङ्घर्षपूर्ण जीवनबाट उहाँ बिदा हुनुभयो । यद्यपि, जेलभित्रबाट अध्यक्ष रोहितले प्रेमपूर्वक लेख्नुभएका चिट्ठीहरूमा उहाँ सदा बाँचिरहनुहुनेछ । चिट्ठीहरूको उद्देश्यहरूमा दृढनिश्चयी र प्रतिबद्ध शोभा प्रधान सधैँ सधैँ सम्झनामा रहनुहुनेछ । उहाँको जीवनका भोगाइ र अनुभवका पदचापहरू चिट्ठीभित्र रहिरहनेछ ।

समय २०४५ भाद्रको हो । उहाँहरूबीच विवाहको लामो समय बितिसकेको थिएन । त्यतिबेला प्राकृतिक र अप्राकृतिक दुवै किसिमका भूकम्पको सामना शोभाले गर्नुपऱ्यो । प्राकृतिक भूकम्पमा घरहरू भत्किए, भौतिकरूपमा ठूलो क्षति भयो । पीडितले राहत पाएनन् । राहत सामाग्री वितरणमा भएको पक्षपातप्रति पीडित जनता आक्रोशित बनेको त्यो समयमा पञ्चायती सरकारले कर्ण ह्योजूलाई षड्यन्त्रको गोटी बनाई नेमकिपाको समूल नष्ट गर्ने कुचेष्टा गऱ्यो । नेमकिपालाई जरैदेखि उखेल्न मरिचमान सिंहको सरकार र स्थानीय पञ्चायती प्रतिक्रियावादी तत्त्वहरूले राजधानीका सडकहरूमा ‘रोहितलाई फाँसी दे’ को अभद्र नारा लगाए । कुनै आधार, प्रमाणबिना नै अध्यक्ष रोहितलाई पक्राउ गरे र जेलमा हाले ।

शोभा प्रधान र सम्पूर्ण भक्तपुरका लागि ‘भाद्र ९’ को त्यो घटना अर्थात् ‘भक्तपुर काण्ड’ कुनै भूकम्पभन्दा कम थिएन । राज्यस्तरको योजनामा भएको अप्राकृतिक भूकम्पले नेपाल मजदुर किसान पार्टीको उँचो धरोहर ढाल्न खोजेको थियो । गर्भवती शोभालाई त्यो घटना एउटा बज्रपातभन्दा कम थिएन, कालरात्रीभन्दा कम थिएन । अध्यक्ष रोहित आफैले लेख्नुभएको छ – ‘भक्तपुर, नेमकिपा र आफ्नै नातागोता, शत्रु र मित्र सबै चिनी नसकेकी मेरी जहान शोभालाई अचानक आएको पहिरोजस्तो घटना वा खिम्ति खोला नजिक बस्दाको आकस्मिक बाढी थियो भक्तपुर काण्ड ।’

शोभाले अध्यक्ष रोहितको व्यक्तित्व नचिनी, नबुझिकन विवाहको निर्णय लिनुभएको थिएन । उहाँले अध्यक्ष रोहितको देश र जनताको सेवा गर्ने राजनीति, समर्पण र सङ्घर्षको बाटो बुझ्नुभएको थियो । त्यसैले त निष्ठा र इमानदारीको राजनीतिक उचाइमा अध्यक्ष रोहितको छाया बनेर खरो उत्रिनुभयो, सरल जीवन र उँचो क्रान्तिकारी विचारको सहयात्री बन्नुभयो ।

घरभित्रका सारा समस्या र दुःखहरूसँग जुझेर पनि उहाँ अध्यक्ष रोहितकी जहानमा मात्र सीमित हुनुभएन । भक्तपुर काण्डको घटनाले त उहाँलाई राजनीतिक सङ्घर्षको मैदानमा उतारऱ्यो । सयौँ पार्टी कार्यकर्ता पक्राउ वा भूमिगत वा निर्वासनमा परेको बेला न्याय र सत्यको निम्ति सडकमा आवाज उठाउनेमा महिलाहरू अगाडि थिए । भक्तपुर काण्डको कालरात्री र पञ्चायती व्यवस्थाको बर्बरताविरुद्ध शोभा प्रधानले राजनैतिक सुझबुझसहित त्यो आवाजमा आवाज मिलाई लड्नुभयो । उहाँलाई मार्गनिर्देश गर्ने, ऊर्जा

दिने र उत्साह दिने चिठ्ठीहरू भने अध्यक्ष रोहितले जेलभित्रबाट पठाउँदै हुनुहुन्थ्यो । ती चिठ्ठीहरू शोभाका लागि आफ्नो श्रीमान्को सानिध्यता मात्र थिएन पार्टी अध्यक्षको प्रशिक्षण पनि थियो ।

अध्यक्ष रोहितले जेलभित्रबाट आफ्ना भावना, संवेग, सङ्कल्प, सङ्घर्षका अठोट, जीवनका उकालीओराली र जीवनका परीक्षाहरूलाई अत्यन्त सुन्दर लय दिएर 'प्रिय शोभा' को सम्बोधनमा समेट्नुभयो । तिनै चिठ्ठीलाई शोभा प्रधानले पटकपटक पढ्नुभयो, कालरात्रीको साथी बनाउनुभयो र जनतासँग साट्नुभयो । २०४६ सालमा लिखित ती चिठ्ठी २०६९ मा मात्र प्रकाशित गरिए ।

२०४६ साल पूर्व पनि का. रोहितको अधिकांश समय पार्टी कार्यालय, कार्यक्रम, कार्यकर्ता र जनताबीच बित्थ्यो । शोभा प्रधानले श्रीमान्को अत्यन्त थोरै समय पाउनुहुन्थ्यो । त्यसकारण, अध्यक्ष रोहितका सबै कुरा उहाँलाई थाहा थिएन । चिठ्ठीहरूले उहाँलाई अध्यक्ष रोहितको व्यक्तित्व चिन्न सघायो ।

जेलका चिठ्ठीहरू पहाडजस्तो कठिन र आँधीजस्ता प्रतिकूल परिस्थितिमा एक राजनीतिक व्यक्तित्व कसरी चट्टानझैँ बलियो र दृढ भई उभिन्छ भन्ने दृष्टान्ट बन्यो । एक कम्युनिस्ट नेता जेलमा होस् या खुला समाजमा जनताप्रतिको कर्तव्य, परिवारप्रतिको प्रेम स्नेह कहिल्यै भुल्दैन । आफ्नो सिद्धान्त र विचारलाई थुनेर राख्दैन बरु जनताबीच कुनै न कुनै माध्यमबाट पुऱ्याइरहन्छ भन्ने सन्देश एवम् प्रमाणको रूपमा चिठ्ठीहरूलाई शोभा प्रधानले सङ्ग्रहित गर्नुभयो ।

जेलभित्र कडा निगरानी, कापी कलमसमेत बन्देज लागाइएको, दिनहुँको प्रताडना, बर्बर यातनापश्चात् कार्यकर्ताको चित्कार, युद्धबन्दीतूल्य व्यवहारबीच लेखिएका ती चिठ्ठीहरूले त्यो समयकालको पीडाबोध गराउँछ । सेन्सरको कारण सुरुका पत्रहरू सन्चो बिसन्चो, खानेकुरा, आवश्यक सामान, कपडा, पुस्तक, पत्रपत्रिका, औषधी, छोराहरूको हालखबर आदि बारे थिए । पछि पत्रले अध्यक्ष रोहितको बालककालदेखिका पृष्ठभूमि, भोगाइ बताउन बाटो खोल्यो । पत्रमा पाकिस्तानी प्रेम गीत र गजलका सन्दर्भहरू 'प्रिय शोभा' प्रति समर्पित थिए । जेलभित्र अध्यक्ष रोहितको अध्ययन र लेखनको साक्षी हुनुहुन्थ्यो 'प्रिय शोभा' । साहित्य, कला र संस्कृतिप्रति अत्यन्त झुकाव राख्ने र जानकार व्यक्तित्व अध्यक्ष रोहितले लोप हुन लागेको बङ्गाली संस्कृति सभ्यताको परिचय दिँदै नेवारी संस्कृति र भक्तपुरबारे चिठ्ठीबाट बताउनुभयो, न्यातापोल, ङेङापा झ्यो, लुँ ध्वाका, साँझ्यो पुराना घरहरू, कृष्ण मन्दिरसँग शोभा प्रधानलाई परिचित गराउनुभयो । उहाँले लेख्नुभएको छ - **'डोको र खुकुरी नेपालको ढुकढुकी र जीवन हो भने नेवारी कला र संस्कृति नेपाल र नेपालीको शृङ्गार हो ।'** भक्तपुरको भौगोलिक संरचना र ऐतिहासिक महत्त्व प्रस्ट पार्दै नेवारी भाषा, जात र थरहरूका व्यावहारिक विश्लेषण शोभा प्रधानमार्फत पाठकसम्म पुऱ्याउनुभयो । १९९० सालको भूकम्पभन्दा पुराना भक्तपुरका घरहरूको इन्जिनियरिङ, बनोट, वास्तुकला र प्राचीन शैली, चित्रकला, काष्ठकला, प्रस्तरकलाको अनुपम धरोहर भक्तपुरसँग शोभा प्रधानलाई भेट गाराइदिनुभयो चिठ्ठीमार्फत । चिठ्ठीहरूमा कला संस्कितिसँगै भूगोल र इतिहासका महत्त्वपूर्ण घटनाहरू पनि सङ्ग्रहित छन् ।

आफ्नो व्यक्तिगत विषयमा सोच्ने मौका नपाउने र आफ्नो व्यक्तिगत जीवनको लागि पटक्कै समय नछुट्याउने अध्यक्ष रोहितले आफ्नो शैशवकाल, विद्यार्थी जीवन, राजनीतिमा प्रवेश, आफू संलग्न रहेका घटनाक्रमहरू, राजनीतिक उतारचढावसँगै आफ्नो उपस्थिति, साथीहरूका बारे, सङ्गठनका बारेमा आफ्नो जहानलाई सुनाउन यही चिठ्ठीहरूको सहारा लिएको देखिन्छ । गौरमा नेत्रदान यज्ञ, बाढी पीडितलाई सहयोग, आगलागीमा स्वयम्सेवकको भूमिका निर्वाह गरिरहँदा सामाजिक भावनाको बिजारोपण भएको महसुस गर्ने अध्यक्ष रोहितले भक्तपुर फर्केपछि आफ्नो जीवनलाई जनताको नाममा समर्पित गर्ने प्रण गरेको समय सुनाउनुभयो । उहाँको यौवनको समयावधि निकै बेफुर्सदिलो रहेको पुस्तकमा लेख्नुभएको छ - 'मेरो त्यो अवधि नै मेरो जीवनको सबभन्दा सक्रिय समय थियो । बिहान जुत्ता लगाएर बाहिर निस्केपछि राती ९–१० बजे मात्रै जुत्ता फुकाल्थेँ । दुःख, डर र थकाइ भन्ने कहिल्यै अनुभव भएन । नयाँ पुस्तक, पत्रपत्रिकाहरू अध्ययन गर्नु, मस्को, पेकिङ रेडियो, बीबीसी, भ्वाइस अफ अमेरिका, आकाशवाणी आदिको सामाचार र टिप्पणीहरू सुन्नु नै मेरो जीवन बन्यो ।' शोभा प्रधानले ती पुस्तक र पत्रपत्रिकाहरूलाई नै आफ्नो सम्पत्ति मान्नुभयो । दुई छोराहरूलाई बुबाको व्यस्ततामा अभ्यस्त बनाउँदै हुर्काउनुभयो ।

अध्यक्ष रोहितको जीवन सँधै आँधीबेहरीपूर्ण थियो । प्रहरी र प्रशासनको निम्ति उहाँ एक नसुल्झिएको विषय बन्नुभयो । बुद्धिजीवीहरूको निम्ति एक अध्ययनको विषय र जनताको निम्ति एक आदर्श व्यक्ति बन्नुभयो । यो थाहा पाएर शोभा प्रधानको हृदय हर्षले नफुलेको होला त ?

चिट्ठीहरूमार्फत शोभा प्रधानलाई गौर, हङकङ, बैङ्कक, वीरगञ्ज, सिमरा, काठमाडौँ जस्ता थुप्रै ठाउँहरूको यात्रा गराउनुभयो । आफ्ना जीवनका अविस्मरणीय व्यक्तित्वहरूसँग भेट गराउनुभयो । थुप्रै पुस्तकको सयर गराउनुभयो ।

परिवारप्रतिको स्नेह, छोराहरूप्रतिको उत्तरदायित्व, छोराहरूले सानैदेखि आफ्नो कला संस्कृति थाहा पाउन्, समाज चिनुन् भन्ने कामरेड रोहितको भावनालाई शोभा प्रधानले व्यवहारमा उतार्नुभयो । बाल मनोविज्ञान बुझिकन कथा र जीवनोपयोगी पाठहरू पढाउन सुझाउनुभएको त्यो समय चिट्ठीहरूले प्रतिनिधित्व गर्छ ।

राजनीति गुलाबको ओछ्यान होइन, खुकुरीको धारमा हिँड्नु हो । राजनीतिमा देश र जनताको सेवा गर्नु पनि पहाडको यात्रा जस्तै हो । कोही अगाडि, कोही बीचमा र कोही पछाडि पर्छन् । कहिलेकाहीँ पछाडि पर्नेहरू यात्रा छोडेर टाढा जान्छन् भन्ने अध्यक्ष रोहितको भनाइलाई शोभा प्रधानले २०४६ सालमा जेलको पर्खालबाहिर देख्नुभयो, भोग्नुभयो । उहाँलाई अविचलित भई आफ्नो कर्तव्यप्रति निष्ठावान र जीवनप्रति उत्साहित बनाउन चिट्ठीहरूले खुब सघाए ।


जेलको पर्खालभित्र र बाहिरको जीवनलाई जोड्ने यी चिट्ठीहरू जीवन दर्शन पनि थियो । जेलभित्र र बाहिरको फरक सङ्घर्षका शब्दचित्रहरूमा शोभा प्रधानको आकृति सदा अनुभव हुनेछ । अध्यक्ष रोहितले लेख्नुभएका प्रत्येक चिट्ठीको जवाफमा शोभा प्रधानले के लेख्नुभएको होला ? यो प्रश्नको जवाफमा उँचो मनोबल र दृढ इच्छा शक्तिको प्रतिक शोभा प्रधान सधैँ भेटिनुहुनेछ । जीवनलाई सङ्घर्ष र सङ्घर्षलाई जीवनको नाम दिनुभएका एक बहादुर व्यक्तित्व भेटिइनुहुनेछ ।

चिट्ठीबाहिर शोभा प्रधान एक असल शिक्षिका, क्रान्तिकारी महिला, ममतामयी आमा, सबैको प्रिय भाउजू हुनुहुन्थ्यो । उहाँको सहृदयी र प्रेरणादायी व्यक्तित्व, कामदारवर्गीय महिला आन्दोलन र कम्युनिस्ट आन्दोलनमा उहाँको योगदान अमर रहनेछ । उहाँ धेरैधेरै कामरेडहरूको निम्ति प्रेरणा बनेर रहनुहुनेछ । धेरैधेरै विद्यार्थीका निम्ति आदर्श बनिरहनुहुनेछ । उहाँ धेरैधेरै छोरीहरूका निम्ति जीवन ऊर्जाको कहिल्यै नसुक्ने स्रोत बनेर बाँचिरहनुहुनेछ । सहयोगीभाव, समर्पण र सङ्घर्षमा अर्को नाम बनेर चिट्ठीहरू भित्र र जनताको मनमनमा युगयुगसम्म बाँचिरहनुहुनेछ ।

# बासिबियाँलो



माछा मार्न गएको सबै लुकेछन्, तपाईंले देख्नुभएको छ ?



एउटैजस्तो देखिए पनि दुई चित्रमा केही फरक छन्, फेला पारेर चिनो लगाउनुहोस्।

(चित्र : इन्टरनेट)

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

# क्यान्सर र उपचार

## क्यान्सर रोग र मेरो उपचार



शोभा प्रधान

२०५५ साल चैतको दोस्रो हप्ताको एक साँझ सदाझैँ खाना पकाइरहेकी थिएँ। अचानक दायाँ स्तनको माथिल्लो भागमा दुखेको अनुभव भयो। देब्रे हातले दुखेको ठाउँमा छामेँ। स्तनमा गाँठो भएको अनुभव भयो। म झस्किएँ। मनमा अनेक कुरा खेल्न थाल्यो।

प्रतिनिधिसभाको चुनावको समय भएकोले श्रीमान् (नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ, रोहित) लाई आफ्नो कुरा भनौँ कि नभनौँ दोधारमा परेँ। आफू एक्लै डाक्टरकहाँ जान पनि सकिनँ। बिहान उठेदेखि उहाँको बेफुर्सदीको कारणले पनि समस्याबारे भन्ने मौका नै पाइनँ। उहाँ राति अबेरमात्र घर फर्किनुहुन्थ्यो। केही दिनसम्म उहाँलाई समस्याबारे केही भनिनँ। एकदिन उहाँ अलि छिट्टै घर फर्किनुभयो। त्यही समयमा आफ्नो कुरा बताएँ। उहाँले डाक्टरकहाँ जान सल्लाह दिनुभयो।

चैत १८ गते काठमाडौँको नयाँ बजारमा डा. लक्ष्मीनानी श्रेष्ठको क्लिनिकमा गएँ। उहाँ वरिष्ठ स्त्रीरोग विशेषज्ञ हुनुहुन्छ। उहाँलाई आफ्नो स्वास्थ्य समस्या बताएँ। उहाँले मेरो स्वास्थ्य परीक्षण गर्नुभयो र १५ दिनको लागि औषधि दिनुभयो। औषधिले काम नगरेमा फेरि आउने सल्लाह दिनुभयो। दुई हप्ता औषधि खाएँ तर कुनै असर गरेन। डाक्टरको भनाइअनुसार दुई हप्तापछि फेरि जानुपर्ने थियो। तर, चुनाव नजिकिएको हुनाले जान सकिनँ।

मेरो सानो छोरा (सुवान) को खुट्टा दुखेको सन्दर्भमा २४ वैशाखको दिन उपचारको लागि शिक्षण अस्पताल महाराजगञ्ज पुगेँ। तर, महाराजगञ्ज अस्पतालको एक जना टिकट वितरकले बच्चाको उमेरअनुसार उपचारको निम्ति कान्तिबाल अस्पताल लाने सल्लाह दिए। छोरोलाई कान्ति बाल अस्पताल लगेँ। आफ्नो पनि स्वास्थ्य परीक्षण गराउने सोचेँ, टिकट लिएँ र जचाएँ। डाक्टरले जाँचे र एफ.एन.ए.सी. गर्ने सल्लाह दिनुभयो। शुक्रबारको दिन भएकोले १२ बजेसम्म मात्र परीक्षण गरिने रहेछ। हतारहतार परीक्षण गराएँ। तर, रिपोर्ट एक हप्तापछि मात्र दिइने रहेछ।

२६ वैशाखको दिन पुनः परीक्षणको लागि शिक्षण अस्पताल पुगेँ। संयोगले त्यस दिन डा. प्रकाश सायमी आउनुभएको थियो। उहाँसँग परीक्षण गराएँ। उहाँले सबै विवरण सोध्नुभयो र मेरो स्तनको अपरेसन तुरुन्तै गर्नुपर्छ भन्नुभयो। अपरेसन गर्ने कुरा सुन्नेबित्तिकै म रुखबाट खसेझैँ भएँ। परीक्षणको रिपोर्ट आएको छैन भन्ने कुरा मैले डाक्टरलाई बताएँ। उहाँले बहिनी ज्योतिलाई रिपोर्ट आजै हेर्न लगाउन भन्नुभयो। ज्योति र म दुवै रिपोर्ट तयार गर्ने परीक्षण कक्षमा गयौँ। सबै स्लाइड खोजी परीक्षणको लागि डा. गीता सायमीको कोठामा लगिन् र डा. सायमीलाई रिपोर्ट दिइन्।

एकछिनपछि रिपोर्ट तयार भयो। रिपोर्टमा पोजेटिभ भएको कुरा सुनाए। त्यो कुरा मलाई सपनाजस्तो लाग्यो।

डा. प्रकाशले घरको परिवारसँग सल्लाह नगरी अपरेसन गर्न मिल्दैन, परिवारलाई १२ बजेभित्रमा लिएर आउनु भन्नुभयो। म साथीहरूसँग श्रीमान्लाई लिन पुनः घर आएँ। उहाँलाई डाक्टरले बोलाउनुभएको कुरा सुनाएँ। मेरो आँखाबाट आँसुको धारा बग्याबग्यै थियो। त्यो रोगको नाम सुन्नासाथै जीवनमा एउटा ठूलो दुर्घटना भएको महसुस भएको थियो। केटाकेटीहरूको अनुहार झलझली सम्झन थालेँ, आँसु रोक्न सकिनँ। उहाँले सम्झाउनुभयो अस्पताल छिट्टै पुग्नुपर्ने हुनाले तुरुन्तै हामी अस्पतालतिर लाग्यौँ।

ठीक १२ बजे हामी अस्पताल पुग्यौँ। डा. सायमीले उहाँ (श्रीमान्) सँग कुरा गर्नुभयो। अपरेसन पछि सार्न नहुने भएको हुँदा यही हप्ताभित्र अपरेसन गर्ने निर्णय गर्नुभयो। ३१ वैशाखको दिन अपरेसन गर्ने टुङ्गो लाग्यो। रगत परीक्षण, एक्सरे, इ.सि.जि., अल्ट्रासाउण्ड आदि गराउनुपर्ने भयो। रगत परीक्षण र एक्सरे त्यही दिन गराएँ।

करिब २:३० बजेतिर घर फर्किएँ, खाना खाएको थिइनँ। त्यस दिन खाना खान पनि मन लागेन। उहाँ (श्रीमान्) ले खाना खान जाऊ भन्नुभयो। अस्पतालको कुरा मलाई सपनाजस्तो लागिरहेको थियो। भोक हराइसकेको थियो। खाना निल्न कठिन भयो। खानाको गाँस सँगसँगै आँसु पनि बगिरहेको थियो। आँसु थाम्न खोज्छु तर थाम्न सक्दिनथेँ। उहाँले युगोस्लाभिया, इराक आदि देश-विदेशमा भइरहेका लडाइँका, दुःखका कुरा सुनाउनुभयो। संसारमा

नसोचेको कुरा पनि हुन्छ, सोचेको मात्र हुने भए हामीले किन सङ्घर्ष गर्नुपर्ने हुन्छ भनी सम्झाउनुभयो। साँच्चै नै हाम्रो जीवन सङ्घर्षमय रहेछ। कहिले रोगसँग, कहिले समाजसँग, कहिले अन्यायसँग कहिले विरोधीहरूसँग हर किसिमबाट हामी सङ्घर्ष गरी नै रहेका हुन्छौँ। यस समयमा म रोगसँग सङ्घर्ष गरिरहेको अनुभव भयो।

त्यही दिन मेरा बहिनीहरू र देवर योगेन्द्रलाई फोन गरेँ। आफ्नो रोगको बारेमा बताएँ, देवर मेरो डेरामा आउनुभयो। मैले उहाँलाई अस्पतालबाट ल्याएको कागजहरू देखाएँ। उहाँ पनि आश्चर्यमा पर्नुभयो। त्यो दिन रोएरै बित्यो। राती राम्रोसँग निद्रा पनि लागेन, सपनामा पनि त्यहीँ कुरा सम्झन पुगेँ। राती कहिले उठ्ने, कहिले पल्टिने, छटपटी भइरह्यो। रात धेरै लामोजस्तो लाग्यो। घरको सम्पूर्ण काम आफैले गर्थें, अब के गर्ने, छोराहरूले के गर्छन् भन्नेजस्ता कुराहरू मनमा खेल्न थाल्यो। यस्तै छटपटीमा त्यो रात बित्यो।

भोलिपल्ट अर्थात् २७ वैशाख, सोमबारको बिहान उहाँले मलाई घुम्न जान उठाउनुभयो। मलाई जान मन लागेको थिएन तर उहाँको बचन हार्न सकिनँ, हामी घुम्न गयौँ। त्यस दिन सधैँ पुगेको ठाउँ पनि कस्तोकस्तो नौलो लागेको थियो। सायद, मेरो अनुहारमा हाँसो थिएन, विषाद छाएको थियो। एकछिन टौमढीबाट दरबार स्क्वायर हुँदै तरकारी पसलतिर पुग्यौँ, सधैँ झैँ आफूलाई चाहिने तरकारी किन्यौँ। अरूबेला तरकारी बेच्ने साहुनीसँग ख्यालठट्टा, सामानको मोलमोलाइ हुन्थ्यो। त्यसदिन उनीसँग त्यस्तो केही भएन। घरको लागि चाहिने सामान किनेँ र घर फर्किएँ।

बिहानको चिया खाएँ, मन नलागीनलागी खाना पकाएँ। छोराहरूलाई स्कूल पठाएँ। मलाई स्कूल जान मन लागेन। स्कूलमा विद्यार्थीको परीक्षा हुन एक हप्तामात्र बाँकी थियो। मेरो विषयको पाठ पनि बाँकी थियो। तर, आफू विद्यालय नगएपछि पाठ पढाउन पनि त्यसै बाँकी हुने भयो। आफ्नो काम पूरा गर्न नपाउने भएँ भनेर मलाई कस्तो कस्तो अप्ठेरो लागिरहेको थियो। विद्यार्थीको पढाइ पूरा गर्न पाएको भए पनि मलाई केही आनन्द हुन्थ्यो होला। विद्यालयका प्रधानाध्यापकलाई स्थितिको जानकारी गराएँ र आफू विद्यालय उपस्थित हुन नसक्ने कारण बताएँ। उहाँ पनि एकैछिन निःशब्द हुनुभयो। उहाँले विद्यालयमा अर्को व्यवस्था गर्छु, आफ्नो रोगको राम्रो उपचार गर्नु, पिर नलिनुस् भनी सान्त्वना दिनुभयो। मलाई अर्बुद रोग लागेको भन्ने कुरा विद्यालयका सबै शिक्षक-शिक्षिका साथीहरूले थाहा पाउनुभएछ, उहाँहरू भेट्न धेरै आउनुभयो। उहाँहरूसँग कुराकानी गर्दागर्दै अनायास मेरो आँखाबाट आँसुको धारा बग्यो। साथीहरूले धैर्य गर्न भन्नुभयो। आँसु रोक्ने प्रयास गरे पनि रोक्न सकिनँ, त्यसै त्यसै पनि आँसु बगिरहन्थ्यो। म उठ्नै नसक्ने त थिइनँ तर भेटघाट गर्न घरमा हाम्रा धेरै साथीहरू आउनुभयो। उहाँहरूले मलाई धैर्य गर्न हौसला दिनुभयो। उहाँहरूले आजभोलि यो कुनै ठूलो रोग होइन, साधारण रोग हो भनी सम्झाउनुभयो। डा. केबी कर्माचार्य र डा. रानी झा घर आउनुभएको सम्झन्छु। उहाँहरूले यस रोगको अपरेसनबाहेक अरू कुनै उपाय छैन भन्नुभयो। छिट्टै रोग पत्ता लागेको राम्रो भयो, छिट्टै अपरेसन गर्न उहाँहरूले सल्लाह दिनुभयो।

दिनभरि नै साथीहरूसँगको भेटघाटमै समय बित्थ्यो। त्यसदिन पनि राति राम्ररी निद्रा लागेन। मनमा अनेकौँ कुरा खेल्यो। उहाँ (श्रीमान्) पनि राम्रोसँग निदाउनुभएन।

२८ वैशाखको दिन बहिनी सुजनाको विवाहको भोज थियो। मलाई जान मन लागेको थिएन। उहाँले जानुपर्छ भनी सम्झाउनुभयो। 'तिमीलाई केही भएको छैन, तिमी किन यसरी आफ्नो आत्मबल घटाउँछौ,' भनी सम्झाउनुभयो। म जान तयार भएँ।

साँझ करिब ७:३० तिर हामी सपरिवार भोज गयौँ। धेरै साथीहरूसँग भलाकुसारी भयो। तर, मलाई रोगकै मात्र पिर परिरहेको थियो। डा. अमित र अरूसँग पनि रोगकै विषयमा कुरा गरिरहेँ। विवाह भोजमा करिब १ घण्टा ३० मिनेट जति बसेँ र घर फर्किएँ।

२९ गते बिहान ८ बजेतिर अल्ट्रासाउन्डको लागि साथीहरूका साथ डा. वसन्तलाल श्रेष्ठको क्लिनिक क्षेत्रपाटीमा गयौँ। हामी समयमै क्लिनिक पुग्यौँ। ९:३० तिर मात्र क्लिनिक खुल्यो। करिब १०-१५ मिनेटको प्रतिक्षापछि अल्ट्रासाउन्डको लागि बोलाइयो। म भित्र गएँ।

डा. श्रेष्ठ बडो सरल र मिलनसार हुनुहुन्छ। एकैछिनमा रिपोर्ट तयार गरिदिनुभयो। त्यसपछि हामीहरू महाराजगञ्ज शिक्षण अस्पतालतिर लाग्यौँ।

१०:३० बजे हामी अस्पताल पुग्यौँ। चिया खायौँ, ११ बजेतिर म र एकजना साथी अस्पतालमै बस्यौँ। त्यसै दिन भर्ना हुनुपर्ने भएकोले अरू साथीहरू घर फर्किनुभयो।

भर्ना हुन परिवारको सहमति चाहिने हुनाले घरमा बस्नुभएका श्रीमान्लाई फोन गरी बोलाएँ। उहाँले बहिनी ज्योतिलाई सँगै लिएर आउँछु भन्नुभयो। करिब १२ बजेतिर उहाँहरू आउनुभयो। भर्ना हुन डाक्टर विश्वमान सिंहश्रेष्ठकहाँ गयौँ। तर, डा. सिंहले डा. प्रकाश सायमी आइदिनुभयो भने मात्र ३१ गते शुक्रबार अपरेसन हुन्छ, उहाँ आउनुभएन भने

एक हप्तापछि मात्र अपरेसन हुन्छ भन्नुभयो। बहिनी ज्योतिलाई अस्पतालमा बुझेर खबर गर्ने गरी हामी घर फर्कियौँ। ३० गते बिहान ८ बजेतिर बहिनी ज्योतिको फोन आयो। अपरेसन ३१ गते नै हुने निश्चय भयो। ९ बजेभित्र अस्पतालमा आई भर्ना हुनुपर्ने सूचना भयो। हामीहरू अस्पताल गयौँ। अस्पताल पुगी भर्ना हुनको लागि फाराम भरेर सम्पूर्ण कागजपत्र बुझाइ डिपोजिट राखी बेड नम्बर निश्चित गरी दिउँसो ४ बजे अस्पताल पुग्ने गरी फेरि घर फर्कियौँ।

बिहानको खाना खाएपछि अस्पतालको लागि चाहिने सामान मिलाएँ। केही सामान किनेँ। दिउँसोको खाजा बनाई खाजा खाई अस्पताल जान तयार भएँ।

४ बजेतिर हामीहरू अस्पताल गयौँ। त्यहाँ पुग्दा ५ बज्न लागेको थियो। हामीहरू ढिलो पुगेको हुनाले त्यस दिन डाक्टर भेट्न सकेनौँ। ढिलो भएकोले पछुतो लाग्यो। सँगै आउनु भएका साथीहरू बिहान छिट्टै आउँछौँ भनी घर फर्किनुभयो। राति नर्सहरूले बरोबर रक्तचापको जाँच लिनुभयो। उच्च रक्तचाप भएमा अपरेसन गर्न नहुने कुरा बताउनुभयो। अपरेसन गर्न हात-खुट्टाका नङहरूमा पालिस लगाउन नहुने, कुनै प्रकारको गर-गहना लगाउन नहुने रहेछ। नर्सहरूले यस्तै कुराहरू सम्झाइबुझाइ गराउनुभयो। करिब १०:३० बजेतिर मलाई निद्रा लाग्ने औषधि दिनुभयो। एकैछिनपछि म निदाएछु।

३१ गते वैशाख बिहान ५ बजेतिर म उठेँ। बिउँझनासाथै मेरो मनमा एक प्रकारको भय र त्रास थियो। अपरेसनको समय बिहान ९ बजे भनिएको थियो। बिहान ७ बजेदेखि मेरा बहिनीहरू, साथीहरू, परिवारका अन्य सदस्यहरू र उहाँ (श्रीमान्) आई पुग्नुभयो। ८ बजे मलाई अपरेसनको लागि अपरेसन थेटरमा लगियो। त्यहाँभित्र विभिन्न कोठाहरू पार गर्दै अपरेसन गर्ने ठाउँमा पुऱ्याएपछि नाकमा अक्सिजन राख्नुपर्छ है भनी डाक्टरले भन्नु हुँदासम्म होस थियो। त्यसपछि म बेहोस भएँ।

डाक्टरहरूको दक्षता र उहाँहरूको प्रयासबाट अपरेसन सफल भयो। कति बजे मेरा होस खुल्यो थाहै भएन। त्यस दिन शल्यक्रिया सघन उपचार केन्द्र (S.I.C.U.) मा राखियो। दिनभरि म अर्धचेतनामा थिएँ। रातिमात्र मेरा पूरा होस खुल्यो।

भोलिपल्ट १ जेठको बिहान डाक्टरको परीक्षणपछि मलाई आफ्नो बेडमा पठाइयो। अपरेसनपछि शरीरको एक अङ्ग (स्तन) गुमाउनुपर्दा म अलि खिन्न थिएँ। सुरुमा दाहिने हात चलाउँदा मैले गाऱ्हो अनुभव गरेँ। पछि डाक्टरको सल्लाहअनुसार बराबर हातको व्यायाम गरेपछि हात चलाउन सक्ने भएँ। उठ्न र हिँड्न साथीको सहयोग एक दुई दिनमात्र आवश्यक भयो। अपरेसनपछि एक हप्ता अस्पताल बसेँ। अस्पतालमा मलाई धेरै नै सजिलो महसुस भएको थियो। डाक्टरहरूले रोगीसँग गर्ने व्यवहार धेरै प्रशंसनीय थियो। डाक्टरहरूको सम्झाइबुझाइ र मिलनसार व्यवहारले रोग नै बिर्साउँथ्यो। सिस्टरहरू पनि अति मिलनसार हुनुहुन्थ्यो, उहाँहरूले गर्नुभएको सेवा प्रशंसनीय छ। अन्य कर्मचारीहरू पनि ठीक समयमा काम पूरा गरी आ-आफ्नो कर्तव्य पालन गर्नुहुन्थ्यो।

म अस्पतालमा रहँदा धेरै साथीहरू, आफन्त र घरका छिमेकीहरू आउनुभएको थियो। बिहान ६ बजेदेखि राति ८ बजेसम्म नै भेटघाटहरू भइरहन्थ्यो। उहाँहरू सबैले मेरो शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो। दिनहुँको साथीहरूसँगको भेटघाटले म अस्पतालमा छु भन्ने कुरा बिर्सन्थेँ। नर्सहरू रक्तचाप नाप्न र औषधि खुवाउन आउँदा मात्र म आफूलाई बिरामी अनुभव गर्थें।

म क्याबिनमा बसेको थिएँ। त्यहाँ एउटैमात्र बेड भएकोले भेटघाट गर्न धेरै सजिलो थियो। यसकारण, मानिसहरूको भेटघाटले अरू बिरामीलाई कुनै अप्ठ्यारो र अवरोध हुँदैनथ्यो। तर, यसरी एउटैमात्र बेड भएको कोठामा बस्दा अरू बिरामीहरूसँग घुलमिल गरी एक अर्काको दुःख-सुख बाँड्ने मौका भने पाइनँ। अस्पताल ठूलो भएकोले रोगीहरू सजिलै हिँडडुल गर्न सक्ने ठाउँ थियो। रोगीहरू दिनहुँ हिँडडुल गर्थे। म पनि बिहान र साँझको समयमा बाहिर गएर हिँडडुल गर्थें।

अस्पतालमा पानी र बत्तीको राम्रो व्यवस्था थियो। सरसफाइ पनि उत्तिकै राम्रो थियो। अन्य अस्पतालमा भन्दा त्यहाँ धेरै सफा देखेँ। त्यसैले त्यहाँ बस्न र खान निकै सजिलो अनुभव गरेँ। कतिपय सरकारी अस्पतालमा फोहोरको गन्धले नै बिरामी बस्न नसक्ने ! बिरामीलाई छिट्टै घर पठाए हुन्छ भन्ने अनुभव हुने ! तर, त्यहाँ त्यस्तो कुनै कठिनाइ थिएन। डाक्टरहरूले घर जान अनुमति दिनु भए पनि एक दुई दिन बढी नै बसेँ।

जेठ ३ गतेको निर्वाचन सकिएपछि पहिलो चरणको पनि मतगणना सुरु भयो। अस्पतालको शय्यामै चुनावका परिणामहरू सुनेँ। भक्तपुर क्षेत्र नं. २ को परिणामले गर्दा नरमाइलो अनुभव भयो।

सबै साथीहरू, बहिनीहरू, परिवारका सदस्य, डाक्टर र नर्सहरूको राम्रो सेवा पाएर म छिट्टै स्वस्थ भई जेठ ६ गते अस्पतालबाट घर फर्किने तयारीमा लागेँ। अस्पताल छोड्नुभन्दा अगाडि त्यहाँ तिर्नुपर्ने शुल्कहरू तिरेँ। ८ दिनको क्याबिन

चार्ज २४००/- थियो। आवश्यक अरू विभिन्न शुल्कहरू बुझाइयो। अपरेसन चार्ज रु. ३५००/- पहिलो दिनमै बुझाइएको थियो। अस्पतालमा झन्डै रु. ६०००/- जति बुझाइयो। डाक्टरहरूको सल्लाहअनुसार ४ दिनपछि टाँका काट्न आउने गरी घर फर्किए। टाँका दुई पटक गरी काटियो।

विदेशमा गएर लाखौँ रुपियाँ खर्च गरी उपचार गर्नुभन्दा आफ्नै देशमा थोरै खर्चबाट उपचार गर्न पाउँदा सञ्चो अनुभव भयो।

पहिले क्यान्सर रोग लागेको धनी वा सम्पन्न परिवारका रोगीहरू धेरै पैसा खर्च गरी विदेशमा उपचार गर्न जान्थे। तर, अहिले हाम्रै देशमै यस्तो उपचारको बन्दोबस्त भएकोले कम खर्चबाटै रोग निको पार्न सकिने भयो। यो हामी नेपालीहरूको लागि सन्तोष तथा गर्वको कुरा हो।

क्यान्सर रोगको उपचार ३ किसिमबाट गरिने रहेछ - पहिलो अपरेसन (शल्य चिकित्सा), दोस्रो केमो थेरापी (रासायनिक उपचार) र तेस्रो रेडियोथेरापी। मलाई पनि डाक्टरहरूले तीनै किसिमको उपचार गर्नुपर्ने सल्लाह दिनुभयो। अपरेसनपछि केमोथेरापी भक्तपुरकै क्यान्सर उपचार केन्द्रमा गराउन डाक्टर प्रकाश सायमीले डा. मदनकुमार पियालाई एउटा चिठी लेख्नुभयो। हामी डा. पियालाई भेट्न गयौँ र चिठी देखायौँ। तर, डा. पिया मौन रहनुभयो। उहाँ सल्लाह दिन तयार हुनुभएन। उहाँ औषधि गर्न अलि अनकनाउनु भए जस्तो लाग्यो। आफूमा आत्मविश्वास नभएर हो या हामीलाई पन्छाउन खोज्नुभएको हो थाहा भएन। उहाँले विदेशमा जानु भए राम्रो हुन्छ भनी बताउनुभयो।

विदेश जाने कुराले म खिन्न भएँ। मेरो रोग निको नै नहुने हो कि डाक्टरहरूले मलाई चित्त बुझाउनमात्र रोग निको हुन्छ भन्नुभएको हो कि भन्ने अनेक कुरा मनमा खेल्न थाल्यो।

आफ्नै नगरभित्रको अस्पतालमा सजिलै उपचार पाउने आशाले म जति खुसी भएर गएकी थिएँ अस्पतालबाट त्यति नै बढी निरास भएर फर्किएँ।

केही दिनपछि भक्तपुरमा क्यान्सर समाजबाट एउटा कार्यक्रम आयोजना गरिएको थियो। त्यस कार्यक्रममा उहाँ (श्रीमान्) पनि जानुभएको थियो। उहाँले मेरो रोगको विषयमा डा. रामप्रसाद बरालसँग भेटेर कुरा गर्नु भएछ। कार्यक्रमपश्चात् डा. बराल, धनमान श्रेष्ठ र केशरगोविन्द जोशी मेरो घरमा आउनुभयो। डा. बरालले सबै रिपोर्टहरू हेर्नुभयो। मलाई स्वास्थ्य जाँच गर्नुभयो र केमोथेरापी उहाँ आफैले गरिदिने वचन दिनुभयो।

डा. बराल बडो मिलनसार हुनुहुन्छ। उहाँले आत्मविश्वासका साथ 'तपाईँको रोग निको हुन्छ। केही पिर लिनुपर्दैन' भन्नुभयो। उहाँलाई मैले डाक्टरको रूपमा मात्र नभई परिवारको एक सदस्यजस्तो पाएँ। उहाँले केमोथेरापीको असरबारे पनि बताउनुभयो, त्यस असरबाट जोगिन प्रयोगबाट रोक्न सकिने सल्लाह पनि दिनुभयो।

साथै आउनु हुने केशरगोविन्द जोशीले पनि केमोथेरापी पाटनको नेपाल अर्बुद निवारण सङ्घमा गर्न मिल्ने कुरा बताउनुभयो। उहाँ त्यस सङ्घको केन्द्रीयको कोषाध्यक्ष हुनुहुन्छ। उहाँले पनि क्यान्सर रोगबारे केही कुराहरू बताउनुभयो। केमोथेरापी लिँदा ध्यान दिनुपर्ने कुराहरूबारे उहाँले जानकारी दिनुभयो।

केमोथेरापी लिनुभन्दा पहिले रक्त परीक्षण गर्नुपर्ने, उचाइ र तौल लिनुपर्ने रहेछ। दुई तीन दिनपछि नै केमोथेरापी सुरु गर्ने निधो गरेर उहाँहरू जानुभयो।

जेठ २१ गते रगत परीक्षणको लागि डा. केबी कर्माचार्यको क्लिनिक ब्लु-क्रस त्रिपुरेश्वरमा गएँ। रक्त परीक्षणको रिपोर्ट लिएर बी एन्ड बी हस्पिटलमा पुगेँ। त्यहाँ डा. रामप्रसाद बराललाई भेटी रिपोर्ट देखाएँ। मेरो उचाइ र तौल पनि त्यहीँ लिइयो। उचाइ र तौलअनुसार औषधिको मात्रा मिलाउनुपर्ने रहेछ। डाक्टरले हिसाब गरी औषधिको मात्रा निकाल्नुभयो। औषधि र चाहिने सामानहरू सबै लेखिदिनुभयो। २४ गते सोमबार नेपाल अर्बुद रोग निवारण सङ्घ पाटनमा भेट्ने गरी घर फर्किएँ।

केमोथेरापी भन्नाले विभिन्न किसिमका रासायनिक औषधिहरू मिलाई गरिने उपचार रहेछ। यस उपचारबाट शरीरमा असामान्य तथा असाधारण किसिमले वृद्धि हुने कोषहरूलाई निर्मूल गरिँदो रहेछ। यसरी त्यस्ता कोषहरू अरू बढी मात्रामा बढ्न पाउँदैन। डाक्टरको भनाइअनुसार रोगअनुसार विभिन्न तरिकाबाट यो औषधि उपचार गरिने रहेछ। तर, स्तन क्यान्सरको लागि ३ हप्ताको फरक गरी जम्मा ६ पटकसम्म किमोथेरापी गरिने रहेछ।

जेठ २४ गते करिब १ बजेतिर हामीहरू नेपाल अबुर्द रोग निवारण सङ्घ पाटनमा पुग्यौँ। डा. बराल त्यहाँ हप्ताको दुई दिन सोमबार र बिहीबार आउनुहुन्छ। औषधि सुरु हुने पहिलो दिन भएकोले मेरो मनमा एक प्रकारको भय थियो। १:३० बजेतिर औषधि दिन सुरु भयो। कुनै औषधि स्लाइन पानीमा मिलाई दिनुपर्ने रहेछ र कुनै सोझै सिरिन्जबाट नशामा दिइँदो रहेछ। यो औषधि लिन ३ देखि ४ घण्टाको समय लाग्यो। १:३० बजे सुरु गरेको औषधि करिब ४:३० तिर मात्र सकियो।

औषधि लिँदालिँदै मलाई टाउको दुख्यो, रिङ्गटा लाग्यो। घर फर्कने क्रममा बाटोमै बान्ता पनि आयो, असक्त भएको अनुभव गरेँ।

करिब ६ बजेतिर घर आई पुगेँ। खाना खान मन लागेन। साँझको खाना नखाई सुतेँ। केमोथेरापी पहिलो चोटि भएकोले त्यसको धेरै नकारात्मक असर पर्‍यो। यसले पाचनशक्ति कम गर्ने भएकोले एकदुई दिनसम्म पेट फुल्यो र अपच भयो। खानामा रुचि नहुने, वाकवाक लाग्ने, पेट दुख्ने, रिङ्गटा लाग्ने र पेट पोल्नेजस्ता असरहरू देखियो। ती सबै कष्ट सहनुपर्दा औषधि नलिएको भए आनन्द हुन्थ्यो भन्ने लागेको थियो।

अपरेसन गर्नुभन्दा पनि गाऱ्हो औषधि लिनुरहेछ। औषधि लिएपछि एक हप्तासम्म म ओछ्यानबाट उठ्न सकिनँ। धेरै दिक्क लाग्यो। बेकारमा औषधि लिएजस्तो लाग्यो। औषधि नलिएको भए आनन्द हुन्थ्यो भन्ने लाग्यो।

औषधि लिएको दुई-तीन दिनपछि उमा (राइठोर) भाउजू घर आउनुभयो। उहाँले विभिन्न सल्लाहहरू दिनुभयो। उहाँले पनि यस्तो औषधि गरिसक्नु भएको हुँदा के के हुन्छ र के गर्नुपर्छ भन्ने कुरा सबै बताउनुभयो। उहाँको उचित सल्लाहले मलाई धेरै नै सान्त्वना प्राप्त भयो।

करिब एक हप्तापछि बिस्तारै खानामा रुचि बढ्नथाल्यो। बिस्तारै खानाको मात्रा बढ्दै गयो। केमोथेरापीले गर्दा ज्यादै कमजोर हुने भएकोले झोल पदार्थ तथा फलफुलहरू धेरै मात्रामा खाएँ। रगत बढ्ने खानाहरू बढी खाएँ। रगतको कमी भएमा केमोथेरापी गर्न नमिल्ने र त्यसको लागि रगत दिनुपर्ने हुँदोरहेछ। त्यसैले मैले दिनको ५-६ पटक झोल तथा बढी मात्रामा फलफुलहरू खाएँ।

औषधि लिएको करिब १७-१८ दिनपछि टाउकोको छाला पोलेको र दुखेको अनुभव भयो। कताकता कपाल अल्झेको र तानेको जस्तै हुन्थ्यो। यसपछि बिस्तारै कपाल झर्ने क्रम सुरु भयो। करिब ४-५ दिनमै सम्पूर्ण कपाल झऱ्यो। यसरी कपाल झर्दा ज्यादै नरमाइलो लागेको थियो। तर, औषधि लिएपछि कपाल झऱ्यो भने औषधिले राम्रो काम गरेछ भन्ने बुझ्नु भनी डाक्टरले भन्नुभएको कुरा सम्झेर चित्त बुझाउनुको विकल्प थिएन।

असार १४ गते दोस्रोपटक केमोथेरापी लिनु थियो। त्यसको लागि पनि रगत परीक्षण गर्नुपर्ने भएकोले बुद्ध नर्सिङ केएर सेन्टर बानेश्वरमा गएँ। डा. केबी कर्माचार्यले रगत परीक्षण गरिदिनुभयो। रगतका विभिन्न तत्त्वहरू जस्तै हेमोग्लोबिन (HB), सेतो रक्तकोष (WBC) आदि तत्त्वहरू ठीक भएमा मात्र केमोथेरापी गर्न मिल्थ्यो। रक्त परीक्षण रिपोर्टमा रगतका सबै तत्त्वहरू पुगेकोले १४ गते नै दोस्रो पटक केमोथेरापी गराएँ। यसपटक पनि विभिन्न नकारात्मक असरहरू अनुभव गरेँ। पहिलो अनुभवले गर्दा यो पटक त्यति गाऱ्हो अनुभव भएन।

साउन ३ गते तेस्रो चरणको केमोथेरापी लिएँ। यसपटक पनि रगतमा सबै तत्त्वहरू पुगेकोले ठीक समयमै औषधि लिन पाएँ। यसरी ३ पटक केमोथेरापी गरिसकेपछि रेडियोथेरापी गर्नुपर्ने सल्लाह डा. बरालले दिनुभयो।

विकीरणको विधि प्रयोग गरी असाधारणरूपले वृद्धि भइरहेका कोषहरूलाई मार्ने उपचारलाई रेडियोथेरापी भनिन्छ। हाम्रो देशमा हालसम्म जम्मा ३ ओटामात्र रेडियोथेरापीका उपचार केन्द्रहरू छन् - एक, काठमाडौँको वीर अस्पताल, दोस्रो, भक्तपुरको क्यान्सर केयर सेन्टर र तेस्रो, चितवनको बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल।

नेपालका जुनसुकै ठाउँका मानिस पनि रेडियोथेरापीका लागि यी ठाउँहरूमा जानुपर्छ। ७-८ वर्ष अगाडिसम्म नेपालमा रेडियोथेरापीको उपचार उपलब्ध थिएन। यसको लागि विदेश धाउनु पर्थ्यो। हाल नेपालमा रेडियोथेरापी सेवा उपलब्ध भएकोले हामीलाई धेरै सजिलो भएको छ। सस्तो मूल्यमा उपचारको बन्दोबस्त हुनु पनि सकारात्मक कुरा हो।

रेडियोथेरापीको लागि डा. बरालले वीर अस्पतालमा पठाउनुभयो। त्यहाँ डा. तारा मानन्धरसँग सल्लाह गरेँ। त्यसबेला भक्तपुरको रेडियोथेरापी बिग्रिएको थियो। यही उपचारको सिलसिलामा एकपटक (साउन २१) गते हामी बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल पनि गयौँ। त्यहाँ रेडियोथेरापी गर्ने निश्चित भाग छुट्याउने (सिमुलेटर) मेसिन भएकोले गएका थियौँ। त्यहाँ डा. भक्तमान श्रेष्ठ र डा. आरती शाहसँग भेट भयो। उहाँहरूले मलाई सम्झाउनुभयो। डा. आरती शाहले रेडियोथेरापीको लागि सिमुलेटर गरी दिनुभयो।

त्यहाँको अस्पताल ठूलो भए पनि त्यति व्यवस्थित भइसकेको थिएन। टाढा-टाढाबाट पुग्ने मानिसको लागि बस्ने र खाने कुनै ठाउँको बन्दोबस्त थिएन। हामीहरू बिहान ९ बजे त्यहाँ पुगेका थियौँ। अस्पतालको नजिकै रेष्टुराँ, होटेल तथा क्यान्टिन केही थिएन। हामीलाई भोकले सतायो। त्यहाँ धेरै ठाउँमा पसल खोज्यौँ तर पाएनौँ। अस्पतालको काम नसकुन्जेल हामी भोकै बस्यौँ। यो समस्या हामीलाई मात्र होइन टाढाटाढाबाट उपचारको लागि आउने सम्पूर्ण बिरामी र बिरामी कुरुवाहरूकै समस्या हो। त्यसैले यसबारे

सम्बन्धित निकायले ध्यान नपुऱ्याएको अनुभव गरियो। अस्पतालको काम सकिएपछि हामी त्यहीं दिन घर फर्कियौं। साउन २४ गतेदेखि वीर अस्पतालमा रेडियोथेरापीको लागि जान थालें। यो उपचार गर्नको लागि बिरामीलाई भित्र कोठामा एक्लै राखी करिब १ मिनेट ३० सेकेन्ड जति रेडियसन दिने रहेछ। स्तनमा दुई कोणबाट किरण दिनुपर्ने भएकोले करिब ३ मिनेट जति लाग्छ। बिरामी भित्र कोठामा एक्लै राखे पनि पर्दा (स्क्रिन) बाट बाहिर सबै देखिन्थ्यो।

रेडियोथेरापी गर्ने सिस्टर बडो नरम, सरल र मिलनसार थिइन्। उनको व्यवहार साऱ्है राम्रो लाग्यो। यो उपचार हप्ताको ५ दिनमात्र गर्नुपर्ने, त्यो भन्दा बढी गर्न नहुने रहेछ। बढी भएमा बिरामीले त्यसको असर सहन नसक्ने हुँदोरहेछ। यो उपचार गर्दा पनि विभिन्न नकारात्मक असरहरू हुँदोरहेछ। खान मन नलाग्ने, वाकवाक लाग्ने र रगत कम हुने जस्ता असरहरू देखिन सक्दोरहेछ। रगत कम भएमा रेडियोथेरापी गर्न नहुने होइन, रगत चढाउनुपर्ने हुँदोरहेछ। त्यसकारण बिरामीलाई बढी मात्रामा झोल र फलफुलहरू खान दिइन्छ।

हप्ताको ५ दिनको हिसाबले यो उपचार मैले जम्मा ५ हप्ता गरें। भदौ २५ गतेसम्ममा जम्मा २३ पटक रेडियोथेरापी गराएँ। रेडियोथेरापी गर्ने बेलामा हातको व्यायाम गर्न चिकित्सकहरूले सल्लाह दिनुभएको थियो।

रेडियोथेरापीपछि पुनः केमोथेरापीको लागि असोज ३ गते डा. बरालसँग भेटें। उहाँले स्वास्थ्य परीक्षण गर्नुभयो र असोज ६ गतेबाट केमोथेरापी चलाउने निधो गर्नुभयो। असोज ४ गते रगत परीक्षण गराएँ। यसपटक पनि रगतमा आवश्यक तत्त्वहरू पुगेकोले ६ गते नै औषधि लिएँ। यस पटकको औषधिले मलाई त्यति गाऱ्हो बनाएन। औषधि लिएपछि पनि आफै खाना पकाउन र घरको साधारण काम गर्न सक्थें। २०५६ साल असोज २७ गते पाँचौं पटक र कार्तिक १८ गते छैटौं पटक केमोथेरापी गराएँ। रगतमा सबै तत्त्वहरू पुगेकोले ठीक समयमै औषधिको कोर्स (चरण) पूरा भयो।

औषधिको कोर्स सकिएको केही हप्तापछि नै विद्यालय गएँ। घरको गाऱ्हो कामबाहेक सामान्य कामहरू आफैले गर्न सक्ने भएँ। अहिले म पहिलेको जस्तै सामान्य जीवन बिताइरहेकी छु। मलाई सामान्य जीवनमा ल्याउन साथीहरू, आफन्त र छरछिमेकीको सक्दो सहयोग पाएको थिएँ। उहाँहरूले बिरामीको समयमा दिनुभएको हौसलाबाट रोगसँग सामना गर्न सक्ने शक्ति प्राप्त गरें। यसैकारण म छिट्टै स्वस्थ भएँ। पहिले रोग लागेर पनि स्वस्थ हुनुभएका साथीहरूले पनि धेरै हौसला दिनुभयो र आफूहरूजस्तै सामान्य जीवन बिताउन सकिने विश्वास दिलाउनुभयो।

यसरी बिरामीको समयमा सहयोग गर्नुहुने साथीभाइ, आफन्त र छरछिमेकीप्रति म साऱ्है आभारी छु। चिकित्सकहरूको सल्लाहअनुसार अहिले पनि बरोबर स्वास्थ्य परीक्षण गराउँदै छु। साथै ४ महिनाको फरकमा अल्ट्रासाउन्ड र एक्सरे गर्ने गरेकी छु। टामोसिफिन नामक औषधि नियमित सेवन गरिरहेकी छु। यसबाहेक अरू सबै सामान्य छ।

*(साभार : केटीहरू, अङ्क ४, २०५७, प्रकाशक : नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुर जिल्ला समिति)*

# क्यान्सरसँगको लडाइँमा हामीले जित्नुपर्छ

– सुवेग बिजुक्छेँ



'तपाइँ मेरो स्थानमा भएको भए के गर्नुहुन्थ्यो ?', लामो सास तान्दै मैले डाक्टरसित सोधें।

आइसियूका डाक्टरले उत्तर दिनुभयो, 'म भए आमालाई भेन्टिलेटरमा राख्दिनँ। अन्तिम अवस्थाको क्यान्सर, त्यसमाथि अहिलेको जटिल स्थिति, बिस्तारै उहाँका अङ्गहरूले काम गर्न छोड्छ, यो अवस्थामा म भेन्टिलेटर र सिपिआर दुइटैको सल्लाह दिन्न। जहिलेसम्म सकिन्छ सास चलाइराख्ने भन्नुहुन्छ भने हामी त्यो गर्छौं तर यसले बिरामीलाई निकै नै पीडा हुन्छ। भेन्टिलेटरमा राखेपछि हामीले आफै झिक्न मिल्दैन, तपाइँहरूले झिकिदेऊ भन्न सक्नुहुन्न। सिपिआर र भेन्टिलेटर प्रयोग गर्ने नगर्नेबारे परिवारमा सल्लाह गरेर मलाई केही समयसम्ममा निर्णय दिनुस् न।'

दस दिनअघि उपचारको लागि हामी अस्पताल पुग्दा यति चाँडै म यो संवादको एक पक्ष हुन्छु भनी कल्पना गरेकै थिइनँ। तर, अब मैले एउटा निर्णय लिनु थियो। यो

निर्णय लिन गाऱ्हो त थिएन, सकेसम्म आमालाई कम पीडा होस् भन्ने सोचले गर्दा म एउटा निचोडमा पुगिसकेको थिएँ। तर, त्यो निर्णयको अर्थ अब मैले र परिवारले आमालाई अन्तिम बिदाइ भन्नका लागि तयार रहनुपर्छ भन्ने थियो। विगत ६ महिनादेखि बिस्तारै आमाको स्वास्थ्य खस्किँदै गइरहेको थियो। आमासँग अब धेरै समय छैन भन्ने त हामीले एक हिसाबले सोचिसकेका थियौँ तर यति चाँडै यसरी यो समय आउँछ भनी सोचेका थिएनौँ, न त आमाले नै सोच्नुभएको थियो होला।

२०५६ सालमा स्तन क्यान्सर भएर त्यसको सफल उपचार नेपालमै गरिसक्नुभएको मेरी आमालाई १८ वर्षपछि देखिएको पाठेघरको क्यान्सरलाई पनि जित्छु, त्यो पनि नेपालमै उपचार गरेर भन्ने दऱ्हो आत्मविश्वास थियो। क्यान्सर रोगको उपचार सम्भव छ र आमाले पहिले पनि क्यान्सरलाई परास्त गर्नुभएकोले यस पालि पनि हामी विजयी हुन्छौँ भनी हामीले सोचेका थियौँ। सोच र यथार्थमा हुने फरक नै जीवनको एक पक्ष होला तर हामीले सोचेको जस्तो भएन।

२०७४ को फागुन महिनामा आमाको पाठेघरको क्यान्सर पत्ता लागेदेखि हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पताल हाम्रो लागि झन्डै पानी-पँधेरो नै भइसकेको थियो। शल्यक्रिया गरेर बढेको ट्युमर फाल्ने र पछि केमोथेरापी गर्ने सल्लाह भयो। शल्यक्रिया गर्दा आमाको मुटुको चाल निकै बढेर शल्यक्रिया रोक्नुपर्ने भयो, बाहिर कुरेर बसेका सबै अत्तालिए। अपरेसन सफल भयो अब पालो थियो केमोथेरापीको। स्लाइन पानीमा औषधि मिसाएर नशामा सिधै दिने र त्यो औषधिले शरीरमा रहेका क्यान्सरका कोशिका मार्ने नै केमोथेरापी हो। तर, केमोथेरापीले शरीरमा धेरै असर देखापर्छ। कमजोरी, अरू रोगसँग लड्न सक्ने क्षमतामा कमी, वाकवाकी, अरूची, कपाल झर्ने, रक्तअल्पता, नशा सुक्ने, शरीरका विभिन्न ठाउँमा रगत जम्नेजस्ता अनेक असरहरू देखिन थाल्छ। यी सबै कठिनाइहरू आमाले गुनासो नगरी सहनुभयो। क्यान्सरलाई परास्त गर्छु भन्ने त्यो आत्मविश्वासलाई डाक्टर-नर्सहरूले पनि निकै सराहना गर्थे। ६ महिनाको केमोथेरापीपछि रोग घटेको देखियो र आमा नियमित काममा फर्किनुभयो, विद्यालय, सङ्गठन र घरको काममा पहिलेजस्तै लाग्नुभयो। तर, रोग निको भएको होइन रहेछ, आन्द्रा वरिपरि साना-साना गिर्खाको रूपमा क्यान्सरले फेरि टाउको उठायो। अनि केमोथेरापीका नयाँ शृङ्खलाहरू सुरु भए।

आमाको रोग वंशानुगत रहेको पत्ता लाग्यो, केही प्रतिशत महिलाहरूलाई स्तनको क्यान्सर भएपछि पाठेघरको पनि क्यान्सर हुने सम्भावना प्रबल हुँदोरहेछ। 'यस्तो अवस्थामा खाने औषधि पनि छ, महँगो छ तर केही अवस्थामा कम्पनीले सित्तैमा पनि दिन सक्छ, के गरौँ ?', डाक्टरले सोध्नुभयो। अस्पतालमा भर्ना भएर, दिनभर, कहिलेकाहीँ ३ दिन बेडमा सुतेर सिधै नशामा लिने केमोथेरापीका औषधिभन्दा दिनदिनै क्यापसुल खानु बरु सजिलो हुन्थ्यो- हामीले हुन्छ कोसिस गरौँ न त भन्यौँ। तर, नेपालमा नयाँ औषधि ल्याउने प्रक्रिया निकै गाऱ्हो र झन्झटिलो रहेछ। 'हामीले औषधि पठाउन नेपाल सरकारले हाम्रो औषधिलाई स्वीकृति दिएको छैन, बरु भारतमा आउनुभए औषधि पाउन वा अझ सित्तैमा पाउन सम्भव छ', भन्ने उत्तर आयो कम्पनीबाट। औषधि व्यवस्था विभागमा निकै चरणको छलफलपछि पनि हामीले त्यो औषधि नेपाल ल्याउन सकेनौँ, दुई वर्ष लगातार खान महिनाको झन्डै ४ लाख खर्चेर किन्ने ल्याकत हाम्रो थिएन। परिणामस्वरूप, बङ्गलादेशमा बनेको औषधि किनेर खाने सल्लाह भयो, तर त्यो पनि नेपालको स्वीकृति प्राप्त थिएन। मान्छेले नाकाबाट झोलामा बोकेर नेपाल ल्याउँथे। सुरुका तीन महिना त्यसले काम त गऱ्यो, तर लकडाउले गर्दा बजारमा सो औषधि पाइएन। एक महिनापछि पुनः सुरु गर्दा सोही औषधिले काम गरेन। २०७८ को अन्तिमतिर औषधि विभागमा निवेदन दिएर बनाइएको त्यो पत्र विदेशको औषधि कम्पनीमा पठाई अर्को एकथोक औषधि हामीले निकै सकसपछि प्राप्त गऱ्यौँ तर साढे दुई महिनापछि हात परेको त्यो औषधि आमाले दस दिन पनि खान पाउनुभएन। मैले बाँकी त्यो औषधि अस्पतालमै फर्काइदिएँ। आमाजस्तै अर्को कोही महिलाले बरु सजिलै समयमै पाऊन्, कम्तीमा हामीले भोगेको त्यो सकस भोग्न नपरोस् भनेर।

यसरी झन्डै ४ वर्षसम्म रोगसँगको तेलकासा चलिरह्यो- रोगलाई औषधिले लखेट्ने अनि औषधि सिद्धिएपछि रोग फेरि फर्किने। यसबीचमा शरीर बिस्तारै कमजोर हुने




पार्टी कार्यक्रममा शोभा प्रधान (बिजुक्छें) मन्तव्य राख्नुहुँदै

क्रम चल्दै थियो। नयाँ औषधिहरू प्रयोग गर्‍यौँ, कतिले काम गरेन, कतिले झन् गाह्रो बनायो। गएको माघ महिनादेखि आमालाई अझ गाह्रो भयो, रोगले अर्कै रूप लिन थाल्यो। पेटमा पानी बढ्ने, खुट्टा सुन्निने, खान मन नलाग्ने, वाकवाकी आउने, कमजोरी हुने समस्या देखिन थाल्यो। बिस्तारै हिँडडुल गर्न पनि गाह्रो हुन थाल्यो। मुटु सुन्निने, जमेको रगतको टुक्रा फोक्सोमा अड्किने, रगत कम हुने त पहिले पनि भएको हो, तर यसपटक अझ कठिन थियो। जेठको अन्तिमतिर हामी फेरि अस्पताल भर्ना भयौँ। केही दिन बसेर ठीक भएर जाउँला भनेर सोचेका थियौँ। तर, त्यो बसाइ नै अन्तिम रह्यो। शरीर कमजोर हुन थाल्यो, हिँडडुल गर्न असमर्थ हुन थाल्यो। शिथिल शरीर, शरीरका सबै भागहरूमा २४ सै घण्टा भइरहने पीडा, वाकवाकी, पखाला र खानापानी निल्न पनि सकसको अवस्था भोग्दै हुनुहुन्थ्यो आमा। उहाँलाई गाह्रो त छँदै छ, हामीलाई पनि आमाको अवस्था हेर्दा निकै मन भक्कानिन्थ्यो। तर, आमाले हिम्मत हार्नुभएन, हाम्रो लागि त्यो ठूलो ढाडस भयो। हामीले आमालाई सम्झाउने भन्दा पनि हाम्रो लागि मन सम्हाल्न आमा ठूलो आड बनिदिनुहुन्थ्यो। ६ गते डाक्टरले उहाँ अब केही महिनाको मात्र पाहुना हुनुहुन्छ भनेर भन्नुहुँदा अब हामीले घर नै लगेर बाँकी हेरचाह-उपचार गर्ने निर्णय गरेका थियौँ। तर, असार ८ गते बिहान आमालाई सघन उपचार कक्षमा लगियो- कमजोर र शिथिल भए पनि उहाँ होसमै हुनुहुन्थ्यो, राम्ररी नै बोल्दै हुनुहुन्थ्यो। दुई दिनअघि डाक्टरसँगको कुरा र माथिको संवादसम्मको यात्रा निकै नाटकीय थियो, कहाँ घर लाने निर्णय कहाँ भेन्टिलेटरमा राख्ने नराख्ने निर्णय। अनुहारमा कान्ति बढेको थियो, मुखबाट खाना खान थाल्नुभएको थियो तर रक्तचाप निकै कम थियो। पिसाब हुन सकेको थिएन, खुट्टा सुन्निएका थिए। पेट र फोक्सोमा पानी जमेको थियो। फलस्वरूप फोक्सो, मिर्गौलाजस्ता अङ्गले काम गर्न छोड्यो र ८ गते दिउँसो ३.४५ मा उहाँले अन्तिम सास फेर्नुभयो।

सानोमा स्कुलका साथी-भाइहरू आ-आफ्ना बुबाको कुरा गर्थे। पैसा बुबासँग माग्ने भन्थे, स्कुलका अभिभावक दिवसमा उनीहरूका बुबाहरूको उपस्थिति हुन्थ्यो, कुरा लगाउँदा पनि बुबालाई भन्दिन्छु भन्थे, गृहकार्यमा बुबाले सहयोग गर्ने कुरा गर्थे। म र भाइका लागि भने सबै थोक आमा नै हुनुहुन्थ्यो। अभिभावक हाम्री आमा नै, हामीलाई राम्रो-नराम्रोको भेद सिकाउन आमा नै, शुल्क तिर्न, खाजा खर्च लिन, होमवर्क सिक्न, मनमा लागेका कुराहरू बाँड्न, केही कुराहरू किनिमाग्न, हामीलाई अनुशासन सिकाउन, बिरामी हुँदा हाम्रो हेरविचार गर्न सबै आमा नै। बालबच्चा हेर्ने-हुर्काउने, घरबार सम्हाल्ने, समाजमा एक राजनैतिक कार्यकर्ताको रूपमा खटिने, अनि फेरि शिक्षिकाको रूपमा विद्यार्थीलाई ज्ञानको ज्योति दिलाउने जिम्मेवारी- यतिका वर्ष आमाले बिनागुनासो यी सबै भूमिका सफलतापूर्वक बहन गर्नुभयो। पार्टीका काम र कार्यक्रमहरूमा व्यस्त बुबालाई घर-व्यवहार आफूले सम्हालेर समाजका लागि खट्न सहयोग गरिरहनुभयो। आज पनि घरमा के के सामानहरू भेटिँदैनन्, कहाँ के छ, के के गर्नुपर्छ, हामीले मेसो पाउन सकेका हुन्नौँ, कहिलेकाहीँ नेपाली लेख्दा पढ्दा पदसङ्गति, ह्रस्व-दीर्घका नियमहरूको कुरा आउँदा-'आमालाई सोध्नुपर्ला' भन्ने मनमा आउँछ, अनि फेरि 'अब त आमा हुनुहुन्न' भन्ने सम्झिन्छु। मन चसक्क हुन्छ। लाग्छ, आमालाई अलबिदा भन्न हामी तयार नै थिएनौँ, अझ छैनौँ। तर, यो त सबैले एक न एकदिन भोग्नैपर्ने नियति त हो भन्छौँ अनि सम्हालिन्छौँ।

यस्तो भए के हुँदो हो, कस्तो हुँदो हो भन्ने लागिरहन्छ अहिले पनि। सायद आमाको रोग अलिक अघि पत्ता लागेको भए, अपरेशनमा समस्या नआएको भए अथवा औषधिले राम्ररी काम गरेको भए वा औषधि समयमै पाएको भए- आमा आज हामीसँगै हुनुहुन्थ्यो होला भन्ने त लाग्छ नि। १० गते दिउँसो वर्षाको हनुमन्ते खोला उर्लेर बग्दै थियो जहाँ सानोमा भागेर पौडी खेल्न आउँदा कति पटक मैले आमाको गाली खाएको थिएँ। किनारमा सुधारिएको शवदाहगृहमा आमाको पार्थिव शरीर खरानी हुँदै थियो। मान्छेको जीन्दगी यति नै त रहेछ जस्तो लाग्यो। जति बाँच्यौँ त्यसलाई सार्थक पार्नु हो, मृत्युपछि नाम रहन्छ र कीर्ति नै त रहन्छ, अरू त शून्य। क्यान्सरसँगको लडाइँमा हामीले एउटा मोर्चा त हार्‍यौँ तर यो रोगसँगको लडाइँ हामीले जित्नुपर्नेछ।

कति महिला दिदीबहिनी-आमा-काकीहरूले जानी-नजानी रोगलाई लुकाउने गर्नुभएको छ। पटक-पटक दुख्ने, गाह्रो हुनेजस्ता कुराहरूलाई बेवास्ता गर्नु हुँदैन। स्वास्थ्य सल्लाह लिइहाल्नु पर्छ। क्यान्सर जति चाँडै पत्ता लाग्यो, त्यति निको पार्ने सकिने सम्भावना बढ्छ, यो कुरालाई बिर्सनु हुँदैन। आमाको शेषपछि बिनाअर्थी बिरालो बाँध्ने कार्यहरूमा समय खेर फाल्नुभन्दा आफूलाई क्यान्सर भएपछि अरूले पनि सो अवस्था भोग्नु नपरोस्, रोगबारे चेतना जगाउँ भनेर आमा जसरी स्वास्थ्य शिविरहरूमा खटिनुभयो, जसरी सबैलाई सहयोग गर्नुभयो, त्यसरी नै महिलाहरूको लागि अझ गाह्रो पाठेघरको क्यान्सरबारे जनचेतना फैलाउन हामी खट्नु, रोगको समयमै निदान हुन सहयोग गर्नु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ।

# दाइकी 'शोभा मिस' र हाम्री भाउजूको सम्झना

– योगेन्द्रमान बिजुक्छेँ



## बुबाले खोजेकी बुहारी

हाम्रो बुबा गणेशमान बिजुक्छेँ कडा स्वभावको हुनुभएकोले हामी छोराछोरीहरू हतपत उहाँको नजिक पर्न चाहँदैनथ्यौँ। राणाकालीन जागिरे, अग्लो कद, उहाँको अट्टहास हाँसो एक टोलबाट अर्को टोलसम्म सुनिन्थ्यो। उहाँको हाँक, धाक र रवाफ बेग्लै भएको सुन्थ्यौँ। ठूलो दाइ (नारायणमान बिजुक्छेँ) को प्रगतिशील राजनैतिक संलग्नता, बुबाको धार्मिक आस्था र रवाफबीचको बेमेलले जन्माएको द्वन्द्वले आखिर दाइ घरबाट निकालिनुभयो। दाइको राजनैतिक क्रियाकलापले उहाँलाई २०२५ सालमा निर्वासन पुऱ्यायो। करिब एक दशकको लामो निर्वासनपछि २०३६ सालको विद्यार्थी आन्दोलनको फलस्वरूप राजनैतिक बन्दीहरूलाई आममाफी घोषणापश्चात् जनमतसङग्रहको सँघारमा दाइ निर्वासनबाट घर फर्कनुभएको स्मरण ताजै छ। निर्वासनपश्चात् भक्तपुरको दत्तात्रयमा सायद, दाइको पहिलो आमसभा थियो। आफ्नो सन्तानको माया कसलाई पो नहोला र ! बुबा पनि सो आमसभा सुन्न र छोरोको मुख हेर्न दत्तात्रयमा पुग्नुभएको कुरा दत्तात्रयमा घर भएका एक काकाले भन्नुभएको याद छ। काकाको भनाइअनुसार दाइको भाषण सुन्दै गर्दा बुबाको आँखा पनि रसाएको थियो रे, सायद धेरै वर्षपछि छोरोलाई नजिकबाट देख्न पाएर होला ! दाइ बिस्तारै घर आउजाउ गर्न थाल्नुभयो तर बुबा र दाइबीच बोलचालको थालनी भने भएको थिएन। भाइबहिनी र आमासँग भलाकुसारी गर्नुहुन्थ्यो। तर, बुबाको अगाडि पर्नुहुन्नथ्यो। बिस्तारै बुबाले आमालाई सुनाउन थाल्नुभयो, 'विवाह गर्ने होइन ? भनेर सोध नेतालाई.......।' केही दिन, महिना र वर्ष बुबाले यो कुरा गर्न छाड्नुभएन। एक दिन बुबाले केटीको फोटो आमालाई देखाउनुभयो। त्यो फोटो शोभा भाउजूको थियो। हुन त शोभा भाउजूको कुरा चल्नु पहिले अरूको पनि कुरा चल्दै गरेको आमा र दिदीहरूबाट नसुनेको होइन। धेरै पल्टको भलाकुसारीमा शोभा भाउजू र दाइको मन मिल्यो र आखिरमा २०४० सालमा विवाह भयो।

## बुहार्तनदेखि राजनैतिक प्रशिक्षणसम्म

विवाहपश्चात् दाइ घरमै सामुहिक परिवारमा बस्नुभयो। बुबा खानाका पारखी, मीठो खानुपर्ने, जस्तोसुकै कमजोर आर्थिक अवस्थामा पनि माछा, मासु, फलफुल, चटनीको जोहो गर्नैपर्ने। भाउजू गाउँकी केटी धेरै परिकार बनाउन अभ्यस्त नभएकी। एकपल्ट अचार बनाउने क्रममा शोभा भाउजूले भिजाएको केराउ र प्याजलाई मिसाएर अचार बनाउनुभएछ, बुबाले आश्चर्य मान्दै भन्नुभयो, 'हे... यो शोभा पनि गाउँको तालले काम गर्छे, केराउ र प्याज पनि कहीं अचार हुन्छ ?' निस्तो भात त्यो पनि थर्मसमा राखेको मजाले खान सक्ने दाइ र थरी थरी परिकारको रिकापीले घेरेर नवाबी पाराले खानुपर्ने बुबाबीचको भिन्नता भाउजूले बिस्तारै बुझ्दै जानुभयो। आफूले खोजेको बुहारी भएर होला बुबाले भाउजूलाई कहिल्यै रिसले हप्काउनुभएको मलाई थाहा छैन। यसबेलासम्ममा बुबाको रिसको मात्रा सयमा एकमात्र बाँकी थियो। भाउजूका दुई फुपूहरू भक्तपुरमै बिहेवारी भएकाले भाउजू यहाँको चालचलन, रहनसहन र हानेकाने ( व्यवहारिक संस्कार र संस्कृतिका कुराहरू) बाट पूर्णरूपमा अनभिज्ञ त थिएनन्। तर, फरक परिवेश र जिल्लाबाट आउनुभएकोले धेरै कुराहरूमा दिदीहरू (शोभा भाउजूका नन्दहरू) ले सहयोग गर्नुहुन्थ्यो र बिस्तारै भाउजू यस्तो कुरामा अभ्यस्त हुँदै जानुभयो र जेठी बुहारीको भूमिकामा बिस्तारै अभ्यस्त हुँदै जानुभयो। दाइको विवाह हुनुअघि भ्याएसम्म हामी तीन भाइ (धीरेन्द्र, राजामान र म) मध्ये एकजना (प्रेमगोपाल कर्माचार्य दाइको घरमा) दाइकोमा भेटघाट गर्न आउने व्यक्तित्वहरूलाई कालो कफी बनाई ख्वाउथ्यौँ र दाइलाई घरबाट थरमसमा खाना ल्याउँथ्यौं। भाउजूको विवाहपछि भने दाइ सगोलको घरमै बस्न थाल्नुभयो र हामीलाई पनि केही राहत भयो। दाइलाई भन्न धक लाग्ने कुरा हामी भाउजूलाई भन्थ्यौं र कुरा मिल्थ्यो। एक किसिमले बुबा र दाइबीचको संवादहीनताको अवस्थाको सहजकर्ता र सेतु पनि भाउजू हुनुभयो। दाइलाई सुनाउनुपर्ने कुराहरू बुबाले भाउजूलाई सुनाउनुहुन्थ्यो। विवाहपश्चात् दाइले घर परिवारलाई समय दिने आशा बुबामा थियो। तर, घर परिवारभन्दा पार्टी र राजनीतिलाई नै प्राथमिकतामा राख्ने दाइको स्वभावमा नआएको परिवर्तन बुबालाई मनपरेको

थिएन। बुबाले भाउजूलाई, 'नेताले तिमीलाई यो ल्याइदिएन, त्यो ल्याइदिएन ? घुमाउन लगेन ?' भनी कुरा सिकाइ राख्नुहुन्थ्यो।

राष्ट्रिय राजनीतिक व्यक्तित्वका श्रीमती भएका नाताले भाउजूले घरको बुहार्तनमात्र गरेर पुग्दैनथ्यो। दाइको विभिन्न व्यक्तित्वहरूसँगको भलाकुसारी र राजनैतिक संवाद भइरहने कारण भाउजू राजनैतिकरूपमा प्रशिक्षित हुनु आवश्यक थियो। त्यहीँ भएर होला दाइले पार्टीसँग सम्बन्धित व्यक्तित्वहरूसँगै जिल्लाबाहिरै लैजानुभएको मलाई सम्झना छ। मेरो सम्झनामा २०४२ सालमा सत्याग्रहको सिलसिलामा दाइ नख्खुजेलमा पर्दादेखि शोभा भाउजूको राजनैतिक प्रशिक्षणले गति लिएको थियो। पत्रपत्रिका र पुस्तकको जोहो गर्ने र दाइलाई भेट्न जाने क्रममा भाउजूले बिस्तारै राजनैतिक सुझबुझ पाउनुभएको जस्तो लाग्छ। त्यसभन्दा पहिले उहाँको बुबा श्यामलाल प्रधान शिक्षक र हेडसर हुनुभएकोले शिक्षक सङ्गठन र शिक्षक आन्दोलन र अन्य क्रियाकलापहरू तथा त्यससँग आबद्ध व्यक्तित्वहरूसँग पनि भाउजू अनभिज्ञ हुनुहुन्थेन।

## भक्तपुर काण्डले खारिएकी शोभा भाउजू

बिस्तारै शोभा भाउजू घरका कामहरू, राजनैतिक कुराकानी, सुझबुझ तथा पाहुना सत्कारमा अभ्यस्त हुँदै पहिलो छोरा सुवेगको हुर्काई र विद्यालयको शिक्षिकाको रूपमा आफूलाई स्थापित गर्दै जाँदा २०४३ सालमा माया गर्ने ससुराको निधनले अर्को घरायसी जिम्मेवारी थप्दै गयो। सबै कुरा बिस्तारै सुव्यवस्थित हुँदै जाने क्रममा अचानक भाउजूको जीवनमा अर्को ठूलो बज्रपात आइपर्‍यो। तत्कालीन नेपाल मजदुर किसान सङ्गठनलाई नष्ट गर्ने राज्य षड्यन्त्रको उपज मानिने भक्तपुर काण्डको कारण भदौ ९ गते दाइलगायत तत्कालीन भनपाका जनप्रतिनिधिहरूको रातारात गिरफ्तारी र लगत्तै 'रोहितलाई फाँसी दे' को पञ्चायती गैरन्यायिक, असंवैधानिक र श्वेत आतङ्कले स्थितिलाई भयावह र सिङ्गो भक्तपुर र यहाँका निर्दोष जनताको दैनिकीमा दिउँसै कालरात्री निम्तियो।

विरोधीहरूले नूर गिराउने मनसायले नियोजितरूपमा बाटो हिँड्दा पाइलैपिच्छे 'ज्यानमाराको श्रीमती' को पगरी गुँठाइदिँदा शोभा भाउजू अपमानित हुनुपर्दा यसले पुऱ्याएको असीम पीडाको हामी कल्पनामात्र गर्नसक्छौँ। श्रीमान् भित्र जेलमा, देवरहरू सबै भूमिगत, छोराको चिन्ताले थलिएका बुढीसासूको हेरचार गरुँ कि चार वर्षको बालकको लालनपालन। अझ पाँच महिनाको बच्चा पेटमा बोकी यताउता भौतारिन बाध्य शोभा भाउजूले त्यहीबेला भोग्नुपरेको कष्टसाध्य परिस्थितिलाई बिस्तारै पचाउँदै विचलित नभई त्यस सङ्कटबाट पार पाउने अठोट गर्नुभयो। समस्यामा परेका सबै महिलाहरूसँग हातमा हात मिलाई षड्यन्त्रकारीहरूको इँटालाई ढुङ्गाले जवाफ दिँदै अगाडि बढ्नुभयो। स्थिति बुझ्न घरमा आउने स्वदेशी र विदेशी अधिकारकर्मी तथा पत्रकारहरूलाई वास्तविकताको बोध गराउनुभयो। राज्यद्वारा सञ्चालित षड्यन्त्र त्यस भक्तपुर काण्डले शोभा भाउजू बिस्तारै फलामबाट इस्पातमा परिणत हुँदै जानुभयो। पहिलो जनआन्दोलको सँघारसम्ममा समय र परिस्थितिले कोल्टे फेरिसकेको थियो। जनआन्दोलन सफल भई पञ्चायती व्यवस्था ढल्ने करिब निश्चित भइसकेको थियो।

## अभिभावकीय भूमिकामा शोभा भाउजू

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात्को समयसम्ममा शोभा भाउजूले घरपरिवारको बुहार्तनबाहेक बाह्य कुराहरूसमेत सम्हाल्न थालिसक्नुभएको थियो। दाइसँगसँगै विभिन्न बाह्य कार्यक्रमहरूमा भाउजूको पनि उपस्थित बाक्लिन थाल्यो। तर, २०५० सालमा साहिँला देवर (धीरेन्द्र) को विवाहको लागि दाइ र भाउजूले सगोलको घर छोड्नुभयो र सुकुलढोकामा कृष्णगोपाल तबा (प्रेमगोपाल कर्माचार्यको बुबा) को मै बस्न थाल्नुभयो। समयको काल क्रमले सहजरूपमा अगाडि बढ्दै जाँदा ५३ साल कार्तिक महिनामा दसैँ र तिहारको बीचमा आमाको देहावसान भयो। आमाको देहावसानले भाउजूमाथि अझ पारिवारिक दायित्व थपियो। कान्छा देवर योगेन्द्रको विवाहको सिलसिलामा भाउजूले नै अभिभावकीय भूमिका खेल्नुभयो। कान्छी बुहारी गर्भवती भई समस्या हुँदा सरसल्लाह दिने र हेरविचार गर्ने कोही नहुँदा स्वास्थ्यकर्मी कल्पना थापा (गोसाई) लाई भाउजूले ब्यासीसम्म लिएर आउनुभयो र आवश्यक चाँजोपाँजो मिलाई सासूको भूमिका खेल्नुभयो। त्यहाँदेखि स्वास्थ्यसम्बन्धी कुनै आपत् पर्नेबेला सहयोग गर्ने कल्पना नै हुन्थिन्। घर परिवारको संस्कृति र संस्कारगत (हानेकाने) कामहरू पनि बिस्तारै सम्हाल्न थाल्नुभयो। उता दाइको पार्टी र राजनैतिक कार्यहरूमा पनि आफ्नो भूमिकालाई बढाउँदै लैजानुभयो। घर, डेरा, कार्यालय वा अन्य विभिन्न कार्यक्रमहरूमा स्वदेशी वा विदेशी राजनैतिक व्यक्तित्वहरूको सत्कारमा शोभा भाउजू योमरी, चटामरी, तलासी (नेवारी तीलको लड्डु), प्यानकेक, ऐगरोल (गहुँको रोटीमा अण्डा लेपन गरी पकाइने रोटी) जस्ता नेवारी परिकार पाहुनासामु पस्किनुहुन्थ्यो। यी परिकार पकाउन नयाँ पुस्तालाई हौस्याउनुहुन्थ्यो उहाँ। सुवेग र सुवान दुईजना बाबुहरू हुर्कँदै जाने क्रम एकातिर थियो र पटकपटक बिरालोले बच्चा एक ठाउँबाट अर्को ठाउँ सारेजस्तै डेरा सार्ने काम पनि

गर्नुपर्ने तथा बरोबर हुने 'हाउसअरेस्ट' र छालाको बुथसहित बुइँगल र पूजाकोठामा प्रहरी पुग्दा धार्मिक भावनाका तःबालाई अप्ठेरो पर्नु स्वाभाविक थियो ।

## क्यान्सरको आपत्

सुकुलढोकाको डेरामै रहँदा दाइले एकदिन फोन गरेर मलाई बोलाउनुभयो । कोठामा पुग्दा दाइ र भाउजू बसिराख्नुभएको थियो र भाउजू अँध्यारो मुख लाएर बस्नुभएको थियो । एकदिन अगाडि दाइ र भाउजू शिक्षण अस्पताल महाराजगन्जमा डा. प्रकाश सायमिसँग छलफल गरेर भाउजूलाई स्तन क्यान्सर भएको र दोस्रो तहमा पुगेकोले शल्यक्रिया गर्दा निको हुने सम्भावना बढी भएकोले तत्काल शल्यक्रिया गर्न सुझाएको कुरा मलाई सुनाउनुभयो । परिवार, आफन्त र अरू कोहीलाई चिकित्सक वा अस्पताल लैजानुपरेमा अक्सर मेरो जिम्मा हुन्थ्यो । जनआन्दोलनका जिउँदा सहिद, बुबा, आमा, भान्जी, भिनाजु धेरैलाई सामान्य चिकित्सकीय उपचार तथा शल्यक्रियाकै लागि अस्पताल लाने कामहरू पटक-पटक भए । अन्दाजी ४९/५० सालतिर भाउजूको काखीमा गिर्खा देखापर्‍यो भनी दाइले मलाई शिर मेमोरियल अस्पताल बनेपामा पठाउनुभएको थियो । सायद यो नै क्यान्सरको लक्षण थियो । तर, त्यतिबेला न यसको बारेमा कुनै जानकारी र चेतना नै थियो न बनेपाको चिकित्सकले नै यसको बारेमा सचेत गरायो । अचानक २०५६ सालमा भाउजू सामान्यरूपमा चिकित्सलाई देखाउन जाँदा क्यान्सर लागेको भन्दा छाँगाबाट खसेको महसुस जोसुकैलाई हुनु स्वाभाविक थियो । तर, आश्चर्य शल्यक्रिया सफलताका साथ सम्पन्न भएपश्चात्का दिनहरूमा भाउजूले आफ्नो जीवनलाई सरल तरिकाले बिताउनुभयो । उहाँले कहिल्यै 'ऐया ....आत्थु ...' भनेर कराउनुभएको र आफ्नो रोगका बारेमा गुनासाहरू पोखिराखेको मलाई थाहा छैन । एक, भाउजूलाई त्यस्तो गर्ने समय पनि थिएन । दाइलाई भेट्न बिहानदेखि बेलुकीसम्मै कोही न कोही आइरहेकै हुन्थ्यो । घर आएका पाहुनालाई चिया चमेना नख्वाई पठाउनुहुन्नथ्यो भाउजू । भाउजू आफै पनि स्कूलमा पढाउन जानुपर्ने भएकोले जहिले पनि भ्याइनभ्याई हुन्थ्यो । भाउजूको अर्को विशेषता भनेको धैर्य हो । शोभा भाउजूको यस स्वभावलाई लिएर मित्र सरोजराज गोसाईले चयन गर्नुभएको शब्द 'धैर्यशिरोमणि' साह्रै मन छुने खालको रह्यो ।

स्तन क्यान्सरपछि भाउजूले अर्को जिम्मेवारी लिनुभयो - स्तन क्यान्सरसम्बन्धी जनचेतनाको अभियान । दिदीबहिनी, महिला र आमाहरूको बीचमा बेला-मौका पारी सम्बन्धित चिकित्सकहरूको साथमा क्यान्सरबारे सचेतना तथा शिविर चलाउँदै हिँड्नुभयो । आफू स्वयं क्यान्सरको पीडित भन्ने नै बिर्सनुहुन्थ्यो । क्यान्सरसँग पौंठेजोरी खेली पछार्न सक्षम भाउजूलाई अर्को क्यान्सरले भित्रभित्रै पछ्याइरहेको चालै पाउन सक्नुभएन । पहिलो क्यान्सरले हमला गरेको १९ वर्षपछिको त्यो झट्काले भाउजूलाई नराम्ररी थला पार्‍यो । तर, धैर्यशिरोमणि भाउजूले कति पनि हरेस नखाई त्यसको मुकाबिला गर्नुभयो । विदेशमा उपचार गर्ने कुरालाई मान्नुभएन र फेरि दोस्रोपल्ट नेपालमै अप्रेशन गरी क्यान्सरसँग मुकाबिला गर्दै अगाडि बढ्नुभयो । शल्यक्रियाको तेस्रो वर्षसम्म सबै कुरा सामान्य हुँदै गइरहेको थियो । १९ वर्ष पहिलेको भन्दा प्रभावशाली र थला नपार्ने नयाँ केमोथेरापी उपचारले चमत्कार देखाइरहेको थियो । तर, २०७६ सालको चैत महिनाको दोस्रो सातादेखि कोभिड महाव्याधीको कारणले भएको लकडाउन वा बन्दाबन्दीको अवस्थाले प्रभावकारी नयाँ केमो आउन छोड्यो । भाउजूलाई पुरानै केमो चलाउनुपर्ने अवस्था आयो, अस्पताल पनि समयमै पुर्‍याउन अप्ठेरो अवस्था भयो र क्यान्सरले आफ्नो प्रभाव देखाउँदै भाउजूलाई बिस्तारै थला पार्दै लग्यो । असार ८ गते बिहानसम्म क्यान्सरलाई जितिछाड्ने बलियो आत्मबल लिएर मुस्कुराउँदै गरेका भाउजू दिउँसो ठीक तीन बजेर पैतालिस मिनेटमा क्यान्सरसँग लड्दालड्दै बित्नुभयो । साहसी, निर्भिक र आत्मबलकी धनी शोभा भाउजूले सदाको लागि आँखा बन्द गर्नुभयो । हामी परिवारजनले एक अनुभवी अभिभावक गुमायौँ । अङ्ग्रेजी कवि किट्का वाक्य सम्झयौँ - Those who god loves die young (ईश्वरले माया गर्ने चाँडै परलोक जान्छन्) ।

## साधारण आगमन र असाधारण बिदाइ

जेठको दोस्रो हप्तातिर भक्तपुर नपाका नवनिर्वाचित उपप्रमुख रजनी जोशी म्यामले फोन गर्नुभयो, 'योगेन्द्र, तपाईँसँग कुरा गर्नु थियो, भेटेरै कुरा गरौँला ।' मनमा खुल्दुली भयो नगरपालिकामा के भयो र उहाँले भेटेरै कुरा गर्ने भन्नुभयो । दुई तीन दिनपछि उहाँसँग कुरा भयो । रजनी म्यामले भन्नुभयो, 'अस्ति शोभा भाउजूलाई भेट्न गएको थिएँ । भाउजू बहिनीहरूसँग अङ्गालो मारेर रोइराख्नुभएको थियो । भाउजूलाई मैले त्यसरी रुनुभएको कहिल्यै देखेको थिइनँ । सोध्दा भाउजूले भन्नुभयो रे - मलाई दाइको सार्‍है माया लाग्यो । सायद भाउजूले चाल पाउनुभयो कि यसपल्ट उहाँले क्यान्सरलाई जित्न सकिँदैन भनेर । दाइलाई साराले माया गर्ने भए तापनि दाइकी 'शोभा मिस' को माया नितान्त भिन्न र नमुना थियो । चार दशकको यात्रामा जस्तोसुकै आपत्विपत् र सङ्कटमा दाइको साथ कहिल्यै छोड्नुभएन । दाइको राजनीति, सिद्धान्त, विचार



दाइको भाउजुसँगको अन्तिम भेट, २०७९ असार ८ गते

र जीवन दर्शनलाई आत्मसात गरी त्यसैमा आफूलाई समर्पण र समाहित गर्नुभयो। अन्तिम अवस्थामा पनि भाउजूले दाइलाई सम्झनुभयो र उहाँको बारेमा चिन्ता व्यक्त गर्नुभयो। यो नै दाइप्रतिको अगाध माया र विश्वासको प्रमाण थियो। हो, यता दाइको भाउजूप्रतिको माया पनि कम थिएन। शाहजहाँले जस्तै दाइले भाउजूको लागि कुनै ताजमहल त खडा गर्नुभएन। तर, दाइसँग अल्याख जनताको माया, ममता र आस्था थियो। साथै, दाइसँग विचार, सिद्धान्त र कलम थियो। त्यसैले दाइ जेल पर्दा भाउजूलाई पीडा नहोस् भनेर भाउजू र घरपरिवारलाई सम्झेर पानाका पाना चिठीहरू कोर्नुभयो। ती चिठीहरू सामान्य खाना खायौ ? सन्चै छौ ? भनेर सोध्नेमा मात्र सीमित थिएनन्। त्यसमा प्रकृति, भाषा, धर्म, संस्कृति, साहित्य, इतिहास, यात्रा अनुभवका कुरादेखि लिएर बाल मनोविज्ञानसम्मका सूचनाहरू थिए। भाउजूप्रति समर्पित ती चिठीहरू अनुपम उपहार थियो जुन कुनै ताजमहलभन्दा कम छैन।

भाउजूको दाइप्रतिको त्यो चिन्ता उहाँको मात्रै पक्कै थिएन। भाउजूप्रति श्रद्धाञ्जली व्यक्त गर्न आउने जो कोहीको मनमा एउटा खुल्दुली, जिज्ञासा र चिन्ता थियो। मुखले व्यक्त नगरे पनि उहाँहरूको आँखामा त्यो चिन्ता प्रस्ट प्रतिबिम्बित थियो। अब दाइलाई के हुने हो ? भाउजूको साथबिना उहाँ विचलित त हुने होइन ? काभ्रेको एकजना कार्यकर्ता र शुभचिन्तकले झिनो आवाजमा त्यो मनको कुरालाई अभिव्यक्त गरे – दाइ तपाईँले आफ्नो स्वास्थ्यलाई राम्ररी ख्याल गर्नु, तपाईँलाई केही भयो भने हामी टुहुरो हुन्छौँ। असङ्ख्य जनताको दाइप्रतिको त्यो अगाध माया र ममता भाउजूको अन्तिम यात्रामा छचल्कियो। ४० वर्ष पहिले भाउजू कुनै बाजागाजा, जन्तीको लस्कर, झिलिमिली, नाचगानको बीचमा भित्रिनुभएको थिएन। भाउजूको त्यो आगमन अति साधारण थियो, भाउजू पनि साधारण नै हुनुहुन्थ्यो। तर, त्यो ४० वर्षमा भाउजूले असाधारण काम गर्नुभयो र हजारौँ हजार जनता, विद्यार्थी, दिदीबहिनीको अपार माया पाउनुभयो। त्यसैले भाउजूको बिदाइमा कोही सुकसुकाए, कोही निःशब्द भए, कोही गहभरि आँसु लिएर टोलाए, कोही भक्कानिए। जसरी दाइप्रति भाउजूले अन्तिम माया र चिन्ता व्यक्त गर्नुभयो, आज बजार टोल छिमेकमा पनि त्यही चिन्ताहरू सुनिए। हो, भाउजूको दाइप्रतिको चिन्तालाई मनन गर्नु नै भाउजूप्रतिको साँचो श्रद्धाञ्जली हुनेछ।

*(नेपाल क्रान्तिकारी महिला सङ्घ, भक्तपुर जिल्ला समितिबाट ३१ असार, २०७९ मा आयोजित शोभा भाउजूको श्रद्धाञ्जली सभामा व्यक्त विचारमा आधारित)*

# क्यान्सर पीडित बुबाको उपचारमा लाग्दाको अनुभव

– रबिन्द्र ज्याख्व




'हुँ, क्यान्सर भयो रे ? क् क् कसरी ?'

बुबाको मेडिकल रिपोर्ट हेरेर डाक्टरले मलाई एक्लै बोलाई रोगको बारेमा जानकारी दिने बित्तिकै मेरो मुखबाट निस्केको प्रतिक्रियात्मक प्रश्न हो यो। म अक्मकिएँ। मेरो मुख सुक्यो, लर्बरायो। डाक्टरले मलाई ढाडस दिँदै बिरामीलाई अस्पताल भर्ना गर्न भन्नुभयो।

खासमा बुबालाई खाना खाँदा गाह्रो भएको र उल्टी आउने गरेको दसैँको केही समयदेखि हो। ग्यास्ट्रिक रोगको आशङ्कामा औषधि दिइएको थियो। तर, औषधिले

काम गरेन । दसैँको समयमा उहाँलाई निकै गाऱ्हो भयो । पानीसमेत निल्न सक्नुभएन । उहाँ दुब्लाउँदै जानुभयो । तत्काल फोनमा डाक्टरसँग सम्पर्क गरी बुबाको अवस्थाबारे जानकारी गराएँ । त्यतिबेलै डाक्टरलाई शङ्का लागेको म अनुमान गर्छु ।

भोलिपल्ट डाक्टरले एन्टिजिन परीक्षण गराउन सुझाव दिनुभयो । इन्डोस्कोपी परीक्षण तुरुन्तै गर्नुभयो । म बिरामीसँगै थिएँ । आमाशयभन्दा थोरै माथिको खानानली (अइसोफागस) को भित्री प्वाल साँघुरो भएको र त्यहाँ मासुको रातो डल्लो देखिएको बताइयो । सँगै बसिरहनुहुने वरिष्ठ सर्जनले बायोप्सी परीक्षण तत्काल गर्न र केमोथेरापी सुरु गर्न निर्देशन दिनुभयो ।

रोगको विषयमा बुबालाई बताइएको थिएन । त्यसै त क्यान्सर अस्पतालमा किन ल्याइयो भनी चिन्ता व्यक्त गरिरहनुभएको थियो । उहाँलाई खानानलीको प्वाल साँघुरो भएकोले खुकुलो पार्ने औषधि दिन लागिएको भनियो । स्लाइनबाट औषधि दिन सुरु भयो ।

क्यान्सर रोग आफैमा कडा रोग हो, यसलाई महारोग पनि भनिन्छ । अस्पताल बसाइको क्रममा हरेक दिन दुई/तीन ओटा लास आफन्तले बुझिलिएको देखिरहेको थिएँ । आफन्तको करुणादायक रोदन सुन्न पनि मुश्किल हुन्थ्यो । अझ विलाप गर्दै भनिरहेका वाक्यहरू कहिल्यै सुन्न नपरोस् भन्ने लाग्छ ।

'क्यान्सर रोग त जुका हो, नचाहँदा नचाहँदै शरीरमा जबरजस्ती टाँसिने । अस्पताल जाँदा बिरामी स्वस्थ देखिने, तर उपचार गर्दा गर्दै झन्झन् कमजोर हुँदै जाने ।'

'क्यान्सर त राक्षस हो, स्वस्थ मान्छेलाई समातेपछि छोड्दै नछोड्ने । सारा सम्पत्ति स्वाहा नभएसम्म उपचारको नाममा खर्च गराइरहने । अन्त्यमा सम्पत्ति पनि सकिन्छ, मान्छेको ज्यान पनि जान्छ ।'

चिकित्सकीय भाषामा बुबालाई एडिनो कार्सिनोमा (Adeno Carcinoma) भएको रहेछ । खानानलीको तल्लो भाग अर्थात् खानानली र आमाशय जोडिने भागमा क्यान्सर भएको रहेछ । इन्डोस्कोपी, सीटी स्क्यान र बायोप्सी रिपोर्ट सबैमा रोगको पहिचान भयो । लोकली एड्भान्स्ड स्टेज भनियो । यसको अर्थ जहाँ क्यान्सर भएको छ, त्यहाँ गम्भीर अवस्थामा पुग्यो । तर, अरू अङ्गहरूमा भने फैलिन पाएको छैन भन्ने हो । 'यो पहिलो स्टेज त हुँदै होइन, अन्तिम स्टेजमा पुगेको भन्ने अवस्था पनि छैन ।' प्रत्येकपल्ट सोध्दा डाक्टरको उत्तर यही नै हुन्थ्यो ।

अमेरिका र अन्य विकसित देशहरूमा खानानलीको क्यान्सर कममात्र देखिने रोग हो । तर, अफ्रिका र एसियाका देशहरूमा तुलनात्मकरूपमा बढी नै देखिन्छ । धूम्रपान, मद्यपान, असन्तुलित खानाशैली र विषादीयुक्त खाना एवं हावापानीको कारण यो रोग लाग्ने रहेछ । सुरूको समयमा खाना खाँदा पेटमा जान गाऱ्हो हुने, उल्टी हुने, निरन्तर खोकी लाग्ने, बिस्तारै तौल घट्दै जाने, रगतसमेतको बान्ता हुने, छाती दुख्ने र रोग अन्य अङ्गहरूमा फैलिँदै जाँदा बिरामीलाई गम्भीर अवस्थामा पुऱ्याउने यस रोगका लक्षणहरू हुन् । यो रोग महिलाहरूको तुलनामा पुरुषलाई बढी देखिएको छ । क्यान्सर रोगबाट कूल मृत्यु हुनेमध्ये यो रोगको कारण मृत्यु हुने छैटौँ नम्बरमा रहेको अध्ययनले देखाएको छ ।

बुबाको रोगको प्रकृतिअनुसार शल्यक्रिया गरी क्यान्सर भएको भाग जति काट्न सकिने तर त्यसका लागि चार साइकल (चरण) केमोथेरापी गर्नुपर्ने डाक्टरको सुझाव रह्यो । पन्ध्र दिनको फरकमा अस्पतालमा भर्ना गरिन्छ र प्रत्येक साइकलमा तीन दिन लगातार औषधि दिइन्छ । एक साइकलका लागि झन्डै एक बाकस औषधि दिइन्छ, औषधि निकै महँगो छ । क्यान्सर, मुटुरोग, मृगौला रोग, मष्तिष्कघातलगायतका बिरामीहरूलाई नेपाल सरकारले १ लाख बराबर, बागमती प्रदेश सरकारले ५० हजार बराबर र भक्तपुर नगरपालिकाले १५ हजार बराबरको उपचार अनुदान दिएकोले धेरैले राहत महसुस गरेका छन् । पहिलो साइकलको केमोथेरापी निकै कष्टकर देखियो । चौबिसै घण्टा कडा औषधि स्लाइनमार्फत पठाइँदा बिरामीको शरीरले थेग्नै सकेन । झोल पदार्थबाहेक अन्य खानेकुरा खान नहुने, त्यसमाथि रोग प्रतिरोधात्मक क्षमतामा ऱ्हास आउने कारणले गर्दा स्वास्थ्यमा थप जटिलता देखियो । पहिलो साइकल केमोथेरापी सकिएर घर पुगेको एक दिनपछि निरन्तर झाडापखाला भइरहेकोले बिरामी निकै कमजोर भई पुनः अस्पताल भर्ना गर्नुपर्ने स्थिति आयो । त्यसपछिका केमोथेरापीमा भने खासै जटिलता आएन । केमोथेरापी भइरहेकै समयमा डाक्टरसँग शल्यक्रियाबारे छलफल भइरहेको थियो । शल्यक्रिया जटिल हुने भनियो । पेट चिरेर आमाशय र आन्द्रा निकाल्ने, छातीको दायाँ भाग (काखी) चिरेर खानानलीको तल्लो भाग निकाल्ने, आवश्यक परे घाँटीभन्दा तल्लो भाग पनि चिरेर शल्यक्रियालाई सहज बनाउने, क्यान्सर फैलिएको भाग जति काट्ने र त्यसपछि आमाशयलाई नली आकार बनाई खानानलीको बाँकी भागसँग जोड्ने । चिकित्सकीय भाषामा यो शल्यक्रिया विधिलाई आइभोरी लेविस विधि (Ivory Lewis Procedure) भनिँदो रहेछ । डाक्टरले शल्यक्रियाको विधिबारे जानकारी गराइरहँदा आङसिरिङ्ग भयो । शल्यक्रिया नै ८ देखि १० घण्टा लाग्नसक्ने

बताउँदा मन झन् गऱ्हुङ्गो भयो। खर्च कति लाग्छ भन्ने प्रश्नको उत्तर सुन्दा 'नसक्ने भइयो' भन्ने लाग्यो।

खर्च त जसोतसो मिलाइएला, बुबालाई कसरी विस्तारमा बताउने ? उहाँलाई त मानसिकरूपमा तयार पार्नैपर्छ। उहाँले यसअघि कहिल्यै अस्पतालमा रात बिताउनुभएको मलाई थाहा छैन। ज्वरोमात्र आउँदा पनि डाक्टरलाई देखाउन आग्रह गर्दा 'जाँडरक्सी छोड भन्छ, चुरोट नखाऊ भन्छ' भनी नकार्नुहुन्थ्यो। रगत परीक्षणको लागि आग्रह गर्दा 'विनासित्ति रगत किन दिने ?' भनी मान्नु हुन्नथ्यो। अहिले अस्पताललाई मामाघरजस्तै बनाइरहनुभएको छ, दिनको घटीमा दुई पटक रगत जाँच गराइरहनुभएको छ, एक्स-रे, भिडियो एक्स-रे र सीटी स्क्यान पनि धेरै पटक नै गराउनुभएको छ।

पेट चिर्ने, छाती चिर्ने र अझै घाँटीसमेत चिर्न सकिने कुरा कसरी बताउने ? आपत् पऱ्यो। नभन्दैमा रोग निको हुने पनि त होइन। केमोथेरापी गर्दा कपाल झरेकोमा औषधिको नकारात्मक प्रभाव भएकोले तुरुन्तै नयाँ राम्रो कपाल उम्रने विश्वास दिलाइएको थियो। आफन्तहरूबाट क्यान्सर रोगको विषयमा कुरा होला भनेर हाम्रो अनुपस्थितिमा कुराकानी गर्न दिइएको थिएन। बरु उहाँलाई निरन्तर उत्साहित गर्ने र जीवनप्रति आशावादी हुन हौस्याउने कार्य गरिएको थियो। बिरामीको आत्मबल बलियो भएमा रोगलाई जित्न सकिन्छ भन्ने पूर्ण विश्वास छ। यस्तो बेलामा शरीर नै चिर्ने विषयमा बिरामीलाई मनाउन सजिलो होला भन्ने लागेको थिएन।

शल्यक्रिया गर्ने (सर्जन) र बेहोस पार्ने (एनेस्थेसियोलोजिस्ट) डाक्टरहरूको टोलीसँग निरन्तर छलफल भइरहेको थियो। बुबालाई सुरुमा शरीरमा सानो घाउ बनाएर खानानलीको भित्री भागमा पलाएको मासु ताछेर प्वाललाई खुकुलो पार्ने र यो काम अस्पतालका वरिष्ठ डाक्टरहरूले गर्ने कुरा बताइयो। त्यो रात बुबा चिन्ताले सुत्न सक्नुभएको थिएन। उहाँलाई यस्तो खालको उपचारपछि आनन्दले जीवन बिताइरहनुभएका केही अग्रजहरूको विषयमा बताउने कोसिस गरियो। भोलिपल्ट बिहान उहाँले आफै डाक्टरसँग भेटेर कुरा गर्ने प्रस्ताव गर्नुभयो।

डाक्टरले निकै सरल भाषामा उहाँलाई सम्झाउनुभयो, 'अपरेसन सामान्य हुन्छ। सुरुदेखि अन्त्यसम्म हामी ६ जना डाक्टरहरू हुन्छौं। तपाईंलाई बेहोस पार्छौं र तपाइँको सम्पूर्ण जिम्मेवारी हामी लिन्छौं। होसमा आउने बेला शरीरमा केही पाइपहरू हुनेछन्। नआत्तिनुहोला। हामी तपाईंलाई स्वस्थ बनाएर घर पठाउँछौं। ... ...'

डाक्टरको भनाइबाट बुबा आश्वस्त हुनुभएको देखियो। उहाँहरूकै सल्लाहमा केमोथेरापी गर्दा बुबालाई आफ्ना सुकेका गाला र सुकेका हात खुट्टाहरू सग्लो भएको र आफू हृष्टपुष्ट भएको अनुभव गर्नुभएको थियो। केही दिनअघि दिदीहरूसँगको कुराकानीमा उहाँले भन्नुभएको थियो, 'अस्पतालमा बसेर आफूले ३० वर्ष अगाडिको जवानी अनुभव गर्दै छु।'

शल्यक्रियाअघि पीसीआर परीक्षण गरिनुपर्थ्यो। बुबा पूर्णरूपमा स्वस्थ देखिनुहुन्थ्यो। शल्यक्रियाको लागि आफूलाई मानसिकरूपमा पनि तयार गरिसक्नुभएको उहाँको मनोभावनाबाट बुझ्न सकिन्थ्यो। पीसीआर परीक्षण गरियो, शल्यक्रियाअघि गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पनि पूरा गरियो। अघिल्लो राति १० बजेपछि पानीसमेत खान नहुने बताइएको थियो। त्यहीअनुसार बसियो पनि। बिहान ९ बजे शल्यक्रिया हुने अवगत गराइएको थियो। बिरामी र हामी सबै परिवारका सदस्यहरू पनि मानसिकरूपमा तयारी अवस्थामा थियौं। शल्यक्रियाको क्रममा आवश्यक परेमा रगतको पोका पनि व्यवस्था गरियो। सबै कुरा राम्रैसँग अघि बढेको थियो।

पीसीआर परीक्षणको रिपोर्ट आयो बिहान ८ बजेतिर। कोभिड पोजेटिभ रिपोर्ट आयो। हामीलाई पत्याउन गाऱ्हो भयो। तर, रिपोर्टले त्यही नै औंल्यायो। तीतो सत्य स्वीकार्न हामी बाध्य भयौं। डाक्टरको टोलीले शल्यक्रिया स्थगित गऱ्यो। बिरामीलाई घरमा सुरक्षित राख्न आग्रह गरियो।

बुबालाई १५ दिन घरमा सुरक्षित राखियो। पीसीआर रिपोर्टमा कोभिड पोजेटिभ भएको बुबा यो अवधिमा पूर्ण स्वस्थ देखिनुहुन्थ्यो तर हामी परिवारका सबै सदस्यहरू एक एक गरेर बिरामी भयौं। परीक्षण गराउँदा साना सन्तानहरूबाहेक हामी सबैजना कोभिड सङ्क्रमित भयौं।

अस्पतालका डाक्टरसँगको सल्लाहमा फेरि शल्यक्रियाको दिन तोकियो। त्यसअघि एक्स रे, सीटी स्क्यान र रगत परीक्षण गरियो। सबैमा अपेक्षित रिपोर्ट आएपछि शल्यक्रियाको लागि अस्पताल भर्ना गरियो। यस पटक किन हो, बुबाले घर छोड्नुअघि नाति नातिनीलाई चकलेट र चाउचाउ किनेर आफ्नो पीर नगर्न भन्नुभयो। बच्चाहरूले पनि बाजेलाई अस्पतालमा भेट्न आउने बाचा गरे।

पीसीआर परीक्षणमा कोभिड नेगेटिभ रिपोर्ट आयो। शल्यक्रिया कक्षमा लानुपूर्व डाक्टरको टोली नै आएर बुबालाई राम्ररी सम्झाउनुभयो र हिम्मत नहार्न आग्रह

गर्नुभयो। बुबा फूर्तिलै देखिनुहुन्थ्यो। उहाँ आफै हिँडेर सबैसँग बिदा लिँदै शल्यक्रिया कक्षमा जानुभयो।

शल्यक्रिया सुरु भएको सङ्केत आएपछि हामी परिवारका सबैजना बाहिर कुरेर बस्यौँ। अनेक खालका सामग्री र औषधिहरू किन्न वरपरका औषधि पसलहरूमा कुद्न थाल्यौँ। कति पटक ओहोरदोहोर गरियो ? औषधि र अन्य सामग्रीको लागि कति खर्च गरियो ? हाम्रो मतलबको विषय थिएन। बस्, शल्यक्रिया सफल हुनुपर्‍यो। डाक्टर वा नर्स आउजाउ गर्ने क्रममा अन्य बिरामी कुरुवासँग कुरा हुँदा 'भित्र निकै ठूलो अपरेसन हुँदै छ, सबै डाक्टरहरू र एनेस्थेसियोलोजिस्ट (बेहोस पार्ने विज्ञ) हरू व्यस्त हुनुहुन्छ' भन्नुहुन्थ्यो।

करिब साढे सात घण्टापछि डाक्टरले हामीलाई बोलाउनुभयो। बुबाको अपरेसन सफल भयो भन्दै बुबाको शरीरबाट निकालेको भाग देखाउनुभयो। झन्डै ३ इन्च जति लामो खानानलीको तल्लो भाग र आमाशयको माथिल्लो भाग पूरै निकालिएको रहेछ। आधा घण्टापछि बुबालाई पोस्ट अपरेसन वार्डको आइसीयू रुममा भेन्टिलेटरमा पुर्‍याइएको जानकारी आयो। हामी पालैपालो बुबाको अवस्था टाढैबाट हेर्न गयौँ। जाँदाको तन्दुरुस्त शरीर फर्किँदा भेन्टिलेटरको सहायतामा स्वास फेर्दै गरेको बेहोस अवस्थामा पाउँदा मन चसक्क भयो।

चौबिस घण्टापछि मात्र उहाँको होस खुल्यो। निकै अशक्त र असहाय देखिनुहुन्थ्यो। दुई दिनपछि भेन्टिलेटरबाट निकालियो। उहाँको नाक, छाती, पेट, पछाडि ढाड र पिसाब गर्ने थैलीमा गरी ५ ओटा पाइपहरू राखिएका थिए। बोल्दा आवाज आइरहेको थिएन। अनेक प्रकारका औषधिहरू दिइरहेको देखियो। शल्यक्रिया गर्नुहुने डाक्टरहरू दिनको २, ३ पल्ट आएर बिरामीको स्वास्थ्य अवस्थाको बारेमा जानकारी लिइरहनुहुन्थ्यो। रगत परीक्षण, पिसाब परीक्षण र एक्स रे त दिनमै कति पटक हो कति, लिइरहन्थ्यो।

शरीरमा कहाँ कहाँ घाउ पारिएको छ ? घाउ कति ठूलो छ ? भन्ने बिरामीलाई थाहा थिएन। पाइपहरू धेरै भएकोले पाइप राखिएको ठाउँमा मात्र प्वाल पारिएको हुनुपर्छ भन्ने लागेको थियो बुबालाई। त्यसैले पाइपकै कारणले दुख्यो भन्नुहुन्थ्यो। दुखाइ सहन गाह्रो हुन्थ्यो उहाँलाई। होस खुलेको दिनदेखि नै उहाँलाई फोक्सोको अभ्यास गर्न लगाइयो, ढाडमा धाप मारेर खकार निकाल्ने प्रयास गरियो, केही दिनपछि बिस्तारै हिँडडुल गर्न लगाइयो। फिजियोथेरापी पनि गराइयो।

बुबा ११ दिन आइसीयूमा बस्नुभयो। शल्यक्रिया गरेर ल्याइएका अन्य बिरामीहरू सोही दिन वा भोलिपल्ट जनरल वार्डमा सारिन्थ्यो। बुबालाई भने लामो समय त्यहीँ राखिएकोमा चिन्ता बढेको जस्तो लाग्यो। डाक्टरसँगको सल्लाहमा उहाँलाई अर्को पोस्ट अपरेटिभ वार्डमा सारियो। लामो समय उही आइसीयू रुममा एकै बेडमा बस्दा आइसीयू फोबिया भएको हुनुपर्छ भन्ने डाक्टरको भनाइ रह्यो। हो पनि, अर्को वार्डमा सारेपछि उहाँले आफूलाई थोरै हलुका महसुस गर्नुभयो। उहाँको शरीरमा रहेका पाइपहरू क्रमशः निकाल्न सुरु गरियो।

अस्पताल बसाइको १३ औँ दिनमा उहाँको घाउको टाँका आधा काटियो र १५ औँ दिनमा सबै टाँका काटियो। टाँका काटिएको बेला थाहा भयो, पेटमा ३१ ओटा टाँका र दायाँ काखीमा २९ ओटा टाँका रहेछ। त्यतिबेला मात्र बुबालाई शल्यक्रियाको क्रममा दुई ठाउँमा ठूलठूलो घाउ बनाइएको र शरीरभित्रबाट खानानलीको तल्लो भाग र आमाशयको माथिल्लो भाग काटेर सिमी आकारको आमाशयलाई पाइपजस्तै बनाएर खानानलीसँग जोडिएको कुरा बताइयो। बुबा छक्क पर्दै हुनुहुन्थ्यो। घाउ निको हुँदै आएको र आफूलाई सजिलो हुन थालेकोले उहाँले कुनै प्रतिक्रिया जनाउनुभएन। तथापि, काखीको घाउ भने बाहिरबाट निको भएजस्तो देखिए पनि असाध्यै दुखेको बताउनुहुन्थ्यो। १६ औँ दिनमा उहाँलाई अस्पतालबाट घर पठाइयो।

शल्यक्रियाबाट निकालिएको मासुको बायोप्सी परीक्षणको रिपोर्ट एक महिनापछि मात्र आयो। रिपोर्ट हेरेर डाक्टरले भन्नुभयो, 'फेरि अर्को ४ साइकल केमोथेरापी गर्नुपर्छ।' यसअघि २ साइकलमात्र केमोथेरापी गरे पुग्ने सल्लाह दिइएको थियो। क्यान्सर कोषहरू कहीँकतै बाँकी छ भने पूर्णरूपमा निस्कृय बनाउन थप २ साइकल केमोथेरापी गर्न सुझाव दिएको उहाँको तर्क रह्यो। डाक्टरको सल्लाहमा यहाँसम्मको उपचार भएको छ भने अबका दिनमा पनि उहाँको सल्लाह किन नमान्ने त ?

तर, लामो समयदेखि क्यान्सर रोगसँग लडिरहनुभएको अग्रजले भन्नुभएको कुरा मनको एक कुनामा खेलिरह्यो, 'आजसम्म कुन रोग पूर्ण निको हुने प्रकृतिको छ र ? सुगर, प्रेसर, मुटु, मस्तिष्क वा अन्य जुन कुनै रोगबाट जीवनलाई सहज बनाउनमात्रै त औषधि उपचार गराइन्छ। क्यान्सर मात्र के कुरा हो र ? एकदिन त जानु नै छ भने जीवन रहेसम्म सहज बनाउने प्रयास जारी रहन्छ।'

(लेखक भक्तपुर नपा वडा नं ९ का वडाध्यक्ष हुनुहुन्छ।)

स्रोतः वागीश्वरी स्मारिका, २०७८

# प्रचलित गीत र गाइँचा (गाइने) म्ये सम्बन्धी सङ्क्षिप्त चर्चा-१

विगोल

भक्तपुर प्राचीन बस्तीको सहरमात्र होइन जीवित सङ्ग्रहालय पनि हो। वास्तुकला र कलाको दृष्टिकोणले महत्त्वपूर्ण यो सहर लोकसंस्कृति, लोकनाच, लोकगीत र स्थानीय गीत गाउने थलो पनि हो। नाचगान, वाद्यवादक कलाकारहरूको थलो भक्तपुरमा आफ्नै लोकलय र भाकामा गाइने लोकगीतहरू यथेष्ट छन्। यस्ता लोकगीत, लोकनाचहरू यहाँका चाडपर्व, मेला, उत्सव र ऋतुहरूमा नाच्छन्, गाउँछन्। यहाँका कति गीत या लोकगीतहरू निश्चित समय रोपाइँ, चाडपर्व, मेलापात, विभिन्न धर्म कर्म र संस्कारमा गाइन्छन्। पहिले यस्ता गीतहरू सञ्चारमाध्यमहरूमा गाउन पाउँदैनथ्यो या गाउने अवसर हुँदैनथ्यो। रेडियो नेपाल र टेलिभिजनमा ठाउँ पाउँदैनथ्यो या गाउने अवसर हुँदैनथ्यो। कति गीतहरू भजन र डाफा भजनमा सीमित हुन्थ्यो। कति गीत अग्रज लोकगायकहरूमा सीमित हुन्थ्यो। समयको गतिसँगै आजभोलि विभिन्न सञ्चारमाध्यमको विकास हुनथाल्यो। सञ्चारमाध्यमको विकाससँगै थारु, गुरुङ, मगर, तामाङ, शेर्पा तथा नेवारहरूको गीत र नाचगान पनि देखाइन थाल्यो। नेपालभाषाकै विभिन्न च्यानलहरूमा नेवार समुदायका गीत र नाच प्रसारण भइरहेका छन्। नेपालभाषाका नाच, गीत, फिल्म र नाटक देखाउने क्रममा नेवार समुदायका अग्रजहरूको अनुभव गीत सुन्ने, सुनाउने काम भइरहेको छ। यो सकारात्मक काम हो। यसले नयाँ पुस्तामा जागरण ल्याउँछ र उत्प्रेरित गर्छ।

भक्तपुर सांस्कृतिक, ऐतिहासिक, नाचगान, वाद्यवादक र कलाकारहरूको थलो भए पनि यहाँका प्रचलित या परम्परागत गीतहरूको अध्ययन, अनुसन्धान र अभिलेख त्यति भएको देखिँदैन। यहाँका लोकभाषाका गीतका ग्रन्थ या पुस्तक त्यति देखिँदैन। नेपालभाषाको लोकगीतसम्बन्धी चर्चा संस्कृतिविद् सत्यमोहन जोशीद्वारा रचित **'हाम्रो लोक संस्कृति'** २०१४ मा केही नेवारी लोकगीतहरूका प्रसङ्ग उल्लेख गरिएको छ। छत्रबहादुर कायष्ठद्वारा लिखित 'झीगु सिन्हाज्या म्ये-२०५५' मा विभिन्न चाडपर्व, मेलापात तथा रोपाइँमा गाइने नेपालभाषाका गीतहरू सङ्कलन गरिएको छ। ठाकुरलाल मानन्धरद्वारा सङ्कलित गीतहरूको सँगालो **'पुलाँगु म्ये'** (प्राचीन गीतिसङ्ग्रह), मानदास तुलाधर सङ्ग्रहकर्ता र सुगतदास तुलाधरको सम्पादनमा २०१३ मा प्रकाशित **'नेपालभाषा साहित्यः मल्ल शाहकालया मे'** प्रथम भाग र प्रदीप्त पुस्तकालयद्वारा प्रकाशित **'लुँ बुँ-वह बुँ'** मा पनि केही गीतहरू सङ्ग्रहित छन्। त्यस्तै मनिसुन्दर गणेश दाफा भजन भार्वाचोसँग भालु नाच र अन्य ख्यालसम्बन्धी गीतहरू सङ्ग्रहित छन्। यसबाहेक टोल-टोलमा गरिने भजन र डाफा भजनहरूमा पनि नेपालभाषाका गीतहरू थुप्रै पाइन्छन्। अन्य जिल्लामा झैँ भक्तपुरमा पनि पहिले पहिले गाइँचा म्ये गाउने गाइने या गन्धर्वहरू थिए। गान-बजान नै मूल पेशा ठान्ने ती गाइने (गन्धर्व) हरूको कुनै गीतको अभिलेख या ग्रन्थ थिएन। २०२६ तिर अलग्गै ढङ्को गाइँचा प्याखंको सुरु आत भयो। गाइँचा प्याखँ टोल-टोलबाट सुरुभयो र गाईजात्राको क्रममा टोल-टोलमा देखाइन थाल्यो। यसरी टोल-टोलमा देखाइएका गीतहरू सङ्ग्रह गर्न थाले। यसैबीच नेपाल क्रान्तिकारी युवा सङ्घ वडा नं. ७ गोल्मढी एकाइ समितिले २०६७ मा **'गाइँचा म्ये'** प्रकाशित गर्‍यो। त्यस्तै आशाकाजी बासुकला स्मृति प्रतिष्ठानले २०७६ मा **'गाइँचा म्ये मुना'** प्रकाशित गर्‍यो।

**लोकगीत**

लोकगीत लोकसाहित्यको प्रमुख र लोकप्रिय विधा हो। यो लोक जीवनको स्वतस्फूर्त लयात्मक अभिव्यक्ति हो। सबैको मन छुने र मन पराइने यो गीत लेक बेँसी, पहाड तराई, वन पाखा, खोला नाला, कुना कन्दरा, जहाँसुकै र जतासुकै घन्काइने यो गीत अन्य विधाभन्दा जेठो र प्रिय विधा हो। यसमा तत्स्थानको लोकजीवनको अभिव्यक्ति प्रतिबिम्बित हुन्छ। देशका कुना कन्दरा, लेकबेँसी, खोलानाला, पाटी-पौवा, सत्तल, मन्दिर, वनपाखा, खेताला, गोठाला, हिमाल, पहाड, तराईमा बसोबास गरेका मानिसहरूको रहन सहन, जीवन चरित्र, उकाली-ओरालीका अनुभव र अभिव्यक्ति लोकगीतमा पाइन्छ।

नृत्य र सङ्गीतसमेत हुने लोकगीत लयात्मक हुन्छ। यसले गीत सुन्ने र गाउनेहरूको हृदयलाई रसमय बनाउँछ, सहृदयी बनाउँछ। जनताका हर्ष, पीडा, प्रेम, करुणा, आशा निराशा, हर्ष विस्मात्का आ-आफ्ना लोक स्रष्टाहरूको अनुभव र अनुभूति लोकगीतमा पाइन्छ। लोक गीत अलिखित तर जीवित विधा हो। यसका लेखक या स्रष्टा भए पनि अज्ञात हुन्छ।

**लोकगीतको वर्गीकरण**

लोक स्रष्टाहरूले आ-आफ्नो अध्ययन, अनुसन्धान, खोजीनीति र अनुभवको आधारमा लोकगीतको वर्णन गरिएको पाइन्छ। प्राप्त लोकगीतको सङ्कलन र मान्यताको आधारमा लोकगीतको वर्गीकरण भिन्न ढङ्ले गरिएको पाइन्छ। गाउँको कुना कन्दरा र लेक बेँसीमा गाउने लोकगीतको सम्पूर्ण अभिलेख प्राप्त नहुने, क्षेत्र र ठाउँअनुसार लोकगीत फरक

फरक हुने हुँदा लोकगीतको वर्णनमा एकनासको पाइँदैन। कसैले भौगोलिक सीमाको आधारमा, कसैले जाति, संस्कृति र भाषाको आधारमा त कसैले विषयवस्तुको आधारमा लोकगीतको वर्णन गरेका छन्।

कृष्णदेव उपाध्यायले संस्कार, व्रत, श्रम, ऋतु, जाति र विविधताको आधारमा वर्गीकरण गरे भने दयाराम श्रेष्ठले संस्कार, क्रिया, ऋतुकालीन र हँसपुरे सुवेदीले ऋतु, पर्व, संस्कार कर्म र नृत्यको रूपमा वर्गीकरण गरे।

समाजमा व्याप्त अन्धविश्वास, संस्कार, थिचोमिचो, शोषण, दमन, शारीरिक यातना, बालविवाह, बहुविवाह, अनमेल विवाह, जातिगत भेदभाव तथा अन्य विकृति र विसङ्गतिविरुद्ध सचेतना जगाउने गीत सामाजिक जागरणका गीत हुन्। गल्ती सुधार्न या पछि फेरि गल्ती नदोहोऱ्याउन खबरदारी गर्ने खालका गीतहरू जागरणमूलक गीत हुन्।

प्रकृतिमै रमेर, प्रकृतिकै वर्णन गरेर हिमाल, पहाड, तराईका सुन्दर प्रकृति, खोलानाला, वनपाखा, लेकबँसी, भिर पाखा, डाँडाकाँडाजस्ता प्रकृतिसम्बन्धी गीतहरू प्रकृतिप्रधान गीतहरू हुन्। मेलापात, घाँस दाउरामा जाँदा युवा युवतीबीच प्रेम भावमा गाइने गीत प्रेमभाव प्रधानका गीत हुन्। कहीँ कतै मायाप्रीतिमा गीत गाउँदा गाउँदै बिहे गर्ने चलन रहेको पनि स्थानीय अग्रजहरूबाट हामी सुन्छौँ।

सारमा लोकगीत लोकजीवनको अनुभूति हो, अनुभव हो, छाया हो। लोकजीवनका दुःख सुख आँसु हाँसो, आशा निराशा, चालचलन, विधि-व्यवहार, आस्था र मान्यता आदि लोकगीतमा चर्चा गरिएको हुन्छ। अहिलेको अहिल्यै एकले अर्कालाई घोचपेच गरिने लोकगीत व्यङ्ग्यात्मक अभिव्यक्ति पनि हो। अन्त्यानुप्रास मिलाएर लोकगायकको प्रश्न, जिज्ञासाको प्रत्युत्तर दिन सकिने यो मौलिक कलाको अभिव्यक्ति पनि हो। यो एक प्रकारको कला, सीप वा प्रतिभाको अभिव्यक्ति हो।

लोकगीत एकल, दोहोरीमात्र होइन समूह गीतको रूपमा पनि गाइन्छ। लय र भाकाका आधारमा स्थान (कालीपारि र बन्दीपुरे) तथा जात (वादी, दमाइँ, गाइने) गीत पनि गाइन्छ। अनि प्रकार्यका आधारमा धार्मिक, संस्कार, ऋतु वा पर्व र श्रम गीत गाइन्छ। प्रार्थना, आरती र भजनका गीत धार्मिक गीत हुन्। जन्म, मुण्डन, उपनयन, बिहेका गीत संस्कार गीत हुन् भने तीज, देउसीजस्ता पर्वमा गाइने गीत ऋतु गीत वा पर्व गीत हुन्। रोपाइँ, धन काट्दा गाइने गीत श्रम गीत हुन्।

लोकसाहित्यको सबैभन्दा प्रमुख र लोकप्रिय विधाको रूपमा रहेको लोकगीत लयात्मक, सङ्गीतात्मक, भावान्वित, स्वाभाविकता, गेयात्मक र श्रुतिमाधुर्य हुन्छ। मनै आनन्द र हँसिलो मुहार बनाउने लोकगीत जति गाए पनि जति सुने पनि दिक्कवाक्क हुँदैन।

**धार्मिक गीत**

नेपाली समाजमा गाइने विभिन्न गीतहरूमध्ये धार्मिक गीत पनि हो। यहाँ अनेक धर्म कर्म, रीतिरिवाज, संस्कृति, चाडपर्व, पूजा पाठ, देवी देवता, जात्रा भएकाले पनि धार्मिक गीतहरू यथेष्ट भएका हुन्। भोलाउलो, धमारी, आरती, भजन, चुड्का, पडेली, प्रार्थनाका आदि गीतहरू धार्मिक गीत हुन्।

भोलाउलो डोटी समाजमा बिहान सबेरै प्रार्थनाको रूपमा गाइने गीत हो। यसगीतमा देवी देवताको प्रार्थना, शक्ति र पराक्रमको वर्णन पाइन्छ। धमारी पनि डोटेली समाजमा गाइने गीत हो। कहीँ कतै मन्दिर या घरमा नित्य कर्मको रूपमा पूजा गर्ने बेलामा गाइने गीत नै आरती गीत हो। भजन पनि धार्मिक गीतमै पर्छ। एकादशी, माघे सङ्क्रान्ति, शिवरात्रिजस्ता पर्वहरूमा धार्मिक गीत गाइन्छ। मध्य र पच्छिम नेपालका धामीहरूले देवी देवताको प्रार्थनाको रूपमा गाउने गीतलाई पडेली भनिन्छ। पडेली गाउँदा दमाईहरू दमाहा, नगरा, झ्याली र सहनाई बजाइन्छ। भक्तपुरमा पनि विभिन्न धार्मिक गीत गाइन्छ। यस्ता भजन अक्सर देवी देवता या मन्दिर स्थलको प्राङ्गण, पाटी-पौवामा बिहान र बेलुका गाइन्छ। भजनका गीतमा देवी देवताको वर्णनबाहेक चाडपर्व, श्रम, देशको लागि योगदान पुऱ्याएका वीर पुरुष या देशभक्तहरूको गुणगान, राजा महाराजाहरूको अकर्मण्यताबाट जनताले भोगेका दुःख, पीडा र शोकको वर्णन गरिएको पाइन्छ। पहिले पहिले भजनियाँहरू पुरुषमात्र हुन्थे भने आजभोलि महिलाहरूको छुट्टै समूह र महिला र पुरुषको मिश्रण भएको पाइन्छ।

**संस्कार गीत**

नेपाली समाजमा जन्मेदेखि मृत्युपरान्तका अनेक संस्कारहरू छन्। ती संस्कारमा गाइने गीत संस्कार गीत हो। मैथिली, भोजपुरी र थारु समाजमा संस्कारका गीत गाइने चलन छ। जन्म, मुण्डन, उपनयन, विवाह र मृत्युजस्ता संस्कारमा गीत गाइने चलन छ। नेवारी समाजमा पनि कुनै मानिस जीवन-मरणको स्थितिमा पुगिरहेको बेला मन सन्तोष पार्न, दुःख पीडाको कुरा सम्झना नगराउन, दीर्घायुको कामना गर्दै अनेक पाठ वाचन या गीत गाउने चलन छ।

**चाडपर्व तथा ऋतुकालीन गीत**

कुनै निश्चित चाड पर्व र ऋतुमा गाइने गीत चाडपर्वका गीत हुन्। यहाँ विभिन्न जनजातिको धर्म, भाषा, संस्कृति र परम्परा छन्। यहाँ अनेकौं तीर्थस्थल मठ, मन्दिर, सत्तल, पाटी, पोखरी, इनार, धारा छन्। फागुन, चैत, असार, भदौमा ऋतुसित सम्बधित गीत गाइन्छ भने दसैं, तीज, गाईजात्रा, तिहार, माघे सङ्क्रान्ति, छठ, ग्रौसी भैलो, कृष्णाष्टमी, इन्द्रजात्रा बिस्केट जात्रा आदि चाडपर्वका गीत हुन्।

**श्रम गीत**

कुनै काम गर्दा या कामको सिलसिलामा गाइने गीत श्रम गीत हो। चर्खाले धागो काट्दा गाइने चर्खा गीत, ओखलमा धान कुट्दा गाइने ओखरी गीत, धान काट्दा गाइने धनकटनी गीत आदि नेवारी र मैथिली समाजमा अद्यापि छ। यसरी नै रोपाइँ गीत, दाइँ गीत (धाननाच) पनि गाइन्छ। श्रमसम्बन्धी गीत तराईको मैथिली, भोजपुरी, थारु र अवधी जनजातिबीच पनि धेरै पाइन्छ।

**लोकगीतका विशेषताहरू**

**मौखिक परम्परा :** लोकगीत मौखिक परम्परामा चल्दै आएको विधा हो। एक व्यक्तिबाट अर्को व्यक्ति, एक पिँढीबाट अर्को पिँढी र एक स्थानबाट अर्को स्थान हुँदै आएको यो गीतको एक विशेषता मौखिक हो। तर आजभोलि लोकगीतका स्रष्टा, सङ्कलक हुन थालेका छन्।

**मौलिक र सरलता :** लोकगीत कसैको अनुकरण र अनुवाद गरिएको हुँदैन। यसको अर्को विशेषता मौलिक र सरलता हो। लोकगीत अशिक्षित या सर्वसाधारण जनताले पनि बुझ्छन्।

**सहज उपलब्धता :** लोकगीत सजिलै पाउन सकिन्छ। यो अपठित, ग्रामीण जनसमुदायको अभिव्यक्ति भएको हुँदा बिनापरिश्रम, बिनासाधना पाउन सकिन्छ।

**सामूहिकता :** समूहमा बसेर गीत गाउनु पनि यसको विशेषता हो। लोकगीत समुदायको सम्पत्तिजस्तै भएको छ। जो जहाँ बसेर गाए पनि हुन्छ। संस्कार, ऋतु, व्रत, क्रिया, पर्व या देउडा आदि गीत समूहमा बसेर नै गाइन्छ।

**सामाजिकता वा यथार्थता :** लोकगीत लोकजीवन या समाजकै एक बिम्ब हो। यो गीत समाजकै ऐना हो। मानिसकै दुःख पीडा, हर्ष, रहनसहन, संस्कार, लोकगीतमा चर्चा गरिएको हुन्छ। देशका कुनाकाप्चाका कृषक, भरिया, खेताला, गोठाला, लाहुरे आदिको वर्णन गरिएको हुन्छ। यसकारण, सामाजिकता र यथार्थता लोकगीतको विशेषता हो।

**मनोरञ्जनात्मकता :** सटिक प्रश्न या जिज्ञासाको सटिक जवाफ दिने लोकगीतको अर्को विशेषता मनोरञ्जन पनि हो। गाउने र सुन्ने दुवैलाई यसले रोमाञ्चकता प्रदान गर्छ।

**प्रश्नोत्तर :** अधिकांश लोकगीतमा दोहोरीको चलन छ। एउटा समूह वा व्यक्तिले गाएको प्रश्नको जवाफमात्र नदिई अर्को व्यक्ति या समूहले पनि त्यसरी प्रश्नै प्रश्न गरेर गीत गाएको हुन्छ। सुदूर पच्छिमका देउडा र गौरामा प्रश्नोत्तरको चलन छ।

**पुनरावृत्ति :** लोकगीतमा कहीँ केही अंशमात्र दोहोरिन्छ भने कहीँ पूरै पङ्क्ति दोहोरिन्छ। एउटै लय, भाव, ताल, स्वर र गीतको पुनरावृत्ति भएको हुन्छ।

**परिवर्तनशीलता :** समय र परिस्थितिअनुसार एक समय कुनै ठाउँमा गाइएको गीत स्थानान्तरण हुँदै अन्य स्थानमा पुग्दा त्यस गीतमा केही हेरफेर पनि हुनसक्छ। एक व्यक्तिबाट अर्को व्यक्ति, एक पिँढीबाट अर्को पिँढी र एक स्थानबाट अर्को स्थानमा पुग्दा गीतमा परिवर्तन स्वाभाविक हो।

**धार्मिक एवं आध्यात्मिक :** नेपाली समाजमा धर्म कर्मको प्रभाव बढी भएकोले लोकगीतमा धार्मिक र आध्यात्मिक पक्ष हुनु अस्वाभाविक होइन। नेपाली धर्म, संस्कृति र ईश्वरीय आस्थाको कारण धार्मिक र आध्यात्मिक गीत गाइएको देखिन्छ। तर, समयको गतिसँगै आजभोलि त्यस्ता गीत कमैमात्र गाइन्छ।

समग्रमा नेपाली लोकगीत नेपाली जनजीवनकै हाँसो, आँसु, पीडा, व्यथाका अनुभव र अनुभूतिका अभिव्यक्ति हुन्। खोला-नाला, लेक-बँसी, भिडपाखा, डाँडाकाँडा, वनपाखामा गाइने लोकगीतमा घाँस काट्ने, दाउरा चिर्ने, नेपाली चेली, बुहारी, परदेशी लाहुरे र दरबार, आमा बुबा आदिका बिलौना, बेदना गीतमा पाइन्छ।

**लोकगीतहरूको सङ्क्षिप्त चर्चा**

मागल, सगुन र फाग गीत

संस्कारसम्बन्धी काम गर्दा कामको सफलताको कामना गर्दै गाइने गीत मागल गीत हो। कुनै काम मङ्गल होस् भनी गाइने यस्ता गीत भेरी, कर्णाली, सेती र महाकाली भेगमा पाइन्छ। यस्ता गीत छोरो जन्मेको खुसियालीमा छैटी, न्वारान, व्रतबन्ध, बिहे, रोपाइँ गर्दा, शिकार खेल्दा, कलश पूजा गर्दा, यज्ञ भूमि लिप्दा, यज्ञ मण्डप गर्दा पनि गाइन्छ। सगुन गीत पनि माङ्गलिक कार्यको शुभ साइतमा गाइन्छ। यो गीत सुदूर पच्छिममा प्रचलित छ। फाग गीत पनि जन्मदेखि मृत्युसम्मका अनेक संस्कारमा गाइन्छ। सारमा मागल, सगुन र फाग गीत एकै प्रकारको देखिन्छ।

**गौरा गीत**

गौरा सुदूरपच्छिमको महत्त्वपूर्ण सांस्कृतिक पर्व नै हो। शिव पार्वतीको वैदिक विधि विधानअनुसार पूजा आराधना गरी गौरा गीत गाइन्छ। भाद्र कृष्ण औंसीको दिनदेखि सुरु हुने यो गीत हरेक दिन हुने कुनै न कुनै पूजा या विधिमा गाइन्छ। रातभर जाग्राम बसेर गौरालाई बिदा दिने बेलामा यो गीत गाइन्छ। सूर्यास्तभन्दा केही पहिले गौरी र शिवका प्रतिरूपलाई खोलाको बीच राखी वियोगान्त गीत गाइन्छ।

**तीज गीत**

तीजको गीत भाद्र शुक्ल तृतीयाका दिन व्रत बसेका नारीहरू नृत्यका साथ गाइन्छ। नारी जीवनका मर्महरूको अभिव्यक्ति पाइने यस्ता गीत मन्दिरको प्राङ्गण र घर आँगनमा गाइन्छ। गीतमा बालविवाह, बहुविवाह र अनमेल विवाहले ल्याएको पीडा, परिवारका सदस्यहरूको माया, मोह, श्रद्धा, सहयोग, आस्था, विश्वास, व्यक्त भएको हुन्छ। कुनै कसैबाट भोगेका दुःख, वेदना र पीडा पनि गीतमा समेटिएको हुन्छ।

नारीहरूको इच्छा, आकाङ्क्षा, मनोदशाको वर्णन गीतमा हुन्छ। आजभोलि नारी जागरण र चेतनाको स्वरमात्र होइन विदेशी हस्तक्षेप, शोषण दमन, महँगी, विकृति, विसङ्गति, भ्रष्टाचार, कमिसन, अनियमितताको विरोधको स्वर पनि पाइन्छ। कहिलेकाहीँ तीज गीतमा अश्लील, उच्छृङ्खल र समाजमा नपच्ने खालका गीत पनि अभिव्यक्त भएको पाइन्छ।

### भैलो

यो कार्तिक शुक्ल प्रतिपदाका दिन नारीहरू भेला भई नाचसहित गीत गाउँछन्। कार्तिकको औंसीका दिन साँझपख घर आँगनमा झिलिमिली बत्ती बाली लक्ष्मी पूजा गरिन्छ। त्यसैको अवसरमा युवतीहरू भैलो खेल्दै गाउँ घर र सहर बजारमा गीत गाउँछन्। भैलिनीहरू गाउँ घर डुलेर गीत गाउँदा घरको वातावरण, परिवेश, प्रकृति चित्रण र घरका थकालीहरूको गुणगान गरिएको हुन्छ। घरभेटीको प्रशंसा गरेर आशीर्वचनसहित पैसा, मिठाइ, फलाहार माग्ने चलन छ। नाचगानमा पैसा या फलाहार ढिलो भएमा व्यङ्ग्य गरेर गीत गाउँछ भने चाँडै या पर्याप्त दिएमा गुणगान गरेर गीत गाइएको हुन्छ। आजभोलि भैलो गीतमा समय अनुकूल परिवेश मिलाएर गीत गाउने गरिएको पाइन्छ।

### द्यौसी (देउसी)

द्यौसी गीत कार्तिक कृष्ण परेवाको दिन र भाइटीकाको दिनमा गाइन्छ। लक्ष्मी पूजाको भोलिपल्ट साँझपख बत्ती बालेपछि गाउँ ठाउँका किशोर र प्रौढहरूसमेत गीत गाउँदै घर-घरमा पुग्छन्। देउसी खेल्ने देउसेहरू अन्यत्र जान या बिदा माग्न सोहीअनुसार गीत गाउने गर्छन्। भैलोमा जस्तै देउसीमा पनि एकजनाले गीत भट्याउँछ र अरुले सामूहिक स्वरमा द्यौसी रे भन्छन्। देउसीमा घरभेटीले इच्छा या क्षमताअनुसार रोटी, फलफुल, पैसा दिएपछि घर परिवारका सदस्यहरूको सुख, शान्त र कुनै कामको सफलताको कामना गर्दै गीतमार्फत बिदा मागिन्छ। भैलो गीत नारीहरूबीच गाइन्छ भने देउसी विशेष गरी पुरुषहरूबीच गाइन्छ।

### दाइँगीत/धाननाच

श्रमसम्बन्धी यो कर्मगीत कार्तिक/मङ्सिरतिर धान काटेर दाइँ गर्दा गाइने गीत हो। यसलाई कसैले दाइँ गीत र कसैले धाननाच पनि भनिन्छ। धाननाच विशेषगरी पूर्वी नेपालको लिम्बू क्षेत्र तेह्रथुम, मध्य र पूर्वी पहाडमा धान काटेर खलामा फिजारी गोरुले धान दाउने बेलामा गाइने गीतलाई दाइँगीत भनिन्छ। दाइँगीतमा खेत जोतेर अन्न उब्जाउने गोरुहरूप्रति आत्मीयताबारे भाव प्रकट गरिएको हुन्छ। यो धनकुटा, पाँचथर, ताप्लेजुङ र इलाममा नाचिन्छ।

धाननाच र दाइँ गीतमा धेरै मिले पनि दाइँ गीतमा नृत्यमिश्रित भएको पाइँदैन। दाइँगीत खलामा दयराले गाउने गीत हो। गोरुलाई धपाएर धान झार्ने परम्परा अहिले कम हुँदै गएको छ। दाइँ गीत लोप हुने त होइन भने चिन्ता छ।

### झ्याउरे गीत

झ्याउरे गीत विभिन्न ठाउँमा विभिन्न भाकामा गाएको पाइन्छ। मादलको तालमा गाइने झ्याउरे गीतको प्रचलन मध्य नेपालको पहाडी क्षेत्रमा रहेको छ। समाज र स्थानअनुसार गाइने झ्याउरे गीत लामो भाका र छोटो भाकामा एक्लै वा दोहोरीको रूपमा गाइन्छ। असारे, चुड्के र बाह्रमासे गीतहरू झ्याउरे लयमै हुन्छन्। यो गीतलाई नेपाली लोकगीतकै प्रतिनिधिको रूपमा लिइन्छ। यी गीतहरू वनपाखा, मेलापात, घाँस काट्न जाँदा वा उकाली-ओराली गर्दा, भञ्ज्याङ देउराली जहाँतहीँ परिश्रमका थकानबाट सुस्ताउन, मनोरञ्जन प्राप्त गर्न गाइन्छन्। यी गीतलाई बारमासे पनि भनिन्छ। झ्याउरे लोकगीतका साथ मादलको तालमा नाच्ने भएकोले यसलाई झ्याउरे नाच पनि भनिन्छ। बाह्रै महिना गाइने भए पनि विशेषगरी काममा जाँदा, कामबाट फर्कँदा, चाडबाड या अन्य फुर्सदमा गाइन्छ। झ्याउरे गीत र झ्याउरे नाच नेवार समुदायमा चलेको पाइन्छ। झ्याउरे नाच नेवार समुदायमा चाडपर्वको बेला अझ गाईजात्राको समयमा भएको देखिन्छ। भाषा, थेगो, फरक भए पनि देशको सबैजसो ठाउँमा यो गीत गाएको पाइन्छ।

### असारे गीत

असार या रोपाइँको बेलामा गाउने गीतलाई असारे गीत भनिन्छ। कतै कतै असारे गीतलाई रोपाइँ गीत पनि भनिन्छ। यो गीत रोपाइँ हुने स्थानमा सबैतिर गाइन्छ। रोपाइँ या असारे गीत गाउने चलन नेवार समुदायमा पनि छ। कहीँ कहीँ त रोपाइँ गर्दा पञ्चे बाजा बजाएर नाचगानसमेत हुन्छ। असारे गीतमा असार महिनाको वर्णन, रोपाइँको चित्रण, सामाजिक जीवन, बाटामा आउने यात्रु या किसान र ज्यामीहरूकै विषयमा घोचपेच गरेर गाइन्छ। रोपाइँमा आएका युवायुवतीहरू हाँसखेल, ठट्टा मस्करी गर्दै कहीँ कतै हिलो छ्यापाछ्याप गरेर रोपाइँ गर्छन् र गीत पनि गाउँछन्। छुपुछुपु धान रोप्दै गाउने गीत झ्याउरे लयमै आधारित छ। रोपाइँमा कोदालीले माटो सम्याउने बाउसे र धान रोप्ने रोपाहारहरूको सामूहिक स्वरमा गाइने यो गीत आज भोलि अधिकांश रोपाहाहरू नै गाउँछन्।

### होलि (फागु) गीत

शिशिर ऋतुको अन्त र वसन्त ऋतुको आगमनसँगै फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म होलि या फागु मनाइन्छ। यो पर्व नेपालको तराई क्षेत्र, काठमाडौं उपत्यका र नेवार समुदायको बस्ती भएका अन्य स्थानमा मनाइन्छ। त्यस्तै मध्य पहाडी क्षेत्रमा मगर र गुरुङहरूको समुदायमा पनि फागु खेलिन्छ। फागु या होलि गीत कहीँ नृत्यका साथ रङ्ग छरेर त कहीँ सडक, गल्ली, घर आँगन पुगी अबिर छरेर गीत गाइन्छ। यस समयमा गीत गाउँदै होलि खेलिन्छ। उल्लासपूर्ण वातावरणमा- खेलिने फागु या होलि रमाइलो चाड हो।

# काठमाडौंको वातावरणीय मुद्दा : संस्कृति, फोहोर व्यवस्थापनमा 'सेग्रीगेशन' र नागरिक दायित्व



मीरा राजभण्डारी अमात्य

घरेलु फोहोर व्यवस्थापन सहरी वा ग्रामीण दुवै क्षेत्र वा भूगोलको समस्या हो। सबै नागरिक, उद्योग व्यवसायलगायत सबै सरोकारवाला निकायहरू फोहोरको सम्भावित उत्पादनकर्ता र यस समस्याको योगदानकर्ता पनि हुन् ।

अहिलेको विश्व व्यापिकरणको युगमा वातावरण विषय गहन बन्दै गएको छ। विगतमा पनि वातारण वा पर्यावरणको विषय त्यतिकै महत्त्वपूर्ण थियो भन्न मिल्ने ठाउँ प्रसस्त छ। विगतलाई नियाल्दा बातावरणीय क्षेत्रमा बहसको इतिहास लिखित रूपमा पाँचहजार वर्ष पुरानो भएको पाइन्छ। वैदिक कालमा वेदका ऋचाहरूमा वातावरण र मानव सम्बन्ध र वातावरण सुरक्षा र स्वच्छताका लागि विभिन्न श्लोकहरूमा उल्लेखित छन्। 'वेद'ले वातावरण सन्तुलनको खास अर्थ सम्पूर्ण जीव र त्यसका वरीपरिका समस्त जैविक र अजैविक परिस्थिबीचको पूर्ण सामन्जस्य हो भनेको छ। पूर्ण सामन्जस्य भनेको के हो, र त्यसको महत्त्व के छ भन्ने विषयमा चारै वेदमा विस्तारपूर्वक वर्णित छ' (झा, २००४)। **'उतो स मह्यं इदुंभिः युक्तान षट् सेणिधत्'** अर्थात वायुमा जीवनदायी शक्ति छ। त्यसैले यसको स्वच्छता, वातावरणीय स्वच्छताको अनुकुलताका लागि आवश्यक छ। वेदहरूमा वायु वा हावाको स्तुतिगान गरिएका छन्, जसले जीव जगतको निरन्तर समान विकास भइरहोस् (उही)।

बौद्ध दर्शनमा मानिस र पृथ्वीका सबै तत्त्व, एक अर्काका परिपूरक रहेको हुँदा प्राकृतिक वातावरणका सबै अवयवहरू प्रति संवेदनशील हुनुपर्ने उल्लेख छ। वास्तवमा मानवमात्र त्यस्तो प्राणी हो जसलाई आफू मात्र प्रकृतिको महत्त्वपूर्ण जीवको रूपमा लिने गर्छन् र पृथिवीका अन्य अवयव वा प्राणी र जीव जन्तुका बारे खास गम्भीर देखिँदैन। हिजोका हाम्रा धर्म, संस्कृति, परम्पराले पृथ्वीका सबै अवयवको रक्षाका लागि खासखास नियम बनाएका र व्यवहारमा उतारेका थिए। नेवाः सभ्यतामा परेवालगायत चराचुरुंगीलाई धान मकै गहुँ लगायतका अन्नहरू खुवाउन गुथि जग्गाकै व्यवस्था गरेको र आयस्ताबाट पालैपालो चराहरूलाई अन्न र पानी राखिदिने परम्परा मानन्धर समुदायको एक गुथिमा देखेको थिएँ। अहिले धमाधम निजी गुथि जग्गासमेत रैकर गरेर बिक्री गर्ने परम्परा लागु २०४६ साल यता भएबाट र राज गुथिलगायतका अन्य गुथि जग्गा गुठी संस्थान ऐन अन्तर्गत नेपाल सरकारको मातहतमा सर्वाधिकार सुरक्षित गरिएपछि राजगुथि अन्तर्गतका हजारौँ रोपनी उब्जाउ जमीनहरू काठमाडौँ उपत्यका, पहाड र मधेशमा समेत गरी खासखास संस्कृति, मानवजन्य, प्रकृतिजन्य जल जमीन, जंगल र जीव जगतको व्यवस्थापन, सुरक्षण र संवर्द्धन र सोको दिगोपन र दिगो विकासकालागि कार्य सम्पादनहेतु राखिएका ती दत्त (सम्पत्ति वा कृति) पूर्णतः मासिँदै गएको अवस्था छ। यो अध्ययनको मुख्य पाटोका रूपमा आगामी दिनहरूमा विज्ञहरूले अगाडि बढाउने छन्, आशा गरौँ।

## वातावरण सन्तुलनमा मानव मनोविज्ञान र प्रथाजन्य कानुन र सोसँग सरोकार राख्ने संस्कृति

वातावरण स्वच्छता र मानव मनोविज्ञान कसरी एक अर्कामा जेलिएको छ त्यसको उदाहरण हो एउटा रोचक प्रसङ्ग। ललितपुरवासीहरूको एउटा प्रचलन रहेछ। विगतमा जब असार महिनामा पनि पानी पर्दैन र खडेरी पर्छ, ललितपुरवासीहरू धिमे बाजा बजाउँदै गोदावरी हुँदै फुलचोकी पुग्ने गरेको र त्यो गरे पछि पानी पर्ने गरेको विगतको सम्झना सुनाउनु हुन्छ ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन (गोदावरीमा एक भेटघाटमा भएको कुराकानीबाट)।

वातावरणीय सुरक्षाकलागि हाम्रा खासखास मानव सभ्यताले विगतमा विभिन्न सभ्यता अन्तर्गत वातावरण सुरक्षा र स्वच्छताका लागि विभिन्न प्रथाजन्य कानुन, चाडपर्व आदि इत्यादिको व्यवस्था गरिएको पाइन्छ। नेवाः: सभ्यतामा गुथि, नखचख (चाडपर्व) आदिको व्यवस्था अन्तर्गत वातावरण सन्तुलन, दिगो वातावरणीय सुरक्षा र वातावरण स्वच्छताका

लागि धर्म संस्कृतिको नाम दिएर सदियौँ देखि चलायमान रहेको छ। जस्तो सिथि नखमा तुँथी वा इनार, पुखु वा पोखरी, लोंह हिति वा ढुङ्गे धाराहरू सरसफाइ गर्ने हालसम्म पनि प्रचलन रहेको छ। किसान समुदायमा कम्पोष्ट मलहरू आफैले उत्पादन गरी कुहिने फोहोरहरूलाई व्यवस्थापन गर्ने प्रचलन अझै पनि रहेको छ। हिन्दु धर्म लगायतमा तुलसी रोप्ने, रुख रोप्ने, सत्बीउ छर्ने, श्राद्ध कर्म गरी प्रकृति तथा जीवलाई चलायमान गराउन पिण्ड तथा अन्य खाद्यलगायतका वस्तुहरू नदीमा विसर्जन गर्ने हाम्रो परम्परा अझै कायम छ। अझ विशेष भदौ महिना तिर जुनबेला नदीमा जलको बहाव तीव्र र निरन्तर रहने अवस्थामा नदी सम्पदा भित्र पाइने जलचर प्राणीका लागि रहेका आहारहरू बाढीका कारण बहने हुँदा जलचर प्राणीका लागि आहाराका रूपमा पिण्डलगायत बगाउने परम्परा सोह्र श्राद्धको परम्पराको रूपमा रहेको, थालेको ज्ञानी पण्डितहरू बताउँछन्। त्यस्तै मुस्लीम समुदायले कब्रिस्तानमा रुख रोप्ने, सफा सुग्घर राख्ने, किराँत समुदायले समाधि बनाउँदा सो समाधिमाथि रुख रोप्ने, वरीपरि सफा राख्ने लगायत नेवाः समुदायका कपालीहरूले समाधि मार्फत जमीन मुनि मानव शरीर अन्त्येष्टि गर्ने, वरिपरि रुख रोप्ने र सरसफाइ गर्ने संस्कार मार्फत वातारणीय सन्तुलन र वातावरणीय स्वच्छता कायम राख्ने गर्दै आएको छ। जापानको वातावरणीय दर्शनको विकासको आधारस्तम्भ त्यहाँको संस्कृतिको रहेको 'दी क्रुशियल रोल अफ कल्चर इन जापानीज इन्भारोमेन्टल फिलोसफि' मा मिदोरी कागुवा फक्सले लेखेका छन्।

काठमाडौँ उपत्यकाका विभिन्न पोखरीहरू लगायत भक्तपुरका विभिन्न स्थानमा रहेका सिद्ध पोखरी, भाजु पोखरी (हालै पुनः निर्माण), लानी पोखरी (रानी पोखरी हाल भक्तपुर नगरपालिका र स्थानीय नागरिकको पहलमा फिर्ता लिने अभियानले निरन्तरता लिइ रहेको) लगायत ३३ पोखरीहरू विभिन्न सांस्कृतिक प्रयोजन हेतु भित्री रूपमा वातावरण सुरक्षाका लागि बनाइएका हुन् भन्न मिल्छ। भक्तपुरका सबै जसो नेवाःसमुदायका 'देवाली' वा द्युः पूजा वा देः पुजामा ती पोखरी र सँगै रहेको खुला चौर मैदान (विगतदेखि सैनिक स्कुलको सुरक्षणमा रहेको)मा सबै तेह्र दिने दाजुभाइ भेला भई कुलायन पूजा अर्चना हुँदै आएको परम्परा यावत कायम छ।

काठमाडौँका हकमा दशरथ रंगशाला सँगै रहेको मध्यभागको टुँडीखेल वा तिंख्य वा तुना वनिगु ख्यः भित्र हाल सैनिक क्षेत्र रहेको स्थानमा स्थानीय नेवाः हरूको कुलायन पूजा अन्तर्गतका देवस्थान रहेको काठमाडौँ महानगरपालिकाका जेष्ठ नागरिकहरू बताउँछन्। माओवादी द्वन्द्वकाल पछि राष्ट्रिय सुरक्षाको कारण देखाई सैनिक निकायले सो देवस्थल मात्र होइन भद्रकालीदेखि दक्षिणपूर्वमा रहेको भद्रकाली माईतघर सम्म छिचोल्ने बाटो समेत बन्द गरेको गुनासो स्थानीय नागरिकहरूको छ।

## महानगरपालिका र वातावरणीय प्रदूषणका खास मुद्दाहरू तथा "सेग्रीगेशन" अर्थात फोहोर पृथकिकरण

काठमाडौँ महानगरपालिकाको खास वातावरणीय समस्या वा वातावरण प्रदूषणका खासखास मुद्दाहरूमा वायुको गुणस्तर तथा ट्राफिक व्यवस्थापन, बस्तीको ढाँचा, फोहोर व्यवस्थापन र प्राकृतिक प्रकोप पूर्व तयारी, भूकम्प र भूक्षय रहेको छ। यहाँ खासगरी काठमाडौँको प्राकृतिक वातावरणमा मानव बाँच्नकालागि आवश्यक सरसफाइ वा स्वच्छ वातावरण अन्तर्गतका खास समस्या र मुद्दामा यो लेख केन्द्रित छ।

जीवनयापन, प्रशासनिक कार्य, व्यापार व्यवसाय र नयाँ नयाँ सम्भावित अवसरका लागि काठमाडौँमा बसाइँ सराई तथा आवत जावतलगायतका मानवीय कार्य भई रहनु सहरी संस्कार नै हो पनि। स्थानीय जनसङ्ख्या, बसाँसराई र अस्थायी जनसङ्ख्याको योगफललगायतले काठमाडौँको जनसङ्ख्या निकै बढ्दो छ। तर बढ्दो जनसङ्ख्याको आधारमा सीमित कर्मचारी र बजेटको संयोजनले काठमाडौँको फोहोरमैला व्यवस्थापनमा बल नपुग्ने यथार्थ सरोकारवाला कर्मचारीहरू बताउँछन्। भएकै बजेटमा काम गरी रहँदा पनि फोहोरमैला व्यवस्थापनमा नागरिकको खास सहयोगसमेत नभएको र त्यसको कारण नागरिक सचेतनामा कमी भएको पनि उनीहरूको गुनासो छ। शंकरदेव क्याम्पसका प्रोफेसर डाक्टर ध्रुवराज पोखरेलको भनाइ छ 'नेपालमा वातावरण नीति तथा कानुनका लागि गरीब होइन र छैन, बरु वातावरण व्यवस्थापनमा धेरै कमजोरी छन्।'

## के हो "सेग्रिगेशन" वा फोहोर वर्गीकरण वा फोहोर पृथकिकरण ?

तपाईका घर, पसल, होटल, रेष्टुरेण्ट वा कुनै पनि व्यवसायबाट सङ्कलित फोहोर कुहिने र नकुहिने फोहोर छुट्याउने, सो लगायत बिक्री गर्न मिल्ने, पुनः प्रयोग हुने, नहुने, तरल र ठोस फोहोरलाई छुट्याउने प्रक्रिया नै सेग्रिगेशन वा फोहोर पृथकिकरण वा फोहोर वर्गीकरण हो। यसलाई यसरी पनि परिभाषित गर्न सकिन्छ - घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य सेवा सम्बन्धी फोहोरमैला, हानिकारक फोहोरमैला, मलखाद योग्य सड्ने मैला, रछाने फोहोरमैला आदि गरी छुट्याउने

कार्य नै फोहोर वर्गीकरण वा पृथकिकरण हो । थप रेष्टुरेन्ट, गार्मेन्ट, उद्योग, कलकारखाना, हस्पिटल, बसोबास गर्ने घरबाट उत्सर्जित हुने फोहोरलाई स्रोतमानै नियन्त्रण गर्ने, कुहिने फोहोरलाई मलखादका रूपमा विर्सजन गर्ने, प्लाष्टिकजन्य, फलाम, सिसा, आदिलाई छुट्याएर बिक्री गर्ने आदि गरेमा केही मात्रामा आय आर्जन हुन्छ ।

काठमाडौँ महानगरपालिकामा उत्र्सजन हुने फोहोरको परिमाणमा जैविक ७०.८७ प्रतिशत, प्लास्टिक ९.१८ प्रतिशत, कागज वा पेपर ८.५१ प्रतिशत, रबर ०.५४, कपडा वस्त्र ३.०२, धातु ०.९२, सिसा काँच २.०९, छाला ०.१२, र काम नलाग्ने निष्क्रिय ४.३३ प्रतिशत रहेको छ । फोहोरमैला व्यवस्थापनमा नागरिकको समेत कर्तव्य रहेकोले आफ्नो घरघरबाट उत्र्सजन वा उत्पादन हुने फोहोरलाई नियन्त्रण तथा व्यवस्थापन गरेमा महानगरपालिकाले व्यवस्थापन गर्दै आएको फोहोरको प्रतिशतमा कमी आउने हुन्छ ।

महानगरपालिकाले तय गरेको घरको भान्छाबाट फोहोर वर्गीकरण गर्ने प्रणाली अन्तर्गत फोहोरमैला व्यवस्थापन गर्नका लागि नागरिकले पालना गर्नुपर्ने जिम्मेवारी अन्तर्गत बीस बुँदे जिम्मेवारी किटानी गरेको छ । महानगरपालिकाले परिभाषित गरेको फोहोर मैला पृथकिकरणमा फोहोरमैला व्यवस्थापन गर्नका लागि नागरिकले पालन गर्नुपर्ने जिम्मेवारी, केवल जिम्मेवारी मात्र नभई स्वच्छ र स्वस्थ काठमाडौँ निमार्णको लागि महानगरपालिकाको अभियानप्रति एक सचेत नागरिकको कर्तव्य पनि हो ।

## काठमाडौँ महानगरपालिका र स्वच्छ वातावरणका एकसय दुई वर्षको अभियान र नागरिक दायित्व विगत र वर्तमान

विगतमा तत्कालीन नगर प्रशासनको कार्य र फोहोरमैला व्यवस्थापन गरी काठमाडौँ सहरलाई सफा र स्वच्छ राख्ने जिम्मेवारी पाएको 'सफाइ अड्डा' अन्तर्गत विष्णुमतिस्थित कार्यालयमा दुई जाँचकी र ५५ कर्मचारीसहितको टोलीबाट शुरु भएको हालको काठमाडौँ महानगरपालिका नै एक मात्र जिम्मेवार निकाय हो फोहोर मैला व्यवस्थापनका लागि । विक्रम संवत् १०७६ (१९१९ इस्वि सवत्) देखि निरन्तर एकसय दुई वर्षको काठमाडौँको सरसफाइमा केन्द्रित 'सफाइ अड्डा' अहिले काठमाडौँ महानगरपालिकाको आधुनिक स्वरूपसम्म आइपुग्दाको दशकहरूमा विगतका तुलनामा क्रमशः फोहोर व्यवस्थापनमा फरकफरक चुनौतीको सामना गरिरहनु परेको छ ।

महानगरपालिकाकै एक प्रतिवेदनअनुसार पनि प्रति व्यक्ति तीन सय ग्राम फोहोर उत्पादन हुने काठमाडौँको वास्तविकताले पुष्टि गर्छ । प्रति दिन दैनिक १०४५ मेट्रिक टन फोहोर व्यवस्थापन गर्दै आएको महानगरपालिकाको फोहोर काठमाडौँ उपत्यकाको तीन सहरबाट निक्लने फोहोरको आकडामा प्रतिशतको हिसावले पचास प्रतिशत हुन आउँछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य, अधिकार दफा ११ (झ) को आधारभूत सरसफाइको (६) मा सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन, (७) मा स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विर्सजन र सोको सेवा शुल्क निर्धारण र नियमन तथा (१०) मा सरसफाइ तथा स्वास्थ्य क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी, भागीदारी आदि व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारको रहेको छ ।

माथि उल्लेखित तिनै अधिकार क्षेत्र र दायित्व अन्तर्गतका उद्येश्य प्राप्तिका लागि 'स्वस्थ वातावरण सहितको सुन्दर : हाम्रो काठमाडौँ'को नारालाई किनारा लगाउन 'क्लीन द सिटी' अभियानलाई कार्यक्रमको रूपमा सञ्चालन गरी सहरलाई प्रदूषणमुक्त सफा सहर बनाइने नीति अवलम्बन गरिनेछ' भन्ने प्रतिवद्धतालाई कार्यान्वयनका दायरामा ल्याउनकालागि महानगरपालिकाबाट प्रकाशित स्थानीय राजपत्र भाग एक आर्थिक वर्ष २०७४/०७५ को नीति तथा कार्यक्रम अन्तर्गत 'सूचना तथा सञ्चार, सु-सूचित हुन पाउनु हाम्रो अधिकार' मातहतको नीति स्मार्ट सिटीको रूपमा रूपान्तरण गर्न आवश्यक पूर्वाधारका लागि 'फोहोरमैलालाई उत्सर्जन स्थल अर्थात घरमा नै व्यवस्थापन गर्न तथा जनस्वास्थ्यलाई सकारात्मक प्रभाव पार्न तथा समुदायमा सहयोगी तथा सामुहिकता विकास गर्न कौसी खेतीका लागि प्रोत्साहन दिइनेछ'लगायतका बीस बुँदे नीति तथा कार्यक्रम काठमाडौँ महानगरपालिकाले गरेको छ ।

## दायित्व नागरिकको : "समृद्ध, सुरक्षित र जीवन्त सहर, स्वच्छ र सुन्दर, काठमाडौँ" महानगरपालिकाको अभियान, हस्तेमा हैसे किन नगर्ने ?

कुहिने फोहोर, सिसा कागजजन्य, प्लास्टिक र पछिल्लो समयमा कम्प्युटर, ल्यापटप, ब्याट्रीजन्य पदार्थ जथाभावि अव्यवस्थित रूपमा फालिदिँदा कति कर्मचारी घाइते भई महिनौँसम्म काममा उपस्थित हुन नसकेका कैयौँ उदाहरण छन्, सफाइकर्मी बाबुराजा देउलासँग । हाल अवकास प्राप्त देउलाकै भनाइमा 'नागरिकमा खाली नगरपालिकाले फोहोर समयमा नउठाएको गुनासो मात्र छ, तर कति मात्राको फोहोर

त घर भित्रै व्यवस्थापन गर्न सकिन्छ भन्ने चेतना भने कम छ। सिसाजन्य, कागजजन्य, कडा प्लास्टिक, कपडाहरू, फलामका टुक्रा, ब्याट्रीहरू बेच्न, पुनः प्रयोग गर्न मिल्छ नि, तर खोई एकै ठाममा मिसाइदिन्छन्, कहिले हात काटिन्छ कहिले जुत्तै लगाएको भए पनि खुट्टा काटिन्छ।' वास्तवमा डाक्टर पोखरेलको भनाइसँग मेल खाने अवस्था भनेको काठमाडौँ महानगरपालिकाको खास समस्या फोहोर व्यवस्थापन नै हो। काठमाडौँ महानगरपालिका एक मात्र जिम्मेवार निकाय भएकै कारण महानगरपालिका ले नै आगामी दिनमा नागरिक सचेतनामार्फत स्वच्छ वातावरणका लागि आवश्यक ठोस नीति निर्माण गर्न र कार्यान्वयनको दायरामा ल्याउन आवश्यक छ।

विगतमा मानवीय र जीव जन्तुलगायत वातारणका सबै अवयवको अस्तित्वलाई कायम राख्न निरन्तरता दिन गुथि र पारिवारिक संस्कार अन्तर्गत प्रथाजन्य विधि विधानको व्यवस्था गरिएता पनि हाल आधुनिक परिवेशमा नेपालका विभिन्न क्षेत्र लगायत विशेषगरी काठमाडौँ उपत्यकालगायत काठमाडौँ महानगरपालिकाको स्वच्छ र स्वस्थ वातावरणका लागि बनाइएका जति पनि नीतिहरू छन् ती नीतिहरू बारे आम नागरिकको सचेतनाको स्तर क्रमशः खस्कंदो छ। प्राकृतिक वातावरण भनेको के हो, काठमाडौँ उपत्यकाका वातावरणीय मुद्दाहरू केके हुन्, फोहोरमैला व्यवस्थापन अन्तर्गत 'सेग्रीगेशन' अर्थात कुहिने र नकुहिने, रिसाइकल अर्थात पुनः प्रयोग हुन सक्ने, बिक्री गरी आय आर्जन गर्न सकिने 'फोहोरबाट मोहर' भन्ने सचेतना आम नागरिकमा खास नभएको काठमाडौँ महानगरपालिकाका वडा नं. बाइसका अध्यक्ष चिनियाकाजी महर्जनको भनाइ रहेको छ। महजन भन्नुहुन्छ 'हुनत नागरिक सचेतनाकलागि हामीले खास काम गर्न सकिरहेका छैनौँ, मुख्य समस्या भनेको फोहोर गर्ने बढी र सफा गर्नेहरू कम भएका कारण काठमाडौँमा जहिले पनि फोहोरमैलाको व्यवस्थापन समस्याकै रूपमा रहँदै आएको छ। सीमित बजेटमा चल्नु पर्ने वडा र महानगरपालिकाले अहिले गर्ने खास काम भनेको मात्र फोहोर सङ्कलन मात्र हो, फोहोरबाट मोहर निकाल्ने कामका लागि महानगरपालिकाले योजना त बनाइ रहेको छ, तर अहिले अध्ययनकै क्रममा रहेको छ। हालकै अवस्थामा पनि कम्तीमा कौसी खेती र कम्पोष्ट मल बनाउनका लागि मल बनाउने भाँडो सुलभ मोलमा दिलाएर पनि केही हदसम्म कुहिने फोहोरलाई घरमै व्यवस्थापन गर्न सहजीकरण गरेको छ। राज्यको काममा मिडियाले सहयोग गरे त हुने हो। आम नागरिकको फोहोरमैला व्यवस्थापन बारे सचेतना दिन पत्रकारिताको सहयोगको खाँचो छ,' महर्जनको ठम्याइ र आग्रह छ।

## निस्कर्ष

स्वच्छ र स्वस्थ वातावरणको अभ्यास गर्न पाउनु संविधान प्रदत्त मानव अधिकार त हो नै साथमा मानवअधिकार र भावि पुस्ता पुस्तान्तरणका लागि हराभरा र स्वच्छ प्राकृतिक वातावरणको दिगोपनाका लागि वर्तमान पुस्ताको अत्यन्त खाँचो राज्य व्यवस्थालाई छ। हालैको जनगणना २०७८ ले १४ लाख एकहत्तर हजार आठ सय सट्सठी (१४७१८६७) जनसङ्ख्या रहेको जनाएको काठमाडौँको ट्राफिक फ्लो काठमाडौँ उपत्यकाको तीन सहरमा अन्यको तुलनामा तीव्र छ। काठमाडौँ उपत्यकामा दैनिक उर्त्सजन वा उत्पादन हुने १०४५ मेट्रिक टन फोहोरको व्यस्थापन गर्ने काम त्यति सहज होइन। गोकर्ण, ओखर पौवा हुँदै हालका दिनमा सिसडोल र भविष्यमा हुने भनिएको सिसडोल ल्याण्डफिल साइटबाट बन्चरेसम्मको दूरी तयका कठिनाइहरूमा यदि नागरिकले नै फोहोर व्वस्थापनबाट अझ घरैबाट सानो सहयोग र कर्तव्य दायित्व निर्वाह गरी दिए राज्य सरकारको नयाँ नेपाल पुनः निमार्णामा एक इँटा थप हुन्थ्यो कि ?

(लेखक नेपालको वातावरण र पत्रकारिता विषयक पिएचडीका विद्यार्थी हुनुहुन्छ।)


# हार्दिक समवेदना



**स्व. लक्ष्मीनारायण सुवाल**

**जन्म : २०३५ असोज १२ | निधन : २०७९ साउन २३**

भक्तपुर नगरपालिकामा कार्यालय सहयोगीको रूपमा कार्यरत कर्तव्यनिष्ठ एवं इमानदार कर्मचारी **लक्ष्मीनारायण सुवाल**को असामयिक निधनमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**भक्तपुर नगरपालिका परिवार**

# सांस्कृतिक सम्पदा समग्रता जीवनका



तेजेश्वरबाबु ग्वंग

भक्तपुर नगरपालिकाले भक्तपुरलाई सांस्कृतिक नगर स्वीकारेको छ। जनमनका चाहनाअनुसार 'भक्तपुरका आमनागरिकका ढुकढुकी अनुरूपका ध्याउना बुझेर' कतिपय खेमामा लिच्छविकालीन चाँगुनारायण मन्दिर, मूर्ति, चोक आँगन, अनन्य प्रतिमा, मूर्ति विद्यमान छन्। चाँगुनारायणको संस्कृत वाङ्मयमा चम्पक नारायण 'चम्पकको तदर्थ शब्द चाँपको घारी' मल्लकाल नेवारवंशीय थिए, 'नेपाल भाषा नेवाल जातीय भाषा' नेपाल भाषामा र-ल अक्षर ध्वनि विज्ञानअनुरूप समानान्तर उच्चारण हुने, गरिने भाषिक लवज रहेका छन्। प्राचीन अवस्थामा कुँडिएका शिलापत्रहरूमा तदरार्थमा कतै र कतै ल अभिलिखित छन्। यसैगरी भक्तपुरको नाम खोप्रिङ थियो। गोपाल वंशावलीअनुसार ज्ञात हुन्छ। हाम्रो अहिलेको सरोकार भक्तपुर नगरपालिकाद्वारा चलाएको गुन्हीपुन्ही चाडपर्वमा प्रदर्शित नृत्य, नाच आदि हुन्।

सा-गाई, पारु-परेवा तिथि। परेवा तिथिमा मल्लकालदेखि नै गुन्ही पुनि चाड प्रारम्भ हुने मानिआएको छ। निरन्तर अध्यावधिक छ यो। यसलाई नैरन्तर्य भनिन्छ। अन्तर्य नै जसको जनजनका रगत नलीमा भिजिएको छ। पुस्तान पुस्तामा स्वतः स्फूर्त आफै फक्रने प्रक्रियारत। यो बौद्धिक, सांस्कृतिक अनुरागरत चेतनतरतत्व। गाईजात्रा पर्वको सिलसिलामा नेपालका आदिवासी नेवारका वंशज सांस्कृतिक सम्पदा बनेको छ। परन्तु यसको मोहक मह सबै नेपाली र विश्वजनमा नि महकिन नसक्ने होइन। हामी आफैमा अनुभूतिका महक महकिँदो छ। भविष्य महकिनु आफैमा उजेलिनु। विश्वस्तता सकारात्मक पहिचान बुद्धत्वको अनुराग। अनुराग जीवनतत्वको सार्थक परिचय। सकारात्मक सोच मार्ग जीवनकै नैरन्तर्य ठाने मानेर जीवनायु टन्काइरैछु। टन्क्याइयो उपहार जीवनवृत्तभरि फनफनिँदै सांस्कृतिक अनुरागी चेतनापुञ्जहरूमा।

सापारू/गाईजात्रा पर्वका पौराणिक धारणामा दिवंगत आत्माका संस्मरणमा नगर परिक्रमा गर्ने। नेपालका राजधानी उपत्यकाका जिल्लाहरूमा आ-आफ्नै पारामा झाँकी बनाई नगर परिक्रमा गर्ने गराउने प्रथा छ। परम्परागत संस्कार-संस्कृति-सम्पदा- यो। युग परिवर्तन भएको छ। संस्कार संस्कृति क्रमिक तवरले प्रत्यावर्तन हुन थालेको सबैले अनुभूत गर्दैछौं। यस परिप्रेक्ष्यमा मनन् गर्दा दिवंगत आत्माको वार्षिक मृत्युगणना पद्धति त्यस प्राचीन अवस्थामा प्रचलित रहेको तपका उजागर हुँदो पाइन्छ। खोज, अनुसन्धानका अनेक पहल प्रकरण हुन सक्दो सोच यो। एकै कुराको अनेकार्थी तप्का हुन सक्छन्। उलटपुलट गरी हेर्नु त खोजिनीतिका प्रकरण हुँदो हो। मनको धोका समाज समक्ष राख्नु जनमनलाई सम्मान ठान्छु।

भादगाउँ टेलिभिजन चयानलले सापारु/गाईजात्रापछि साँझपख स्थानीय परम्परागत सांस्कृतिक नाचगान, बाजागाजा एक घण्टा लगातार छायाँकन गरी प्रस्तुत गरेको थियो। भादगाउँ दूरदर्शन यन्त्रको सौजन्य महान् लाग्यो। चाहेर पनि शारीरिक अशक्ततावश निष्ठाछैँ, निष्ठा घरमै जकड्नु परेको मजस्तो निरीहहरूका लागि जान्ने सिक्ने अनुपम अवसर बन्यो। यस्ता स्थानीय सांस्कृतिक



सम्पदामूलक गतिविधि अचुक आनन्दका अजश्र स्रोत बन्दो रहेछ ।

दूरदर्शनयन्त्र साधन मात्र मनोरञ्जनका मूल होइन । यसको सदुपयोगबाट स्वास्थ्यवर्द्धक मनोचिकित्सा मूलो नै बन्दछ । यसबाट लाभहानि प्रयोगकर्ताकै हातका चुट्किलो बन्दोरैछ । अनुभूति लिँदै ज्ञान आर्जिरैछु । ज्ञानका स्रोत अजस्र रहेछ । जीवनका हरपल मोडमा उत्तिकै टपटपी रहेकै हुँदो पाइरहेछु । कति मिठास भरेको यो जीवन्त अनुभूति वाहवाह जप्छु । यस्तै समसामयिक मौसमी सांस्कृतिक जीवन सम्पदाको अन्तरङ विश्लेषण गर्दै गुजारा गर्दैमा आनन्दित छु । शुभेच्छा सद्भावुक महानुभाव वृन्दकै ।

सापारु पर्वको साँझपखै नगरपालिकाले मूल्याङ्कन गरे गराइएका विविध मौलिक सांस्कृतिक संस्कारमूलक सम्पदा पुञ्ज रोचक लाग्यो औधि । भादगाउँ दूरदर्शनका व्यवस्थाभित्र तुलसी त्वायनाजूले बताए । त्यो त २०६१ सालको मूल्याङ्कन अभियान । निरन्तर निरबछिन्न प्रयासले सफल र सुदृढ हुँदो रहेछ । लगनशील प्रयासले सुदृढ अभियान भरिँदो रहेछ । सुदृढ अभियानले सार्थक प्रयास हासिल हुँदो रहेछ । आफैंले आफूसित सम्वेदना पोख्दै गरेँ आफैले । मनको ढुकढुकी छामिरहेछु । सम्पदा सुदृढीकरण निमित्त कोरा नारा होइन, दृढसंकल्प चाहिँदो रहेछ । राजनीतिले आम नरनारी, युवकयुवतीलाई नाराका आवेग भर्न लाउने मन्त्र दिँदारहेछ । सांस्कृतिक अभियानले सुदृढ संकल्पसहितको कर्मठ सीपमूलक कर्तव्यनिष्ठता भरणपोषण गर्दोरहेछ । जन्मदाता माटोको महिमासित गाइरहेछु ।

## ख्याक नृत्य/ख्याग्वारा प्याखं

ख्याक नृत्यको मूलस्वरूप हो, एक जोडी ख्याक भाले पोथी नाच्ने । दुई ख्याक एकापसमा आकर्षण गर्दै, हुँदै घुम्दै फिर्दै टहल्छन् । दुई ख्याक टहल्दा टहल्दै तातिन्छन् । तातिनुको तात्पर्य यौनायपूर्ण गतिविधिजन्य हुन्छ । यसको लाक्षणिक अर्थ सङ्केत हुन्छ । लक्षणले मात्र बुझ्नुपर्ने अर्थ विन्यास मूल मन्त्र भाव बन्छ । दीक्षा मन्त्र साधना गर्ने साधक बुझ्छन् । प्रत्येक क्रियाकलापका साधकहरू यसलाई गोप्य ठान्छन् । बजाउने प्रत्येक अङ्ग एकाइका साझा सम्पदा संस्कारै हो यो । बाजागाजाका साथ साधनाका साधन प्रयोग प्राविधिक पक्ष हुन् । यान्त्रीकरण र विकसित समुदाय र मुलुकमा आर्थिक आर्जनका आधार खडा गरिएका हुन्छन् ।

हाम्राजस्ता उदार चरित्रभाव स्वभावका मुलुकमा धर्म धारणमा, समाज कल्याणका धारणामा, समाज सेवाका धारणामा आस्था धर्म ठामिमानी हुन्छन्, हुने गर्छन् । भलै यस घडी भक्तपुर नगरपालिकाले यस कर्मयोगलाई नागरिक दायित्व बहन गर्ने कर्तव्य निष्ठाभाव राखेको छ । सांस्कृतिक गतिविधिहरूको सामूहिक मूल्याङ्कन समितिका विज्ञबाट समुदायको लेखाजोखा गराई सार्वजनिक सराहना प्रोत्साहन गर्दै आएको छ । यसले स्थानीय परम्परागत सांस्कृतिक सम्पदाको दीर्घकालीन उज्यालो भविष्य निर्माण गर्दो हुन्छन् ।

## कँलाली प्याखं

कँलाली एक प्रकारको पूजा सरजाम सँगालेर राख्ने भाँडो । बाँसका स-साना कप्टेराहरू चिरेर रंग्याइन्छन् । रातो, गुलाबी, हरियो, नीलो आदि रंगमा डुबाइन्छ । ती रंगीन कप्टेराहरू सुकेपछि सीपवान नरनारी, युवकयुवती मिलेर कँलाली बुन्छन् । स-साना दुई कँलाली एक अलि मोटो कप्टेराले गाँसिन्छन् । एक युवती निहुरेर कहिले दाहिने कहिले बायाँ कँलाली चलाउँदै नाच्छन् । निहुरिँदै कँलाली चलाउँदै गर्दा रोचक लयमा विशिष्ट लवदार गाना बजाना हुन्छन् ।

गान बजान बाजा टोलीले गर्छन् । गतिबोल रौनक मजेदार हुन्छन् । नाचगानको अन्त्यमा मिठासपूर्ण बोलमा बिदाबारी माग्दै अनुमति चहार्छन् । यसरी सांस्कृतिक शिष्टाचार प्रदर्शन गर्ने गर्दछन् । गीतकै लयदार बोल फुटाउँछन् । यसरी 'वानेमानी तापालय् थेंका बिदा विउहुने जिमित...' जानुपर्छ/लाग्नुपर्छ । टाढा टाढा बिदा दिनु हुनेछ हामीलाई...।

## कवं । चुंपाक-नरकंकाल नाच

कवं । चुंपाक नाच दुई रहस्यमय मकुट नाचमा हुने गरेको छ । लाखेनाच र देवीनाचमा । कवं । चुंपाक लाखेनाचमा एक । देवी नाचमा दुई । लाखे नाचमा कवंको भूमिका लाखेलाई जिस्काई समाज समुदायबाट घनघोर जंगलतर्फ धपाउनु भगाउनु उद्देश्यमूलक छ । देवी भगवती नाचमा देवीकै सेवक सेविकाको भूमिका निर्वाहका रूपमा । दुई भिन्न भूमिका निर्वाह गर्दाको कवंचाको चाल गति फरकफरक हुन्छ ।

गम्भीर ध्यान चिन्तन मग्न अवलोकन अपेक्षित हुन्छ । तन्त्र साधनामा दीक्षित वर्ग, समुदाय यसलाई ध्यान भन्छन् । ध्यानावस्थामा रहन अवलोकन एकाग्र एकचित्त ध्यान मग्न रहनु अपरिहार्य हुन्छ, छ नै । परापूर्वकालीन परम्परागत मकुण्डे नाच अर्थहीन होइन, हामीले अर्थ लगाउन नसक्नु देख्छु, बुझ्छु । नाच्न नजान्ने आँगन टेढो, मंगले मंगले आफ्नै ढङ्गले पुर्खाको शक्ति अनमोल छ । मूल्यवान् छ ।

(अन्नपूर्णपोस्ट, भाद्र ५)

## तस्बिरमा केही गतिविधि




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा ख्वप मा.वि.मा कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम । (भदौ ३ गते)




भक्तपुर नपाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ र आई.ई.ई.ई. पी.ई.एस. को संयुक्त आयोजनामा 'समाजको दिगो विकासको लागि ऊर्जाको भूमिका' विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन । (साउन २३ गते)

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिद्वारा भक्तपुर फुटबल क्लबले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) द्वारा आयोजना गरिने 'सी' डिभिजन लिगको लागि खेलाडी छनौट कार्यक्रम निरीक्षण तथा अवलोकन । (भदौ १० गते)



पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा भक्तपुर नपाबाट सञ्चालन गर्न तयारी गरेको कानुनतर्फ स्नातक अध्यापनको लागि 'ख्वप कलेज अफ ल' को अनुमतिको लागि सम्भाव्यता अध्ययन भ्रमण टोलीबीच छलफल । (भदौ ७ गते)

## तस्बिरमा केही गतिविधि



भक्तपुर नपामा जनप्रतिनिधिको सय दिनको कार्यक्रममा वडा नं. ५ स्थित भीमसेन सत्तल निजी गुथिका सञ्चालक गणेशमान बिजुक्छेँका माहिला छोरा प्रयागमान बिजुक्छेँमार्फत नगर प्रमुख सुनिल प्रजापतिलाई भीमसेन सत्तल हस्तान्तरण । (भदौ ११ गते)



भक्तपुर नपाका उपप्रमुख रजनी जोशीद्वारा ख्वप अस्पतालको निरीक्षण तथा अवलोकन । (भदौ ५ गते)

## तस्बिरमा केही गतिविधि




भक्तपुर नपालाई हस्तान्तरण गरिएको सुकुलढोकास्थित भीमसेन सत्तल



भक्तपुर नपालाई हस्तान्तरण गरिएको नवदुर्गा आगंछेँ

(साभार : पुरुषोत्तमलोचन श्रेष्ठको 'भक्तपुर नवदुर्गाको गण')

# घर भत्केको पीडितलाई क्षतिपूर्ति नदिनु भनेको निकै अन्याय हो

**कुशल**

एका बिहानै मोवाइलमा घण्टी बजिरह्यो । म सुतिरहको थिएँ । बाहिर भर्खर उज्याल हुँदै थियो । आफू ढिला सुत्ने र ढिला उठ्ने बानीले गर्दा एका बिहानै मोवाइल बजेकोले निद्रा खुलिहाल्यो । मोवाइलमा अपरिचित कल भएकोले मैले फोन साइलेन्टमा राखि फेरि सुतें । मलाई निद्रा पुगेकै थिएन । दश मिनेट पछि घरको ढोका ढकढक गरेको आवाज आयो । मैले अनुमान लगाएँ कि पक्कै अघि फोन नउठाएकोले मानिस घरमै आएका होलान् । म ढोका खोल्न गएँ । एक जना भाइ र बहिनी मलाई भेट्न आएको रहेछ । बहिनीलाई म राम्ररीनै चिन्थें । उनी मेरो पहिलाको अनुशासित विद्यार्थी थिइन् । मैले के भयो भाइ भनी प्रश्न गरें । उनीहरूको अनुहार निन्याउरो र अँध्यारो देखिन्थ्यो । भाइले आफ्नो घर राति दुई बजेतिर छिमेकीले जग हाल्न खनेको खाडल नपुरेकोले गर्दा अचानक भत्किएको र आमा घर भत्किएर पुरिएकोले हाल भक्तपुर अस्पतालमा उपचार गरिरहेको बताए । साथै तत्काल घर निरीक्षणको लागि आउन अनुरोध गरे । मैले मुख धोई तत्कालै आउने बताएँ ।

केही बेरपछि टोलका मानिसहरूको फोन आउन थाल्यो । साथीहरूले घर भत्किएको र मान्छे अस्पतालमा उपचार भइरहकोले वडाले हेर्नुपर्ने जानकारी दिए । म तत्कालै चिया नै नखाई घटनास्थल पुगें ।

म घटनास्थल पुग्दा मानिसहरू जम्मा भइसकेका थिए । राति नै प्रहरी आएर घरका एक जना आईमाईलाई भक्तपुर अस्पताल पुऱ्याएको रहेछ । मैले घटनास्थल निरीक्षण गरें । मानिसहरूको भनाइहरू पनि सुनें । साथै तत्कालै भक्तपुर अस्पताल गएर घाइते आईमाईलाई पनि भेटें । उनी त्यति सिरियस नभएकोले मनमा अलि सन्तोष पनि भयो । मैले साथीभाइसँग सल्लाह गरेर तुरुन्तै दश बजे वडा कार्यालयमा सरोकारवाला सबैलाई बैठकमा आउन अनुरोध गरें । साथै सबै जनप्रतिनिधि र टोलका गन्यमान्यजनलाई कल गरेर बैठकमा आउन अनुरोध गरें र खाना खानको लागि घरमा आएँ । त्यतिबेलासम्म बिहानको नौ बजिसकेको थियो ।

वडाको बैठक हल खचाखच भरिएको थियो । हलको क्षमताभन्दा बढि मानिसको भीड देखिन्थ्यो । कति मानिसहरू हलको भुइँमा बसे । मैले सबैलाई नमस्कार गर्दै बैठक शुरु गरें । आफूले केही पनि भूमिका नबाँधी सबभन्दा पहिले पीडित घरको मानिसलाई घटनाबारे जानकारी दिन अनुरोध गरें । त्यसपछि बिहान मलाई भेट्न आउने पीडित भाइले भने, 'मेरो पश्चिमपट्टिको छिमेकीले हिजो पिलरको हात्ती पाइला राख्नको लागि जग खनेको रहेछ । हामीलाई केही पनि जानकारी थिएन । जग अलि बढि खनेको हो कि जस्तो लाग्छ । त्यो जग र हाम्रो घरको मुख्य भार ठेग्ने गारोसँगै रहेछ । रातभरि पानि परेको थियो । सन्जोगले म र मेरो श्रीमती खेतको घरमा सुत्न गएका थिएँ । तर आमा बुबा र बजे घरमै हुनुहुन्थ्यो । त्यही खाल्डो खनेकोले गर्दा हाम्रो घर पूरै भत्कियो । आमा भाग्न नै पाउनु भएन, पुरिएको थियो । राती प्रहरीलाई खबर गरें । उनीहरू आएर आमालाई अस्पताल पुऱ्याए । आमालाई अस्पतालमा उपचार भइरहेको छ । परिवारका अरू सदस्यलाई प्रहरी र स्थानीय जनताले बाहिर निकाल्यो । अब हामीलाई आमाको उपचार र घरको क्षतिपूर्ति दिनुपऱ्यो ।' त्यसपछि मैले घर बनाउने परिवारको एक जना व्यक्तिलाई बोल्न अनुरोध गरें । त्यसपछि एक जना भर्खरको भाइले भने, 'हिजो हात्ती पाइला राख्न जग खनेको थिएँ । जग अरू खने जतिकै मात्र खनेको हो । हाम्रो मनसाय घर भत्काउने थिएन । इन्जिनियरले भने अनुसारनै ठेकेदारले खनेको हो । नभए ठेकेदार यही हुनुहुन्छ । रात भर पानी परेकोले पनि सायद यो घटना भएको हुनुपर्दछ । हामी उचित क्षतिपूर्ति दिन तयार छौं ।' त्यसपछि टोलवासीहरूलाई बोल्नको लागि अनुरोध गरें । कतिले ठेकेदारले गर्दा घर भत्केको आरोप लगाए त कतिले इन्जिनियरलाई क्षतिपूर्ति भराउनु पर्ने भन्न थाले । कतिले पहिला घाइतेलाई राम्रोसँग उपचार गर्नुपर्ने बताए । कतिपयले आफ्नो राय दिएन । कति त के छलफल होला सुनौंला भनी आएको थियो सायद । मैले बोल्न अनुरोध गर्दा पनि केह बोलेनन् ।'

त्यसपछि मैले छलफलको निचोड निकाल्दै भनें, 'जे नहुनु पर्ने थियो, त्यो घटना भयो । मनसायपूर्वक घर भत्केको देखिएन । तर उपचार गर्ने र क्षतिपूर्ति दिने सम्बन्धमा पीडित र घर बनाउने बीच विवाद नभएकोले

यसलाई लम्ब्याउनुभन्दा छोट्याउनु नै राम्रो होला जस्तो लाग्दछ । उपचार खर्च त घर बनाउनेले व्यहोर्नै पर्‍यो, अनि क्षतिपूर्ति छलफलबाट टुङ्ग्याउन पाए हुन्छ । अब कति क्षतिपूर्ति चाहियो भाइलाई ?' मेरो प्रश्नले उनी अलि अकमकियो । अनि एकछिनपछि उनले भने, 'आफ्नो पुरानो घर र पूर्णक्षतिको घर भएकोले पाँच लाखमात्र भए पुग्ने र आमाको उपचार गर्नुपर्ने' सर्त राखे । त्यसपछि बोल्ने पालो अर्को भाइलाई दिएँ । घर बनाउने भाइले तुरुन्तै जवाफ दिए, 'म चार लाखसम्म दिनसक्छु । साथै उपचार खर्च पूरै ब्यहोर्छु ।' चार र पाँच लाखमा केही बेर फेरि छलफल चल्यो । टोलका मानिसहरू एक ध्यानले सुनिरहेका थिए । जनप्रतिनिधिहरूले पनि आफ्नो आफ्नो राय दिनथाले । टोलका मानिसहरूले पनि आफ्नो आफ्ना धारणा राखे । अन्तमा चार लाख पच्चीस हजार क्षतिपूर्ति दिने र उपचार खर्च एक हप्तामा दिने साथै एक हप्ताभित्र सम्बन्धित घर धनीले आफ्नो भग्नावशेष हटाई घर पुनःनिर्माण गर्न सहयोग गर्ने र पूर्वतर्फको घरको वाल पनि भत्किएकोले उसको पनि वाल बनाउन दुवै जनाले इँटा र ज्याला एक एक भाग दिने सहमति भई बैठक समापन भयो । वडामा भएको यस सहमति पछि टोलमा एक हिसावले सकारात्मक सन्देश गएको देखियो । टोलका मानिसहरूले राम्रै सहमति भएको फिडब्याक आयो ।

सहमति त वडामा गरियो । माइन्यूट पनि गरियो । तर मलाई सहमतिमा शङ्का लागिरहेको थियो । घाइतेका उपचार भइरहेको थियो । उपचारको क्रममा आफ्नो दीर्घ रोगको पनि उपचार गराएको खण्डमा सहमति उल्लङ्घन हुनसक्ने सम्भावना थियो । प्रायः यस्तै अन्य घटनामा यस्तो भएको तीतो अनुभव थियो । साथै एक हप्ताभित्र क्षतिपूर्ति रकम दिने कुरामा मलाई शङ्का लागिरहेको थियो । भत्केको घरमा छलफलको क्रममा गुथिको कुल देवता भएको पनि जानकारीमा आएकोले पूरा भग्नावेशष हटाउने सम्बन्धमा मलाई अलि शङ्का लागेको थियो । त्यसैले अझ यो घटनाको छलफल अलि लम्बिन्छ कि जस्तो मलाई लागेको थियो । तरपनि आज दिनभरि लगाएर घटनालाई सहजिकरण गरिएकोमा केही आत्मसन्तुष्टि त मिलेकै थियो । तर पूरा मिलेको थिएन ।

सहमति भएको तीन दिनपछि नै फेरि विवाद बल्झियो । मेरो शङ्का पूरै साँचो सावित भयो । वालमात्र भत्कने घरको व्यक्तिले आफ्नो पूरा वाल बनाई दिनुपर्ने भनी वडा कार्यालयमा कराउन आए । म आफै पनि फिल्डमा हेर्न गएँ र वडाको प्राविधिकलाई पनि निरीक्षण गर्न पठाएँ । तर वडा प्राविधिकले सबै वाल बनाउन आवश्यक नभएको धारणा राखेपछि मैले त्यस घरको व्यक्तिलाई सीमेन्ट र भएको इँटा प्रयोग गरी आवश्यकताअनुसार बनाउन सल्लाह दिएँ । तर सहमतिअनुसार आधा वालको मात्र तीनै जनाले ज्याला व्यहोर्न सकिने सल्लाह दिए । तर वहाँलाई मेरो सल्लाह चित्त बुझेन ।

त्यको केही दिनपछि भग्नावशेष पूरा हटाई नदिएको भनी घर बनाउने चन्द्रमान (नाम परिवर्तन) भाइ मसँग कराउन आए । मैले पूरा क्षतिपूर्ति व्यहोर्ने भएपछि घर पूरा भत्काउनु पर्ने चन्द्रमानले अडान राखे । जुन सही थियो । सोही कुरा अर्को भाइ कृष्ण (नाम परिवर्तन) लाई जानकारी गराउँदा कामदार नआई दिएको हुँदा भत्काउन नसकेको बताए । साथै गुथिको कुल देवता भएकोले सबै भत्काउन नसकिने आफ्नो धारणा पनि राखे । साथै उनले आफूले एक हप्ता नाघिसक्दा पनि क्षतिपूर्ति रकम र उपचार खर्च पाउन नसकेको बताए । अन्तमा मैले कृष्ण भाइलाई चार दिनभित्र घर भत्काउन र पूरै भग्नावशेष हटाउन निर्देशन दिएँ र त्यसपछि चन्द्रमान भाइले पूरै पैसा दिनुपर्ने मौखिक निर्णय दिएँ । दुवै जनाले मौखिक सहमति पनि जनाए । त्यसपछि दुवै जना वडाबाट बिदा भए ।

चार दिन सकिएपछि पाँचौँ दिनमा दुवै जनासँग वडा कार्यालयमा फेरि छलफल शुरु गरियो । छलफलको क्रममा घर बनाउने चन्द्रमान भाइले अचानक नै सोच्दै नसोचेको कुरा भने, 'म कुनै पनि हालतमा क्षतिपूर्ति रकम तिर्न सक्दिन । मेरो बाजे र बुबा कुनै पनि हालतमा क्षतिपूर्ति दिन तयार छैनन् किनकी कृष्णले समयमानै भग्नावशेष हटाउनुपर्ने हटाएन । यसको कारणले गर्दा पिलर उठाएको नक्सा विपरीत हुन गएको छ । वडाध्यक्षले जे गर्नु छ गर्नुस् । तर म र मेरो परिवार पैसा दिन तयार छैन ।' त्यस लगत्तै कृष्ण भाइले रिसाएर जवाफ फर्काए, 'अस्ति चार दिनमा भग्नावशेष हटाउने सहमतिअनुसार मैले भोलिपल्ट नै हटाउनको लागि ज्यामी ल्याएको थिएँ । तर चन्द्रमानको परिवारका सदस्यहरूले भत्काउन दिएन । त्यसैले मलाई क्षतिपूर्ति रकम आजै चाहिन्छ । भग्नावशेष हटाऊ पनि भन्ने अनि हटाउन खोज्दा हटाउन नदिने र क्षतिपूर्ति रकम पनि नदिने कुरा त न्यायोचित भएन । वडाध्यक्षज्यू, आज म पैसा नलिईकन त जान्न । घर भत्केर भाडामा बसिरहनु परेको छ । अनि क्षतिपूर्ति रकम पनि नपाउने भएपछि हामीलाई अन्याय भएन र ?' मैले चन्द्रमानलाई भग्नावशेष हटाउन नदिनुको कारण सोधेँ । तर उनले त्यस्तो अवरोध नगरेको बताउँदै क्षतिपूर्ति रकम कुनै पनि हालतमा दिन

नसकिने बताए। वडाध्यक्षज्यूले जे गरेपनि आफू क्षतिपूर्ति रकम दिन नसकिने बताए पछि मलाई कसरी सम्झाउने र कसरी विवादलाई सुल्झाउने भन्ने विषयमा म अलमल परेँ। साथै मलाई एकदम रीस पनि उठ्यो। अन्तमा मैले दुवै जनालाई अचानक नै बैठक समापन भएको जानकारी गराएँ र वडाबाट जानको लागि अनुरोध गरेँ। मेरो अचानक बैठक समापन भएको घोषणाले दुवै जना अलमलमा परे। अनि मैले फेरि भनेँ, 'तपाईं दुवै जना अस्ति भएको सहमतिबाट पछि हट्दै गएका छन्। त्यसैले तपाईंहरू हेरेर गर्नुस्। म पनि आफूले हेरेर गर्छु। तर क्षतिपूर्ति रकम नदिने हो भने राम्रो चाहिँ हुँदैन। घर भत्केको पीडितलाई क्षतिपूर्ति नदिने भनेको निकै अन्याय हो। त्यसैले त्यसको लागि उचित कदम चाल्नुपर्ने हुन्छ।' यति भन्दै गर्दा मेरो हातले निरीक्षकको मोवाइल नम्बर थिचि हालेँ र फोनमै निरीक्षकलाई भनेँ, 'अस्ति राती घर भत्केको घटनामा घर बनाउने चन्द्रमान भाइले अर्को भाइ कृष्णलाई पैसा दिन नमानेकोले भोलिबाट निर्माण रोक्नुस् र मलाई रिर्पोटिङ गर्नुस्।' मेरो फोनमा कुरा गरेको सुनेपछि पनि चन्द्रमान भाइ वडाध्यक्षले जे गरेपनि क्षतिपूर्ति रकम कुनै पनि हालतमा नदिने भन्दै कार्यालयबाट बाहिर गए।

कार्यालयबाट गएपछि म एकपटक सोचमग्न भएँ। मानिसहरू पनि कस्ता कस्ता हुने रहेछन्। टोलभरिका मानिसहरू बसेर भएको निर्णय पनि कुनै पनि हालतमा मान्दिन र क्षतिपूर्ति रकम कुनै पनि हालतमा दिन्न भन्न पनि सक्ने रहेछ। यस्ता मानिसलाई कसरी सम्झाउने र क्षतिपूर्ति रकम कसरी दिलाउने होला भनी सोच्न थालेँ। यसरी सोच्दा सोच्दै मेरा मोवाइलमा कल आयो। परिचित व्यक्तिकै फोन थियो। त्यस व्यक्तिले पीडितलाई क्षतिपूर्ति रकम जसरी भएपनि दिलाउनुपर्ने भन्न थाले। सायद केही बेरमै कुरा बाहिर पुगिसकेछ। म सोच्दै थिएँ। फेरि अर्को कल आयो। त्यस कल पनि परिचित व्यक्तिकै थियो। साँझसम्ममा चार पाँच जनाले कल गरे। सबैले नै क्षतिपूर्ति रकम जसरी पनि दिलाउनुपर्ने विषयमा मलाई सचेत पारे। म बेलुका सम्मनै निकै तनावमा भएँ किनकी पैसा कुनै पनि हालतमा दिन्न भन्ने आवाज मेरो कानमा गुन्जिरह्यो। राती सुत्ने बेलामा पनि म कसरी सम्झाउने र पैसा दिलाउने भन्ने विषयमा सोचिरहेँ। कतिखेर निद्रा लाग्यो मलाई थाहा नै पाएन।

भोलिपल्ट म समयमै वडामा गएको थिएँ। वडामा प्रथम प्रहर भएकोले मानिसको भीड थियो। म सेवाग्राहीहरूसँग कुराकानी गरिरहेको थिएँ। त्यही समयमा चन्द्रमान भाइ आइपुगे, नमस्कार सर भन्दै सोफामा बसे र भन्न थाले, 'सर, हामी आजै र अहिल्यै क्षतिपूर्ति रकम दिन आएका छौँ। हामी सब परिवारनै आएका छौँ। बाजे, बुबा, काकाहरू सबै आउनु भएको छ। तर सरले हाम्रो निर्माण चाहिँ रोक्नु भएन। यस्तो पानी पर्ने सिजन छ। फेरि अर्को घर भत्केमा अर्को काण्ड हुन्छ। पश्चिमपट्टिको घर फेरि भत्केला जस्तो छ। त्यही भएर निर्माण छिटो गर्नु छ। सरले हाम्रो निर्माण रोकेर धेरै अन्याय गर्नु भयो।' मैले प्रश्न गरिहालेँ, 'साँच्चिकै क्षतिपूर्ति रकम दिने हो त ?' भाइले मलाई पैसा नै देखाए। त्यसपछि कृष्ण भाइलाई कल गरेँ। तर कृष्ण भाइले आफू अफिस पुगिसकेको हुँदा चार बजेमात्र पैसा लिन आउँछु भनी जानकारी दिए। त्यसपछि मैले चार बजेनै निर्माण पनि शुरु पनि हुने, नाँप जाँच पनि हुने र निर्माण फुकुवा पनि गरिदिने जानकारी दिएर विदा दिएँ।

त्यसदिन करिब चार बजेबाट फिल्डमा प्राविधिक बहिनी, सचिव र म आफै फिल्डमा गई निरीक्षण गरियो र सर्जमिन पनि गरियो। चारैतिरका छिमेकीहरूको केही गुनासो नभएपछि सर्जमिन पनि सहजै सकियो र त्यति बेलासम्ममा कृष्ण भाइ पनि आइसकेकोले वडामा आई क्षतिपूर्ति रकम र उपचार खर्च दिई बैठकलाई समापन गरियो। बैठक समापन हुँदासम्म करिब छ बजिसकेको थियो। त्यसदिन बल्ल चैनसँग निद्रा लाग्यो।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्ने सम्बन्धमा जरुरी सूचना**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उप-नियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले प्रत्येक आर्थिक वर्षको साउन १ गतेदेखि सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनुपर्ने व्यहोरा उल्लेख भएको हुँदा समयमै आफ्नो वडा कार्यालयमा गई सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुहुन सम्पूर्ण लाभग्राहीहरूमा जानकारी गराइन्छ।

**आवश्यक कागजातहरू:**

१) नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२) पासपोर्ट साइजको १ प्रति फोटो
३) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको बैङ्क खाता नम्बर
४) सामाजिक सुरक्षा परिचयपत्रको सक्कल कार्ड

**पुनश्च:**

क. तोकिएको समयमा नवीकरण गर्न छुटेमा छुट भएको त्रैमासिकबापतको किस्ता रकम आउने छैन। साथै सामाजिक सुरक्षा भत्ता लाभग्राहीमा नाम समावेश गर्न पुन: नयाँ निवेदन दिनुपर्नेछ। तोकिएको समयमा नवीकरण गर्न छुट भई पुन: नयाँ निवेदन दिएमा निवेदन दिएको अर्को महिनादेखि मात्र भत्ता प्राप्त गर्न सुरु हुनेछ।

ख. नवीकरण म्याद कार्तिक मसान्तसम्म भए तापनि सामाजिक सुरक्षा भत्ता त्रैमासिकरूपमा वितरण हुने हुँदा **भदौ मसान्तसम्म** परिचयपत्र नवीकरण गर्नुहुन सबैमा अनुरोध छ।

# प्रहरीमा लम्पसारवादले बढाएको जोखिम



रमेशप्रसाद खरेल

केही दिनअघि एकजना साथीले बोलाएपछि भेट्न जाँदा त्यहाँ हालै बढुवा भएका एकजना एसपीसाब मिठाई बोकेर पुग्नुभएको थियो। उहाँ मैले पनि चिनेको अफिसर हुनुहुन्छ र राम्रो पनि मानिनुहुन्छ। त्यति हुँदाहुँदै पनि बढुवा हुँदा उहाँ मिठाई बोकेर **बाहिरी मान्छेकहाँ** किन जानुपर्‍यो ? म चकित भएँ। यस घटनाले नेपाल प्रहरी कुन अवस्थामा पुगेको छ भन्ने देखाउँछ। प्रहरीभित्र राजनीति छिरेको धेरै भइसक्यो। **प्रहरीको सरुवा-बढुवामा ०४६ सालदेखि नै राजनीतिक नेतृत्वबाट बदमासी हुँदै आएको छ।** ०४६ मा प्रजातन्त्र आएपछि वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा त्यतिबेला गृहमन्त्री हुनुहुन्थ्यो। उहाँबाटै प्रहरी सङ्गठनभित्र राजनीति सुरु भएको हो। त्यतिबेला रत्नशमशेर जबरा प्रहरी महानिरीक्षक हुनुहुन्थ्यो, उहाँलाई विनाकारण हटाएर देउवाले स्वार्थवश मोतिलाल बोहरालाई आइजिपी बनाउनुभयो।

त्यसयताका दिनमा प्रहरीलाई सुधार्नेतर्फ कोही पनि लागेनन्। यदाकदा प्रहरी बलियो हुनुपर्छ भन्ने नेतृत्व गृह मन्त्रालयमा नआएको होइन, तर धेरैजसो प्रहरी मेरो बिर्ता हो, उनीहरूले मेरो आदेश तामेल गर्नुपर्छ भन्ने सोचसाथ अघि बढे। जसले गर्दा प्रहरी अहिलेको अवस्थामा आइपुगेको हो। त्यसको सिकार म आफैँ पनि भए। ...

२०४६ पछि निरन्तर प्रहरी महानिरीक्षक कमजोर भइरहेका छन्। अर्काको भारी बोकेपछि नेतृत्व कमजोर त हुने नै भयो। **जसले उसलाई आइजिपी बनायो, उसको आदेश मान्नैपर्‍यो।** उसको पछि लाग्नैपर्‍यो। पहिला-पहिला माथिल्लो तहमा मात्र हस्तक्षेप हुन्थ्यो, **अहिले त तल्लो तहका कर्मचारीलाई पनि हेडक्वार्टरमा विश्वास छैन।** हेडक्वार्टरले मलाई प्रमोसन गर्छ, न्याय गर्छ भन्ने भरोसा छैन, अनि उनीहरू नेताहरूको चाकरीमा जानु अन्यथा होइन।

अहिले गृह मन्त्रालयभन्दा बालुवाटार हाबी छ भन्ने सुनिन्छ। **बालुवाटारमा पनि म्याडमहरू हाबी हुनुहुन्छ।** कसरी हुन्छ, पुष्पकमल दाहाल, ओली र देउवालाई रिझाएर बढुवा हुने प्रवृत्ति बढेको छ। अहिले त देउवालाई रिझाएर मात्र पनि नहुने रहेछ, म्याडमहरूको हातमा रहेछ। प्रहरीमा सरुवा-बढुवा गर्न यतिबेला म्याडमहरूबीच नै प्रतिस्पर्धा छ रे भन्ने सुनिन्छ। **प्रहरीमा यो अति भइसक्यो।** सङ्गठन बिग्रियो। सबैजना लम्पसारवादमा लागे। राजनीतिक पेसाकर्मीलाई त देशको के माया छ र ? राज्यका कुनै पनि संयन्त्रलाई बलियो बनाउने उहाँहरूको कुनै सोच नै छैन। अब आउने चुनावमा कसरी जित्ने र सत्ता प्राप्त गर्नेबाहेक उहाँहरूलाई कुनै चिन्ता छैन।

खड्गप्रसाद ओली प्रधानमन्त्री हुँदा 'रातो टिक' लगाउनुहुन्थ्यो रे, कसलाई बढुवा गर्ने कसलाई सरुवा गर्ने भनेर। यस्तो भएपछि कुन प्रहरीले राम्रोसँग काम गर्छन् ? अहिले अवस्था कस्तो छ भने सरुवा र बढुवाका लागि प्राइभेट गाडी लिएर बेलुका भएपछि प्रहरी अधिकारीहरू शक्तिकेन्द्रमा दौडधुपमा लाग्ने गर्छन्। बढुवामा कार्यसम्पादन मूल्याङ्कनको मतलब नै हुँदैन। बालुवाटारमा लिस्ट तयार गरेर आइजिपीलाई दिइन्छ। त्यहीअनुसार नम्बर दिएर बढुवा गरिन्छ। **यो सिस्टमले पैसा कमाउने र बुझाउने प्रहरीको हातमा सङ्गठन पुगेको छ।** इमानदारहरू पाखा लाग्दै गएका छन्। रामकाजी बान्तवा, राजेन्द्रबहादुर सिंह, राजेन्द्रसिंह भण्डारी, कुमार कोइरालाजस्ता इमानदार र क्षमतावान् अधिकारी यसका उदाहरण हुन्।

प्रहरीमा लामो समय बिताएको हुनाले यस सङ्गठनको असाध्यै माया लाग्छ। प्रहरीमा यस्तो लम्पसारवादले समाज हतोत्साहित हुन्छ भने अपराधीहरूको शिर ठाडो हुन्छ। 'ल एन्ड अर्डर' कायम गर्न सकिँदैन। अराजकताले प्रश्रय पाउँछ। कानुनीराजको अन्त्य हुन्छ, बिचौलियाहरूको राज चल्छ। दण्डहीनताले प्रश्रय पाउँछ, अनि राम्रा मान्छे देशमा टिक्न नसकेर पलायन हुन्छन्। त्यो अवस्थामा भिडतन्त्रमा देश जान्छ। प्रहरी मात्र होइन, सबै संयन्त्रमा यस्तै राजनीतिकरण हुँदै गयो भने देश भिडतन्त्रमा पुग्न धेरै समय लाग्दैन। **त्यसपछि जनता श्रीलंकामा जस्तै सिंहदरबार र बालुवाटार घेर्न पुग्नेछन्।**

प्रहरीमा यो अवस्था आउनुको सबैभन्दा ठूलो दोष अहिलेका प्रधानमन्त्री शेरबहादुर देउवालाई जान्छ। त्यसकारण यसको सुधार पनि उहाँबाटै हुनुपर्छ। हिजोको दिनमा ➲

**विशेष**

# राजनीतिशास्त्र के र किन ?



राजु लासिवा

मानिसको आवश्यकतापूर्ति तथा सुरक्षाका निम्ति विशेष रूपमा गोलबद्ध समाज र यसको अनेक आयामका बारेमा बुझ्न अति महत्त्वपूर्ण रहेकोछ । त्योभन्दा बढी यसको आवश्यकताअनुसार त्यही समाजभित्र उत्पत्ति भएका खराब तत्त्व तथा विचारहरूलाई चिरफार गर्दै सकारात्मक परिवर्तनतर्फ लम्कन आवश्यक छ – राजनीतिको अध्ययन । राजनीति कुनै व्यक्ति वा समूहसँग मात्र सम्बन्धित विषय होइन, यो त मानिसको गर्भावस्थादेखि सुरु भएर मृत्युपर्यन्त चलिरहने एक अविछिन्न सामाजिक प्रक्रिया हो । जब कुनै पनि ठाउँमा एकभन्दा बढी मानिसको उपस्थिति हुन्छ तब कुनै न कुनै रूपमा एकले अर्कोलाई प्रभावित बनाउने क्रियाको सुरुवात हुन्छ । शक्तिको आभाष र उत्पत्ति यहीँबाट हुन्छ र यो नै राजनीतिको उद्‌गम विन्दु हो । यही भएर चाहेर वा नचाहेर हरेक व्यक्ति राजनीतिको वरिपरि परिक्रमा गरिरहेको हुन्छ ।

व्यक्ति चाहे एक्लै बसोस् वा समूहमा, स्वभावतः सबै स्वार्थी हुन्छन् । फरक यतिमात्र हो कि कोही आफ्नो मात्र पहिचान र ख्याति बढाउने कुरामा तल्लिन हुन्छन् त कोही आफूसँगै समाज र प्रकृतिकै कल्याणका लागि कटिबद्ध भएर अघि बढ्छन् । राजनिति त्यही स्वार्थसिद्धिका निम्ति व्यक्ति वा समूहहरूबीचको क्रिया, प्रतिक्रिया र अन्तरक्रिया हो । व्यक्तिगत होस् या सामुहिक, स्वार्थपूर्तिका लागि शक्ति चाहिन्छ वा शक्तिमा रहेकाहरूलाई प्रभावित बनाउन सक्ने क्षमता चाहिन्छ । त्यसैले राजनीतिलाई शक्तिका निम्ति सङ्घर्ष गर्ने प्रक्रियाका रूपमा पनि लिइन्छ । राजनीति यदि व्यक्तिकेन्द्रित हुन पुगेमा त्यो दूषित हुन्छ किनकि यो अरूप्रतिको जिम्मेवारीबोधले मात्र अघि बढ्न सक्ने मानवीय क्रियाकलापहरूको सञ्जाल हो । यसर्थ मानवीय आवश्यकताहरूको परिपूर्ति कसरी गर्न सकिन्छ र सबैको मंगल गर्न सकिन्छ भन्ने विषयमा गहन अध्ययन गर्न आवश्यक देखिन्छ–राजनीतिशास्त्रको । अर्को शब्दमा भन्नुपर्दा आ–आफ्नो क्षेत्रबाट आफ्नो क्षमताको प्रयोग गर्दै देश र जनताको सेवाभावले गरिने क्रियाकलाप नै राजनीति हो । यही उद्देश्य हासिल गर्दै शान्त, समतामुलक समाज निर्माणमा प्रयासरत शताब्दीदेखि अध्ययन हुँदै आएको एक सदाबहार विषय हो – राजनीतिशास्त्र ।

राजनीतिशास्त्र व्यक्तिको ब्यवहार, समाज, राज्य

---

➲ गल्ती भयो, अब गल्ती हुँदैन भनेर उहाँले भन्नुपर्छ । राज्यका कुनै निकायमा पनि हस्तक्षेप गर्दिनँ भन्न सक्नुपर्छ । 'ज्वाइँसाब'लाई कानुन मिचेर बढुवा गर्दिनँ भनेर उहाँले प्रतिबद्धता व्यक्त गर्न सक्नुपर्छ । हामीले त पहिल्यैदेखि प्रहरी सेवा आयोगको कुरा गर्दै आएका छौँ । आयोग गठन गरेर पनि प्रहरीलाई सिस्टममा लैजानुपर्छ । यो देशमा राम्रा मान्छे पनि धेरै छन् । अवकाश प्राप्त प्रहरी, पूर्वगृहसचिव हुनुहुन्छ । उहाँहरूलाई त्यस्तो आयोगमा राखेर प्रहरीको सरुवा–बढुवालाई सिस्टमले बाँध्न सकिन्छ । अहिलेकै अवस्थाले त नेपाल प्रहरी महानगरीय प्रहरी पो हुन्छ कि भन्ने डर पनि लाग्छ ।

**प्रहरी कमजोर हुनुमा राजनीतिक पेसाकर्मी मात्र होइन, प्रहरी स्वयंको पनि दोष छ ।** प्रहरीको सुधारमा आइजिपीको ठूलो भूमिका हुन्छ । आइजिपी बलियो भए धेरै ठिक हुन्छ । एउटा जिल्लामा एसपी बलियो हुँदा उसले धेरै काम गर्न सक्छ भने **आइजिपीले चाहने हो भने सिङ्गो सङ्गठन बलियो हुन्छ ।** त्यसकारण आइजिपीले जसरी आइजिपी भए पनि सङ्गठनलाई बलियो बनाउँछु भनेर प्रतिबद्ध हुनुपर्छ । तपाईंलाई हटाउन सक्लान्, तर एउटा उदाहरण सेट हुन्छ । तपाई रोलमोडल बन्न सक्नुहुन्छ । काम गरेर देखाउनुपर्छ । ...

कुनै पनि आइजिपीले अडान लिएर काम गर्न नसक्नुमा उनीहरूको कमजोरी पनि जिम्मेवार छ । प्रहरीमा एउटा यस्तो घटना छ, एक आइजिपीलाई १३ पन्ने फारम भराएर तर्साएर आफूअनुकूल काममा लगाएका उदाहरणसमेत छन् यहाँ । किनकि ती आइजिपीले पनि बदमासी त गरेकै थिए । बदमासी गरेपछि उनको केही गर्ने नैतिक बल भएन । **बदमासी र चाकडी गरेर पदमा पुग्ने मान्छेसँग नैतिक बल हुँदैन ।** नेक्ससले समातिहाल्छ । कतिपयलाई त ठेकेदारले आइजिपी बनाइदिन्छन्, अनि उनीहरू सिपाहीको लुगामा बदमासी गरेर कमाउँछन् । ...

*(नयाँपत्रिका २०७९ श्रावण २७ मा छापिएको लेखको केही अंश)*

*(खरेल अवकाश प्राप्त डिआइजी हुन्)*

तथा समग्र विश्वको प्रकृति, सम्बन्ध र त्यसको उद्देश्य अनि विश्वव्यवस्था सञ्चालनक्रियासँग सम्बन्धित रहेर अध्ययन गरिने एक महत्त्वपूर्ण विषय हो। समाज र राज्यको अस्तित्व रहेसम्म यसको गहन अध्ययन आवश्यक रहन्छ। मानव र वातावरण बीचको सम्बन्धलाई सुमधुर बनाउन सामाजिक क्रियाकलाप र राज्यको समग्र संयन्त्रलाई व्यस्थित गर्न यो विषय नितान्त जरुरी देखिन्छ। राजनीतिशास्त्र सत्य तथ्य घटना र विचारहरूको निरन्तर अभिवृद्धि भइरहने विषयको अध्ययन पनि हो। राजनीतिशास्त्र कुनै पनि राज्य व्यवस्थाको आकारको रूपमा रहने निश्चित विचारधाराहरूको अध्ययन हो। साथै यो राज्यको सञ्चालकको रूपमा रहने सरकारको शक्तिलाई व्यवस्थित रूपमा वितरण र सञ्चालन कसरी गर्ने भन्ने विषयको अध्ययन पनि हो। सामाजिक द्वन्द्व र वर्ग सङ्घर्षको यावत श्रृङ्खलाहरूको अध्ययन गर्दै यसले सफल राज्यका लागि आवश्यक शिक्षाको ज्योति छर्ने काम गर्दछ। अन्तर्राष्ट्रिय घटना अनि परिवेशहरूको गहन अध्ययन गर्दै यो विषयले देशको प्रशासन, अर्थतन्त्र, विज्ञान तथा प्रविधि, संस्कृति आदि यावत् क्षेत्रहरूसँगै राष्ट्रिय स्वार्थको प्राप्ति कसरी गर्न सकिन्छ भन्ने कुरामा विशेष ध्यान दिँदछ। अनि राजनीतिशास्त्र जनभावना बुझेर जनकल्याणमा कसरी व्यक्ति अनि समाजलाई परिचालित गर्न सकिन्छ भन्ने कुराको अध्ययन पनि हो।

> ☛ सबल र सक्षम नेतृत्वको निर्माण गर्दै देशको राष्ट्रिय उद्देश्य हासिल गर्न, बदलिँदो परिवेशमा भिज्दै आफू र समाजकै क्षमता बढाउन, तर्कशक्तिको क्षमता बढाउँदै सृजनशील ढङ्गले जीवनलाई सार्थक बनाउन आवश्यक सीपहरूको विकास गर्न पनि राजनीतिशास्त्रको महत्त्व हामी सबैको जीवनमा समान ढङ्गले रहेकोछ।
>
> ☛ जबजब देशले सङ्कटको सामना गर्नुपर्दछ, तबतब राजनीतिशास्त्रको अध्ययन आवश्यकमात्र होइन अनिवार्य नै देखिँदै आएको हामी सबैले किमार्थ पनि बिर्सनु हुँदैन।
>
> ☛ सत्य, न्याय र समताका लागि सोच्ने हरेकले राजनीतिशास्त्रको व्यवस्थित अध्ययन गरेर आफ्नो भविष्य उज्ज्वल बनाउन वर्तमानका विद्यार्थीलाई नै बढी ध्यान दिन आवश्यकता देखिन्छ।
>
> ☛ घरको भान्छा व्यवस्थापनदेखि राष्ट्रको ढुकुटी मिलाउनेसम्मको क्षेत्रमा राजनीतिशास्त्रका विद्यार्थीहरूको खाँचो देखिन्छ।
>
> ☛ राजनीतिशास्त्र तपाई, म, हामी सबैको जीवनसुरक्षा अनि सुनिश्चित भविष्य निर्माणसँग सम्बन्धित छ।

मानव समाज र मनुष्यका जीवनमा निरन्तर आइरहने समस्याहरूको जड बुझ्न अनि त्यसको समाधानमा उचित उपाय खोतल्न हरेकले राजनीतिशास्त्र बुझ्न आवश्यक छ। समकालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयवस्तुप्रति जानकार भई सचेत मानवीय व्यवहार गर्न पनि यसको महत्त्व उत्तिकै छ। सामाजिक परिवर्तनको गति र प्रक्रिया बुझ्न र विकृति-विसङ्गति पन्छाउन राजनीतिशास्त्रले अनेक उपायहरू प्रस्तुत गर्न सक्छ। जनजागरणको लहरमार्फत नीति निर्माण थप प्रभावकारी बनाई जनताका जीवन थप सरल, सहज र खुसी बनाउन राजनीतिशास्त्रकै देन नेतृत्वकारी देखिन्छ। नागरिक एकता र सद्भावनाको प्रवृत्ति वृद्धि गर्न पनि यो विषय महत्त्वपूर्ण छ। प्रशासन र सरकारी सम्पूर्ण संयन्त्रलाई जवाफदेही, पारदर्शी र निष्पक्ष बनाउनलाई निरन्तर सावधानीको आवश्यकता पर्दछ। जनताका अधिकार र कर्तव्यको पूर्णतः रक्षा गर्दै सरकारको शक्तिको सीमा निर्धारण गर्न पनि राजनीतिशास्त्र उत्तिकै महत्त्वपूर्ण देखिन्छ। मानव सिर्जना मानव कल्याणकै लागि प्रयोगमा ल्याउन सचेत कानुनी प्रावधान पनि आवश्यक छ। आलोचना र समालोचना मार्फत सार्थक राजनीतिक विचारधारालाई पछ्याँउदै राष्ट्रउत्थान गर्नका लागि मार्गनिर्देशक विषय पनि राजनीतिशास्त्र नै हो। सबल र सक्षम नेतृत्वको निर्माण गर्दै देशको राष्ट्रिय उद्देश्य हासिल गर्न राजनीतिशास्त्रले नै मलजल गर्दछ। साथै मान्छेलाई बदलिँदो परिवेशमा भिज्दै आफू र समाजकै क्षमता बढाउन पनि यसले भूमिका खेल्दछ। तर्कशक्तिको क्षमता बढाउँदै सृजनशील ढङ्गले जीवनलाई सार्थक बनाउन आवश्यक सीपहरूको विकास गर्न पनि राजनीतिशास्त्रको महत्त्व हामी सबैको जीवनमा समान ढङ्गले रहेकोछ। तसर्थ राजनीतिशास्त्रको अध्ययन अनौपचारिक तवरबाट मात्र नभई आफ्नो जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने विषय भएकोले समाज, राष्ट्र र समस्त मानव जातिको भलाइका लागि व्यवस्थित रूपमा निश्चित पाठ्यक्रमभित्र बसेर गर्दा सबैको भलो हुने देखिन्छ।

बदलिँदो वर्तमान नेपाली समाज पूँजीप्रधान समाजको रूपमा हामी पाउँछौं। व्यक्तिगत नाफा-घाटालाई प्राथमिकता दिने क्रम बढ्दो रहेको यो परिस्थितिमा समग्र समाज र मानव जीवनको कल्याणमा पुनः केन्द्रित गर्न गाह्रो छ। छिटो औपचारिक कलेज अध्ययनको प्रक्रिया सकाएर जीविकोपार्जनमा

लाग्न तल्लिन वा बाध्य नयाँ पुस्तामा यसको लोकप्रियता घटेको देखिन्छ । सर्टिफिकेटका निम्ति मात्र पढ्ने दूषित मानसिकताले पनि जिज्ञासु र खोजमूलक विद्यार्थीको सङ्ख्यामा कमी आएको देखिन्छ ।

वर्गीय समाजमा एउटा वर्गले अर्को वर्गलाई दबाउन शिक्षालाई हतियारको रूपमा प्रयोग हुने कुरामा कुनै दुविधा छैन । त्यसैले वर्तमानमा रम्न चाहने, शोषण, भेदभाव र अन्यायलाई यथावत राख्न खोज्ने, समाजको स्वभाविक परिवर्तनको प्रक्रियालाई रोक्न प्रयत्नरत वर्गले उनीहरूको शासनशैलीमाथि नै प्रश्न उठाउन सक्षम बनाउने विषयलाई नजरअन्दाज गर्नु अनौठो देखिँदैन । सरकार अनि राज्यको अध्ययन मात्र नभई गलत संस्कारको विरुद्धमा विद्रोहीचेत जगाउने विषय भएकोले शक्तिप्राप्त दूषित राजनीति गरिरहेका नीति निर्माताहरूबाट उपेक्षित विषय भइरहेको छ यो विषय । राजनीतिमा अपराधीकरण, भ्रष्टाचारलाई मलजल, भागबन्दा तथा चरम व्यक्तिवादी दलगत राजनैतिक गतिविधिका कारण राजनीति 'फोहोरी खेल' का रूपमा अघि बढिरहेकोले पनि नयाँ पुस्ता यसको अध्ययन गर्न हिच्कीचाइरहेको देखिन्छ । राजनीतिशास्त्रका विद्यार्थीहरू पुग्नु पर्ने ठाउँमा तिनीहरू पुगिरहेका देखेका नयाँ पुस्ता यो विषयको ज्ञानलाई देखावटी ठानिरहेका छन् । केही ठाउँमा राजनीतिशास्त्रलाई सबलीकरण गर्ने प्रयास नीति निर्माताहरूबाट भएको देखिएता पनि नीति कार्यान्वयन तहले त्यो नबुझ्दा, नाफा-घाटाको हिसाबमा अल्मलिँदा, आफ्नै केही स्वार्थी प्रवृत्तिहरू हाबी भइरहँदा सोचे जस्तो परिणाम आउन नसकि रहेको यथार्थ पनि एकातिर छ । साथै यो विषयलाई थप प्रतिस्पर्धी प्रायोगिक र प्रविधिमैत्री बनाउने वातावरण नबन्दा पनि यो विषयप्रतिको आकर्षण कम हुँदै गइरहको देखिन्छ । तर जे जस्तो समस्याहरू हाल देखिएता पनि ती सबै क्षणिक हुन् किनकी जबजब देशले सङ्कटको सामना गर्नुपर्दछ, तबतब राजनीतिशास्त्रको अध्ययन आवश्यकमात्र होइन अनिवार्य नै देखिँदै आएको हामी सबैले किमार्थ पनि बिर्सनु हुँदैन ।

राजनीतिशास्त्रको अध्ययनले विद्यार्थीलाई थप जिज्ञासु मात्र नभई स्वतन्त्र ढङ्गले आफ्ना मनका कुराहरू पोख्न सिकाउँछ । सामाजिकीकरणका सीप वृद्धि गर्दै यसले आफू पनि बाँच्ने र अरूलाई पनि बचाउने चेतनाको पनि जागृति गराउँदछ । निर्णय र नीति निर्माण, अनुसन्धान, विश्लेषण, सहकार्यमूलक भावना आदिको वृद्धि गराउँदै यसले कुनै पनि ठाउँमा नेतृत्वदायी भूमिकामा पुग्न वा तिनलाई परिचालन गर्न सक्षम बनाउँदछ । यसर्थ सत्य, न्याय र समताका लागि सोच्ने हरेकले राजनीतिशास्त्रको व्यवस्थित अध्ययन गरेर आफ्नो भविष्य उज्ज्वल बनाउन वर्तमानका विद्यार्थीलाई नै बढी ध्यान दिन आवश्यकता देखिन्छ । आजका विद्यार्थी नै भोलिका सामाजिक इन्जिनियर पनि भएकाले तिनलाई समाज र यसका हरेक अवयवबारे जानकारी दिँदै सचेत बनाउन आवश्यक छ । विद्यार्थीले रोजेको विषयलाई आफ्नै जीवनको सुनिश्चितता र सुरक्षित भविष्य निर्माणको आधारका रूपमा चित्रण नगरेसम्म हरेक विषयमा अप्ठेरो नै देखिन्छ । घरको भान्छा व्यवस्थापनदेखि राष्ट्रको ढुकुटी मिलाउनेसम्मको क्षेत्रमा राजनीतिशास्त्रका विद्यार्थीहरूको खाँचो देखिन्छ । एउटा सानो गाउँदेखि संयुक्त राष्ट्र सङ्घको महासभासम्मका गतिविधिलाई प्रगतिशील र व्यवस्थित गर्ने ठाउँसम्म पनि यसकै विद्यार्थीहरूले आफ्नो भविष्य देख्न सक्दछन् । चाहे पत्रकारिताका क्षेत्र होस् या शैक्षिक अध्ययन/अध्यापनको क्षेत्र राजनीतिशास्त्रका विद्यार्थीहरूले त्यहाँ आफ्नो बेग्लै पहिचान बनाउन सक्दछन् । चाहे प्रशासनिक फाँट होस् या राष्ट्रिय-अन्तर्राष्ट्रिय सङ्घसंस्था अनि कूटनीतिक फाँट, राजनीतिशास्त्रका विद्यार्थीहरू नै सक्षम दावेदार ठहरिन्छन् ।

नीति निर्माण तह, राजनैतिक सल्लाहकार, परराष्ट्रविद्, द्वन्द्व समाधानविद्, सामाजिक अभियानकर्ता, सुरक्षा क्षेत्र आदिमा मात्र नभई यो विषयका विद्यार्थीहरू आफै नयाँ-नयाँ विचार र सीपको निर्माणकर्ता पनि बन्न सक्दछन् । यसर्थ राजनीतिशास्त्र समग्र समाज विज्ञानका विषयप्रतिको वर्तमान चेतमा पुनः सोचविचार गर्न आवश्यक छ किनकि यो तपाई, म, हामी सबैको जीवनसुरक्षा अनि सुनिश्चित भविष्य निर्माणसँग सम्बन्धित छ ।



# भूमिगत पानीको भण्डारण र अत्याधिक दोहन



विष्णुभक्त राजचल

बढ्दो जनसङ्ख्या, सिँचाइ, खानेपानी, कृषि उत्पादन, औद्योगिकीकरणलगायत विभिन्न कारण विश्वभर पानीको प्रयोगमा बढोत्तरी आएको छ । मानव सभ्यतासँग जोडिएको पानीको उपयोग बढेको अवस्थामा भविष्यमा आउनसक्ने जल सङ्कटले मानवजातिलाई भयावह अवस्थामा पुऱ्याउन सक्ने चर्चा हुनथालेको छ । भविष्यमा पानी कै कारण तेस्रो विश्व युद्ध हुने खतरा औँल्याइएको छ । त्यसकारण पानीको उचित संरक्षण गरी सबैका लागि सुरक्षित पानी उपलब्ध गराउने र त्यसको निर्विकल्पता एवं महत्त्व सम्बन्धी सचेतना जगाउने उद्देश्यले २२ मार्च अर्थात् हरेक वर्षको चैत्र ८ गते 'अदृश्य भूमिगत जल गरौँ यसको उजागर' भन्ने नाराकासाथ विश्व पानी दिवस मनाउने गरिन्छ ।

जलस्रोतमा धनीमध्येको एक नेपालमा पनि पानीको स्रोत नभएका स्थानमा भूमिगत पानी पिउन, सिँचाइ, औद्योगिक कलकारखानालगायतमा प्रयोग हुँदै आएको छ । एक करोड अर्ब घनमिटर पानी रहेको मध्ये नेपालमा १३ अर्ब घनमिटर भूमिगत पानी रहेको अनुमान छ ।

नेपालमा उपलब्ध भूमिगत पानी मध्ये १.५ अर्ब घनमिटर पानी सिँचाइमा प्रयोग गरी पाँच लाख हेक्टरमा सिँचाइ सुविधा पुऱ्याएको तथ्याङ्क छ । यस्तै ०.२ अर्ब घनमिटर पानी पिउनका लागि प्रयोग गरेको अध्ययनले देखाएको छ ।

काठमाडौँ उपत्यकामा मात्रै उपत्यका खानेपानी लिमिटेडलगायत विभिन्न पानी सेवा प्रदायकले दैनिक ११ करोड लिटर भूमिगत पानी निकाली विभिन्न काममा प्रयोग गरिँदै आएका छन् । यस प्रकारले नेपालमा वार्षिक रूपमा सरदर २२५ अर्ब घनमिटर पानी निकाली प्रयोगमा ल्याएको अनुमान छ । सो मध्ये १२ अर्ब घनमिटर पानी भूमिगत जलस्रोतका रूपमा पुनःभरण हुने गरेको छ । तर **पुनःभरणाको तुलनामा भूमिगत पानीको दोहन अत्याधिक हुन गएको छ** । यसले गर्दा भूमिगत पानीको सतह क्रमशः घट्दै गएर धेरै वर्ष पहिलादेखि आफै ह्वालह्वालती निस्किरहने मूल, गेसर आदि बन्द भएर गएका छन् । यो अवस्था काठमाडौँ उपत्यकाका विभिन्न स्थानहरूमा प्रत्यक्ष रूपले देख्न सकिन्छ । यसबारे वैकल्पिक उपायहरू सोच्न सकिएन भने कुनै दिन उपत्यकाको जमिन भासिन सक्ने खतरा भौगर्भ शास्त्रीहरूले औँल्याइसकेका छन् ।

वर्षाको पानी, हिउँ, ताल, पोखरी, नदी र सागरको पानी विभिन्न रूपमा धरातलको उपल्लो सतहबाट रसाएर (Percolate) भित्रको अभेद्य वा संतृप्त चट्टान क्षेत्रमा गएर जम्मा भएर रहेको पानीलाईनै भूमिगत पानी भन्ने गरिन्छ । त्यसरी जम्मा भएर रहेको पानी मूल, फोहरा (Springs), ग्रेसियर (Greyser), ढापिलो स्रोत तथा कृत्रिम बोरिङद्वारा सजिलै सतहमा बाहिर आएको हुन्छ । अनुमान अनुसार प्रति वर्ष औसत ४० इञ्च जति सतह बाहिरको पानी भित्र गएर जम्मा हुन्छ । यो सम्पूर्ण पानीको एक योग झन्डै एक करोड अर्ब घनमिटर अनुमान गरिएको छ, जमीनको ढाल, छिद्रयुक्त चट्टान र वर्षाको मात्रा आदिका कारणले गर्दा भूमिगत पानी सबै ठाउँमा समान वितरण नभई भिन्न भिन्न स्थानहरूमा फरक हुन्छ । अनुमान अनुसार भूमिगत पानीको मात्रा यति बढी छ कि धरातलको सम्म मैदानमा फिजाइएको खण्डमा ३५० मीटर बाक्लो पानीको फैलावट हुनसक्छ ।

भारी एवं लामो वर्षाका पानी धरातलको ढाल एवं माटोको विशेषता अनुसार केही भाग बगेर जान्छ, केही भाग वाष्पिकरण भएर उडेर जान्छ भने तीन भागको एकभाग जति जमीनले सोस्ने गर्छ । जमीनले सोस्ने कूल पानी मध्ये केही आफ्नै सूक्ष्म खिचावट (capillary tensios) को परिणाम स्वरूप माटोको अति सूक्ष्म कणले आफै ग्रहण गरिएको हुन्छ । माटोको गुण अनुसार संतृप्त अवस्था नपुगेसम्म आफैले पानीको मात्रा ग्रहण गर्दछ । माटोको संतृप्त विन्दुमा पुगेपछिको पानी जमीन मुनि सोसिएर गई अभेद्य चट्टान माथि भूमिगत जलको रूपमा जम्मा हुन जान्छ । यसरी माटोले आफै ग्रहण गरिराख्ने पानीले गर्दा माटोमा आर्द्रता कायम भइरहन्छ । यसले खेतीपाती कार्यमा अत्यन्त महत्त्वपूर्ण भूमिका निभाउँछ ।

वर्षाको पानी जमीनमुनि गएर एक निश्चित सीमामा

पुगेर बन्द हुन्छ। त्यो निश्चित सीमा भनेको जमीन भित्र अभेद्य चट्टानको गहिराइमा भरपर्छ। अभेद्य चट्टान कहीं कम गहिराइमा र कहीं धेरै गहिराइमा रहेको हुन्छ। जमीन भित्र लगभग ९.१५ मिटर गहिराइसम्ममा अभेद्य चट्टान रहेको अनुमान छ। त्यति गहिराइमा भूमिगत पानी भरिएपछि भेद्य चट्टानका छिद्रहरूमा पनि पानी भरिन थालेर बन्द हुन्छ। अनि माथिल्लो सतह बाहिर पानी भलभल्ती देखापर्न थाल्छ। पानीले भरिपूर्ण चट्टानलाई संतृप्त चट्टान भनिन्छ। सोही संतृप्त चट्टान माथिको माथिल्लो पानीको सतहलाई जल सतह (water tevel) भनिन्छ। धरातलको बनावट अनुसार जल सतह रेखा पनि सबै ठाउँमा समान समथर भएका हुँदैन। धेरै पानीपर्ने होचो भाग एवं ताल र नदीको नजिकैको स्थानमा जलरेखा माथि हुन्छ। तर पहाडी एवं ठाडो भिरालो क्षेत्रमा जलरेखा धेरै गहिराइमा हुन्छ। यस्तै वर्षातको समयमा जलरेखा अधिकतम उचाइमा आइपुग्छ र अरू समयमा घट्छ। पृथ्वीको धरातल तथा जल सतह बीचको भेद्य चट्टानीलाई खण्डलाई Zone of Aereations भनिन्छ। पहाडी क्षेत्रमा यसको मोटाई धेरै र गहिरो क्षेत्रमा पातलो हुन्छ। कहीं कतै या जलसतह रेखा घरातलको बाहिरी सतहसम्म पनि पुगेर माथिल्लो सतह धापिलो बनेको हुन्छ।

जमीन मुनिको पानी कहीं आफै निस्कने गर्छ भने कहीं कृत्रिम तरीकाबाट जमिन बाहिर निकालिने गर्छ जमिन भित्रको पानी आफै निस्कने मूल (Spring), ग्रेसर (Geyser) र पातालतोड इनार (Artesion Well) आदि हुन्। कृत्रिम तरिकाबाट निकालिएका इनार, कुवा, धारा, ट्यूबवेल, बोरिङ आदि हुन्।

### जमीन मुनिको अर्थात भौगर्भिक पानीको काम


जमीनको बाहिर बग्ने नदीले झैं भूगर्भ भित्रको पानीले पनि जमीन भित्र खियाउने, बगाउने र थुपार्ने काम गर्छ। तर भूगर्भको पानीमा नदीमा झैं धरातललाई छिटोसित अदलबदल गर्ने शक्ति हुँदैन। बढी समय लगाएर कम काम गर्छ। भूगर्भ भित्रको पानी ज्यादै विस्तारै मात्र बग्ने भएको हुँदा छिटोछिटो खियाउने, बगाइने, थुपार्ने जस्ता यान्त्रिक क्षयिकरण (Mecha nical erosion) प्रायः सम्भव हुँदैन।

गहिरो बेसी उपत्यकातिर झुकेका अग्ला अग्ला पहाडी भू-भागमा वर्षाको बेला साना साना छिद्रहरूद्वारा वर्षाको पानी भित्र गएर माटोलाई खुकुलो पारेर भूस्खलन अर्थात पहिरो (landslide) मा परिणत हुन सघाउँछ।


वर्षाको याममा कार्वनडाइअक्साइड युक्त वर्षाको पानी जमीनभित्र सोसिएर जाँदा चुनढुङ्गा जस्ता चट्टानलाई गाल्ने गर्दछ। वर्षाको पानी कार्वनडाइअक्साइड सहित एसिड बन्छ र यसले ढुङ्गालाई गाल्ने काम गर्छ। धरातलबाट साना साना सूक्ष्म छिद्रहरू द्वारा वर्षाको पानी जमीनभित्र सोसिएर छिर्ने कृया निरन्तर भइरहँदा पछि ती छिद्रहरू चिरा वा दरारको रूपमा परिणत हुँदै जाने गर्छ। धरातल बाहिरबाट एसिड युक्त पानी ती दरारहरूबाट जमीन भित्र पसेर चुनढुङ्गा युक्त क्षेत्रमा विशेष आकृतिका मूर्तिहरू निर्माण हुन्छन्। केही मूर्तिका उदाहरण निम्न छन्-

**१) टेरारोसा** (Terra-rosa):- कार्वनडाइअक्साइड युक्त वर्षाको पानीमध्ये केही भाग जमीन भित्र पस्ने क्रममा बाहिरी परतको चट्टानमा विशेष आकृतिका मूर्ति पैदा गर्छ। त्यस्ता आकृतिलाई नै मूर्तिदार चट्टान अर्थात टेरारोसा भनिन्छ।


**२) लेपीज** (Lapies):- चुनढुङ्गा निर्मित प्रदेशमा कार्बनडाइअक्साइड मिसिएको पानी जमीनभित्र पस्दा चुनढुङ्गालाई गालेर लगी काँडाजस्तै आकृतिका कडा खालका चट्टानलाई तिखारिएर बाँकी राखेको हुन्छ। यस्ता तिखारिएर बाँकी रहेका भू-स्वरूपलाई लेपजि वा कारेन भनिन्छ।




**(३) दरार खाडल** (Sink Holes):- वर्षाको पानी जमनभित्र पस्दा सूक्ष्म छिद्रहरूलाई विस्तारै ठूलो एवं फराकिलो पार्ने गर्दछ। पछि ती फराकिला दरारहरू खाडलमा बदलिन्छ। यस्ता खाडललाई नै दरार खाडल भनिन्छ।



**४) अदृश्य प्वाल** (Swallow Holes):- दरार खाडलहरू विस्तारै फराकिला हुँदै एक अर्को खाडलहरू आपसमा जोडिएर ठूला अदृश्य प्वाल बन्छ। पछि त्यही प्वालबाट जमीन भित्र पानी बगेर गई भित्र भित्रै अदृश्य खोला बहने गर्दछ। यस्ता अदृश्य प्वाललाइनै Swallow Holes भनिन्छ। यस्ता प्वाल फ्रान्स र फ्लोरिडामा धेरै पाइन्छ।



(५) **गुफा** (Cavern) **र भासिएको प्वाल** (Doline):- भूगर्भमा अर्थात जमीन मुनि गई अभेद्य चट्टानमा जम्मा भएर रहेको पानीले चुनढुङ्गालाई गाल्दै भित्र भित्रै खोलाको रूपमा प्रवाह भएको हुन्छ। त्यस्ता खोलाको पानी अझ भित्री तहसम्म पुगेर जमीनलाई खोक्रो पारेर गुफा बनाउने गर्छ। कारणवस गुफाको बाहिरी धरातलको केही खण्ड भासिन गई फराकिलो भई बनेको मुखलाई Doline भनिन्छ। यस्ता मुखको आकृति फनेल जस्तो हुन्छ।





**(६) युवाल** (Uvals) **र अन्धो घाँटी** (Blind valles):- चुना प्रदेशमा कयौँ साना साना डोलाइन टूटफूट भएर गई ती एक आपसमा मिलेमा निकै ठूलो आकारको खाल्डो निर्माण हुन्छ। त्यसरी निर्माण भएको विस्तृत खाल्डोलाई युवाल भनिन्छ। धेरै युवाल एक आपसमा मिल्न जानाले बनेको बृहत खाल्डोलाई पोल्जी (Pollijee) भनिन्छ। यो धेरै गहिरो हुँदैन किनकी यसको तल कडा चट्टान हुन्छ।

चुना प्रदेशमा बहने नदी (Doline) आदिको छिद्रमा प्रवेश गर्दा गुफाका छाना टूटफुट भएर खसेपछि अगाडिको नदी घाँटी सुक्न जान्छ। यिनै घाँटीमा कहिले काहीँ वर्षाको पानी भरिन जान्छ र यो पानी सुक्न जाँदा भयानक अँध्यारो दृश्यको घाँटी देखापर्छ। यसर्थ यसलाई अन्धो घाँटी भनिन्छ। धरातलमा प्रवेश हुने नदी अगाडि गएर फेरि बहन थाल्दछ। यो बीचमा जति पनि नदी घाँटी रहन्छ, त्यो सबै अन्धो घाँटीमा परिवर्तन हुन्छ।

(७) **पोनर्स** (Ponors):- दरार खाडल (गर्त) तथा धरातलको भूमिगत गुफालाई जोड्ने सुरुङ्गलाई पोनर्स भनिन्छ। यो प्रायः ठाडो लम्बवत तथा केही झुकेको अवस्थामा हुन्छ।

(८) **हम्स** (Hump):- चुना प्रदेशमा बनेका स्थलाकृतिमा केही चुना पत्थरको अवशेष भाग खडारूपमा हुन्छ। यो अवशेष भाग सानो डाँडाको रूपमा उठेको पाइन्छ। जसलाई हम्स भनिन्छ।

**(९) आकाशी स्तम्भ** (stalactite) **र पाताली स्तम्भ** (stalagmite):- चुना प्रदेशमा बनेका गुफाको माथिल्लो छानाबाट चुनयुक्त पानी तलतिर टप्किरहन्छ। यसरी तल टप्किरहेको पानीद्वारा गुफाको छाना वा छतको तलतिर झुन्डिएर रहेका गाइको थुन झैँ झुन्डिएका स्तम्भहरू बन्ने गर्दछ। यस्ता झुन्डिएका स्तम्भहरूलाई **आकाशी स्तम्भ** भनिन्छ। यस्तै गुफाको तलतिर पानी चुहिएर खसिरहँदा तल भुईंमा डाँडोगरी उठेका खम्बाहरू झैँ निर्माण भएका हुन्छन्। यस्ता चुना खम्बाहरूलाई **पाताली स्तम्भ** भनिन्छ। जब गुफामा ठाडो र झुन्डिएका स्तम्भहरू विकास हुँदै गई दुवै आपसमा जोडिएर लम्बवत खम्बाको आकृति बन्छ त्यसलाई चुनको स्तम्भ भन्ने गरिन्छ।




**१०) कार्स्ट, स्थलाकृति** (Karst Topography) **र कार्स्ट ताल** :- चुना प्रदेशमा निर्मित विभिन्न आकृतिका विकसित भूदृश्यलाई कार्स्ट स्थलाकृति भनिन्छ।

कहिले काहीं चुना प्रदेशमा निर्मित गुफाहरूमा पानी भरिन जानाले कार्स्ट ताल निर्माण हुन्छ । जस्तै यू.एस.ए. को फ्लोरिडा प्रदेशमा झुलामुवा काललाई लिन सकिन्छ । यो ताल पहिले साधारण डोलाइन थियो पछि तलको छिद्र बन्द हुन जानाले १२ कि.मि. लामो र ६ कि.मि. चौडा ताल बन्यो ।

उपरोक्त स्थलाकृतिको अतिरिक्त चुना निर्मित प्रदेशमा भूमिगत पानीको भण्डारणबाट खियाउने, बगाउने र थुपार्ने कृयाकलापले गर्दा विभिन्न स्वरूपका स्थलाकृतिहरूको निर्माण हुन्छ ।

यस प्रकार भूमिगत पानीको भण्डारणबाट अत्याधिक मात्रामा पानी निकाल्दा जमीन भित्र अनेकौं स्थलाकृतिहरू निर्माण हुनुको साथै जमीन भित्र अत्याधिक खोक्रो पैदाभई काठमाडौं र पोखरा उपत्यका भित्रको जमीन निकट भविष्यमै भासिएर जानसक्ने वा भासिएर गई निकै प्रतिकूल असर पर्ने कुरा भूगोलविद्हरूले औंल्याएका छन् ।

भूमिगत पानीको परिवहन कार्य ज्यादै मन्द गतिले हुने हुँदा त्यतिको भयानक कार्य हुँदैन कि भन्ने लाग्छ । तर भूमिगत पानी घोलकको रूपमा चुन एवं चट्टानलाई घुलाएर अगाडि बहँदा धरातलमा प्रत्यक्ष रूपबाट कुनै आकृतिको निर्माण गरेको हुँदैन ।

भूमिगत पानीमा म्याग्नेसियम, क्याल्सियम, कार्बोनेट, सिलीका एवं फलामको मात्रा अत्याधिक समावेस भएको घोल हुनाले पानीलाई अगाडि प्रवाह हुन रोकिराख्छ । तर कुनै वस्तुको निक्षेप गर्ने शक्ति बढी राख्दछ । यस निक्षेपन कार्यबाट आकाशी र पाताली स्तम्भ, ट्रेवरटाइन, गेसेराइट तथा अन्य विभिन्न स्थलाकृतिको निर्माण हुन्छ । यस कार्यको लागि तापक्रमको कमी, चापको कमी, वाष्पीकरण, रासायनिक क्रिया, ग्यासको कमी हुनु अत्यावश्यक छ । यस्तो अवस्थामा चुना युक्त चट्टानको साना साना चीरा वा दरारमा सिसा, सुन, चाँदी र ताँवा जस्ता खनिज धातु जम्मा भएको धमनी बनेको हुन्छ । यस्तै चुन युक्त प्रदेशको चट्टानको बीच खाली स्थानमा भूमिगत पानीको घुलित खनिज जम्मा भएर गोलाकार वा अण्डाकारको अवशेषहरू बनेको हुन्छ । यस्तै प्रकारले चुना निर्मित कार्स्ट प्रदेशमा अपरदन चक्र अन्तरगत विभिन्न अवस्थामा लेपीज, दरार खाडल जस्ता अनेकौं स्थलाकृतिहरू निर्माण हुन्छ ।

यस प्रकार भूमिगत पानीले विभिन्न अवस्थामा जमीन भित्रभित्रै खियाउने वा अपहरण कार्य गरेर भूमिगत जमीनलाई टूटफूट गरेर कमजोर गर्ने तथा मानिसले कृत्रिम तरिका अपनाएर अत्याधिक पानी निकाल्ने कार्यले गर्दा कुनै अवस्थामा माथिको जमीन भासिन गएर ठूलो धनजनको क्षतिगर्ने सम्भावना देखिन्छ । अत्याधिक मात्रामा भूमिगत पानी दोहन हुँदा पानीको सतह न्यून भएर गई कुनै कुनै बेलामा साना ठूला भू हलचल जस्ता प्राकृतिक प्रकोपको कारण जमीन भित्रको पानी छचल्किएर पनि भित्री चट्टान कमजोर बनी भासिने खतरा पैदा हुन्छ ।

हालको तथ्याङ्क अनुसार काठमाडौं तथा पोखरा उपत्यकामा अत्याधिक जनसङ्ख्याको बसोवास भएका क्षेत्रहरू हुन् । बढ्दो जनसङ्ख्याको आवश्यकतालाई पूरा गर्न हाल खानेपानी संस्थाले वितरण गरिरहेको खानेपानी निकै न्यून भएको हुँदा अत्याधिक मात्रामा भूमिगत पानी दोहन भइरहेको देखाइएको छ । यसले गर्दा निकट भविष्यमै काठमाडौं उपत्यकाका कुनै न कुनै खण्डहरू भासिन सक्ने कुरा भौगोलिक अध्येताहरूले औंल्याएका छन् । अतः यसको लागि केही वैकल्पिक उपायहरू अपनाएर खानेपानीको समस्यालाई हल गर्नेतर्फ विलम्ब गर्न नहुने देखिन्छ । वैकल्पिक उपाय अन्तरगत मेलम्ची खानेपानी आयोजनाले ४३ करोड लिटरको माग मध्ये जम्मा १६ करोड लिटर मात्र आपूर्ति गर्दै आएको पनि केही मात्रामा खानेपानीको समस्या हल गर्न सकिएला तर पूर्ण समस्या हल गर्न सक्ने छाँट देखिँदैन । हाल काठमाडौं उपत्यकामा खानेपानीको नाजुक अवस्थालाई मध्य नजर राख्दै काउखालि व्यवस्थापन समितिले मकवानपुरको भीमफेदी र इन्द्रसरोवर गाउँपालिका अवस्थित सिस्नेरीमा अनुमानित २० अर्ब लागतमा ७–८ अर्ब लिटर बराबरको खानेपानी अट्ने क्षमतासहितको ६० मिटरको ड्याम (बाँध) निर्माण गर्ने प्रस्ताव पनि अघि सारेको छ । जसलाई एक सकारात्मक कदमको रूपमा लिएको छ । हाल केयुकेएल सुन्दरीजल, भक्तपुरको महादेवखोला, फर्पिङ्, ल.पु.को चारघरे, मूलडोल, शिवपुरी, विष्णुमती, अल्ले, बोडे, भण्डारे, पाँचमाने, कीर्तिपुरको नौमूले, दूधपोखरी, सिम, जोहाहिटीलगायतका मुहानबाट पानी आपूर्ति गरिरहेको छ ।

**सन्दर्भ सामग्री**


1. Outline of geomorphy – Tiwari Bishwo Nath and Satischandra Gorkhapur University
2. Physical Geography – Sambhumani Bhandariy
३. भौतिक भूगोलका सिद्धान्त
४. Geomorphology – Dr. Sabindra Sinha



# समालोचनाया सिद्धान्त

## (समालोचनाया सिद्धान्त-६)

– प्रो. माणिकलाल श्रेष्ठ



### तुलना : समालोचनाय् थुकिया महत्व

न्हापा हे धाये धुन समालोचनाय् दकले न्हापां न्ह्योने वइगु निता स्वता मूल प्रश्न मध्ये छता प्रश्न अनुभूतिया तुलना खः। निपु कविता ब्वना गुगु बांला धायेगु, निपु म्ये न्यना गुगु यो धायेगु बा निपा किपाय् गुगु बांला धायेगु हे समालोचनाया छता प्रारम्भिक प्रश्न खः। अर्थात साहित्य बा कलाया छुं निता कला कृति लना स्वयेगु नं समालोचना खः। थुगु दृष्टिं स्वयेबेले समालोचनाया शक्ति छुं भति न्ह्याम्ह मनूयाके नं दइ, मचा छम्हसिनं तक नं निता न्ह्यवसा स्वया छता ल्यया काये सः। तर मनूयाके च्वंगु थ्व गुण, थ्व शक्ति छ्यला विकास याना यंकूलिसे तिनि समालोचना-शक्ति च्वन्ह्याना वनी। लँु कःमि छम्हसिनं लँु चुला स्वयेव थुकी थुलि मेगु धातु ल्वाकज्या धाये फु, निता लुँइ थुगु अपो ग्यं धाये फु, छम्ह सामान्य मनुखं मफु। तर छम्ह सामान्य मनूया प्रतिभा छ्यला यंका हे विशेषज्ञ जूम्ह उम्ह लँु कःमि खः। थुकथं सिइ दु समालोचनाया दकले सरल रूप निता जो लागु बस्तु लनेगु खः, अले थ्व तुलना शक्तिया विकसित व परिस्कृत रूप समालोचना खः। न्हिंन्हिंया जीवने मनुखं गुलि बस्तु लना च्वनी, क्षण क्षणे थुगु जिउला उगु जिउला याना च्वनी। अन्धविश्वास, परम्परा व संस्कार व धर्मया कट्टरतां याना मिखा तिस्सिना छपु लँय् ब्वाँय् वना च्वंपिं बाहेक मेपिंसं न्ह्याबलें मखुसां इले इले ला थम्हं हे बिचा याना स्वइ। थ्व स्वतन्त्र चिन्तन यायेगु भावना हे समालोचना खः।


विश्वे न्हूगु युग अर्थात थौंया युगयात झीसं वैज्ञानिक युग धया च्वना। विज्ञान थहाँ वना उकिं झीगु जीवनया पला पला पतिं वैज्ञानिक उत्पादन नाप झी सम्बन्ध दइगु ला थ्व युगया विशेषता हे खत, थुकियात "मेकानिस्टिक'' बा कल-मेशिन थें जोगु धका आलोचना याइपिं नं दु। थ्व ला वादविवादया खँ खः, तर थौंया युगया दकले तःधंगु खँ झीगु विचार वैज्ञानिक जूगु, अर्थात मिखा तिस्सिना छुं सफू, शास्त्र, धर्म लिउ लिउ मवंसे थःगु हे विचारं खंथे माने यायेगु प्रवृति विकास जूगु युग थ्व खः। विश्वयात थथे समालोचनात्मक मिखां स्वयेगु आव्हान छम्ह निम्ह मनुखं ला द्वलंदो दँ न्ह्यो हे याये धुंकल (बुद्धं थ्व विचार प्रचार यागु नीन्यासः दँ भचा जक मदुनि), तर समाजे हे प्रभाव लाक, विश्वया मनूतय् हे धारणा हिली कथं स्वतन्त्र चिन्तन व समालोचनात्मक मिखां स्वयेगु थ्व प्रवाह वोगु निसः स्वसः दँ हे तिनि दत।

साहित्यया समालोचनायात नं थ्व स्वतन्त्र चिन्तनया प्रवृति मा, अले न्हापा धयायें ज्ञान, अनुभव, अनुशासन फुक्कं मा। अथेसां न्ह्ज्यायेत दकले न्हापां मागु बस्तु, समालोचना शक्ति च्वन्ह्याकेत मागु आधार व व्यावहारिक समालोचना यायेत वः काये मागु लिधंसा तुलना खः। न्ह्यागु नं कृतिया समालोचना धयागु हे उकियात बांलाक थमं थुइका कायेगु खः, समालोचना यायेगु छगू प्रकारया अध्ययन यायेगु खः। मनूया जीवनया छुं छगू तःधंगु ज्या याये थें तुं साहित्यिक कृति नं लेखकया ज्या खः। अथे जूगुलिं छुं कृतिया अध्ययन यायेबेले फत्तले लेखकयात म्हासीकेगु स्वयेमा। कृतियात हे माध्यम याना झीसं झी व लेखकया दथुइ स्वापू तयेगु कुतः यायेमा। थथे यायेत झीसं लेखकया कृति ब्वनेबेले छम्ह लेखकया यक्को कृति ब्वंसा अलग अलग छगूया मेगु नाप छुं स्वापू मतसें ब्वनेगु मखु, छगू व मेगु नाप छु सम्बन्ध दु धका बांलाक बिचा याना ब्वनेमा, अझ लेखकं च्वया तःगु फुक्क कृति छपु हे रचना खः धका मतिइ तया ब्वनेमा, अझ फःसा लेखकया सफू फुक्क लेखकं पिकागु ई कथं झोलाक्क ब्वनेगु झन भिं। लेखकं रचना चोगु ई कथं झोलाक ब्वनेबेले छम्ह लेखकया तुलनात्मक अध्ययन जुइ। थ्वजोगु अध्ययने पाठकं लेखक बांलाक म्हसी।

थुलि धुंका उम्ह लेखकयात मेम्ह लेखकया कृति नाप तया नं ब्वनेमा। थथे मेम्ह लेखक छुं कथं उम्ह लेखक नाप जोलाम्ह ल्ययेबेले तुलना याये अःपुइ। उगु हे क्षेत्रे च्वइम्ह लेखक,




धूस्वां सायमि



धर्मरत्न 'यमि'

उगु हे विषय वा समस्याय् च्वइम्ह लेखक वा उजोगु हे परिस्थितिइ च्वइम्ह लेखक बा छुं कथंया सम्बन्ध दुम्ह लेखक ल्यया तुलना यायेबेले उम्ह लेखकयात म्हसीके अः पुई । **सिद्धिचरणया कविता** ''स्वर्गीय कवि सिद्धिदास'' स कविया कल्पना गुलि च्वन्ह्या धका सिइकेत भ्रीसं उगु हे ईया छम्ह कविया रचना नाप थुकिया तुलना याये फु वा सुं छाम्हसिया स्मृतिइ मेम्ह कविं च्वया तःगु कविता तुलना याये जिउ । कवि चित्तधर 'हृदय' जुं सिद्धिदासया स्मृतिइ च्वया दीगु कविता नाप तुलना यायेबेले सिद्धिचरणया थ्व कविताया उच्च कल्पना व रोमान्टिक भावना स्पष्ट जुइ । अथे हे धूस्वां सायमिजुया उपन्यासे पात्रया हृदय गुलितक बांलाक चित्रण ज् धका थुइकेत मेम्ह उपन्यास-लेखक **ईश्वरानन्द श्रेष्ठाचार्यया** उपन्यासया पात्रचित्रण नाप तुलना यायेमा । तुलना यायेबेले थथे नितां छगू हे साहित्य प्रकार (नितां उपन्यास वा नितां कविता आदि) जुइ मागु मदु, छुं कथंया सम्बन्ध जुइव गा । **धर्मरत्न 'यमि'** या 'भृकुटी' उपन्यास व हेमलालया एकाङ्की नाटकया छुं समानता भ्रीसं स्पष्ट हे खना, व खः ऐतिहासिक पात्रतय् चित्रणे कल्पनां अपो ज्या याइगु । **जर्ज बर्नार्ड शाया** नाटक ब्वनेबेले भ्रीसं समाजया समस्या नाटके तस्सकं बांलाक क्यंगु जक खनी, इब्सनया नाटक नाप तया ब्वनेबेले जक भ्रीसं चाइ-इब्सनं थें समाजया समस्यायात छँ खा छँ खाया समस्या नं जुइक क्यनेगु (छगु हे समस्यायात सामाजिक व गार्हस्थ्य निगुलिं क्यनेगु) ज्याय् शा सफल मजू । तुलना याना ब्वनेबेले भ्रीसं छम्हा लेखकया प्रतिभा नं खंके फइ त्रुटि नं याकन हे खनी ।

साहित्यया अध्ययने थें समालोचना साहित्यया अध्ययन यायेत नं तुलनां तस्सकं गुहालि बिइ । **माधवलाल कर्माचार्यजुं** च्वया दीगु ''कवि सिद्धिदास व सत्यसती'' ब्वना भ्रीत सत्यसती ब्वनेत छुं गुहालि जुइ, माधवलालजुया जीवन-दर्शन नं छुं भति सिइके फइगु नं सम्भव । तर माधवलाल कर्माचार्यया समालोचना प्रतिभा बांलाक सिइकेत मेम्ह आलोचकं 'सत्यसती' विषये च्वया तःगु लेख वा सिद्धिदासया विषये च्वयातःगु जक जूसां लेख नाप तुलना याना ब्वनेमा । छम्ह लेखक वा छगू कृतिया खँय् छम्ह व मेम्ह समालोचकया मत पाइ, हानं छुं भति मत जो नं लाई । कवि सिद्धिदासया मूल्याङ्कन याइबेले समालोचकपिनि मत गाकं पा. अथेसां सिद्धिदासं जन-जागरणया प्रतिनिधित्व यागु व साधारण जनतां थूगु भाषां च्वयेगु यात धयागु खँय् फुक्क समालोचकपिनि छप्वा म्हुतु । थौंकन्हे पिहाँ वया च्वंपिं न्हूपि ल्याय्म्ह कविपिंसं (पूर्णबहादुर वैद्य, योगेन्द्र प्रधान, बुद्ध सायमि समूहं) कागु न्हूगु प्रवाह, अमिसं याइगु अभिव्यक्ति छ्यला तःगु प्रतीक विषये समालोचकपिनि मत पा, तर अभिसं



जर्ज बर्नार्ड शा

मानव ज्ञानया फुक्क क्षेत्र, फुक्क विश्वया समस्या आदिया अनुभव थःगु कल्पनाय् छ्यला नेपाल भाषा कविताया विषय-क्षेत्र तब्याकल धका सकसिनं हे धाइ । समालोचक छम्ह व मेम्हसिया मत पाइगु कारण व्यक्तिगत विचार पागुलिं खः, हानं छगु हे युगया वा छगू हे थाय् वा छगू हे वातावरणया समालोचकपिनि मत आपा समान जुइ । अथे जूगुलिं छगु हे युगया समालोचकपिनि मते गाक्कं समानता व विभिन्न युगया समालोचकपिंके मत विभिन्नता दइ । साहित्य व कला युग स्वया पाना वंथें तुं समालोचना नं युग लिसे लिसे हिला वनी । छम्ह हे लेखक वा छगू कृतिया बिषये विभिन्न युगया समालोचकपिसं धया तःगु खँ तुलना याना स्वयेबेले भ्रीसं समालोचनाय् युगया गुलि तक प्रभाव ला धका चाइ । थ्व अध्ययनं भ्रीसं समालोचनाया इतिहासया अध्ययन थ्यंकः वने फइ ।

छगु हे ई व छगू हे थाय्या साहित्ये नं निगू भाषाया साहित्य ब्वनेबेले, निगुया तुलना स्वयेबेले उगु देशया उगु ईया छुं खँ भ्रीसं थुइ, अर्थात साहित्य अपो सिइका काये फइ । राणा काले नेपाल भाषा व नेपाली भाषा निगुयां साहित्ययात सरकारं प्रोत्साहन मबिउ, तर नेपाली भाषाय् शासकतय् प्रशस्ति वा स्तुति-साहित्य पिहाँ वल । नेपाल भाषाय् उलि नं छूट मबिउ, विद्रोह हे याना पिहाँ वये माबेले नेपाल भाषाया साहित्य उगु इले नेपालया क्रान्तिकारी आन्दोलनया प्रतिनिधित्व याना वंगु दु, थ्व खँ निगू भाषाया साहित्य तुलना याना सिइ दु ।

अथे हे निता भाषां च्वइपिं लेखकपिंत बांलाक मूल्याङ्कन यायेत निगुलिं भाषाया रचना तुलना याना ब्वनेवतिनि फइ । सिद्धिचरण व केदारमान 'व्यथित' म्हासीकेत वय्कःपिनि नेपाल भाषाया जक मखु नेपालीया कविता ब्वनेमा ।

साहित्यया अध्ययने जक मखु

साहित्य प्रकार बारे छुं धारणा दयेकेत नं तुलनाया महत्व दु। नाटक काव्यया रूप व गुण धाथें हे सिइकेगु जूसा ग्रीक व संस्कृत नितां धारणा झीसं सिइकेमा। प्राचीन ग्रीसे नाटकयात त्रासदि व कमदि धका वर्गीकरण यात-ख्याना शिक्षा बिइगु नाटक त्रासदि, करकिया ह्वं क्यना शिक्षा विइगु नाटक कमदि। तर संस्कृत पाखे नाटकयात बाखने लिपा वना छु जुइ व स्वया संयोगान्त व वियोगान्त धका वर्गीकरण यात। थ्व निगू तुलना यायेबेले झीसं थुइ, संस्कृत साहित्ये गुलि कथानकयात महत्व बिल, उलि ग्रीक साहित्ये मबिउ, अथे हे ग्रीके थें मनोवैज्ञानिक प्रभावयात संस्कृतं जोड मबिउ। थ्व ज्ञान नं झीसं तुलनात्मक अध्ययन व तुलनात्मक ज्ञानं जक सिइ।

छुं साहित्यया कृति बांलाक अध्ययन यायेत बा उकिया समालोचना उगु भाषा-साहित्यया मेगु कृति नाप जक बा छगू देशया साहित्य नाप जक तुलना यानां मगा। साहित्ये न्हू न्हूगु प्रवाह बइबेले उगु प्रवाह विश्वभर न्यना वनी। नर्वेया इब्सनं ह:गु "समस्यायात नाटकया विषय यायेगु प्रवाह" बास:दँ लिपा नेपाले नं थ्यन। नेपालया थौंया आधुनिक नाटककारपिनि समालोचना यायेत इब्सननाप तुलना याये हे मा। नेपालया सिद्धिचरणया 'वर्षा' कविता ब्वनेबेले विलायतया **शेलीया** "पश्चिमी वायुयात" लुमनी, कविताया रूप व अभिव्यक्ति न्ह्याको पासां निगुलि कविताया सन्देश व सन्देश बिइगु ढङ्ग उत्थें हे।

तुलना याना स्वयेगु ज्याया उदाहरणया निंतिं छपु कविताया प्यक्वः काये-


*त्वंकि, त्वंकि रे, त्वंकि जितः आ*
*अयूला तिरिरिरि मिंगु, सखी !*
*पकनाय् द्यो हे साला सुलिमे*
*याना बिव रे तृप्त, सखी !*


**प्रेमबहादुर कसाजु**या 'आशा' कविताया थ्व प्यक्वः ब्वनेबेले न्हापांया निक्वः झिंनिगूगु व झिस्वंगुगू शताब्दीया इरानया कविता, अले वयां भचा लिपाया फ्रान्सया रोमान्स साहित्य लुमना वो। स्वंगूगु क्वः ब्वनेवेले विलायतया रोमान्टिक युगया कविपिनि प्रभाव खने दु। प्रेमबहादुर कसा भाजुया "सुलिमे पकनाय् द्यो" सालेगु कल्पना व अंग्रेजी कवि **कीटसं** रोमन देवता बाय्क्कस अयूलाखे दुबिउगु कल्पना यागु यक्को समान जू। हानं अयूलायात प्रतीकया रूपे कीट्सं काथें तुं प्रेम बहादुरं नं धायेंया अयूलाया खँ ल्हाना च्वंगु मखु, तर हानं प्रेमबहादुरया अयूला इरानया कवि ओमर खय्यामयाथें वा विलायतया फिट्जेराल्ड्याथें "जीवन प्रतीक" खः। वास्तविक समालोचनायात थ्वजोगु तुलनात्मक अध्ययन मा।

छपु कविता व मेगु कविता वा छगू कृति व मेगु कृति तुलना याना ब्वनेगु बानी झीसं छ्यले फत धासा लेखकया नुगले दुने थ्यंक दुहाँ वने फइ। झीसं गुम्ह लेखकया कृति ब्वना च्वनागु खः उम्ह लेखक प्रति गाक्कं सहानुभूति तयेत तुलनां गुहालि बिइ। समालोचनाया निंतिं अझ सही अध्ययनया निंतिं नं मदयेक मगागु वस्तु सहानुभूति खः। सहानुभूति दुसा जक झीसं मेम्हसिया आत्मा व नुग:लिसे सजीव सम्पर्क तये फइ, सी धुंकूम्ह लेखकया सफू ब्वना नं म्वाम्ह मनू नाप तप्यंक सम्पर्क हे तया च्वना थें च्वनी। धाथेंया समालोचना थ्व हे खः, अले तुलना थुकिया छगु आधार खः।

**(कथंहं)**


पर्सी बेशी शेली


जोन कीट्स


प्रेमबहादुर कंसाकार


हेनरिक जोहान इब्सन

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

**बैठक सङ्ख्या ८**

## मिति २०७९ साउन १९ गते, बिहीबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरी | ऐ |

## निर्णयहरू

**म्याद थप**

**१) क.** यस नगरपालिकाका देहाय बमोजिमका अस्थायी, करार, मा.ज्या., दै.ज्या कर्मचारीहरूको मिति २०७९।४।१ गतेदेखि २०८० असार मसान्तसम्मको लागि आवश्यकता अनुसार (१५३ जनाको) म्याद थप गर्ने निर्णय गरियो ।

**ख.** यस नगरपालिकाबाट प्रकाशित 'भक्तपुर' मासिक पत्रिका र 'ख्वप पौ' पाक्षिक पत्रिकाका देहाय बमोजिम सम्पादकहरू र देहाय बमोजिमको कानूनी सल्लाहकारको आवश्यक करार सम्झौता संशोधन गरी मिति २०७९।४।१ गतेदेखि २०८० असार मसान्तसम्मको लागि (३ जनाको) म्याद थप गरी करार सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

**ग.** यस नगरपालिकाका वडा नं. १, २, ५, ६, ७, ९ र १० का देहाय बमोजिमका (४३ जना) सफाइ ठेकेदारहरूको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी मिति २०७९।४।१ गतेदेखि २०८० असार मसान्तसम्मको लागि नवीकरण गर्ने र नेपाल सरकारबाट आ.व. २०७९/०८० को बजेटमा व्यवस्था गरे अनुसार कर्मचारीहरू सरह सफाइ ठेकेदारहरूको पनि १५ प्रतिशत पारिश्रमिक वृद्धि गर्ने निर्णय गरियो ।

**घ.** भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको विभिन्न खेलका (६ जना) आंशिक प्रशिक्षकहरूको मिति २०७९।४।०१ गतेदेखि २०८० असार मसान्तसम्म म्याद थप गर्ने र नगरपालिकाका कर्मचारी सरह १५ प्रतिशत पारिश्रमिक वृद्धि गर्ने निर्णय गरियो ।

**ङ.** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक, प्राविधिक सहायक र एम.आई.एस. अपरेटरहरू तथा फिल्ड सहायक कर्मचारीहरू (५ जना) को आवश्यक करार सम्झौता गरी मिति २०७९।४।१ गतेदेखि २०८० असार मसान्तसम्मको लागि म्याद थप गरी करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

**गाईजात्रा मूल्याङ्कन**

२) क. कोभिड महामारीको कारण विगत दुई वर्ष गाईजात्रा (सापारु) पर्वलाई सामान्य औपचारिकतामा मात्र सीमित गर्न अनुरोध गरेकोमा यो वर्ष परिस्थिति सामान्य भएको हुँदा गाईजात्रा (सापारु) पर्वलाई भव्यताका साथ मनाउन तथा घिंताङघिसी एवम् परम्परागत तथा आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी पुरस्कृत गर्ने व्यहोरा सहितको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**ख.** यस वर्ष २०७९ सालको गाईजात्रा (सापारु) पर्वलाई व्यवस्थित गर्ने क्रममा गाईजात्रा प्रदक्षीणा मार्गमा भग्नावशेष तथा निर्माण सामग्री हटाउन र अव्यवस्थित रूपमा राखिएका तारहरू व्यवस्थित गर्न सम्बन्धित पक्ष सबैलाई

अनुरोध गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो।

**ग.** यस वर्ष २०७९ श्रावण २७ गतेका दिन प्रस्तुत गरिने घिंताङघिसीं तथा प्याखंको स्थलगत मूल्याङ्कन हुने तथा मूल्याङ्कन गर्न तपसिल अनुसार मूल्याङ्कनकर्ता प्रतिनिधिहरू चयन गर्ने निर्णय गरियो–

**तपसिल**

१. श्री कान्छा बासुकला, भ.न.पा. ६
२. श्री पञ्चलाल लाछिमस्यू, भ.न.पा. ९
३. श्री सत्य नारायण दिदीया, भ.न.पा. ५
४. श्री लक्ष्मी नारायण राजलवत खत्री, भ.न.पा. १
५. श्री विष्णुगोपाल कुसी, भ.न.पा. ९
६. श्री आशकुमार चिकंबन्जार, भ.न.पा. ५
७. श्री लक्ष्मीनारायण दुवाल, भ.न.पा. ८
८. श्री राजेन्द्र श्रेष्ठ, भ.न.पा. ३
९. श्री कृष्णभक्त प्रजापति, भ.न.पा. ९
१०. श्री श्यामसुन्दर शिल्पकार, भ.न.पा. २
११. श्री सिद्धिराम अवाल, भ.न.पा. ६
१२. श्री इन्दिरा लाछिमस्यू, भ.न.पा. ५
१३. श्री आसराम वैद्य, भ.न.पा. ३
१४. श्री सुलोचना छ्वाजु, भ.न.पा. ९
१५. श्री रामेश्वरी किसी, भ.न.पा. ७
१६. श्री मुक्तिसुन्दर जधारी, भ.न.पा. ५
१७. श्री हरिसुन्दर पोतामाहां, भ.न.पा. ८
१८. श्री लक्ष्मीप्रसाद माक, भ.न.पा. ३

**घ.** यस वर्ष २०७९ श्रावण २७ गतेका दिन प्रस्तुत गरिने घिंताङघिसी तथा प्याखंको स्थलगत मूल्याङ्कन हुने तथा गाईजात्रा पर्वको अवसरमा प्रस्तुत गरिने सांस्कृतिक विधाहरूको प्रचार प्रसार गर्न 'मजदुर' दैनिक पत्रिकामा तपसिल अनुसारको सूचना प्रकाशित गर्ने निर्णय गरियो–

गाईजात्रा पर्व २०७९ मा गुन्हीपुन्हीया धें धें बल्ला कासा (गाईजात्रा सांस्कृतिक मूल्याङ्कन) सम्बन्धमा सापारु श्रावण २७ गतेको दिन प्रस्तुत गरिने घिन्ताङ्घिसी तथा प्याखंको स्थलगत मूल्याङ्कन हुने तथा गाईजात्रा पर्वको अवसरमा प्रदर्शन गरिने विधाहरूको मूल्याङ्कन गर्न पूर्णाङ्क १०० राखी निम्नअनुसार छुट्टाछुट्टै मूल्याङ्कन अङ्क प्रदान गर्ने निर्णय गरियो–

| क) परम्परागत तर्फ | अङ्क | ख) आधुनिक तर्फ | अङ्क |
|---|---|---|---|
| १. पोशाक | १० | १. पोशाक | ५ |
| २. अभिनय | २५ | २. अभिनय | २० |
| ३. ताल | २० | ३. विषयवस्तु | २५ |
| ४. बाजा | १५ | ४. समयको परिपालना | ५ |
| ५. अनुशासन | ५ | ५. अनुशासन | ५ |
| ६. कलाकार | ५ | ६. कलाकार | ५ |
| ७. गण | ५ | ७. प्रस्तुति | ५ |
| ८. नगर परिक्रमा | १० | ८. नगर परिक्रमा | १० |
| ९. समयको परिपालना | ५ | ९. अन्य | ५ |
| | | १०.. निर्देशन | १५ |

**ख.** गाईजात्रा पर्वको समयमा प्रदर्शन गरिने विभिन्न सांस्कृतिक विधाहरूलाई मूल्याङ्कन प्रदर्शन गरिने समयावधि देहाय बमोजिम हुने :

| | |
|---|---|
| क) भैल प्याखं | ३० मिनेट |
| ख) सेरसिंहसमेत भएको भैल प्याखं | ३० मिनेट |
| ग) ख्या प्याखं | ८ मिनेट |
| घ) कवांचा, खिचा, म्हेखा, जंगली, हनुमान, ङा, धु, सला, हाय् र पहलमान र दैत्य प्यांख | ७ मिनेट |
| ङ) नागाचा, कलांली, लुसि प्याखं, फाकंदली, कपायफेनेगु प्याखं, गाईचा प्याखं | १० मिनेट |
| च) ख्याल, नाटक र गीति प्याखं | २५ मिनेट |
| छ) देवी प्यांख | २० मिनेट |
| ज) सेर सिंहसहितको देवी प्याखं | ३० मिनेट |
| झ) भालु प्याखं | २० मिनेट |
| ञ) माक प्याखं | १० मिनेट |
| ट) हुला प्याखं | ५ मिनेट |
| ठ) गरुड प्याख/सिंह प्याखं | १० मिनेट |

**ग.** गाईजात्रा पर्वको समयावधिमा प्रदर्शन गरिने घुम्ती नाच तथा ख्याल/नाटकहरूको मूल्याङ्कन गर्दा निम्न सर्तहरू पूरा गर्नेहरूलाई प्राथमिकता दिइने :

क) ताहा सां (ताहामचा) घुमाउने मार्ग परिक्रमा गरेको
ख) परम्परागत विधाहरूमा नयाँ कलाकारहरू समावेश भएको
ग) समय सापेक्ष प्रस्तुति भएको
घ) अश्लिल शब्द र अभिनय नभएको।
ङ) अनुशासित रूपमा उपस्थित भएको।

**घ.** सापारुको दिन भक्तपुर जिल्लाबाहेक अन्य जिल्लाबाट घिन्ताङ्घिसी, माक प्याखं, लाखे प्याखंलगायतका सांस्कृतिक विधाहरू प्रस्तुत गर्ने र नगर परिक्रमा गर्ने टोलीलाई सोही दिन नगरपालिकाको तर्फबाट मायाको चिनो प्रदान गर्ने।

**च.** गाईजात्रा पर्व २०७९ सालको प्रतियोगितामा प्रदर्शन गरिने सांस्कृतिक विधाहरूलाई निम्नानुसार प्रथम, द्वितीय, तृतीय, सान्त्वना तथा सहभागी (कर बाहेक) को नगद पुरस्कार प्रदान गर्ने निर्णय गरियो–

| सांस्कृतिक विधाहरुको नाम | नगद पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना / सहभागी |
| देवी प्याखं | ३५,०००।- | ३०,०००।- | २५,०००।- | १५,०००।- |
| भैल प्याखं | | | | |
| माक प्याखं | २१,०००।- | १५,०००।- | ११,०००।- | ७,०००।- |
| गाईंचा प्याखं | | | | |
| लुसी प्याखं | | | | |
| फाकंदली प्याखं / हुला प्याखं | | | | |
| नागाचा प्याखं | १५,०००।- | १२,०००।- | ८,०००।- | ५,०००।- |
| लाखे प्याखं | | | | |
| नटुवाचा, (मथु) प्याखं | | | | |
| कलाली प्याखं | | | | |
| भालु प्याखं | | | | |
| जंगली प्याखं | | | | |
| नाटक / गीति प्याखं | २०,०००।- | १५,०००।- | ११,०००।- | ९,०००।- |
| ख्याल | | | | |
| खिचा प्याखं | ११,०००।- | ९,०००।- | ७,०००।- | ४,०००।- |
| ख्या प्याखं | | | | |
| कवांचा प्याखं | | | | |
| विशेष पुरस्कार (एउटै मात्र प्रदर्शन भएमा - दोस्रो पुरस्कार सरह) | | | | |
| घिन्ताङ्घिसी | २०,०००।- | १५,०००।- | १०,०००।- | ८,०००।- दुई ओटा सान्त्वना |
| झ्याउरे प्याखं | १०,०००।- | ८,०००।- | ६,०००।- | |
| हनुमान प्याखं | ११,०००।- | ९,०००।- | | |
| म्हेखा प्याखं | | | | |
| किजापुजा प्याखं | | | | |
| कपाय फेनेगु प्याखं | | | | |
| सलां प्याखं | | | | |
| ङा प्याखं | | | | |
| गरुड प्याखं / दैत्य प्याखं | | | | |
| झ्या झ्या प्याखं | | | | |

| उत्कृष्ट कलाकार घिंताङघिसी आधुनिक परम्परागत | |
|---|---|
| महिला कलाकार | २,०००।- |
| पुरुष कलाकार | २,०००।- |
| बाल कलाकार | २,०००।- |
| आधुनिक विधातर्फ उत्कृष्ट निर्देशक | २,०००।- |

## समितिको निर्णय अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

### शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

**मिति २०७९।३।२७ गते**

१. भक्तपुर नगरपालिकाका गतिविधिहरू बारे सर्वसाधारण जनतामा सूचना सम्प्रेषण एवम् जनचेतनामूलक सन्देशहरू प्रवाह गर्न विगत चार वर्षदेखि भक्तपुर एफ.एम.प्रा.लि. मार्फत 'ख्वप सः भक्तपुर आवाज' रेडियो कार्यक्रम प्रसारण गर्दै आएकोमा उक्त कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने उद्देश्यले सरोकारवाला पक्षहरू भक्तपुर एफ.एम.प्रा.लि., प्राविधिक राजेश हाडा र रेडियो प्रस्तोताहरूसँग **सम्झौता नवीकरण** गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'सञ्चार माध्यममा भक्तपुर नपा' पुस्तक र 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको ५ वर्ष' पुस्तक प्रकाशन गर्दा सम्पादन कार्यमा योगदान गर्ने विज्ञहरू श्री ज्ञानसागर प्रजापति र श्री लक्ष्मणराज जोशीलाई प्रति पुस्तक नगद रु.१०,०००।– (अक्षेरूपी दश हजार रूपैयाँ) का दरले दुवै जनालाई **पारिश्रमिक प्रदान** गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिका वडा नं. ८ मा सञ्चालित लेनिन पुस्तकालय र वडा नं. ९ मा सञ्चालित युग विजय पुस्तकालयको स्तरोन्नति र विकासका लागि प्रति पुस्तकालय नगद रु.१,००,०००।– (एक लाख रूपैयाँ) का दरले **अनुदान सहयोग प्रदान** गर्ने निर्णय गरियो ।

**मिति २०७९।४।१७ गते**

१. भक्तपुर नगरपालिकाका वासिन्दाहरूलाई मिति २०७९ भाद्र १ गतेदेखि निःशुल्क रगत उपलब्ध गराउन नेपाल रेडक्रस सोसाईटी, रक्त सञ्चार सेवा भक्तपुरसँग आवश्यक **सम्झौता गर्ने** निर्णय गरियो ।

२. मिति २०७९।३।५ गते आर्थिक सहयोगको लागि निवेदन पेश गरेका निवेदक लक्ष्मण प्रजापति सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आए अनुसार निज आर्थिक रूपले विपन्न भएकोले निजलाई आवश्यक उपचार गर्न राहत स्वरूप रु.२०,०००।– (बीस हजार) **सहयोग उपलब्ध गराउने** निर्णय गरियो ।

### कृषि समिति

**मिति २०७९।३।८ गते**

१. तालिम सम्बन्धमा छलफल हुँदा प्रति वडाबाट ४/४ जना गरी जम्मा ४० जनालाई माटो परीक्षण तथा आई.पी.एम. **तालिम** दिने निर्णय गरियो ।

### युवा तथा खेलकुद समिति

**मिति २०७९।३।२३ गते**

१. भक्तपुर नगरपालिका वडा नं. १ देखि १० वडासम्म गठन गरी सञ्चालन गरिरहेको वडा स्तरीय खेलकुद समितिहरू २०७९ श्रावण मसान्तभित्र पुनः गठन गर्न वडा कार्यालयहरूमा **पत्राचार गर्ने** निर्णय गरियो ।

२. भक्तपुर नगरभित्रका निजी तथा सार्वजनिक विद्यालयका खेलकुद प्रशिक्षकहरूलाई विभिन्न खेलसम्बन्धी **प्रशिक्षक प्रशिक्षण तालिम** सञ्चालन गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाबाट विभिन्न वडाका वृद्ध, वृद्धा, युवा, विद्यार्थी तथा महिलाहरूलाई शारीरिक रूपमा सबल पार्न शारीरिक व्यायाम सामग्री खरिद गर्ने र वडाहरूमा सञ्चालन गरिरहेको शारीरिक व्यायाम सामग्रीहरूको मर्मत र सुरक्षाको व्यवस्था गर्न सम्बन्धित वडा कार्यालयहरूलाई **जिम्मेवारी दिने** निर्णय गरियो ।

४. भक्तपुर नगरपालिकाबाट निर्माण गरिएको कभर्ड हलहरू सञ्चालन सम्बन्धमा (कभर्ड हल सम्बन्धी नीति) बनाउन विधायन समितिलाई **अनुरोध गर्ने** निर्णय गरियो ।

**मिति २०७९।३।२८ गते**

१. भक्तपुर नगरपालिकाको वडा नं. १ देखि १० सम्मका वडा कार्यालयहरूलाई वडाका युवा, विद्यार्थीहरूबीच "समाज परिवर्तनमा युवाहरूको भूमिका" विषयक अन्तरक्रिया कार्यत्रम सञ्चालन गर्न वडाहरूमा पत्राचार गर्ने र सो कार्यक्रमका लागि प्रत्येक वडालाई रु.१०,०००।– (अक्षेरूपी रु. दश हजार) रकम **निकासा पठाउने** निर्णय गरियो ।

### वातावरण तथा पर्यटन समिति

**मिति २०७९।३।१३ गते**

१. यस कार्यालयबाट सरसफाइ र वातावरण सुधार गर्ने प्रयोजनको लागि गाडीसहितको मिनी क्रेन १ थान र लाईट गाडी (मिनी टिपर) २ थान **खरिद गर्ने** निर्णय गरियो ।

**मिति २०७९।३।१५ गते**

१. रिकिशी प्राङ्गारिक तयारी मल बिक्री वितरण गर्न प्रति किलोको मूल्य रु.२०।– (अक्षेरूपी रु.बीस) निर्धारण गर्ने निर्णय गरियो । धेरै मल खरिद गर्नेलाई निम्न अनुसार **छुट सहुलियत दिने** निर्णय गरियो–

१. १ किलोदेखि १०० किलोसम्म प्रति किलो रु.२०।-
२. १०१ किलोदेखि ५०० किलोसम्म १० प्रतिशत छुट दिने
३. ५०१ किलोदेखि १००० किलोसम्म १५ प्रतिशत छुट दिने
४. १००१ किलोदेखि माथिलाई २० प्रतिशत छुट दिने

**मिति २०७९।४।२ गते**

**१.** ख्वप कलेजबाट यस न.पा.बाट सञ्चालित रिकिशी कम्पोष्ट प्लान्टमा इन्टर्नका लागि पठाएको २ जना विद्यार्थी रमिता तमखु र लसना सुवाललाई २०७९ असार १ गतेदेखि रिकिशी कम्पोष्ट प्लान्टमा इन्टर्नसीप कार्य गराएको वापत प्रति व्यक्ति (विद्यार्थी) मासिक रु. १०,०००।- (अक्षेरूपी दश हजार) **सुविधा उपलब्ध गराउने** निर्णय गरियो ।

## सहकारी अनुगमन समिति

**मिति २०७९।४।१८ गते**

**१.** सहकारी संस्था अनुगमन सम्बन्धमा छलफल हुँदा मिति २०७९।४।२३ गते, सोमबार विहान ११:०० बजे राम मन्दिर, भक्तपुर, ४ स्थित सामूहिक उपभोक्ता सहकारी संस्था लि. को **अनुगमन गर्ने निर्णय** गरियो ।

## आर्थिक तथा लेखा समिति

**मिति २०७९।४।६ गतेको**

**१.** यस नगर क्षेत्रभित्रका सामुदायिक, गुठी र सहकारी संस्था अन्तर्गत दर्ता भई यस नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूको आ.व. २०७८/०७९ को लेखा परीक्षण गर्न लेखा परीक्षक माग गर्न 'मजदुर' दैनिक पत्रिकामा **सूचना प्रकाशित गर्ने** निर्णय गरियो ।

**२.** यस नगरपालिका वा वडा कार्यालयहरूमा लिखत प्रमाणिकरण वा अन्य कार्यको सिलसिलामा संलग्न रहेका वा लिखत आदि कागजातमा उल्लेख भएका र वारेस बसेका लेखापढी वा कानून व्यवसायीको व्यवसाय स्थानीय तहमा दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी संलग्न गराए मात्र लिखत प्रमाणिकरण वा अन्य नगरपालिकाले प्रदान गर्ने **सेवा फुकुवा गर्ने** निर्णय गरियो ।

**३.** भक्तपुर नगरपालिकाभित्रका सहकारी संस्थाहरूको आ.व. २०७८/०७९ को अन्तिम लेखा परीक्षण गर्न लेखा परीक्षक स्वीकृति लिन आउन **सूचना प्रकाशित गर्ने** निर्णय गरियो ।

**४.** उदय बचत तथा ऋण सहकारी संस्था लि. को सक्कल फाइल पठाउन बागमती प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट सक्कल फाइल मागको पत्र पठाउन **अनुरोध गर्ने** निर्णय गरियो ।

**५.** सामूहिक उपभोक्ता सहकारी संस्थालाई सक्रिय बनाउन संस्थाबाट संस्थाका सञ्चालक र लेखा समितिको नाम, थर र सम्पर्क नम्बरको अतिरिक्ति शेयर सदस्यहरूको शेयर लिष्टसहित नाम नामेसी **माग गर्ने** निर्णय गरियो ।

**मिति २०७९।४।९ गते**

**१.** यस नगरपालिकाको स्वामित्वमा रहेका तपसिलका पसल तथा शौचालय कवलहरू यस अघि बहालका लागि २ पटक सूचना प्रकाशित गर्दा पनि बोलपत्र नपरेकोले तपसिल अनुसार न्यूनत्तम अङ्क (वार्षिक बहाल) कायम गरी पुनः बहालका लागि **सूचना प्रकाशित गर्ने** निर्णय गरियो ।

| क्र.सं. | पसल/शौचालय | साविक वार्षिक बहाल | प्रस्तावित वार्षिक बहाल |
|---|---|---|---|
| १ | दरबार क्षेत्रस्थित पर्यटक पसल नं. १ | ४,७३,१०१।- | रु.३,६०,०००।- |
| २ | राम मन्दिरस्थित सार्वजनिक शौचालय | ३६,०००।- | २४,०००।- |
| ३ | दत्तात्रयस्थित सार्वजनिक शौचालय | ३६,०००।- | २४,०००।- |

**मिति २०७९।३।२९ गतेको**

**१.** नगरपालिकाको राजस्व सङ्कलनमा अनलाइन भुक्तानी प्रणाली मार्फत गर्ने सम्बन्धमा नेपाल क्लियरिङ्ग हाउस लिमिटेड (Connectips), ई-सेवा प्रा.लि.र स्पारो पे प्रा.लि. (Khalti) को प्रस्ताव प्राप्त भएकोमा नगरवासी/करदाताहरूको सुविधाको लागि अनलाइन भुक्तानी प्रणाली मार्फत राजस्व बुझ्ने, बुझाउने व्यवस्थाका लागि तीन ओटै कम्पनीहरूसँग नियमानुसार **सम्झौता गर्ने** निर्णय गरियो ।

**२.** नगरपालिकाबाट साविकमा दिइआएको सम्पत्ति करको २०७५/०७६ सम्मको बक्यौतामा दिइएको ५० प्रतिशतको **छुटको अवधि** २०७९ पौष मसान्तसम्म थप गर्ने । उक्त छुट आवासीय प्रयोजनको लागि बनेको घरको हकमा मात्र लागू हुने ।

आवासीय प्रयोजनको लागि बहालमा दिएको घर जग्गाको बहालमा लाग्ने बक्यौतासहित आ.व. २०७९/०८० को बहाल करमा ५० प्रतिशत **छुट दिई** ५ प्रतिशत मात्र बहाल कर लिने तर आवासीय प्रयोजन बाहेक पसल व्यवसाय, सङ्घ, संस्था वा कार्यालय बहालमा बसेकोमा १० प्रतिशत बहाल कर लिने निर्णय गरियो ।

उपरोक्त साथै भूकम्प पीडितलाई साविकमा दिइएको नक्सा पासको **छुटको समय** आ.व. २०७९/८० सम्म थप गर्ने निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०७८।०४।०५ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई. रकम | रि ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लक्ष्मी नरसिंह मन्दिर पुन:निर्माण (तेस्रो चरण) | ४ | नपा | ८,७८३,९०८।१७ | | | | | | | | |
| २ | छुमा गणेश द्य:छें पुन:निर्माण | ६ | नपा | ८,७६४,४९२।०९ | | | | | | | | २० लाख विनियोजन |
| ३ | भण्डार घर छाना मर्मत | ३ | मर्मत | ७९५,९४३।५८ | | | | | | | | |
| ४ | सम्पदा उपशाखामा शौचालय निर्माण | ३ | मर्मत | ९९,९४६।०२ | | | | | | | | |
| रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | वागीश्वरी कलेजको ब्लक (सी) को दोस्रो तला फिनिसिङ कार्य | ९ | बागमती प्रदेश सांसद कोष | ४,९३०,०००।०० | ५,२६७,७८७।५६ | १,६००,०००।०० | २,४१८,७९३।४७ | ८१८,७९३।४७ | २,५२५,७७७।३४ | सम्पन्न | शुशिला कर्माचार्य | |
| | | | | | | २,५११,२००।०० | २,५११,२७८।६६ | ७८।६६ | २,५९७,४११।७८ | | | |
| | | | | | | ४,१११,२००।०० | ४,९३०,०७२।१३ | ८१८,८७२।१३ | ५,१२३,१८९।१२ | | | |
| २ | हनुमानघाट खोला सुधार कार्य | ७ | नपा | ४४८,८४३।३० | | १४०,०००।०० | ३८४,०००।०० | २४४,०००।०० | ६३५,२९१।१७ | सम्पन्न | लक्ष्मी प्रसाद रंजितकार | |

### मिति २०७८/०४/०८ गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट | ल.ई. रकम | रि ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म्याद थप सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सरस्वती विद्यागृहमा मा.वि.मा पूर्वाधार सुधार कार्य | ९ | नपा | | | मिति २०७९ पुस मसान्तसम्म म्याद थप गर्ने | | | | | | |
| २ | आदर निकेतन भवन निर्माण कार्य | ६ | नपा | | | मिति २०८० जेठ मसान्त सम्म म्याद थप गर्ने | | | | | | |
| रिटेल्शन रकम भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भनपा भवनभित्र लिफ्ट जडान गर्ने श्री ग्लोबल अल्फ टेक प्रा.लि., सामाखुसी, काठमाडौंको रिटेन्शन रकम फिर्ता गर्न उपयुक्त देखिएकोले सो रिटेन्शन रकम भुक्तानी दिने निर्णय गरियो । | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| इष्टिमेट गर्ने सम्बन्धमा | | | | | | | | | | | | |
| १ | आ.व. २०७९/८० का लागि स्वीकृत योजनाहरूको ल.ई. गत आ.व. २०७८/७९ को दररेट प्रयोग गरी ल.ई. पेश गरी कार्यान्वयन गर्ने, सोपश्चात् योजनाहरूको आवश्यकता भए आ.व. २०७९/०८० स्वीकृत दररेट प्रयोग गरी ल.ई. परिमार्जित गरी स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | | | |
| मिति २०७८/०४/१८ गते | | | | | | | | | | | | |
| क्र.सं. | योजना का विवरण | वडा नं. | बजेट | ल.ई. रकम | रि.ल.ई. / कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
| ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | महेश्वरी ग्यारेज स्तरोन्नति कार्य | ७ | फोहोरमैला प्रशोधन केन्द्र शीर्षक | ६९५,४८६।६६५ | | | | | | | | |
| २ | फोहोरमैला प्रशोधन केन्द्रमा छाना तथा शटर निर्माण कार्य | ८ | फोहोरमैला प्रशोधन केन्द्र शीर्षक | ८४५,८८८।८८ | | | | | | | | |
| ३ | मंगलतीर्थ परिसर छग: देग: पुन:निर्माण कार्य | ४ | नपा | ३,९५९,६८३।८१ | | | | | | | | २० लाख विनियोजन |
| ४ | बेखाल पाटी पुन:निर्माण कार्य | १० | नपा | ३,९००,६२७।६९ | | | | | | | | २० लाख विनियोजन |
| ५ | फ्लोड लाइट जडान कार्य, दत्तात्रय मन्दिर परिसर | ९ | मर्मत | ९९,७६३।३९ | | | | | | | | अमानत बाट ( इन्द्र बहादुर प्याथ) |
| ६ | सीसीटीभी तथा कम्प्युटर लगायतको ब्याकअप लाइन जडान कार्य, पर्यटन सूचना तथा सेवा केन्द्र, दत्तात्रय | ९ | मर्मत | ८८,३६३।८१ | | | | | | | | अमानत बाट ( ज्ञान बहादुर मानन्धर) |
| ७ | तुमचो दुगुरे आवास क्षेत्रको ठगाना प्रणाली लागु गर्ने | ९ | वातावरण शीर्षक | १,३५९,१३८।०० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | १० नं. वडा कार्यालय भवनमा छाना मर्मत कार्य | १० | मर्मत | ३६०,९००।४० | | | | | | | | |
| ९ | महेश्वरी ग्यारेजमा ढल व्यवस्थापन कार्य | ७ | मर्मत | ९९,८२९।६९ | | | | | | | | |
| उपभोक्ता/अनुगमन समिति स्वीकृत सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तुमचो, दुगुरे चोखा आवास क्षेत्रमा सडक बत्ती जडान कार्य | ९ | नपा | २,४०३,३२८।०० | | | उ.स.अ. : श्री विश्वराम प्रजापति<br>अ.स.स. : श्री इन्द्रबहादुर प्याथ | | | | | |
| २ | ढालाखुसी देखि भाजु पोखरीसम्म पाइप बिछ्याउने कार्य | १ | खानेपानी | १,३३०,०००।०० | | | उ.स.अ. : श्री संगिता जोशी<br>अ.स.स. : श्री गंगालक्ष्मी बमनु | | | | | |
| रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | फोहोरमैला प्रशोधन केन्द्रबाट फोहोर मैलाबाट मल उत्पादन गर्नको लागि आवश्यक ढुटो, सुली र रातो माटो खरिद कार्य | ८ | फोहोरमैला प्रशोधन केन्द्र शीर्षक | ५३,२००।०० | | | ५३,२००।०० | ५३,२००।०० | ५३,२००।०० | सम्पन्न | Rikishi Daichi compost Fertilizer and Agro farm, Kathmandu | |
| २ | लिबाली कभर्ड हल निर्माण कार्य (दोस्रो चरण) | ८ | नपा | ३,९५३,६३१।१६ | पहिलेको | १,३००,०००।०० | १,९६८,२८६।०० | ६६८,२८६।०० | २,२१२,३४५।१२ | सम्पन्न | राम प्रसाद बोहजु | |
| | | | | | अन्तिम | १,२००,०००।०० | १,६३४,६१६।१२ | ४३४,६१६।१२ | १,८३४,८२८।१२ | | | |
| | | | | | जम्मा | २,५००,०००।०० | ३,६०२,९०२।१२ | १,१०२,९०२।१२ | ४,०४७,१७३।२४ | | | |
| ३ | कमलविनायक भत्केपाटी सडकमा ग्राभेलिंग तथा सिँचाइ कार्य | १० | बागमती प्रदेश सांसद कोष | १,०३५,७५८।७५ | १,४०७,२३२।३० | ३००,०००।०० | ७३०,८७५।३० | ४३०,८७५।३० | १,०८५,१५५।२० | सम्पन्न | राम प्रसाद बासुकला | रू.११,८०२।७८ उपभोक्ता समिति बाट व्यहोर्ने |
| | | | | | | २६९,१२४।७० | २८०,९२७।४८ | ११,८०२।७८ | २८२,५६१।८८ | | | |
| | | | | | | ५६९,१२४।७० | १,०११,८०२।७८ | ४४२,६७८।०८ | १,३६७,७१७।०८ | | | |
| ४ | विद्युत् प्राधिकरण उत्तरतर्फ शौचालय तथा पाकिङ व्यवस्थापन कार्य | १ | नपा | १,५२६,०७३।५५ | | ४००,०००।०० | ३७४,७९२।९३ | | ४१२,१६२।०६ | सम्पन्न | राजकृष्ण कोजू | रू.३१,३३८।०० नगर नपाको नाममा नगद दाखिला |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | गयभिंद्योदेखि आदर्श बस स्टपसम्म सडकको पश्चिमतर्फ पेटी निर्माण कार्य | ५ | नपा | १,०३४,८९८।१४ | | ३००,०००।०० | ५९५,३७६।२२ | २९५,३७६।२२ | ६२४,६४८।३७ | आंशिक सम्पन्न | बलराम न्हिसुतु | |
| ६ | हनुमन्ते खोला सुधार (बाराही पुल परिसर | ३ | नपा | १,४८५,९६०।०० | | | ६९५,६६५।५२ | ६०,०००।०० | ६९५,६६५।५२ | आंशिक सम्पन्न | | मेशिन अप्रेटर, हेल्पर, ट्रली ढुवानी मा लागेको खर्च रू.६०,०००।०० |
| ७ | बेखालस्थित कभर्ड हल निर्माण कार्य (पहिलो चरण) | १० | नपा | ९,५४५,४७४।६४ | पहिलेको | ४,४८६,३७५।०० | ५,४४४,७२४।२३ | ९५८,३४९।२३ | ५,८४३,५०७।९० | सम्पन्न | लक्ष्मी प्रसाद चवाल | |
| | | | | | अन्तिम | ३,०००,०००।०० | ३,०३१,९०४।४९ | ३१,९०४।४९ | ४,२९५,९५५।५७ | | | |
| | | | | | जम्मा | ७,४८६,३७५।०० | ८,४७६,६२८।७२ | ९९०,२५३।७२ | १०,१३९,४६३।४७ | | | |
| ८ | गोल्मढी डिप बोरिङ सिस्टम फिटिङ्गस् कार्य | ७ | नपा | १,१७७,११९।५१ | ४७६,८३६।४४ | ४००,०००।०० | ४१६,५९५।३२ | १६,५९५।३२ | ४६९,०७९।६३ | सम्पन्न | बिष्णुभक्त कवां | |
| ९ | शिशु स्याहार केन्द्रमा आवश्यक थप मर्मत कार्य | १ | मर्मत | ८,३३,२४१।७८ | १५,०३,१७७।४ | | | | | | | |

| रिटेन्सन रकम तथा धरौटी रकम भुक्तानी सम्बन्धमा | | |
|---|---|---|
| १ | भ.न.पा. वडा नं. ८ स्थित फोहोरमैला प्रशोधन केन्द्रको लागि आवश्यक कच्चा पदार्थ तथा सामान खरिद कार्यअन्तर्गत Procurement of Raw Materials for Compost Making Plant (Re tender) (ठेक्का नं. bktmun/goods/02 र 078/079/G1RE) का लागि टोकोजाइ कच्चा पदार्थ सप्लाई गर्ने श्री Rikishi Daiichi Compost Fertilizer and Agro farm, Kathmandu को रिटेन्सन रकम तथा धरौटी रकम भुक्तानी गर्ने निर्णय गरियो । | |
| २ | भ.न.पा. वडा नं. ८ स्थित लिवाली प्लानिङ खोला छेउमा रिटेनिङ वाल निर्माण कार्य (ठेक्का नं. bktmun/NCB/works/09/076/077) का श्री कृतिसा कन्स्ट्रक्सन प्रा.लि., वसुन्धाराको रिटेन्सन रकम तथा धरौटी रकम भुक्तानी गर्ने निर्णय गरियो । | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**क.** मिति २०७८।८।१९ गतेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको पत्रानुसार यस नगर क्षेत्रको गरिब परिवार पहिचान र परिचय पत्र वितरण कार्य गर्न मिति २०७८।१२।२० गतेदेखि २ जना सुपरीवेक्षक र १४ जना गणकहरूले कार्य गर्दै आएकोमा सम्झौता बमोजिम असार मसान्तमा निजहरूको म्याद सकिएको र कार्य सम्पादन समय अवधि नपुग भई केही वडाहरूमा गणना कार्य सम्पन्न नभएको हुँदा निज सुपरीवेक्षक र गणकहरूको म्याद २०७९ साउन १ गतेदेखि २०७९ साउन१५ गतेसम्म जम्मा १५ दिन थप गर्न निवेदन पेश भएको विषयमा मिति २०७९।४।१५ गतेको प्रमुख स्तरको निर्णय अनुमोदन गरी निज निवेदकहरूको लागि खाईपाई आएको तलव सरह १५ दिनको पारिश्रमिक पाउने गरी **म्याद थप गर्ने** निर्णय गरियो ।

**ख.** भ.न.पा. वडा नं. १ दूधपाटीस्थित शिशु स्याहार तथा

बाल विकास केन्द्रको परिसरमा शिशुहरूलाई खेलाउनको लागि चौर व्यवस्थापन गर्न चाईनिज दुबो रोप्ने व्यवस्थाको लागि शिशु स्याहार तथा बाल विकास केन्द्रको निवेदनमा छलफल हुँदा चौरमा माटो सम्याउने, दुबो व्यवस्था गर्न र दुबो रोप्ने कार्य गराउँदा भएको खर्च रु.७३,९९२।४० रूपैयाँ बराबरको ओम नर्सरी प्रा.लि. बाट बिल पेश भएको हुँदा रु.७३९९२।४० रूपैयाँ ओम नर्सरी प्रा.लि. लाई **भुक्तानी दिने** निर्णय गरियो ।

**घ.** आ.व.२०७९/०८० मा नेपाल रेडक्रस सोसाइटी, भक्तपुरबाट सहयोग स्वरूप प्राप्त भएको तपसिलका स्वास्थ्य सामग्रीहरू यस नगरपालिकाद्वारा सञ्चालित **ख्वप अस्पतालमा हस्तान्तरण** गर्ने निर्णय अनुमोदन गरियो–

**तपसिल**

| क्र.सं. | सामानको विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | सर्जिकल माक्स (३० बक्स) | ओटा | १५०० |
| २ | स्यानिटाइजर (७५ एम.एल.) | ओटा | २४ |
| ३ | मेडिकल पंजा (२० बक्स) | जोर | १००० |
| ४ | फेशसिल्ड | ओटा | ३० |

**ङ.** भक्तपुर नगरपालिकाको भगिनी शहर मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बतको सान्नान नगरपालिकाबाट सहयोग स्वरूप प्राप्त भएको तपसिलका स्वास्थ्य सम्बन्धी सामग्रीहरू न.पा.बाट सञ्चालित **ख्वप अस्पताललाई हस्तान्तरण** गर्ने निर्णय अनुमोदन गरियो–

| क्र.सं. | सामानको विवरण | इकाई | परिमाण | दर (RMB) | जम्मा रकम (RMB) |
|---|---|---|---|---|---|
| १ | भेन्टिलेटर | थान | १ | २,००,०००।– | २,००,०००।– |
| २ | ओ.टी. टेबल | थान | १ | ६८,०००।– | ६८,०००।– |
| ३ | ओ.टी. लाइट | थान | १ | ३२,०००।– | ३२,०००।– |
| | | | कूल जम्मा | ३,००,०००।– | ३,००,०००।– |

**च.** चालू आ.व. २०७८/०७९ सङ्घीय सरकार (राष्ट्रिय योजना आयोग) को विशेष अनुदानबाट र फोहोर मैला प्रशोधन शीर्षकबाट व्यहोर्ने गरी भ.न.पा.द्वारा सञ्चालित ख्वप अस्पतालमा फोहोर प्रशोधन गर्ने कार्य गर्ने बोलपत्रदाता जे.एच.एस. एनालाइटिक ट्रेडर्स, बबरमहल, काठमाडौँसँग मिति २०७८।११।१० मा सम्झौता अनुसार खरिद गरिएका तपसिलका सामग्रीहरू भ.न.पा. कार्यालयबाट सञ्चालित **ख्वप अस्पताललाई हस्तान्तरण** गर्ने निर्णय गरियो–

**तपसिल**

| S.N. | List of Equipment | Units | Qty | Total Amount |
|---|---|---|---|---|
| 1 | Auto Clave -250 ltr | Nos | 2 | 2,36,000.00 |
| 2 | Metal Box chamber (12 chamber) | Nos | 1 | 7,60,000.00 |
| 3 | Nursing trolley (Horizontal) | Nos | 25 | 5,25,000.00 |
| 4 | Nursing trolley (Vertical) | Nos | 3 | 25,800.00 |
| 5 | Waste Transportation Trolley | Nos | 4 | 1,12,000.00 |
| 6 | Placenta Pit drums and stand | Nos | 2 | 62,000.00 |
| 7 | Weighting Machine 200 kg | Nos | 1 | 19,000.00 |
| 8 | PPE set | Nos | 10 | 19,500.00 |
| | | | Total | 38.91.300.00 |
| | | | VAT 13% | 5,05,869.00 |
| | | | Net Total | 43,97,169.00 |

**छ.** यस नगरपालिका अन्तर्गतको नक्सा उपशाखामा हालसम्म पास भएका नक्सासहितका मिसिल फाइलहरूलाई स्क्यान गरी डिजिटाइजेशन गर्ने कार्य योजना अनुसार A1 स्क्यान क्षमताको स्क्यानर १ ओटा र A3 स्क्यान क्षमताको स्क्यानर १ ओटा उपलब्ध गराई दिनु भनी परेको निवेदनमा उक्त शाखामा A1 स्क्यान क्षमताको स्क्यानर १ ओटा र A3 स्क्यान क्षमताको स्क्यानर १ ओटा **खरिद गर्न प्रक्रिया अगाडि बढाउने** निर्णय गरियो ।

**ज.** भक्तपुर नगरपालिकामा विभिन्न समयमा खाजा नास्ता उपलब्ध गराए वापत दिव्य स्विट्सलाई रु. ४८,८००।– **भुक्तानी दिने** निर्णय गरियो ।

**झ.** भनपाद्वारा सञ्चालित अपसेट प्रेसमा बिदाको समयमा पुस्तक छपाइ कार्य गर्दाको खाना खाए वापत रु.१२००।– लक्ष्मण सुवाललाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ञ.** नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत झर्छैं नेवारी खाजालाई रु. ५,०१०।– **भुक्तानी दिने** निर्णय गरियो ।

**ट.** मिति २०७९ जेठ ९ गते नपामा खाना उपलब्ध गराए वापत रु. ३०००।– ख्वप छैं क्याफेलाई **भुक्तानी दिने** निर्णय गरियो ।

**ठ.** नपामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत बालकृष्ण खाजा घरलाई रु. ९,१५०।– **भुक्तानी दिने** निर्णय गरियो ।

# अनुभवको आदान-प्रदान

## आरुघाट गाउँपालिकाका जनप्रतिनिधि भक्तपुरमा



गोरखा जिल्लाको आरुघाट गाउँपालिकाका उपाध्यक्ष कल्पना नेपालीसहितको प्रतिनिधिमण्डल टोलीले साउन २३ गते भक्तपुर नगरपालिका र नपाबाट सञ्चालित ख्वप सर्कलका कलेज, ख्वप अस्पताल र भक्तपुरका सांस्कृतिक सम्पदाहरूको स्थलगत अवलोकन भ्रमण गर्नुभयो।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग आरुघाट गापाका उपाअध्यक्ष कल्पना नेपालीसहितको टोलीले नगरपालिकामा भेट गरी नपाले शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सम्पदा पुनःनिर्माणलगायतका क्षेत्रहरूमा भइरहेको कामबारे अनुभव आदानप्रदान भयो।

भेटमा नगर प्रमुख प्रजापतिले टोलीलाई खादा, भादगाउँले टोपी र परम्परागत थैलीका साथ नगरपालिकामा स्वागत गर्नुभयो।

उहाँले भक्तपुर नपाले सुलभ र सहज रूपमा जनताका आधारभूत आवश्यकताका सेवाहरू प्रदानमा जोड दिँदै आएको बताउनुहुँदै नपाले विपक्षी पार्टीहरूसँग पनि सहकार्य र समन्वयात्मक ढङ्गले काम गरिरहेको प्रष्ट पार्नुभयो।

भक्तपुर नपाले आन्तरिक स्रोतबाट हुने विकास निर्माणहरू उपभोक्ता समितिबाट पारदर्शी ढङ्गले अगाडि बढाउँदै आएको बताउनुहुँदै भक्तपुर नपाले देशका अन्य स्थानीय तहहरूसँग अनुभव आदानप्रदानलाई निरन्तरता दिँदै आएको छ भन्नुभयो।

भक्तपुर नगरपालिकाले २०५६ सालमा ख्वप उ. मा. वि., २०५८ सालमा ख्वप कलेज र ख्वप इन्जिनियरिङ कलेजको स्थापना, २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा ख्वप कलेज अफ इन्जिनियरिङको स्थापना र त्यसपछि शारदा कलेज र शारदा मावि जोडिएपछि ७ ओटा शैक्षिक संस्था सञ्चालन गर्दै आज ख्वप विश्वविद्यालय सञ्चालनको चरणमा पुगेको उहाँले बताउनुभयो।

आरुघाट गाउँपालिकाका उपाध्यक्ष नेपालीले प्रशासनिक र राजनैतिक दृष्टिले आरुघाट नपा १० ओटा वडामा विभाजित रहेको बताउनुहुँदै भौगोलिक विकटताले गर्दा विकास निर्माणका काममा केही कठिनाइहरू सामना गर्दै यस गाउँपालिका अगाडि बढिरहेको बताउनुभयो।

उहाँले भक्तपुर नपाको विकास मोडलबाट आफू निकै प्रभावित रहेको बताउनुहुँदै आरुघाट गा.पा.को संरचना निर्माणमा पनि भक्तपुर नपाबाट प्राविधिक सहयोग रहने आशा व्यक्त गर्नुहुँदै कृषि र पर्यटन क्षेत्रमा भक्तपुर नपासँग साझेदारी गर्दै अगाडि बढ्ने इच्छा प्रकट गर्नुभयो।

देशकै नमुना नगरपालिकाको रूपमा परिचित भक्तपुर नपाको अध्ययन अवलोकन भ्रमण गर्न पाएकोमा गौरवान्वित महसुस भएको बताउनुहुँदै उपाध्यक्ष नेपालीले भक्तपुर नपाको हरेक काम उत्कृष्ट रहेको अवलोकनको क्रममा अनुभव गरेको बताउनुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, आरुघाट गा.पा. का प्रमुख प्रशासकीय अधिकृत चिनबहादुर रानाभाट, नेमकिपा गोरखाका जिल्ला अध्यक्ष प्रल्हाद लामिछाने, पशुसेवा शाखाका बासुदेव पोखरेल, कृषि शाखा प्रमुख सुजन दबाडी, पर्यटन सूचना केन्द्रका सहायक निर्देशक गौतमप्रसाद लासिवाको पनि उपस्थिति रहेको थियो।

उक्त टोलीलाई पर्यटन सूचना केन्द्रका सहायक निर्देशक गौतमप्रसाद लासिवाले भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज, दत्तात्रय मन्दिरलगायतका सांस्कृतिक सम्पदाहरूको स्थलगत अवलोकन गराउनुभएको थियो।

नगर प्रमुख प्रजापतिले उपप्रमुख नेपालीलाई मयुरको झ्याल, नपाका केही प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभएको थियो।

## लिम्चुङबुङ गाउँपालिका अध्यक्ष मेजरकुमार राईको अवलोकन भ्रमण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग उदयपुर जिल्लाको लिम्चुङबुङ गाउँपालिकाका अध्यक्ष मेजरकुमार राईले साउन २४ गते भेट गर्नुभयो। भक्तपुरको अवलोकन भ्रमणमा आउनुभएका राईलाई नगर प्रमुख प्रजापतिले खादा र भादगाउँले टोपीले स्वागत गर्नुहुँदै सांस्कृतिक नगरी भक्तपुरको सङ्क्षिप्त परिचय दिनुभयो।



उहाँले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले लेख्नुभएको **'सय वर्षपछिको भक्तपुर'** लाई आधार मानेर भक्तपुरको सन्तुलित विकास र मौलिकता जगेर्नालाई विशेष प्राथमिकतामा राखी यहाँको विकास निर्माणका काम अगाडि बढिरहेको छ भन्नुभयो।

भक्तपुर नपाले उपभोक्ता मोडलबाट सम्पन्न गरेका विकास निर्माणको काममा स्थानीय जनताको अपनत्व कायम हुनुका साथै पुनःनिर्माण कार्य गुणस्तरीय रहेको बताउनुहुँदै उहाँले भक्तपुर नपा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारीमा रहेको बताउनुभयो।

अध्यक्ष राईले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पताल अन्य स्थानीय तहहरूको लागि असल र उदाहरणीय कार्य भएको बताउनुहुँदै नगरपालिकाको स्थलगत अवलोकनका क्रममा भक्तपुर नपा अब्बल स्थानीय तहको रूपमा पाएको बताउनुभयो।

उहाँले देशका हरेक स्थानीय तहले भक्तपुरले जस्तै शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायतका क्षेत्रमा विकास गर्न सके देश छिटै समृद्धिको बाटोतर्फ लम्कने बताउनुहुँदै भक्तपुर भ्रमण उपलब्धिपूर्ण भएको बताउनुभयो।

उदयपुर जिल्लाको लिम्चुङबुङ गाउँपालिकामा हाल एभरेष्ट भ्युटावर बनाउन लागिएको बताउनुहुँदै भ्युटावरसँगै चिल्ड्रेन पार्क, रिसोर्ट र पर्यटक सूचना केन्द्र निर्माण गरी पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने योजना रहेको उहाँले बताउनुभयो।

भेटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी र प्रशासकीय अधिकृत दामोदर सुवालको उपस्थिति थियो।

अध्यक्ष राईले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल, ख्वप कलेज र ख्वप इन्जिनियरिङ तथा ख्वप कलेज अफ इन्जिनियरिङ कलेजको स्थलगत अवलोकन गर्नुभयो।

# सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरी भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग सप्तरी जिल्लाका प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरी र सप्तरी जिल्लाकै सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरीले साउन २९ गते नपा सभाकक्षमा भेट गर्नुभयो। नगर प्रमुख प्रजापतिले उहाँहरूलाई खादा र भादगाउँले टोपीले स्वागत गर्नुभएको थियो।

भेटमा उहाँहरूबीच शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका विषयमा अनुभव आदानप्रदान भयो।

प्रमुख प्रजापतिले संविधानको भावनाअनुसार प्रत्येक नागरिकलाई शारीरिक व्यायामको अधिकार प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले टोल टोलमा खुला व्यायामशाला स्थापना गरेको, २०७२ सालको भूकम्पबाट भत्केका अधिकांश सम्पदाहरूको पुनःनिर्माण सम्पन्न भइसकेको र उच्च शिक्षा हासिल गर्नबाट वञ्चित नहोस् भनी रु. ५ लाखसम्मको शैक्षिक ऋणको व्यवस्था गर्दै आइरहेको बताउनुभयो।

भक्तपुरमा सामुदायिक र संस्थागत विद्यालयहरूबीच प्रतिस्पर्धा हुने गरेको स्मरण गर्नुहुँदै शिक्षाकै जगबाट भक्तपुर आज शैक्षिक गन्तव्यस्थलको रूपमा विकास भएको हो भन्नुभयो।

भेटमा प्रतिनिधिसभाका सदस्य तेजुलाल चौधरीले भक्तपुर नपाले शिक्षामा गरिरहेको योगदान उल्लेखनीय भएको बताउनुहुँदै यहाँबाट धेरै कुरा सिक्न भक्तपुर भ्रमणमा आएको बताउनुभयो। उहाँले भक्तपुरले जस्तै अन्य स्थानीय तहले शिक्षा र स्वास्थ्य क्षेत्रमा उदारणीय ढङ्गले काम गर्न सके देशको विकास हुन धेरै समय नलाग्ने पनि बताउनुभयो। सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरीले सुरुङ्गा

नगरपालिका प्रदेश नं. २ को सप्तरी जिल्लाको प्रसिद्ध सुरुङ्गा पहाडको नामबाट नामाकरण गरिएको नगरपालिका रहेको र हाल यस नपा ११ ओटा वडामा विभाजित रहेको बताउनुभयो ।

भ्रष्टाचार, आर्थिक अनियमितताका कारण देशको विकास झन पछि पर्दै गएको बताउनुहुँदै उहाँले शिक्षित समाजले देशलाई अगाडि बढाउन मद्दत पुऱ्याउने विचार राख्नुभयो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, सुनपा ७ सप्तरीका दिनेश यादव, सुनपा ९ सप्तरीका विद्यानन्द चौधरी, वडा नं. २ अध्यक्ष इन्द्रदेव यादव र वडा नं. २ का अमरेश यादवको उपस्थिति थियो ।

## हेटौंडाको मत्स्य विकास केन्द्र अवलोकन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हेटौंडा चौघडास्थित प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्रको साउन ३१ गते अवलोकन गर्नुभयो ।

केन्द्रका अधिकृत अशोक अधिकारीले नेपाल सरकारद्वारा सञ्चालित सो केन्द्र ४३ हेक्टर क्षेत्रफलमा फैलिएको बताउनुहुँदै यस केन्द्रबाट किसानहरूलाई माछाको भुर्रा उत्पादन गरी प्रति माछा सस्तोमा बिक्री वितरण गरिरहेको बताउनुभयो । उनका अनुसार उक्त केन्द्रबाट वार्षिक २७।२८ लाख आय हुने गरेको छ ।

उक्त केन्द्रको राम्रो प्रयोग गर्न सकिए माछामा आत्मनिर्भर हुनसक्ने देखिन्छ । कर्मचारीको राम्रो व्यवस्थापन नहुनु, समयानुसार केन्द्रको सुधार नहुनुले केन्द्र व्यवस्थित हुन नसकेको पाइएको छ । सङ्घ सरकारले राम्रो ध्यान दिएको भए केन्द्रबाट मनग्य आम्दानी गर्न सकिने जो कोहीले अनुमान गर्न सकिन्छ ।

माछा प्रजनन् केन्द्र रहेको सो केन्द्रमा बंगुर पालनसमेत गरिएको छ ।

## हेटौंडामा कार्यकर्ता भेटघाट

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेमकिपा हेटौंडाको आयोजनामा साउन ३१ गते कार्यकर्ता भेटघाट भयो ।

केन्दीय सदस्य प्रजापतिले नेपाल मजदुर किसान पार्टीले विचारको राजनीति गरिरहेको बताउनुहुँदै जनतालाई राजनैतिक रूपमा सचेत बनाउन र शासक दलले गरेका देश र जनताका हित विपरीतका कामहरूकोबारे जनतालाई सचेतपार्न हरेक निर्वाचनलाई उपयोग गरिरहेको स्पष्ट पार्नुभयो ।

उहाँले निर्वाचनमा ठूला दलहरूले गठबन्धन बनाएर चुनाव लड्नु बहुदलीय व्यवस्थाको मर्मअनुसार नभएको जिकीर गर्नुहुँदै उहाँले नेमकिपा हारजितलाई भन्दा विचारको राजनीति गर्छ भयो ।

उहाँले युवाहरूलाई लक्षित गरी निर्वाचन परिचालन समिति गठन गरी पार्टीका प्रकाशनहरू मार्फत युवाहरूलाई पार्टीको धारणा जनतामाझ लानुपर्ने विचार व्यक्त गर्नुभयो ।

## हेटौंडा आँखा अस्पतालको अवलोकन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हेटौंडास्थित हेटौंडा सामुदायिक आँखा अस्पतालको भाद्र १ गते अवलोकन गर्नुभयो ।

अस्पताल बोर्डका सदस्य सिद्धिलाल श्रेष्ठसँगको भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १०० शय्याको अस्पतालमा विशेषज्ञ सेवा सहित बहिरङ्ग र अन्तरङ्ग सेवा प्रदान गरी दैनिक करिब ८०० को हाराहारीमा बिरामीहरूले सेवा पाइरहेको बनाउनुहुँदै भक्तपुर नपाको

च्याम्हासिंहस्थित सामुदायिक आँखा केन्द्रमा पनि दैनिक १०० भन्दा बढी आँखाका बिरामीहरूको सेवा दिइरहेको जानकारी दिनुभयो ।

बोर्डका सदस्य श्रेष्ठले तिलगंगा आँखा प्रतिष्ठानअन्तर्गत १३ वर्ष अगाडि स्थापित सो अस्पताल १ विघा २ कठ्ठा क्षेत्रमा फैलिएको जानकारी दिनुहुँदै अस्पतालमा ३ जना चिकित्सकसहित ५२ जना कर्मचारीहरू कार्यरत रहेको बताउनुभयो ।




अस्पताल प्रशासक सुधिर श्रेष्ठले विशेषज्ञ सेवासहित अस्पतालमा अपरेशन थियटर, दृष्टि परीक्षण, आँखा जाँच, लेजर मेसीनद्वारा आँखा जाँच आदि सेवा सञ्चालन गरिरहेको बताउनुभयो । साथै उहाँले वार्षिक २ करोडको बजेटमा सञ्चालित यस अस्पतालको मुख्य आयश्रोत आँखाको सामान्य अपरेशन र चश्मा पसल रहेको र आँखा शिविरलगायत अन्य कार्यक्रमहरू दाताको सहयोगमा सञ्चालन गरिने जानकारी दिनुभयो ।

उक्त अस्पतालमा मकवानपुरलगायत तराईका अन्य जिल्लाहरूबाट वार्षिक ४ देखि ५ हजार बिरामीहरूले सेवा पाइरहेको बताउनुहुँदै मकवानपुर जिल्लामा ३ ओटा सामुदायिक आँखा केन्द्रहरू यसै अस्पताल अन्तर्गत सञ्चालनमा रहेको समेत उहाँले जानकारी दिनुभयो ।

## बारामा पत्रकार भेटघाट




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल मजदुर किसान पार्टी देशका विभिन्न जिल्लामा कामदार वर्गको पक्षमा काम गरिरहेको बताउनु भयो ।

केन्द्रीय सदस्य प्रजापतिले जी न्यूज नेटवर्कका सभापति एवं पत्रकार आनन्द शर्मासँगको भाद्र १ गतेको अन्तर्वार्ताको क्रममा उक्त कुरा बताउनुभयो । पत्रकार शर्माले नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्लामा मात्र सीमिति रहेको हो कि भन्ने प्रश्नको जवाफमा त्यो सत्य नभएको प्रष्ट पार्नुहुँदै त्यो पूँजीवादी पार्टीहरूले लगाउने गरेको आरोप हो, नेमकिपाले ३५ भन्दा बढी जिल्लामा उम्मेदवारी दिएको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकामा शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा उल्लेखनीय कार्य गरिरहेको र ५ लाख शैक्षिक ऋणको व्यवस्था, इतिहास, भूगोल, संस्कृति, नेपालभाषा विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई स्नातक तहदेखि विद्यावारिधी सम्मको छात्रवृत्तिको व्यवस्था गरिरहेको र नेमकिपाले मधेशमा काम गरी खाने वर्गको हितमा निरन्तर कार्य गरिरहेको उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले देशघाती एमसीसी र एसपीपीको पक्षमा हस्ताक्षर गर्ने कुनै पनि पार्टीसँग गठबन्धनको सम्भावना कम भएको बताउनुहुँदै पार्टीको निकट भविष्यमा बस्ने केन्द्रीय परिषद्‌बाट निर्वाचन सम्बन्धी निर्णय हुने जानकारी दिनुभयो ।

पत्रकार भेटघाटको क्रममा सुजित अर्याल र राजेश कुशवाहाले पनि केन्द्रीय सदस्य प्रजापतिसँग देशका समसामयिक राजनीतिको विषयमा विभिन्न जिज्ञासा राख्नुभएको थियो ।

## पार्टी ठूलो विचारले हुन्छ




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा नेमकिपा बारा जिल्ला समितिको आयोजनामा

कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रम भाद्र १ गते सम्पन्न भयो ।

केन्द्रीय सदस्य प्रजापतिले नेपाल मजदुर किसान पार्टीले निर्वाचनलाई उपयोग गरी जनताको सेवा गरिरहेको बताउनुहुँदै कार्यकर्ताहरूले पार्टीको सिद्धान्त अनुसार काम गर्नुपर्ने बताउनुभयो । उहाँले पार्टी ठूलो विचारले हुन्छ निर्वाचनमा बढी मत लिएको आधारले होइन भन्नुभयो ।

उहाँले बहुदलीय व्यवस्थाको मर्म विपरीत निर्वाचनमा ठूला दलहरूले अनैतिक गठबन्धन बनाएर चुनाव लडिरहेको जिकीर गर्नुहुँदै सच्चा कम्प्युनिष्ट पार्टीहरूले मजदुर किसानलाई पहिलो प्राथमिकतामा राखी कार्य गर्ने बताउनुभयो । उहाँले नागरिकता विधेयक पारित गरी देशलाई सिक्किमीकरण गर्न खोजिरहेको हुँदा सो विधेयकको विरोधमा नेपाल मजदुर किसान पार्टीले विगतदेखिनै सदन र सडकमा आवाज बुलन्द गरिरहेको समेत चर्चा गर्नुभयो ।

देशघाती एमसीसी र एसपीपीका समर्थकहरू देशघाती भएको बताउनुहुँदै पूँजीवादी व्यवस्थामा व्यापक जनताको हित नहुने हुँदा कामदार वर्गको हित हुने समाजवाद स्थापनाको लागि अघि बढ्नुपर्ने बताउनु भयो ।

कार्यक्रमका सभापति एवं नेमकिपा बारा जिल्ला समितिका अध्यक्ष मुक्ति यादवले देश र जनताको हितमा काम गर्ने एकमात्र इमानदार पार्टी नेमकिपा रहेको बताउनुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सम्पदा संरक्षणमा गरिरहेको कार्य सऱ्हानीय रहेको र समावादी व्यवस्थाउन्मुख रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सहसचिव जगनाथ सुजखुले मानव समाजलाई सही गन्तव्यमा पुऱ्याउन सही राजनीति र गुणस्तरीय शिक्षाको आवश्यकता रहेको उल्लेख गर्नुहुँदै माध्यमिक तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने तथा शिक्षालाई उत्पादनसँग जोड्नुपर्ने उल्लेख गर्नुभयो ।

नेपाल ईन्जिनियरिङ समाजका उपाध्यक्ष नरेश खत्रीले कार्यकर्ताहरूको मुख्य दायित्व नै कम्युनिष्ट साहित्यको अध्ययन गरी कम्युनिष्ट विचारको प्रचार गर्नु हो भन्नुहुँदै नेमकिपाले सङ्घीय संसद र प्रदेश सभामा प्रखर प्रतिपक्षको रूपमा खेलिरहेको भूमिकाबारे प्रष्ट पार्नुभयो ।

## नागरिकता विधेयक खारेज गर्नुपर्ने

भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा रौतहटको श्रीपुरमा कार्यकर्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रम भाद्र १ गते सम्पन्न भयो ।




केन्द्रीय सदस्य प्रजापतिले नेपाल मजदुर किसान पार्टी पूँजीवादी व्यवस्थाको विकल्पमा समाजवादी व्यवस्था स्थपनाको लागि कार्यरत पार्टी हो भन्नुहुँदै निर्वाचन सिद्धान्त र विचारको प्रतिष्पर्धा हुनुपर्नेमा धन र बलको प्रतिस्पर्धा भएको बनाउनुभयो ।

उहाँले निर्वाचनलाई ठूला दलहरूले पैसा कमाउने व्यापार बनाइरहेको र चुनाव जित्न अस्वस्थ प्रतिष्पर्धा गरिरहेको बताउनुभयो । उहाँले नागरिकता विधेयक पारित गरी देशलाई फिजीकरणको बाटोबाट सिक्किमीकरण गर्न खोजिरहेको हुँदा सो विधेयकको विरोधमा नेपाल मजदुर किसान पार्टीले निरन्तर आवाज बुलन्द गरिरहेको प्रष्ट पार्नुभयो । अहिले संसदबाट पास भएको विधेयक देश र जनताको हित विपरीत भएको उल्लेख गर्नुहुँदै सम्पूर्ण देशभक्त नेपालीहरूले त्यसको विरोध गर्नुपर्ने बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा नेमकिपा रौतहट जिल्ला समितिका अध्यक्ष सरोज साह, भक्तपुर नपा-१ का वडाध्यक्ष श्यामकृष्ण खत्री, नेक्राशिसङ्घका सहसचिव जगन्नाथ सुखजु र नेपाल ईन्जिनियरिङ समाजका उपाध्यक्ष नरेश खत्रीलगायतको उपस्थिति थियो ।

## रौतहटमा भक्तपुर काण्डको भर्त्सना



'विदेशी नागरिकहरूले सहज नागरिकता पाउने राष्ट्रहित विपरीतको नागरिकता विधेयकको समर्थन गर्नेहरू राष्टघातीहरू हुन् । उनीहरूलाई इतिहासले माफी दिने छैन ।'

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपा रौतहट जिल्ला समितिद्वारा नागरिकता विधेयकको विरोधमा देवाहीमा भाद्र २ गते आयोजित सभामा ब्यक्त गर्नुभएको हो ।

कार्यक्रममा केन्द्रीय सदस्य प्रजापतिले शासक दलहरूले संसदबाट नागरिकता विधेयक पारित गरी देशघाती कार्य गर्न खोजेको हुँदा नेपाल मजदुर किसान पार्टीले विगतदेखिनै सदन र सडकमा खबरदारी गरिरहेको हो, नागरिकता विधेयक खारेज नहुन्जेल जनताको विरोध जारी रहनेछ भन्नुभयो ।

उहाँले नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न पञ्चायती राज्य स्तरबाट २०४५ भाद्र ९ गते रचिएको षड्यन्त्रको भर्त्सना गर्नुहुँदै यस्ता घटनाबाट पाठ सिक्नुपर्ने र कार्यकर्ताहरू एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

मार्क्सवादी सिद्धान्त र विचार छाड्नेहरू कम्युनिष्ट हुन नसकिने बताउनुहुँदै प्रमुख प्रजापतिले विचार सानो र ठूलो नहुने स्पष्ट पार्नुभयो र प्रश्न गर्नु भयो, पैसा बाँडेर, भोज खुवाएर वा प्रलोभनमा पारेर निर्वाचन जित्नेहरू कसरी कम्युनिष्ट हुन सक्छन् ?



उहाँले पूँजीवादी व्यवस्था कामदार वर्गका जनताको लागि नर्क हुने हुँदा कामदार वर्गको हित हुने समाजवादी व्यवस्था स्थापनाको लागि अघि बढ्नु पर्ने आवश्यकता रहेको स्पष्ट पार्नुभयो ।


कार्यक्रमका सभापति एवं नेमकिपा रौतहट जिल्ला समितिका अध्यक्ष दिनेश प्रसाद साहले नेपाल मजदुर किसान पार्टीले देश र जनताको हितमा गरिरहेको कार्य ठूला दलहरूलाई टाउको दुखाइको विषय भएको बताउनुहुँदै नेमकिपाले भारतीय जनताको होइन भारतीय शासकहरूको विरोध गरिरहेको स्पष्ट पार्नुभयो । उहाँले सिद्धान्त र विचारको राजनीति गर्ने एक मात्र पार्टी नेपाल मजदुर किसान पार्टी रहेको बताउनुहुँदै ठूला पार्टीहरू निर्वाचनमा पैसा, पद र प्रलोभन देखाई चुनाव जित्ने दाउ खोजिरहेको हुँदा जनता सचेत हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सहसचिव जगनाथ सुजखुले नेपाल मजदुर किसान पार्टीले कामदार वर्गको हितको निम्ति स्थापना कालदेखि निरन्तर कार्य गर्दै आएको उल्लेख गर्नुहुँदै तत्कालीन पञ्चायती सरकारले २०४५ साल भाद्र ९ गते नेमकिपालाई समूल नष्ट गर्न रचेको भक्तपुर काण्डबारे चर्चा गर्नुहुँदै पार्टीले सो दिनलाई हरेक वर्ष कालो दिवसको रूपमा मनाइरहेको जानकारी गराउनुभयो ।

नेपाल ईन्जिनियरिङ समाजका उपाध्यक्ष नरेश खत्रीले नागरिकता बस र सिनेमाको टिकट होइन, गैरनेपालीलाई सजिलै नागरिकता बाँड्न नहुने बताउनुहुँदै नेमकिपा जहिले पनि देशघाती एमसीसी सन्धि सम्झौता तथा नागरिकता विधेयकलाई विरोध गर्ने एकमात्र देशभक्त पार्टी हो भन्नुभयो । उहाँले नेमकिपाले निर्वाचनलाई देश र जनताको सेवा गर्ने साधनको रूपमा प्रयोग गरिरहेको प्रष्ट पार्नुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सम्पदा संरक्षणलाई प्रमुख प्राथमिकतामा राख्दै समाजवादउन्मुख काम गरिरहेको बताउनुभयो । कार्यक्रममा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य सरोज साहले पनि बोल्नुभएको थियो ।

## 'देउवा सरकार किसान विरोधी सरकार हो'



कृषि प्रधान देशमा समयमा मल उपलब्ध गराउन नसक्नु, सिचाइको व्यवस्था गर्न नसक्नु र कृषिमासमेत भारत निर्भर बनाउँदै लानुले वर्तमान शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकार किसान विरोधी सरकार भएको पुष्टि गर्दछ ।

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपा सर्लाही जिल्ला समितिद्वारा भाद्र ३ गते आयोजित किसान भेलामा व्यक्त गर्नुभएको हो ।

कार्यक्रममा केन्द्रीय सदस्य प्रजापतिले शासक दलहरूका उम्मेदवारहरूले राजनीतिलाई ब्यापारको रूपमा प्रयोग गरिरहेको बताउनुहुँदै राजनीति व्यापार होइन, देश र जनताको निःस्वार्थ सेवा हो भन्नुभयो । उहाँले संसदबाट नागरिकता विधेयकमार्फत विदेशीहरूले नागरिकता लिई देशको महत्त्वपूर्ण पदहरूमा उम्मेदवार बनी नेपाली जनतालाई शासन गर्न सक्ने हुँदा नेपाल मजदुर किसान पार्टीले यसको सदन र सडकबाट विरोध गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सहसचिव जगनाथ सुजखुले नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न पञ्चायती राज्य स्तरबाट २०४५ भाद्र ९ गते रचिएको षड्यन्त्रको भर्त्सना गर्नुहुँदै पार्टीले सो दिनलाई हरेक वर्ष कालो दिवसको रूपमा मनाई यस्ता घटनाबाट पाठ सिक्नुपर्ने र कार्यकर्ताहरू एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल ईन्जिनियरिङ समाजका उपाध्यक्ष नरेश खत्रीले विगतमा तराईका बारा, पर्सा र रौतहटमा भएको किसान आन्दोनको चर्चा गर्नुहुँदै नेमकिपाले स्थापनाकालदेखि देशघाती एमसीसीलगायत नागरिकता विधेयकलाई पार्टीगत रूपमा विरोध गर्ने एकमात्र पार्टी भएको चर्चा गर्नुभयो । नेमकिपाले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको निरन्तर विरोध गर्दै आएको तथा निर्वाचनमा ठूला पार्टीहरूले फैलाइरहेको भ्रमलाई उजागर गर्ने अवसरको रूपमा प्रयोग गरिरहेको उहाँले प्रष्ट पार्नुभयो ।

कार्यक्रममा नेमकिपाका सर्लाहीका जिल्ला अध्यक्ष रमाकान्त काफरले कार्यकर्ताहरूको राजनैतिक स्तर नउठेसम्म पूँजीवादी व्यवस्थाका मतियारहरूले पैसाको राजनीति गरिरहने हुँदा निर्वाचनमा जनताका सच्चा र इमानदार उम्मेदवार पहिचान गरी मत दिनुपर्ने बताउनुभयो । कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र रौतहटका इन्चार्ज दिनेश प्रसाद साहले पनि बोल्नुभएको थियो ।

# शासक दलहरू भारतीय दलाल साबित




'नेपालमै नेपाली जनता अल्पमतमा पर्ने सम्भावना भएको नागरिकता विधेयक पारित गर्नुले नेपालका शासक दलहरू भारतीय दलाल भएको पुष्टि भएको छ ।'

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सर्लाहीको लालवन्दीस्थित ढुकढुकी एफएमका प्रतिनिधि क्षितिज विश्वकर्मासँगको कुराकानीमा भाद्र ३ गते उपरोक्त कुरा बताउनु भएको हो ।

उहाँले नेपाल र नेपाली जनताको हितभन्दा निर्वाचन जित्न भारतलाई खुसी पार्न देशघाती नगारिकता विधेयक पारित गर्नु देश र जनताको विरुद्ध अक्षम्य अपराध हो भन्नुभयो ।

उहाँले विचार र सिद्धान्त थाँती राखी जे गरेर पनि निर्वाचन जित्ने शासक दलहरूको सोच प्रजातान्त्रिक मूल्य र मान्तया विपरीत हुनाले साथै अनैतिक र दुई दलीय तानाशाही निम्त्याउने चाँजोपाँजो हो भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो – एमसीसी पारित गरेर शासक दलहरू अमेरिकी सेना नेपालमा भित्र्याउन खोज्दैछन् भने रुस र युक्रेन युद्धमा नेपालले युक्रेनको पक्ष लिएर नेपाल अमेरिकी सैन्य मोर्चाका पक्षमा गएको प्रमाणित गरेको छ ।

उहाँले नेपालको जलश्रोत एक एक गरेर भारतीय शासक वर्गको हातमा सुम्पेर नेपाललाई भारतले उपनिवेश बनाउन खोजेको आरोप लगाउनुहुँदै भन्नुभयो – नेपालले आत्मनिर्भरताको बाटो नरोजेसम्म समृद्धिको कल्पना पनि गर्न सकिन्न ।

## लालबन्दीका शिक्षकहरूसँग




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सर्लाहीको लालबन्दी नगरपालिकाका प्रमुख बासुदेव अधिकारीसित भाद्र ३ गते भेट गर्नुभयो।

सोही भेटको अवसरमा प्रमुख प्रजापतिले लालबन्दी नगरपालिकाका शिक्षकहरूको भेलालाई सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाको शैक्षिक स्थितिबार स्पष्ट पार्नुभयो।

प्रमुख प्रजापतिले आजभन्दा ३ दशक अघिसम्म शिक्षामा पछि परेको भक्तपुर नेमकिपाका अध्यक्ष का. रोहितले आजभन्दा दुइ दसक अघि १५ वर्षभित्र **'एक घर एक स्नातक'** घोषणा गरेपछि भक्तपुर शिक्षामा आजको स्थितिमा आएको प्रष्ट पार्नुभयो।

उहाँले नपाले वार्षिक ३ करोडभन्दा बढी छात्रवृत्ति, रु ५ लाखसम्मको शैक्षिक ऋण, विभिन्न विषयहरूमा विद्यावारिधीसम्मको पूर्ण छात्रवृत्तिको व्यवस्था गर्दै आएको स्पष्ट पार्नुहुँदै भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालय स्थापनाको लागि प्रयासरत रहेको बताउनुभयो।



राम्रा शिक्षकहरूले मात्रै राम्रा विद्यार्थीहरू तयार गर्न सक्ने बताउनुहुँदै उहाँले नगरपालिकाले शैक्षिक गुणस्तरमा कसैसँग सम्झौता नगरेको पनि प्रष्ट पार्नुभयो।

उहाँले भन्नुभयो – भक्तपुरमा सामुदायिक विद्यालयको गुणस्तर बढेसँगै विद्यार्थीहरूको आकर्षण पनि बढ्दैछ। सरकारले सामुदायिक शिक्षालाई नै जोड दिनुपर्छ तर सङ्घ सरकारले सामुदायिक शिक्षामा राम्रो ध्यान दिन नसक्दा निजी विद्यालय र कलेजहरू फस्ताउँदै गएका छन्। शिक्षा सेवाभन्दा व्यापारमा रूपान्तरण हुँदै गएको छ।

सो अवसरमा नगर प्रमुख प्रजापतिलाई लालवन्दी नपाका प्रमुख थापाले दोसल्ला ओढाइ सम्मान्न गर्नु भएको थियो भने भक्तपुर नपाका प्रकाशनहरू प्रमुख थापालाई प्रदान गर्नुभएको थियो।

## प्रमुख प्रजापति र बागमती नपाका प्रमुख थापाबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सर्लाही जिल्ला बागमती नगरपालिकाका प्रमुख भरत कुमार थापासित भाद्र ३ गते भेट गर्नुभयो।

दुई नगर प्रमुखहरूबीच आ-आफ्नो नगरपालिकाको अनुभव आदान प्रदान गर्नुभयो।

नगरप्रमुख प्रजापतिले बागमती नदीको किनारामा मौलिक शैलीमा माछापोखरी निर्माण गर्ने सोच आफैमा महत्त्वपूर्ण भएको विचार व्यक्त गर्नुहुँदै आफ्नो पालिकामा भएको श्रोत र साधनको प्रयोग गरी आत्मनिर्भरतातर्फ अघि बढिरहेकोमा नगर प्रमुखको प्रशंसा गर्नुभयो।

बागमती नपाका प्रमुख थापाले आफूले भक्तपुर नपाबाट सिक्दै अघि बढिरहेको बताउनुहुँदै अबका केही वर्ष पछि बागमती नपा भक्तपुर जस्तै आत्मनिर्भर हुने विश्वास व्यक्त गर्नुभयो।

नगर प्रमुख प्रजापतिले माछापोखरीको अवलोकन भ्रमणका साथै पोखरीमा डुङ्गा सवार पनि गर्नुभएको थियो।

# सरकारी दलहरूबीचको निर्वाचन गठबन्धन अनैतिक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पंचायती व्यवस्थाले नेमकिपालाई नष्ट गर्न खोजे पनि त्यो आफै सदाको लागि नष्ट भयो भन्नुभयो।

भाद्र ९ गतेको कालो दिनको भर्त्सना गर्न सिराहाको लाहानमा भाद्र ४ गते आयोजित कार्यकर्ता भेलामा बोल्नुहुँदै उहाँले विचार र सिद्धान्त मिल्ने पार्टीहरूबीच संयुक्त मोर्चा वा पार्टी एकता सम्भव भए पनि हाल सरकारी दलहरूबीच निर्वाचनको लागि भएको गठबन्धन अनैतिक र जसरी पनि चुनाव जित्नेमा केन्द्रित भएको बताउनुभयो।

कार्यक्रममा केन्द्रीय सदस्य प्रजापतिले शासक दलहरू निर्वाचनलाई जनताको राजनैतिक चेतनास्तर उठाउने अवसरभन्दा एक पटक लगानी गरी ५ वर्षसम्म अकूत सम्पति कमाउने ब्यापार गरिरहेको बताउनुहुँदै राजनीति व्यापार होइन, देश र जनताको निःस्वार्थ सेवा हो भन्नुभयो।

उहाँले जनताको सेवा नगर्ने वर्तमान शेरबहादुर देउवाको सरकार बुँख्याचा जस्तो छ, यस्तो व्यवस्थाका शासकहरूले कामदार वर्गको कहिल्यै हित गर्दैनन् भन्नुहुँदै नेपाल मजदुर किसान पार्टीले स्थापनाकालदेखिनै देशमा समाजवादी व्यवस्था स्थापनाको निम्ति कार्य गर्दै आएको जानकारी दिनुभयो।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय सहसचिव जगनाथ सुजखुले नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्न पञ्चायती राज्य स्तरबाट २०४५ भाद्र ९ गते रचिएको षड्यन्त्रको सङ्क्षिप्त इतिहासको स्मरण गर्नुहुँदै हरेक वर्ष यो दिनलाई कालो दिवसको रूपमा मनाई यस्ता घटनाबाट पाठ सिक्नुपर्ने र कार्यकर्ताहरू एकजुट भएर लाग्नु पर्नेमा जोड दिनुभयो।

कार्यक्रमका सभापति एवं नेमकिपाका सिराहाका जिल्ला अध्यक्ष विजय कुमार महत्तोले नक्कली कम्प्युनिष्टहरूको पहिचान गरी भ्रष्टाचारी नेताहरूलाई आउँदा निर्वाचनमा हराउन जनता सचेत हुनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी सिराहाका हरिनारायण महत्तो, रामविलाश यादव, राजकुमार पासवान, गीताकुमारी सिं, जागेश्वर कामद लगायतले पनि बोल्नुभएको थियो भने कार्यक्रम सञ्चालन नेपाल ईन्जिनियरिङ समाजका उपाध्यक्ष नरेश खत्रीले गर्नुभएको थियो।

# सिराहामा पत्रकार सम्मलेन



नेपाल मजदुर किसान पार्टी देशमा समाजवाद स्थापना गर्न सङ्घर्षरत छ। आजको पूँजीवादी व्यवस्थाले कामदार वर्गको हित गर्न नसक्ने हुँदा नेमकिपा त्यसको विकल्प समाजवादको लागि लडिरहेको छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सिराहाको लाहानमा भाद्र ४ गते भएको पत्रकार सम्मेलनमा उक्त कुरा बताउनु भएको हो।

हालै प्रतिनिधिसभाबाट पारित नागरिकता विधेयकबारे स्पष्ट पार्दै भन्नुभयो, 'नेपाल मजदुर किसान पार्टी वास्तविक नेपालीहरूलाई सहज रूपमा नागरिकता दिनुपर्ने पक्षमा छ। विदेशीलाई नागरिकता दिने उद्देश्यले ल्याएको देशघाती नागरिकता विधेयक पारित गर्ने शासक दलहरू भारतीय दलाल हुन्।'

पत्रकार सम्मेलनमा उहाँले २०४६ सालपछि शासन सत्तामा जाने शासक दलका नेताहरूले नेपालको प्राकृतिक श्रोतहरू भारतीय शासक वर्गको हातमा सुम्पेर नेपाललाई भारतको उपनिवेश बनाउन खोजेको आरोप लगाउनुहुँदै देशघाती एमसीसी पारित गरी शासक दलहरूले पछिल्लो समयमा एसपीपीमार्फत अमेरिकी सेना नेपालमा भित्र्याउन खोजिरहको छ भन्नुभयो।


प्रमुख प्रजापतिले भारतले नेपाललाई कृषिको लागि आवश्यक मल, बीउ बीजनहरू नपठाई अघोषित नाकाबन्दी लगाएको बताउनुहुँदै भारतीय विस्तारवाद नेपाली जनताका शत्रु भएको बताउनुभयो ।

उहाँले प्रजातान्त्रिक मूल्य र मान्यता विपरीत भोज, भतेर र पैसा बाँडेर गठबन्धनको नाममा चुनावमा जित्ने प्रवृत्ति मौलाएको हुँदा स्थानीय तहको निर्वाचनमा नेमकिपाले कुनैपनि दलसँग सहकार्य नगरेको बताउनुहुँदै नेमकिपाले विचार र सिद्धान्तको आधारमा निर्वाचनलाई व्यापक जनताको सेवा गर्ने अवसरको रूपमा प्रयोग गर्ने हुँदा अन्य पार्टीसँग सहकार्य गर्ने सम्भावना न्यून रहेको बताउनुभयो ।

सम्मेलनमा पत्रकारहरूको जिज्ञासा समाधान गर्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले हरेक कार्य पारदर्शी रूपमा कार्य गरिरहेको जानकारी दिनुहुँदै भनपाले भक्तपुर मासिक, ख्वप पौ पाक्षिक, अनलाईन खबर पत्रिका, नियमित रूपमा प्रकाशन तथा रेडियो कार्यक्रम ख्वप सः सञ्चालन गरिरहेकोमा हालसालै ख्वप टेलिभिजन सञ्चालन गर्ने अनुमति प्राप्त भई प्रकृया अगाडि बढाइरहेको जानकारी दिनुभयो ।

शिक्षा विषयमा उठेको जिज्ञासामा उहाँले सरकारले सामुदायिक शिक्षालाई नै जोड दिनुपर्नेमा सामुदायिक शिक्षामा राम्रो ध्यान दिन नसक्दा निजी विद्यालय र कलेजहरू फस्ताउँदै गएको र शिक्षामा व्यापारीकरण भइरहेको चर्चा गर्नुहुँदै भक्तपुर नगरपालिकाले भने शिक्षा,स्वास्थ्य जस्ता जनताका आधारभूत कामहरू गरी हरेक विकास निर्माणमा जनताको सहभागिता गराई समाजवादउन्मुख तरीकाले काम गरिरहेका स्पष्ट पार्नुभयो ।

# पूर्वाञ्चल विविका उपकुलपति यादवप्रसाद कोइरालासँगको भेट



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले मोरङमा पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति यादवप्रसाद कोइरालासँग भाद्र ५ गते भेट गर्नुभयो ।

उक्त भेटमा प्रमुख प्रजापतिले ख्वप कलेज अफ ल लगायत कलेजहरू सम्बन्धनको लागि आग्रह गर्नुभयो । उपकुलपति कोइरालाले छिट्टै अनुगमन आउने र सम्बन्धन प्रदान गर्नेमा आफू सकारात्मक रहेको बताउनुभयो ।

# प्रमुख सुनिल प्रजापति र इटहरी उपमहानपाका प्रमुख हेमकर्ण पौडेलबीच भेट



प्रमुख सुनिल प्रजापति र सुनसरी जिल्लाको इटहरी उपमहानपाका प्रमुख हेमकर्ण पौडेलबीच भाद्र ५ गते भेट भयो । भेटमा अनुभवको आदान–प्रदान भयो ।

# भनपा प्रमुख प्रजापति र विराटनगर महानपाका प्रमुख कोइरालाबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मोरङ जिल्लाको विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालासँग विराटनगर महागरपालिकाको कार्यकक्षमा भाद्र ५ गते भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सम्पदा संरक्षणलाई प्रमुख प्राथमिकतामा राख्दै गर्दै आएको स्पष्ट पार्नुहुँदै भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालय स्थापनाको लागि प्रयासरत रहेको बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी जनतालाई सर्वसुलभ स्वास्थ्य सेवा गरिरहेको जानकारी दिनुभयो।

भक्तपुर नगरपालिकाले जनश्रमदान र जनसहभागितामा आधारित विकास निर्माणको अवधारणालाई अवलम्बन गरी धेरैजसो निर्माण कार्यहरू नगरवासीहरूकै सहभागितामा श्रम र सीपको अधिकतम प्रयोग गरी आत्म निर्भरतालाई जोड दिइरहेको बताउनुभयो।

विराटनगर महानगरपालिकाका प्रमुख कोइरालाले विराटनगर महानगरपालिकाको सङ्क्षिप्त जानकारी दिनुहुँदै महानगरपालिकाको मुख्य आयश्रोत राजश्व सङ्कलन रहेको र फोहोरमैला व्यवस्थापन चुनौतीको रूपमा रहेको जानकारी दिनुभयो। उहाँले डुबान समस्या मुख्य समस्याको रूपमा रहेको जानकारी गराउनुहुँदै त्यसको निम्ति तटबन्ध निर्माणको तयारी गरिरहेको जानकारी दिनुभयो।

# भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र सुन्दरहरैचा नपाका उपप्रमुख चौधरीबीच भेट

प्रमुख सुनिल प्रजापति र मोरङ जिल्लाको सुन्दरहरैचा नपाका उपप्रमुख चौधरीबीच भाद्र ५ गते भेट भयो।

भेटमा अनुभवका साथै मायाको चिनो आदान-प्रदानका भयो।



# भनपा प्रमुख प्रजापति र बर्दिबास नगरपालिकाका प्रमुख क्षेत्रीबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाका प्रमुख प्रल्हाद कुमार क्षेत्रीबीच बर्दिबास नपाको कार्यकक्षमा भाद्र ६ गते भेट गर्नुभयो।

भेटमा प्रमुख प्रजापति र प्रमुख क्षेत्रीबीच स्थानीय तहका चुनौतीहरू लगायत आ-आफ्नो नगरपालिकाको अनुभव आदानप्रदान गर्नुभयो। नेपालको संविधानको मर्मअनुसार सङ्घीयतामा तीन तहको सरकार सञ्चालनमा रहेकोमा जिल्ला समन्वय समितिको औचित्य नरहेको तथा जिससको अधिकार क्षेत्रबारे स्पष्टता हुनुपर्ने दुवै प्रमुखहरूको समान धारणा रह्यो।

भनपा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ तथा सम्पदा संरक्षणलाई प्रमुख प्राथमिकतामा राख्दै भक्तपुर नगरपालिकाले भक्तपुरको मौलिक पहिचानलाई जीवन्त राख्न नगरभित्र सञ्चालित ९२ ओटा विद्यालयहरूमा कक्षा १ देखि ८ सम्मको **'ख्वपको पहिचान'** पाठ्यक्रम लागू गरेको जानकारी दिनुभयो। उहाँले पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी थप २ ओटा कलेजहरू सञ्चालन गरी बीबीए र बी.ए.एल.एल.बी. विषयहरू अध्यापन गराउन नपाले प्रयास गरिरहेको बताउनुभयो।

बर्दिबास नपाका प्रमुख क्षेत्रीले बर्दिबास नपाको सङ्क्षिप्त जानकारी दिनुहुँदै नगरपालिकाको आफ्नै भवन नहुनु चुनौतीपूर्ण रहेको बताउनुहुँदै नपाको मुख्य आयश्रोत मालपोत करलगायत निकासी करहरू रहेको तथा भौगोलिक बनावट र प्रत्येक ३ किमीमा हावापानी फरक हुने भएकोले

नपाको क्षेत्रअनुसार विकास निर्माणमा विविधता हुने जानकारी दिनुभयो । उहाँले नपाक्षेत्रभित्र रिङ्गरोड निर्माणको परिकल्पना गरी कार्य गरिरहेको समेत जानकारी दिनुभयो ।

भेटमा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, शिक्षक जगन्नाथ सुजखु, प्रशिक्षक नरेश खत्री र बर्दिबास नपाका प्रमुख प्रशासकीय अधिकृत धर्मानन्द जोशीलगायतको उपस्थिति रहेको थियो ।



## दुल्लू नपाका जनप्रतिनिधि भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग कर्णाली प्रदेशको दैलेख जिल्ला दुल्लू नगरपालिकाका जनप्रतिनिधि टोलीले भदौ ८ गते भेट गर्नुभयो । भेटमा उहाँहरूबीच शिक्षा, स्वास्थ्य, सम्पदा पुनःनिर्माणलगायतका विषयमा भएका विविध कार्यहरूबारे अनुभव आदानप्रदान भयो ।

भेटमा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाद्वारा सञ्चालित सातओटा शैक्षिक संस्थाहरूको सञ्चालन र उद्देश्यबारे प्रष्ट पार्नुहुँदै भूगोल, इतिहास, संस्कृति, राजनीतिशास्त्र र नेपालभाषामा उच्च शिक्षा हासिल गर्न पी.एच.डी. सम्मका विद्यार्थीहरूलाई भक्तपुर नपाले पूर्ण छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिँदै आइरहेको बताउनुभयो ।

नगरवासीहरूलाई सहज स्वास्थ्य उपचारको लागि घरदैलो नर्सिङ सेवा र वडा वडामा चिकित्सक सहित स्वास्थ्य केन्द्रहरू स्थापना गरी उपचार सेवा प्रदान गर्दै आइरहेको बताउनुहुँदै उहाँले भक्तपुरमा बीएएलएलबी र बीबीएम विषय सञ्चालनको तयारीमा जुटेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले आफ्ना हरेक गतिविधि जनसमक्ष पारदर्शी ढङ्गले प्रस्तुत गर्दै आइरहेको बताउनुहुँदै उहाँले विदेशी सहयोगबिना भक्तपुर नपाले यहाँका सम्पदाहरूको पुनःनिर्माण तथा जीर्णोद्धार कार्यलाई जोड दिएको बताउनुभयो ।

भेटमा दुल्लु नपा वडा नं. ८ का वडाध्यक्ष सुशिलकुमार भण्डारीले बाइसे चौबिसे राज्यकालमा दुल्लु राज्यको राजधानीको रूपमा चर्चित दुल्लु नपा ६ ओटा गाविसलाई समायोजन गरी वि.सं. २०७१ साल वैशाख २५ गते दुल्लू नपाको रूपमा घोषणा भएको ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको नगरपालिका भएको बताउनुभयो ।

दुल्लू नपाको आन्तरिक आम्दानी निकै कम रहेको र त्यहाँ अवस्थित ऐतिहासिक सम्पदाहरू संरक्षण चुनौतीपूर्ण हुँदै गएको बताउनुहुँदै भक्तपुर नपाले गरिरहेको कामबाट निकै प्रभावित भएको र यहाँबाट सिक्ने मनसायले भक्तपुर अवलोकन भ्रमणमा आएको बताउनुभयो ।

भेटमा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखा, दैलेख नपा ११ का महारूप खत्री र ८ का मिलन फुयालको उपस्थिति थियो ।


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मल प्रतिकिलो रु. २०।– का दरले धमाधम बिक्री गरी रहेको जानकारी गराउँदै उक्त प्राङ्गरिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नगरपालिका गतिविधि

# नवनिर्मित न्याताँको उद्‌घाटन



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ७ स्थित न्याताँ (हनुमानघाट) पुल भदौ १२ गते एक समारोहबीच उद्घाटन गर्नुभयो ।

भक्तपुर नपाको विनियोजित बजेटबाट जीर्णोद्धार गरिएको खोह्र (हनुमानघाट) न्याताँ उद्घाटन समारोहमा बोल्नुहुँदै नगर प्रमुख **प्रजापति**ले जनताको सम्पत्ति जनताकै सहभागितामा बनाउने नीति अनुरूप भक्तपुर नपाले जनताको आर्थिक तथा भौतिक सहयोग र श्रमदान जुटाई विकास निर्माणका कामहरू उपभोक्ता समितिमार्फत पारदर्शी ढङ्गले गुणस्तरीय काम सम्पन्न गर्दै आइरहेको बताउनुभयो ।




उपभोक्ता समितिमार्फत काम गराउँदा स्थानीय श्रोत, साधन तथा सीप र प्रविधिको प्रयोग हुने, सम्पदाप्रति अपनत्व कायम हुने, गुणस्तरीय निर्माण हुने र स्थानीय जनताले रोजगारी पाउने भएको हुँदा नगरपालिकाले आन्तरिक श्रोतबाट हुने अधिकांश विकास निर्माणका कामहरूलाई उपभोक्ता समितिमार्फत गर्दै आएको बताउनुहुँदै उहाँले इमानदारीपूर्वक जनताको सेवा गर्ने भावनाले जनताकै साथ र सहयोगमा विकास निर्माणलगायत जनताका सरोकारका कामलाई प्राथमिकतामा राखी अगाडि बढिरहेको प्रष्ट पार्नुभयो ।

नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङका नयाँ विद्यार्थी भर्ना गर्न सीटीईभीटीले अनावश्यक दुःख दिइरहेको बताउनुहुँदै उहाँले नेमकिपाले जनताको इमानदारीपूर्वक सेवा गर्ने उद्देश्यअनुरूप आफ्ना सङ्गठनहरूको विस्तार गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले नवनिर्मित पुलले हनुमानघाटको स्वरूप र सुन्दरता थपेको बताउनुहुँदै भक्तपुरमा उपभोक्ता मोडल सफल हुनुमा

समितिमा कार्यरत पदाधिकारीहरूको ठूलो भूमिका खेलेको बताउनुभयो ।

त्यसै वडाका वडाध्यक्ष **उकेश कवां**ले पुल निर्माणमा सहयोगी भूमिका खेल्ने सबैमा धन्यवादज्ञापन गर्नुहुँदै अग्रजले धेरै मिहिनेत गरेर बनाएको न्याताँ जीर्णोद्धारमा स्थानीय जनताहरूबाटसमेत धेरै सहयोग प्राप्त भएको बताउनुभयो ।



भनपा वडा नं. ७ ले सुधारिएको शवदाह गृह निर्माण सम्पन्न गरी सञ्चालनमा समेत आइसकेको जानकारी गराउनुहुँदै पाँचाख्यको व्यवस्थापन र सुधारको निम्ति आवश्यक कार्यहरू भइरहेको अवगत गराउनुभयो ।

कार्यक्रममा न्यातापुल जीर्णोद्धार समितिका अध्यक्ष **कृष्णगोविन्द खाइजु**ले पुल निर्माणको आय-व्यय प्रस्तुत गर्नुहुँदै उक्त पुलको ल.इ. ४९ लाख २४ हजार रहेकोमा रु. ४१ लाख ३३ हजारमै निर्माण सम्पन्न भएको जानकारी गराउनुभयो ।



नवनिर्मित न्यातापुल

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडा सदस्य **रन्जना त्वाती**, उपभोक्ता समितिका सचिव **प्रेरणा तपोल** र वडा सदस्य **हेरा ख्याजु**ले पनि बोल्नुभएको थियो ।

# ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नयाँ नर्सिङको भर्ना खुल्ने



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा नर्सिङका नयाँ विद्यार्थीहरूको भर्नासम्बन्धी बुझ्न सीटीईभीटीका उपाध्यक्ष खगेन्द्रप्रसाद अधिकारीसँग भदौ ७ गते भेट गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले सरकारलाई बलियो बनाई शिक्षा, स्वास्थ्य, सरसफाइ र पूर्वाधार विकास गर्दै जनताको जीवनस्तर उकास्न भक्तपुर नगरपालिका निरन्तर लागिपरेको जानकारी गराउनुहुँदै कर्मचारीहरूको तर्फबाट यस्तो कार्यमा सकारात्मक योगदान हुनुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले गत वर्ष नर्सिङ क्याम्पसमा नयाँ विद्यार्थी भर्ना गर्न आफ्नै १०० शय्याको अस्पताल सञ्चालन हुनुपर्ने व्यवस्था भएकोले नयाँ विद्यार्थी भर्ना गर्न नसकेको चर्चा गर्नुहुँदै उहाँले यस वर्ष मिति २०७९ जेठ २६ गते बागमती प्रदेश सरकारबाट १०० शय्याको अस्पताल सञ्चालन गर्ने अनुमति प्राप्त भएपछि नयाँ नर्सिङका विद्यार्थीहरू भर्ना गर्न प्रक्रिया अगाडि बढाइएकोमा विभिन्न प्रक्रियागत झन्झटले ढिलो भइरहेकोमा उपाध्यक्ष अधिकारीको ध्यानाकर्षण गर्दै शीघ्र भर्ना प्रक्रिया अगाडि बढाउन आग्रह गर्नुभयो ।

दक्ष जनशक्ति उत्पादन गरी देशको विकासमा योगदान दिने उद्देश्यका साथ भक्तपुर नपाले सञ्चालित सातओटा शैक्षिक संस्थाहरूबाट नेपालको ७२ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गरिरहेको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

भेटमा नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको शैक्षिक स्तर उदाहरणीय रूपमा उत्कृष्ट रहेको चर्चा गर्नुहुँदै उपाध्यक्ष अधिकारीले स्थानीय तहबाट शैक्षिक संस्था, स्वास्थ्य

संस्थालगायतका आधारभूत सेवाहरू प्रदान गरी भक्तपुर नपाले देशकै उत्कृष्ट नपाको रूपमा कार्य भइरहेको सर्वविदितै रहेको स्मरण गर्नुभयो । उहाँले सम्बन्धित पक्षहरूसँग छलफल गरी आजै नर्सिङ कलेज पुनः सञ्चालनको लागि निरीक्षण गराई भोलिसम्ममा भर्ना प्रक्रिया अगाडि बढाउन सीटीईभीटीको वेबसाइटमा ख्वप बहुप्राविधिक अध्ययन संस्थानलाई पनि समावेश गरिसक्ने आश्वासन दिनुभयो ।

भेटमा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवा, सीटीईभीटीका परीक्षा शाखाका प्रमुख, प्रशासन प्रमुखलगायत सम्बन्धित शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# महेश्वरी रंगशाला निर्माण र शहीदस्मृति खेलमैदान स्तरोन्नति गर्ने विषयमा प्रदेश खेलकुदमन्त्रीको ध्यानाकर्षण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बागमती प्रदेश सरकार युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकाललाई भक्तपुरको महेश्वरी रंगशाला निर्माण र शहीद स्मृति खेलमैदान स्तरोन्नति गर्ने विषयमा ध्यानाकर्षण गराउनुभएको छ ।

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र बागमती प्रदेश सरकार युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकालबीच साउन २८ गते नगरपालिकाको सभाकक्षमा भएको भेटवार्तामा भक्तपुरको खेलकुद क्षेत्रको विकास र खेलमैदान स्तरोन्नति गर्ने विषयमा छलफल भयो ।

भेटमा मन्त्री ढकालले भक्तपुरमा महेश्वरी रंगशाला निर्माण र शहीदस्मृति खेलमैदानलाई कभर्ड हलको रूपमा विकास गर्न नगरपालिकासँग सहकार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

प्रदेशस्तरको खेलकुद प्रतियोगिता आयोजनाको लागि खेलकुद पूर्वाधार अभाव हुन नदिन प्रदेश सरकारले प्रादेशिक खेलमैदानलाई स्तरोन्नति गर्दै रंगशाला र कभर्ड हल निर्माणमा जोड दिँदै आएको बताउनुहुँदै मन्त्री ढकालले प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्यले विकासको नयाँ मोडल स्थापित गर्न मद्दत पुऱ्याउने बताउनुभयो ।

समाजवादउन्मुख अर्थतन्त्रको विकासमा भक्तपुर नपाले अग्रणी भूमिका निर्वाह गरिरहेको बताउनुहुँदै सङ्घ, प्रदेश र देशका अन्य स्थानीय तहहरूको लागि भक्तपुर नगरपालिकाले गरिरहेको काम उदारणीय र सिक्नयोग्य भएको बताउनुभयो ।

त्यस्तै नगर प्रमुख प्रजापतिले शिक्षा, स्वास्थ्य र सम्पदा पुनःनिर्माणलगायतका क्षेत्रमा जस्तै खेलकुद क्षेत्रलाई पनि तुलनात्मक रूपले अगाडि बढाउने प्रयत्न गर्दै भक्तपुर नपाले नियमित ६ ओटा खेलको प्रशिक्षण, विद्यालयहरूमा पूर्णकालीन खेल प्रशिक्षकहरूको नियुक्तिका साथै अन्तर नगर खेलकुद र अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै खेलकुदलाई नागरिक जीवनको अभिन्न अङ्गको रूपमा विकास गर्ने प्रयास गरिरहेको बताउनुभयो ।

उहाँले भक्तपुर नपाको ठाउँ ठाउँमा खेलकुद कभर्ड हलको निर्माणको क्रम जारी रहेको अवगत गर्नुहुँदै महेश्वरीमा रंगशाला निर्माण र शहीदस्मृति खेलमैदानलाई कभर्डहलको रूपमा स्तरोन्नति गर्न प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालयको तर्फबाट आवश्यक सहयोग रहने अपेक्षा गर्नुभयो ।

उक्त समारोहमा ख्वप कलेज अफ इन्जिनियरिङका ई. अमित प्रजापतिले महेश्वरी खेलमैदान र शहीद स्मृति खेलमैदानको डिजाइन प्रस्तुतिकरण गर्नुभएको थियो ।

प्रमुख प्रजापतिले मन्त्री ढकाललाई भादगाउँले टोपी र खादाले स्वागत गर्नुभएको थियो भने नपाका केही प्रकाशन र मयूर झ्याल मायाको चिनोको रूपमा प्रदान गर्नुभएको थियो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, भक्तपुर नपा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, कार्यपालिका सदस्यहरू, भक्तपुर जिल्ला खेलकुद परिषद्का अध्यक्ष दिपक थापालगायतको उपस्थिति रहेको थियो ।

# खानेपानी व्यवस्थापन र आपूर्तिबारे के.यु.के.एल.को ध्यानाकर्षण

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग काठमाडौँ उपत्यका खानेपानी लि.का कार्यकारी निर्देशक सञ्जिव विक्रम राणाले साउन २३ गते भेट गर्नुभयो। भेटमा उहाँहरूबीच भक्तपुरको खानेपानी व्यवस्थापन र नियमित आपूर्तिबारे छलफल भयो।

सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिका वडा नं. ३ र ४ मा नियमित रूपमा खानेपानी वितरण नभएको जनगुनासो रहेको अवगत गराउनुभयो। उहाँले भक्तपुरको टोल टोलमा वर्षाको समयमा समेत नियमित खानेपानी वितरण नहुँदा स्थानीय जनता खानेपानीबाट वञ्चित हुनुपरेको हुँदा काठमाडौँ उपत्यका खानेपानी लिमिटेडका पदाधिकारीहरूले ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले मेलम्चीको पानी नियमित नहुञ्जेलसम्म बोडेबाट भक्तपुरमा आइरहेको पानीको मात्रा बढाइ सहज बनाउनुपर्नेतर्फ निर्देशक राणाको ध्यानाकर्षण गराउनुभयो। प्रमुख प्रजापतिले मेलम्चीको पानी शीघ्र काठमाडौँ उपत्यकामा ल्याउनुपर्नेमा जोड दिनुभयो।

केयुकेएलका कार्यकारी निर्देशक राणाले बोडेको पानीको मात्रा बढाएर भक्तपुरमा पथान्तरण गर्नेतर्फ आफूहरू सकारात्मक रहेको र तत्काल सरोकारवाला पदाधिकारीहरूसँग छलफल गरी व्यवस्थापन गर्ने बताउनुहुँदै भक्तपुरको खानेपानी समस्या समाधानको लागि आवश्यक पहल गर्ने बताउनुभयो।

उहाँले केही प्राविधिक समस्याको कारणले खानेपानी वितरणमा असहजता आएको पनि बताउनुभयो।

मेलम्चीको पानी यथाशीघ्र उपत्यकामा ल्याउन नियमित रूपमा काम भइरहेको अवगत गराउनुहुँदै निर्देशक राणाले मेलम्चीको विकल्पमा सिस्नेरी खानेपानी योजनाको काम भइरहेको जानकारी पनि सो अवसरमा दिनुभयो।

# गाईजात्रा प्रदक्षिणा मार्गमा विशेष सरसफाइ

भक्तपुर नगरपालिकाको आयोजनामा २०७९ सालको गाईजात्रा पर्व (सापारु) प्रदक्षिणा मार्गमा साउन २४ गते विशेष सरसफाइ गरियो।

यस वर्षको गुन्हिपुन्ही (जनैपूर्णिमा) र सापारु (गाईजात्रा) एकै दिन परेको कारण जनमानसमा अन्योल पैदा नहोस् भनी भक्तपुर नगरपालिका र सरोकारवालाहरूबीच




भएको छलफलले २०७९ साउन २६ गते बिहीबार गुन्हिपुन्ही (जनैपूर्णिमा) र मिति २०७९ साउन २७ गते सापारु (गाईजात्रा) मनाउने निर्णय गरेको हो।

भक्तपुरको दरबार क्षेत्र, खौमाबाट सुरु भएको सरसफाइ ऱ्यालीमा भक्तपुर नपा वडा नं. १ देखि ५ सम्मको मार्गमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वको टोली र वडा नं. ६ देखि १० सम्म भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व नेतृत्वको टोलीले सरसफाइ गरेको थियो।

सरसफाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाको आयोजनामा भएको सचेतनामूलक सरसफाइ कार्यक्रममा सहभागी सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुहुँदै हाम्रो कला, संस्कृतिको संरक्षण गर्ने हाम्रो साझा दायित्व भएको बताउनुभयो।

गाइजात्रा र जनैपूर्णिमा शान्तिपुर्ण रूपमा मनाउन अनुरोध गर्नुहुँदै प्रमुख प्रजापतिले प्रदिक्षणा मार्गमा रहेका फोहोर व्यवस्थापन गर्न वातावरणलाई सफा राख्न सरसफाइ अभियानलाई भक्तपुर नपाले जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नपाले विगतका वर्षमा झैँ यस वर्षमा पनि सापारुको उपलक्ष्यमा परम्परागत र आधुनिक सांस्कृतिक विधाहरू तथा घिन्ताङघिसीलाई प्रतियोगिता गर्न लागेको जानकारी गराउनुहुँदै गाईजात्रा प्रदक्षिणा मार्गमा तार व्यवस्थापनको कार्य पनि भइरहेको बताउनुभयो।

ऱ्याली सुरु हुन अगाडि भएको सभामा भनपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले विगतका दिनमा कोभिडका कारण गाइजात्रा पर्व स्थगित गर्नुपरेको बताउनुहुँदै यस पटकको गाईजात्रा सभ्य र भव्य तरिकाले मनाउन लागेको अवगत गराउनुभयो।

गाईजात्रा प्रदक्षिणा मार्गमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, दाफा-भजन, टीम-क्लब, सङ्घसंस्था,

सहकारी संस्था, विद्यालय र नगरवासीहरूको सहभागितामा सरसफाइ गरिएको हो ।

विभिन्न विद्यालयका विद्यार्थीहरूसहित सहभागितामा भएको सरसफाइमा विद्यार्थीहरूले सन्देशमूलक नारा लेखिएका प्ले कार्डसहित नगर परिक्रमा गरेका थिए ।

## छिकोङ प्रशिक्षण सम्पन्न



भक्तपुर नगरपालिका वडा नं. ८ मा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित छिकोङ प्रशिक्षणको साउन ३१ गते समापन भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले स्वस्थ रहन खानपानमा विशेष ध्यान दिनुपर्ने र नियमित शारीरिक व्यायाम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

आफ्ना छोराछोरीको साथ संगतमा ध्यान पुर्याउनुपर्ने भन्नुहुँदै उहाँले भक्तपुर नपाले नगरका सबै वडामा निःशुल्क शारीरिक व्यायामशाला स्थापना गरी नगरवासीहरूलाई स्वस्थ राख्ने उद्देश्यले अगाडि बढिरहेको बताउनुभयो ।



भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले नपाले आयोजना गरेको छिकोङ प्रशिक्षणले धेरै नगरवासीहरू लाभान्वित भएको बताउनुहुँदै आगामी दिनहरूमा पनि नपाले नगरवासीलाई लक्षित स्वास्थ्यसम्बन्धी जनचेतनाका कार्यक्रमलाई अगाडि लाने बताउनुभयो ।

कार्यक्रममा पूर्व वडाध्यक्ष महेन्द्र खायमली, प्रशिक्षकद्वय रबिना सुवाल र मुना बासुकलाले पनि बोल्नुभएको थियो ।

## ‘काठमाडौँ स्कूल अफ ल’ का विद्यार्थीहरूबाट भक्तपुर नगरको अवलोकन भ्रमण



‘काठमाडौँ स्कूल अफ ल’ का स्नातक तहका विद्यार्थीहरूले भदौ ६ गते भक्तपुर नगरपालिकाको स्थलगत अवलोकन भ्रमण गरेको छ । भ्रमणमा आएका विद्यार्थीहरूलाई मार्गनिर्देशन गर्नुहुँदै भक्तपुर नपाका उपप्रमुख एवम् कार्यवाहक प्रमुख रजनी जोशीले भक्तपुर नपाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाको आवश्यकताअनुसार नगर सभाबाट २२ ओटा ऐन, ३ ओटा नियमावली, ६ ओटा विनियम, १२ ओटा कार्यविधि, ४ ओटा निर्देशिका र १ ओटा नीति गरी हालसम्म ४८ ओटा कानुन निर्माण गरी कार्यान्वयन गर्दै आएका बताउनुभयो ।

भक्तपुर नपाले यहाँको कला संस्कृतिक र सभ्यता जोगाउन भरमग्दुर प्रयास गर्दै आइरहेको बताउनुहुँदै भक्तपुरलाई देशकै नमुना नगरको रूपमा स्थापित गर्न नेपाल मजदुर किसान पार्टीको अग्रणी भूमिका रहेको उहाँले बताउनुभयो । जनप्रतिनिधि, कर्मचारी र जनताबीचको राम्रो समन्वयले भक्तपुर नगर आजको अवस्थामा आई पुग्न सम्भव भएको बताउनुहुँदै उपप्रमुख जोशीले संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले नीति निर्माण गर्दै, त्यसको कार्यान्वयन र व्यापक जनताको हितको निम्ति शिक्षा र स्वास्थ्य जस्ता विषयहरू न्यून शुल्कमा सेवा

प्रदान गर्दै समाजवादउन्मुख काममा जोड दिँदै आएको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाको न्यायिक समितिका सदस्य सचिव गणेशलाल फाँजुले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको संयोजकत्वमा गठित न्यायिक समितिले हालसम्म गर्दै आएको कार्य सम्पादनबारे अवगत गराउनुहुँदै स्थानीय तह जनताको नजिकको सरकार भएको बताउनुभयो ।

त्यस्तै भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालले भक्तपुर नगरपालिकाको सङ्क्षिप्त परिचय दिँदै भक्तपुर मौलिकता नगुमाएको, आर्थिक नियमितता भएको सहरको रूपमा स्थापित, सम्पदा पुनःनिर्माणमा जनसहभागिता जुटाई काम गर्ने देशकै उदाहरणीय नगर भएको बताउनुभयो । कार्यक्रमपश्चात 'काठमाडौँ स्कूल अफ ल' का विद्यार्थीहरूले भक्तपुर नपाको इजलास कक्ष, शाखा, उपशाखाहरूको अवलोकन गरेका थिए ।

# एभरेष्ट इङ्गलिस स्कूलका विद्यार्थीहरूबाट भक्तपुर नपा अध्ययन अवलोकन भ्रमण



भक्तपुर नपा वडा नं. २ मिवाछेँमा अध्ययनरत विद्यार्थीहरूले भदौ ९ गते भक्तपुर नगरपालिकाको स्थलगत अध्ययन अवलोकन भ्रमण गरेका छन् । सोही क्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी र स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' विषयअन्तर्गत भक्तपुर नगरपालिकाको भ्रमणमा आएका विद्यार्थीहरूबीच नगरपालिकाको गतिविधिहरूबारे अन्तरक्रिया भयो ।

कार्यक्रममा उपप्रमुख जोशीले भक्तपुर नपाले सञ्चालन गरेका शैक्षिक संस्थाहरूको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै भक्तपुरलाई शैक्षिक रूपमा अगाडि बढाउन यी कलेजहरूको स्थापनाले ठूलो भूमिका खेलेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नपाभित्र सञ्चालित विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम लागू भइसकेको अवगत गराउनुहुँदै पाठ्यक्रममा भक्तपुरको मूर्त र अमूर्त सांस्कृतिक सम्पदाहरूको महत्त्वबारे विद्यार्थीहरूलाई जानकार गराउने उद्देश्यले नपाले पाठ्यक्रमको निर्माण गरेको पनि बताउनुभयो ।

भक्तपुर नपाले सम्पदा पुनःनिर्माणमा विशेष जोड दिँदै आएको बताउनुहुँदै शिक्षा, नगरको सरसफाइदेखि लिएर नगरको समग्र विकासमा विशेष कदम चाल्दै आएको बताउनुभयो ।



उक्त कार्यक्रममा नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले स्थानीय पाठ्यक्रम निर्माणको उद्देश्य र नगरको विशेषताबारे सङ्क्षिप्तमा जानकारी दिनुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले विभिन्न जिज्ञासाहरू राखेका थिए ।

# 'सी' डिभिजन लिगको लागि खेलाडी छनौट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा भक्तपुर फुटबल क्लबले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) द्वारा आयोजना गरिने 'सी' डिभिजन लिगको लागि खेलाडी छनौट कार्यक्रमको भदौ १० गते महेश्वरी खेलमैदानमा निरीक्षण तथा अवलोकन गर्नुभयो ।



सोही क्रममा प्रमुख प्रजापतिले खेलाडीहरूलाई मार्गनिर्देश गर्नुहुँदै खेलाडीहरूले टीमलाई बलियो बनाउन सामूहिक भावनाले देशको लागि खेल्नुपर्ने बताउनुभयो । खेलाडीहरू देशका गहना भएको बताउनुहुँदै उहाँले भक्तपुर नपाले खेलकुद क्षेत्रको विकासको लागि विभिन्न पहलहरू गर्दै आइरहेको बताउनुभयो ।

सोही क्रममा भक्तपुर फुटबल क्लबका अध्यक्ष राम प्रजापतिले प्रतियोगिताको उद्देश्यमाथि प्रष्ट पार्नुभएको थियो ।

## सम्भाव्यता अध्ययन

पूर्वाञ्चल विश्व विद्यालयको सम्बन्धनमा भक्तपुर नगरपालिकाले सञ्चालन गर्न तयारी गरेको कानुन तर्फ स्नातक अध्यापनको लागि 'ख्वप कलेज अफ ल' को अनुमतिको लागि २०७९।०५।०७ गते सम्भाव्यता अध्ययन भयो ।

भक्तपुर नपा र अध्ययन टोलीबीच छलफल भयो ।



## सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीबारे अभिमुखीकरण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा भएको नगरभित्र रहेका सहकारी संस्थाहरूलाई सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) सम्बन्धी अभिमुखीकरण कार्यक्रमको भदौ १५ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले कुनै पनि सङ्घ संस्थाका कर्मचारीहरू समयअनुकूल प्रविधिसँग जोडिरहन नसके आफ्नो कामबाट विस्थापित हुने खतरा भएको बताउनुहुँदै संस्थाको प्रगति दक्ष र योग्य कर्मचारीहरूको मिहिनेतमा निहित रहेको बताउनुभयो ।

भक्तपुर नगर भित्र सञ्चालित सहकारीहरूलाई सहकारी सिद्धान्तअनुसार सञ्चालन गर्न नगरपालिकाले समय समयमा अनुगमन गर्दै आएको बताउनुहुँदै उहाँले अनुगमनको क्रममा देखिएका कमी कमजोरी सुधारको लागि सुझावहरू दिने र त्यसको कार्यान्वयन गराउने प्रयास गर्दै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले सहकारी संस्थाहरूसँग भएको रकम उत्पादनमूलक क्षेत्रमा खर्च गर्न सके सदस्य र संस्था दुवैको निम्ति लाभदायी हुने बताउनुहुँदै कर्मचारीले अरूको दबाबमा भन्दा स्वतन्त्र ढङ्गले काम गर्नुपर्छ भन्नुभयो ।

त्यस्तै भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले भक्तपुर नगरपालिकाको सहकारी ऐन विपरीत नगरपालिकाको स्वीकृतिबिना सञ्चालित बहुउद्देश्यीय सहकारी संस्थाहरूलाई कानून विपरीत सञ्चालन नगर्न सचेत पार्ने काम पनि गर्दै आएको बताउनुभयो ।

त्यस्तै उक्त कार्यक्रममा वडा सदस्यद्वय **पुरुषोत्तम तमखू** र **नारायणप्रसाद त्वानाबासु**ले पनि बोल्नुभएको थियो ।

# विविध समाचार

## इन्जिनियरिङ कलेजमा नयाँ विद्यार्थीहरूलाई स्वागत एवम् अभिमुखीकरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा नयाँ भर्ना हुन आएका Earthquake Engineering / Urban Design and Conservation का विद्यार्थीहरूलाई स्वागत एवम् अभिमुखीकरण कार्यक्रम भदौ १५ गते भयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें (रोहित)**ले विश्वविद्यालयहरूले नेपालको शिक्षा र प्रविधिलाई विदेशमा बेच्ने मालसामानको रूपमा गलत ढङ्ग प्रयोग गरिरहेको बताउनुहुँदै उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूले आफ्नो शैक्षिक प्रमाणपत्र सँगसँगै विभिन्न अनुसन्धानमार्फत देशलाई योगदान दिनेतर्फ सोच्नुपर्ने बताउनुभयो।




विश्वका अन्य मुलुकहरूमा इन्जिनियर, डाक्टरलगायत अन्य विषयका विद्यार्थीहरू राजनीतिक क्षेत्रमा सक्रिय रहेको बताउनुहुँदै ख्वपका विद्यार्थीहरूले पनि आफ्नो विज्ञतासँगै समाज र देशको पक्षमा काम गर्न देशको राजनीतिमा चासो राख्नुपर्ने बताउनुभयो।

बन्द, हड्तालले देशको शैक्षिक स्तर उठाउन बाधा पुऱ्याउनेतर्फ सचेत पार्नुहुँदै उहाँले अङ्ग्रेजीलगायतका विदेशी भाषाको प्रयोग र तालिम सञ्चालनतर्फ जोड दिनुपर्ने बताउनुभयो। अध्ययन र सिकाइ भनेको निरन्तर प्रक्रिया भएको बताउनुहुँदै विश्वसँग प्रतिस्पर्धा गर्नको निम्ति अङ्ग्रेजी भाषामा पोख्त हुनु आवश्यक भएको अध्यक्ष बिजुक्छेँले बताउनुभयो।

कार्यक्रमका सभापति कलेज सञ्चालन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपा शिक्षा क्षेत्रमा नेपालमै सबभन्दा अगाडि बढेको नगरपालिका भएको बताउनुभयो।

विद्यार्थीहरूले आफ्नो अध्ययन सँगसँगै गलत राजनीतिको खुला रूपमा आलोचना गर्नुपर्ने आवश्यकता औँल्याउनुहुँदै उहाँले भक्तपुर नपा सम्पदा पुनःनिर्माणमा नमुना सहरको रूपमा उभिन सफल भएको बताउनुभयो।

सरकारको असहयोगका कारण हालसम्म पनि ख्वप विश्वविद्यालयले सम्बन्धनमा पाउन ढिलाइ भइरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले ज्ञानविज्ञानको केन्द्र बनाउने लक्ष्य लिएर अगाडि बढिरहेको भक्तपुर नगरपालिकाले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले विभिन्न विषयहरूमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्दै आएको र यस्ता सम्मेलनहरूको आयोजनाले विभिन्न देशका विश्वविद्यालयहरू सँगको सम्पर्क बढ्दै जाने र ज्ञानको क्षेत्र फराकिलो हुँदै जाने बताउनुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले भक्तपुर नपाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको Earthquake Engineering / Urban Design and Conservation विषयमा ९ ओटा विभिन्न जिल्लाका ३७ जना विद्यार्थीहरू अध्ययनको लागि आएको बताउनुहुँदै भक्तपुर नपाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले ख्वप सर्कलका शिक्षण संस्थाहरू स्थापना गरेको हो भन्नुभयो।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले विद्यार्थीहरू किताबी ज्ञानमा मात्रै केन्द्रित हुन नहुने बताउनुहुँदै कलेजले Earthquake Engineering र Urban Design and Conservation विषय छनोट गर्नुको



उद्देश्यमाथि प्रकाश पार्नुभयो ।

PG Dept of EZ का विभागीय प्रमुख डा. **मन्जिप शाक्य** नेपाल भूकम्पीय जोखिमयुक्त देश भएकोले भक्तपुर नपाले पठनपाठन गर्दै आएको विषय निकै महत्त्वको भएको बताउनुहुँदै विद्यार्थीहरूले पढाईसँगसँगै आफ्नो शोधपत्र पनि समयमै सकाउन मिहिनेत गर्नुपर्छ भन्नुभयो ।

कलेजको अनुसन्धान र विकास विभागका संयोजक डा. **सुवेगमान बिजुक्छेँ**ले विद्यार्थीहरूलाई परीक्षामा उत्तीर्ण हुनुमात्र ठूलो विषय नभएको बताउनुहुँदै विश्वविद्यालय तथा कलेजहरूले अध्ययन अनुसन्धानलाई प्राथमिकतामा राखी अगाडि बढ्न सके विद्यार्थीहरूको सैद्धान्तिक र प्रयोगात्मक शिक्षामा थप टेवा पुग्ने बताउनुभयो ।

PG Dept of UDC का विभागीय प्रमुख आ. **लिबास फैजु**ले अर्बान डिजाइन एण्ड कन्जरर्भेसन विषयको महत्त्वमाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा कलेजका उपप्राचार्य **रबिन्द्र फौँजु**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने आ. **रबिना शिल्पकार**ले पनि बोल्नुभएको थियो ।

### ख्वप मा.वि.मा नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण

# ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिनु राजनीतिक पूर्वाग्रह

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भदौ ३ गते ख्वप मा.वि.मा कक्षा ११ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम भयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले शैक्षिक क्षेत्रको विषयमा नीतिगत निर्णय गर्नुभन्दा पहिले बुद्धिजीवीहरूबीच व्यापक छलफल आवश्यक गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कक्षा ११ र १२ लाई विद्यालय तहमा राख्नु त्रुटिपूर्ण निर्णय भएको धारणा उहाँले व्यक्त गर्नुभयो ।

'संसदीय समितिले एकमतले सिफारिस गरेको ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिनु राजनीतिक पूर्वाग्रह हो । ख्वप विश्वविद्यालयको स्वीकृति भएमा विद्यार्थीले रू. १५ लाखमा एमबीबीएसको पढाइ पूरा गर्न पाउनेछ', उहाँले भन्नुभयो ।

शैक्षिक माफियाहरूको कारण ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिएको अध्यक्ष बिजुक्छेँले स्पष्ट पार्नुभयो ।




शिक्षा उत्पादनश्रमसँग जोडिएमात्र बेरोजगारी समस्या समाधान हुने स्पष्ट पार्नुहुँदै समाजवादी व्यवस्थामा शिक्षालाई श्रमसँग जोडिएकै कारण सबैले रोजगारी पाउने अध्यक्ष बिजुक्छेँले बताउनुभयो ।

राजनीति देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने हुनुपर्ने धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले इमानदार राजनीतिक कार्यकर्ताहरूमात्र नेमकिपामा टिक्न सक्ने बताउनुभयो ।

'समाजवादी व्यवस्थाले मात्र समाजलाई अनुशासित र शान्तिपूर्ण बनाउन सक्छ । उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्ने, व्यक्तित्व विकासमा समान अवसर हुने, शिक्षा–स्वास्थ्य निःशुल्क हुने, श्रमलाई सम्मान गर्ने शिक्षा, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको व्यवस्था हुने, शोषण र अन्यायविरूद्धको हक हुने व्यवस्था नै समाजवादी व्यवस्था हो', उहाँले भन्नुभयो ।

काठमाडौँ महानगरमा फोहोरको समस्या सृजना हुनुमा महानगरमात्र होइन केन्द्रीय सरकार पनि दोषी रहेको धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले फोहोरको उचित विसर्जनमा केन्द्रीय सरकारले विशेष पहल गर्नुपर्ने बताउनुभयो ।

जीवनको हरेक पाइलामा सङ्घर्ष गर्नुपर्ने चर्चा गर्नुहुँदै राजनीतिबाट अलग्ग हुने निर्णय लिनु जीवनको ठूलो भूल हुने उहाँले बताउनुभयो ।

मार्क्सवादी सिद्धान्तअनुसार शान्तिपूर्णरूपमा निर्वाचनको माध्यमबाट समाजवाद स्थापना नहुने स्पष्ट पार्नुहुँदै अध्यक्ष बिजुक्छेँले क्रान्ति निर्मम हुने बताउनुभयो ।

पुँजीवादी सत्तालाई ध्वस्त नबनाएसम्म समाजवाद स्थापना नहुने उहाँको कथन थियो ।

सम्पन्न परिवारका छोरोछारीले पेशा, व्यवसाय वा जागिर नखाई देश र जनताको सेवामा आफूलाई समर्पित गर्नुपर्ने दोहोऱ्याउनुहुँदै अध्यक्ष रोहितले टाल्स्टाय र रवीन्द्रनाथ टैगोरले साहित्यमार्फत समाजको सेवा गरेको बताउनुभयो ।

नेमकिपाका सचिव एवं सङ्घीय सांसद **प्रेम सुवाल**ले ख्वप मा.वि. स्थापनाका परिवेशबारे चर्चा गर्नुहुँदै सर्वसाधारण जनताका छोराछोरीलाई उच्च शिक्षाको अवसर प्रदान गरी एक घर एक स्नातक तयार गर्ने र समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्य ख्वप मा.वि.को रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिई सर्वसाधारण जनतालाई शिक्षाबाट वञ्चित गर्ने शासक पार्टीहरू राणा शासनकै पदचिह्नमा हिँडेका छन् ।'

सरकारको नेतृत्वमा पुग्ने व्यक्तिहरू राजनीतिकरूपमा इमानदार नभएसम्म देशको विकास नहुने स्पष्ट पार्नुहुँदै सांसद सुवालले देशको शिक्षा क्षेत्र शैक्षिक माफियाको चङ्गुलमा परिरहेको छ भन्नुभयो ।

'स्वदेशमा रोजगारी नपाएको कारण सर्वसाधारण जनताका छोराछोरीहरू ११० भन्दा बढी देशमा श्रम गर्न जान बाध्य छन् । देशको अर्थतन्त्र रेमिट्यान्सको भरमा रहेको जोखिमपूर्ण हो ।' उहाँले भन्नुभयो ।

संसद्बाट हालै पारित नागरिकता विधेयक देशघाती रहेको धारणा राख्नुहुँदै उहाँले भन्नुभयो, 'यो विधेयकमा नेपाली नागरिकसँग विवाह गरेका विदेशी महिलाले तत्काल नागरिकता पाउने व्यवस्था छ । नेपाली महिलाले भारतीय पुरुषसँग विवाह गरेमा नागरिकताका लागि ७ वर्ष कुर्नुपर्छ । अमेरिकामा विवाहपछि ३ वर्ष, बेलायतमा निवेदन दिन ३ वर्ष अगाडिदेखि बसोबास गर्नुपर्छ । बङ्गलादेशमा ५ वर्ष, भुटानमा जन्मेको बच्चाले नागरिकता पाएपछि, माल्दिभ्समा १२ वर्षपछि मात्र नागरिकताको प्रकृया सुरू हुने व्यवस्था छ । २०६३ सालयता ३ जनाको सहीछापमा सरजमिन मुचुल्का गराई जन्मको आधारमा नेपाली नागरिकता विदेशीलाई समेत दिइयो । त्यो खारेज गर्नुपर्दछ ।' उहाँले भन्नुभयो ।

वरिष्ठ शिक्षाविद् प्रा.डा. **विद्यानाथ कोइराला**ले इतिहास र संस्कृतिको धनी भक्तपुर नगरको विद्यालयमा अध्ययन गर्न पाउनु गौरवपूर्ण अवसर भएको बताउनुभयो ।

शिक्षा व्यवहारभन्दा पर हुन नहुने धारणा राख्नुहुँदै उहाँले शिक्षा व्यवहारिक र श्रमसँग सम्बन्धित हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'हाम्रो परम्परागत जीवनशैली र संस्कृति विज्ञानसम्मत छ । हामीले हाम्रो मस्तिष्क र मुटुलाई जोड्ने शिक्षा दिनु आवश्यक छ । पूर्वजहरूको ज्ञानलाई समायोजन गरी नयाँ पुस्तालाई शिक्षा दिनुपर्ने अहिलेको आवश्यकता हो ।'

प्रविधिमैत्री ज्ञानले मानव मस्तिष्क शून्य बन्दै जानु खतरनाक लक्षण हो, उहाँले भन्नुभयो ।

राजनीति पेशा हुन नसक्ने धारणा राख्नुहुँदै उहाँले राजनीतिको मूल उद्देश्य देश र जनताको सेवा गर्नु नै हो भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभाका सदस्य **सुरेन्द्रराज गोसाई**ले देशको जिम्मेवार सुसंस्कृत र चेतनशील नागरिक बन्ने उद्देश्यकासाथ अध्ययन गर्न विद्यार्थीहरूलाई सुझाव दिनुभयो ।

उहाँले भन्नुभयो, 'शैक्षिक क्षेत्रमा अब्बल भएजस्तै राजनीतिमा पनि अब्बल भएमात्र देश विकास सम्भव छ ।' सत्तामा गएका पार्टीहरू राजनीतिकरूपमा इमानदार र जिम्मेवार नभएकै कारण नेपाली जनताले दुःख पाइरहेको केन्द्रीय सदस्य गोसाईले बताउनुभयो ।

उहाँले भन्नुभयो, 'अध्यक्ष बिजुक्छेँद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर', 'जेलका चिठीहरू', 'हजुरबाका चिठीहरू', 'राजनीतिक कार्यकर्ता बन्ने भाइबहिनीहरूलाई चिठी' लगायतका पुस्तकहरू अध्ययन गर्न विद्यार्थीहरूलाई अनुरोध गर्दछु ।'

सहिद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्रका निर्देशक डा. **पुकारचन्द्र श्रेष्ठ**ले भनपाद्वारा सञ्चालित शैक्षिक संस्थानहरूमा अध्ययन गरेका विद्यार्थीहरू देशभर उत्कृष्टताका साथ अगाडि बढिरहेकोमा खुसी व्यक्त गर्नुभयो ।

नेपालमा पहिलोपटक कलेजो प्रत्यारोपण भक्तपुरमा भएको उहाँले बताउनुभयो ।

डा. श्रेष्ठले भन्नुभयो, 'विद्यार्थीले छनोट गर्ने विषय र इमानदारीपूर्वक गरिने प्रयासले नै देशको भविष्य निर्धारण हुनेछ ।'

कार्यक्रमका सभापति एवं भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भनपाले कला, संस्कृतिको संरक्षण र विज्ञान तथा प्रविधिलाई पछ्याउँदै भक्तपुर नगरमा विकास निर्माणका कामहरू भइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुरलाई शिक्षा र संस्कृतिको

केन्द्रको रूपमा विकास गर्ने लक्ष्यका साथ भनपाका जनप्रतिनिधिहरू क्रियाशील छन् ।'

हाम्रा शैक्षिक संस्थानहरूमा एक्काइसौँ शताब्दीका चुनौतीहरू सामना गरी अगाडि बढ्न सक्ने नयाँ पुस्ता तयार गर्ने क्षमता राख्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

विद्यालयका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले स्वागत गर्नुभएको उक्त कार्यक्रममा ख्वप कलेजका प्राचार्य **रूपक जोशी** र बीए तथा एमए अङ्ग्रेजी विषयका इन्चार्ज **कमिनिका न्याइच्याई**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा कक्षा १२ का विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतिहरू प्रदर्शन गरेका थिए ।

## नेपाल–भारत खुला सीमा रहेसम्म नागरिकता समस्या रहने




देशघाती नागरिकता विधेयक खारेजीको माग गर्दै नेपाल मजदुर किसान पार्टीको आयोजनामा भदौ २ गते विरोध प्रदर्शन र सभा भयो । कोटेश्वरबाट सुरू भएको विरोध जुलुस संसद् भवन, बानेश्वरमा पुगी विरोध सभामा परिणत भएको थियो ।

विरोध सभामा नेमकिपाका सचिव तथा सङ्घीय सभा सदस्य **प्रेम सुवाल**ले भन्नुभयो, 'नागरिकता देशको सार्वभौमिकतासँग सम्बन्धित हुन्छ । त्यसैले नागरिकता विधेयक बहुमतले पास गर्नु भनेको देशघात गर्नु हो ।'

संसदभित्र नागरिकता विधेयक (प्रथम संशोधन) को विषयमा विभिन्न सभासदहरूले विचार राखेको जानकारी गराउनुहुँदै उहाँले नागरिकता विधेयकविरोधी आन्दोलन सार्वभौमिकता रक्षाको निम्ति भएको प्रस्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'सीमा खुल्ला रहेसम्म नागरिकता समस्या आइरहनेछ ।'

नागरिकता विधेयक नेपालका विभिन्न जातजातिविरोधी फासीवादी सोचबाट आएको उहाँले जिकिर गर्नुभयो ।



सरकारले गोरखापत्रमा नागरिकता विधेयकको पूर्ण पाठ प्रकाशित गरेर जनताबीच छलफल चलाउनुपर्ने धारणा उहाँको थियो ।

नेमकिपा केन्द्रीय सदस्य तथा काठमाडौँ जिल्ला अध्यक्ष **नारायण महर्जन**ले भारतीय विस्तारवादका दलालहरू मन्त्री र प्रधानमन्त्री बनेर देशलाई सिक्किम बनाउन उद्यत रहेको स्पष्ट पार्नुभयो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले अध्ययन गरेर नागरिकता विधेयक पुनर्विचारका लागि संसद्मा फिर्ता पठाएको हुनाले संसद्ले पुनः सोही विधेयक प्रमाणीकरणका निम्ति पठाए, पुनः फिर्ता गरेर जनताको पक्षमा उभिनुपर्ने उहाँको सुझाव थियो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाई**ले नेमकिपाको सङ्घर्षले देशका सम्पूर्ण देशभक्त जनताको प्रतिनिधित्व गरिरहेको बताउनुभयो । संसद्का केही दलाल शासकहरूले पास गर्दैमा देशघाती नागरिकता विधेयक देशभक्त जनताले पास नगर्ने उहाँले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घकी केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले नागरिकता विधेयक नेपाल कब्जा गर्ने भारतीय चाहनाअनुरूप आएको स्पष्ट पार्नुभयो । ४० लाख भारतीयहरूले नागरिकता लिइसकेको चर्चा गर्नुहुँदै उहाँले सुरुदेखि नै नागरिकता विधेयकको विरोधमा उभिएर नेमकिपाले जनपक्षीय पार्टीको भूमिका निर्वाह गरेको जानकारी गराउनुभयो ।

नेमकिपा अर्का केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा

सदस्य **सिर्जना सैँजु**ले नागरिकता नीति खुकुलो बनाए देश सिक्किम र फिजी बन्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'नागरिकता सहजै उपलब्ध हुने बनाउनुहुँदैन ।'

विरोध सभामा नेमकिपा केन्द्रीय सदस्य सनकमान महर्जन, नेक्राविसङ्घ केन्द्रीय अध्यक्ष प्रकाश गुरुङ, नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय सचिव हरिराम सुवाल, नेमकिपा काठमाडौँ जिल्ला समितिका विशोक डंगोल, नेक्राविसङ्घका सुरेश परियार र हृदय दहाल, नेक्रायुसङ्घका मीनबहादुर बाटाले पनि बोल्नुभएको थियो । कार्यक्रममा विविध सांस्कृतिक प्रस्तुतिहरू समेत प्रस्तुत गरिएको थियो ।

### "समाजको दिगो विकासको लागि ऊर्जाको भूमिका" विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन

# शासक दलकै कारण देश परनिर्भरतातर्फ धकेलिएको छ




नेपाल मजदुर किसान पार्टीका सचिव तथा सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ र आई.ई.ई.ई. पी.ई.एस. को संयुक्त आयोजनामा साउन २३ गते 'समाजको दिगो विकासको लागि ऊर्जाको भूमिका' विषयक दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै सांसद **सुवाल**ले ऊर्जा र जलस्रोतजस्ता महत्त्वपूर्ण क्षेत्रमा नेपालले अपेक्षित उपलब्धि हासिल गर्न नसक्नुमा शासक दल दोषी रहेको बताउनुहुँदै देशमा उपलब्ध जलस्रोतको अधिकत्तम उपयोग र व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुवालले भन्नुभयो, 'नेपाल जलविद्युतको विकासमा अत्यन्त सम्भावना भएको देश भएर पनि भारतबाट बिजुली आयात गर्नुपर्ने अवस्था आएको छ । नेपालको आर्थिक समृद्धिको महत्त्वपूर्ण खम्बाको रूपमा रहेको विद्युत सस्तोमा भारतलाई बेच्ने र महँगोमा खरिद गर्ने गरेको कारण पनि देश आर्थिक रूपले अझ झन पछाडि धकेलिँदै गएको हो ।'

सरकारले जलविद्युत उत्पादनमा जोड दिनुपर्ने विचार राख्नुहुँदै सांसद सुवालले शासक दलकै कारण देश परनिर्भरतातर्फ धकेलिएको छ भन्नुभयो । देशको राजनीति कमजोर भएको अवस्थामा विदेशीको थिचोमिचो बढ्ने सम्भावना रहेको उल्लेख गर्नुहुँदै उहाँले नेपालको राजनीति माफिया र भ्रष्टाचारीहरूको हातमा परेकै कारणले देशले अपेक्षित रूपमा विकास गर्न नसकेको बताउनुभयो ।

सांसद सुवालले नेपालका शासक दलहरूकै कारण नेपाल भारतको उपनिवेशको रूपमा गइरहेको बताउनुभयो । एमसीसी नेपालको लागि गुलियो पोतेको विष भएको बताउनुहुँदै एमसीसीले नेपाललाई कहिल्यै आत्मनिर्भर नबनाउने उहाँले प्रष्ट पार्नुभयो ।

त्यस्तै कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सम्मेलन पूर्ण सफलताको कामना गर्नुहुँदै नेपालमा उत्पादित बिजुली बेच्ने कारण देखाउँदै शासक दलहरूले एमसीसी जस्ता देशघाती सम्झौता संसदबाट अनुमोदन गरेको र त्यसको असर नेपालमा लामो समयसम्म रही रहने बताउनुभयो ।

प्रमुख प्रजापतिले विद्युत उत्पादन गरेर जनतालाई सस्तोमा वितरण गर्नुको सट्टा हप्ताको दुई दिन बिदा र यातायातमा जोरबिजोर प्रणाली लागू गर्ने जस्ता सुझाव दिएर आयल निगमले सरकारलाई उल्टो बाटोमा अगाडि बढाउन खोजिरहेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, 'देश विकासको निम्ति उर्जाको विकास एक अपरिहार्य विषय भएको हो । रुस र युक्रेन युद्धले पेट्रोलियम पदार्थको मूल्य आकाशिएको छ । नेपाल सरकारले जलविद्युत परियोजनाहरूको विकासमै बढी ध्यान केन्द्रित गर्नु जरुरी छ ।'



भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका क्षेत्रमार्फत भक्तपुर नपाको सन्तुलित विकासमा नपाले विशेष जोड दिँदै आइरहेको बताउनुहुँदै नपाबाट सञ्चालित सातओटा शैक्षिक संस्थाले सस्तो र गुणस्तरीय शिक्षा प्रदानमा जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा जल तथा ऊर्जा आयोगका सचिव **दिनेशकुमार घिमिरे**ले ऊर्जा, जलस्रोत तथा सिँचाइको उचित विकास, संरक्षण तथा प्रबर्द्धन गर्न र यस क्षेत्रलाई विशिष्टीकरण गरी नेपाललाई समृद्ध बनाउन आयोग क्रियाशील रहेको बताउनुभयो।

कार्यक्रममा Western Norway University of Applied Science का प्रा. अजितकुमार बर्मा, University of saskatchewan प्रा. राजेश कार्की, ख्वप कलेज अफ इन्जियिरिङका प्राचार्य सुनिल दुवाल, आई.ई.ई.ई. का अध्यक्ष प्रा.डा. नवराज कार्की र सचिव शैलेन्द्रकुमार झाले पनि सम्मेलनको महत्त्व र उद्देश्यमाथि प्रकाश पार्नुभयो।

## दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न



'समाजको दिगो विकासको लागि ऊर्जाको भूमिका' विषयक एकदिने दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको समापन कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भनपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो।

समापन कार्यक्रममा बोल्नुहुँदै प्रमुख **प्रजापति**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूबाट देशभरीका ७२ जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरूले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरिरहेको तथा नगरपालिकाले शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षणमा अग्रणी भूमिका निर्वाह गरिरहेको जानकारी दिनुभयो।

देश विकासको निम्ति नेतृत्व राम्रो हुनुपर्ने विचार व्यक्त गर्नुहुँदै उहाँले नेमकिपाका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँद्वारा लिखित 'सय वर्षपछिको भक्तपुर'मा उल्लेख भएअनुसार भक्तपुरको परिकल्पना अनुरूप भक्तपुर नगरपालिकाले पुराना शैलीका घर निर्माणमा अनुदान दिँदै आएको तथा भक्तपुर नगरको विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गर्ने नगरवासीहरूलाई मोहडाको लागि लाग्ने काठ, ईँटा र झिँगटीको खर्चमध्ये ३५ प्रतिशत अनुदान वितरण गर्दै आएको उल्लेख गर्नुभयो।

शिशुस्याहारदेखि स्नातकोत्तरसम्म कक्षा सञ्चालन गर्ने देशभरीको एक मात्र स्थानीय तह भक्तपुर नगरपालिका भएको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले समाजवादी विचारद्वारा अभिप्रेरित भई काम गर्ने भक्तपुर देशभरमै एउटा नमूना स्थानीय तह भएको उल्लेख गर्नुभयो।

उहाँले नेपाल सरकारले ख्वप विश्वविद्यालय विधेयक अगाडि नबढाउनु पूँजीवादी अर्थव्यवस्थाको आर्थिक उदारीकरणको नमूना हो भन्नुहुँदै देश विकासको निम्ति बुद्धिजीवीहरूले समाज र देशलाई केन्द्रमा राखेर समाज परिवर्तनको लागि आ-आफ्नो ठाउँबाट महत्त्वपूर्ण भूमिका निर्वाह गर्न अभिप्रेरित गर्नुभयो।

कार्यक्रममा आई.ई.ई.ई. का अध्यक्ष प्रा.डा. **नवराज कार्की**ले सम्मेलनको प्रभावकारिता र उपलब्धिबारे समीक्षा गर्नुहुँदै भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा गरिरहेको कार्य अन्य स्थानीय तहहरूको लागि उदाहरणीय रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा ख्वप इन्जियिरिङ कलेजका प्राचार्य **सुजन माक**ले प्रस्तुतिकर्ताहरू, सहभागी महानुभावहरू लगायत सम्मेलनलाई सफल पार्न प्रत्यक्ष परोक्ष सहयोग गर्नुहुने सम्पूर्ण व्यक्तित्व र संस्थाहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले मुख्य वक्ताहरू, प्रस्तुतिकर्ताहरू, सहभागीहरू तथा स्वयंसेवकहरूलाई प्रमाणपत्र प्रदान गर्नुभयो भने आई.ई.ई.ई. का अध्यक्ष प्रा.डा. नवराज कार्कीले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङलाई प्रदान गरिएको प्रशंसा पत्र क्रमशः प्राचार्य सुजन माक र प्राचार्य सुनिल दुवाललाई हस्तान्तरण गर्नुभयो।

## जेसिस स्कूलमा बधाई तथा बिदाई

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा जेसिस सेकेन्डरी स्कूलको आयोजनामा




साउन २४ गते आयोजित एसईई २०७५ देखि २०७८ सम्मका उत्तीर्ण विद्यार्थीहरूको बिदाई तथा बधाईज्ञापन कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथिलगायतले स्कूलमा २०७५ सालदेखि २०७८ सालसम्म उत्तीर्ण भएका ८० जना एसईईका विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथि **प्रजापति**ले एसईई उत्तीर्ण विद्यार्थीहरूको सफल जीवनको लागि शुभकामना व्यक्त गर्नुहुँदै आफ्नो क्षमताले भ्याएको विषय अध्ययन गरी देश र समाजको निम्ति काम गर्न प्रतिबद्ध हुन विद्यार्थीहरूलाई मार्गनिर्देश गर्नुभयो ।पढेलिखेका बुद्धिजीवीको विदेशमोहले गर्दा देश आर्थिक रूपमा पछाडि परेको बताउनुहुँदै प्रमुख प्रजापतिले नेमकिपाको एक घर एक स्नातक अवधारणाले आज भक्तपुर शैक्षिक गन्तव्यस्थल बन्न सफल भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष **हरिप्रसाद बासुकला**ले जेसिस स्कूलले विद्यार्थीहरूलाई शिक्षासँगसँगै खेलकुदलगायत अतिरिक्त क्रियाकलापमा गरि रहेको क्रियाशीलता प्रशंसनीय भएको बताउनुहुँदै भक्तपुर नपाले नगरवासी विद्यार्थीहरूको निम्ति शैक्षिक ऋणको समेत व्यवस्था गरेको बताउनुभयो ।

विद्यालयका प्रअ **जयराम गोर्खाली**ले विद्यालयको शैक्षिक अवस्थाबारे अवगत गराउनुहुँदै विद्यालयको वृत्ति विकास र संरक्षणमा भक्तपुर नपाबाट आवश्यक सहयोग हुने अपेक्षा व्यक्त गर्नुभयो ।

जेसिस सेकेन्डरी स्कूल व्यवस्थापन समितिका अध्यक्ष **कृष्णप्रसाद अवाल**को सभापतित्वमा भएको उक्त कार्यक्रममा पूर्व प्रअ **तेजेश्वर बाबु ग्वंग**, संस्थापक **शिवजी श्रेष्ठ**, विद्यालयका छात्रा **कसिस गोठे**ले पनि विद्यालयको उद्देश्य र शैक्षिक प्रगतिबारे आफ्नो धारणा राख्नुभएको थियो ।

# शिक्षा मानिसको तेस्रो आँखा




भक्तपुर नगरपालिकाका उपप्रमुख एवम् कार्यबाहक प्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा बासु माविको आयोजनामा विद्यालयका अनिवार्य अवकाश प्राप्त शिक्षक लक्ष्मीहरि ताम्राकारको बिदाइमा भदौ ५ गते बिदाइ कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा बोल्नुहुँदै उपप्रमुख रजनी जोशीले शिक्षा मानिसको तेस्रो आँखा भएको बताउनुहुँदै शिक्षा बिनाको जीवन अधुरो रहने बताउनुभयो । बासु माविले भक्तपुरको शैक्षिक स्तर उकास्न खेलेको भूमिकाबारे प्रष्ट पार्नुहुँदै उपप्रमुख जोशीले भक्तपुरको शिक्षा मोडललाई देशभरिका स्थानीय तहहरूले अनुसरण गर्ने क्रममा रहेको बताउनुभयो ।

बासु माविका प्रअ अम्बिका न्याइँच्याइँले शिक्षक तथा कर्मचारीहरूको अनिवार्य अवकाश एउटा प्राकृतिक नियम भएको बताउनुभयो ।

अवकाश प्राप्त शिक्षक लक्ष्मीहरि ताम्राकारले विद्यालयमा आफ्नो अनुभव सुनाउनुहुँदै विद्यालयको उन्नति र प्रगतिको लागि शिक्षक र विद्यार्थीहरूले हातेमालो गर्दै अगाडि बढ्नुपर्छ भन्नुभयो ।

प्रमुख अतिथि उपप्रमुख रजनी जोशीले अवकाश प्राप्त शिक्षक ताम्राकारलाई फूलमाला र खादा ओढाई सम्मानका साथ बिदाई गर्नुभयो । उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका शिक्षक प्रतिनिधि विष्णुप्रसाद दुमरु, सहप्राचार्य राजकुमार ह्यौंमिखा र शिक्षक रामकुमार निरौलाले पनि बोल्नुभएको थियो ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

# 'एमसीसीको समर्थन गर्नेहरू कम्युनिष्ट हुन नसक्ने' : प्रमुख प्रजापति



मदन भण्डारी एसियाली विद्यालयको निमन्त्रणामा नेपाल आएका विभिन्न देशका विद्यार्थी प्रतिनिधिमण्डल टोलीले साउन २९ गते भक्तपुर नगरपालिकाको स्थलगत अवलोकन भ्रमण गरेको छ ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, संस्कृति संरक्षण आदि विषयमा गरिरहेको उदाहरणीय कार्यबारे अवलोकन भ्रमणमा आएको उक्त टोलीले भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेज, ख्वप इन्जिनियरिङ कलेज, ख्वप अस्पताल र भक्तपुरका सांस्कृतिक सम्पदाहरूको अभिरुचिपूर्वक अवलोकन गऱ्यो ।

अवलोकन भ्रमणपश्चात भक्तपुर नगरपालिकामा आयोजित स्वागत तथा अन्तरक्रिया कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेमकिपाका जनप्रतिनिधिहरूले कामदार वर्गको हितमा निरन्तर काम गर्दै आइरहेको बताउनुहुँदै घरदैलो नर्सिङ सेवा, वडा वडामा स्वास्थ्य केन्द्र, नगरपालिकाको १०० बेडको अस्पताल सञ्चालन गर्दै २०-२५ मिनेटभित्र नागरिकहरूलाई स्वास्थ्य केन्द्र पुग्ने व्यवस्था मिलाउँदै आएको अवगत गराउनुभयो ।

देशको राजनैतिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको नेपाल मजदुर किसान पार्टी पुँजीवादी सरकारमा नगई संसदमा प्रखर प्रतिपक्षको भूमिका खेल्ने पार्टी भएको बताउनुहुँदै उहाँले नेमकिपाका निर्वाचित प्रतिनिधिहरूले संसद र प्रदेश सभामा जनताका हितविपरीतका विधेयकहरूको विरोध गर्ने र जनपक्षीय कानुनलाई अगाडि बढाउने साथै देशघाती एमसीसी र एसपीपीको विषयमा विरोध गर्दै त्यसलाई पारित नगराउन सडक र सदनमा निरन्तर अवाज उठाउँदै आएको स्मरण गर्नुभयो । उहाँले एमसीसीको समर्थन गर्नेहरू कम्युनिष्ट हुन नसक्ने प्रष्ट पार्नुभयो ।

प्रमुख प्रजापतिले निर्वाचनबाट समाजवाद स्थापना हुनेमा नेमकिपा विश्वास गर्दैन र वर्ग सङ्घर्षको माध्यमबाट समाजमा आमूल परिवर्तन गर्ने नेमकिपाको उद्देश्य हो भन्नुभयो ।

त्यस्तै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले विश्व सम्पदामा सूचीकृत नगर भक्तपुरलाई सफा, सुन्दर, स्वस्थ र सभ्य नगरको रूपमा विकास गर्दै शिक्षा र स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने नाराका साथ भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र र आन्तरिक एवं बाह्य पर्यटकहरूका लागि उत्कृष्ट गन्तव्यस्थल बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा मदन भण्डारी एसियाली विद्यालयका संयोजक एवम् पूर्व सांसद **बलराम बास्कोटा**ले भक्तपुर नपाले समाजवादी नीतिअनुरूप शिक्षा, स्वास्थ्य क्षेत्रमा काम गरिरहेको चर्चा गर्नुहुँदै नेमकिपाको विचार र सिद्धान्तप्रति आफ्नो ऐक्यबद्धता रहेको बताउनुभयो । उहाँले एमसीसी र एसपीपी जस्ता देशघाती सम्झौता नेपालको संसदबाट अनुमोदन हुनु नेपालको लागि घातक भएको बताउनुभयो ।

एमिल्कर काब्राल स्कुल घानाका प्रतिनिधि **मार्टिनले** नेमकिपाले अंगालेको मार्क्सवाद लेनिनवादबाट आफू धेरै प्रभावित भएको बताउनुहुँदै नेपाली जनता अन्यायका विरुद्ध सङ्घर्षशील, इमानदार र देशभक्त रहेको बताउनुभयो ।

बंगलादेशी मजदुर पार्टीका प्रतिनिधि **सिडीइ एहेमड बोहरानले** भक्तपुर नपाले शिक्षा, स्वास्थ्य क्षेत्रमा गरिरहेको काम प्रशंसनीय रहेको उल्लेख गर्दै देशकै सानो नगरले गरेको काम देशकै लागि उदाहरणीय छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो भने प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले भक्तपुर नगरपालिकाको विषयमा



भिडियोसहितको प्रस्तुतिकरण देखाउनुभएको थियो ।

कार्यक्रममा उपस्थित प्रतिनिधिहरूले भक्तपुरमा जातीय छुवाछुतको अवस्था, महिला राजनीतिक सक्षमताको अवस्था, भक्तपुरलगायत अन्य जिल्लामा पार्टीको गतिविधि, नपाले प्रदान गर्दै आएको शैक्षिक ऋण, भक्तपुरको विकास मोडललगायतको विषयमा जिज्ञासामाथि नगर प्रमुख प्रजापतिले बुँदागत रूपमा प्रष्ट पार्नुभएको थियो ।

भ्रमण टोलीमा अर्जेन्टिना, संरा अमेरिका, ब्राजिल, घाना, दक्षिण अफ्रिका, प्यालेष्टाइन, थाइल्याण्ड, मलेसिया, भारत, श्रीलंका, बंगलादेश, जोर्डन, पाकिस्तान, स्पेन र क्युवा गरी १५ देशबाट प्रतिनिधिहरू सहभागी थिए ।

## हात्तीपाइले रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम



भक्तपुर नगरपालिकाका उपप्रमुखएवम् कार्यबाहक प्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा र कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रको आयोजनामा भक्तपुर नगरपालिकास्तरीय हात्तीपाइले रोग निवारणसम्बन्धी अभिमुखीकरण कार्यक्रम भदौ १ गते भक्तपुर नगरपालिकाको सभाकक्षमा भयो ।

कार्यक्रममा प्रमुख अतिथि जोशीले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखी ७ ओटा शैक्षिक संस्थाहरू, ख्वप अस्पताल, जनस्वास्थ्य केन्द्रहरू सञ्चालन गरी सेवा प्रदान गर्दै आएको जानकारी गराउनुभयो । नपाले स्वास्थ्य संस्थाहरूमार्फत नगरवासीहरूलाई विभिन्न रोगहरूबारे सचेत पार्दै यस किसिमका राष्ट्रिय कार्यक्रमहरू सफल बनाउन सहयोग गर्दै आएको उहाँले स्मरण गर्नुभयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख अतिथि जोशीले हात्तीपाइलो रोग निवारणको लागि छनौटमा परेका नगरका विद्यालयहरूले लक्षित कक्षा १ र २ का विद्यार्थीहरूको रोग परीक्षणको लागि अभिभावकहरूलाई आवश्यक सचेतना प्रदान गरी आवश्यक सहयोग गरिदिनुहुन उपस्थित विद्यालयका प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो ।

ख्वप अस्पतालका डा. रत्नसुन्दर लासिवाले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रका विज्ञ **राम बालक राय**ले नेपालमा हात्तीपाइले रोगको अवस्था र अभिमुखीकरण कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै प्रस्तुति गर्नुभएको थियो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी र विभिन्न विद्यालयका शिक्षक-शिक्षिकाहरूले पनि बोल्नुभएको थियो ।

## वागीश्वरीमा बीबीए सञ्चालन गर्न सम्भाव्यता अध्ययन



पूर्वाञ्चल विश्वविद्यालय, उपकुलपतिको कार्यालयबाट 'वागीश्वरी कलेज अफ म्यानेजमेन्ट' भक्तपुरले बीबीए शैक्षिक कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता अध्ययन भदौ ७ गते गरिएको छ ।

उक्त शैक्षिक कार्यक्रम सञ्चालन गर्न दिइएको आवेदनको आधारमा सम्बन्धन दिन मिल्ने वा नमिल्ने सम्बन्धमा यथार्थता अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिका पदाधिकारीहरूले उक्त अध्ययन गर्नुभएको हो ।

सो सम्बन्धमा कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले अध्ययनका लागि आउनुभएका पदाधिकारीहरूलाई स्वागत गर्दै यथासिघ्र कलेज सञ्चालनको लागि सम्बन्धन दिन आग्रह गर्नुभयो ।

पूर्वाञ्चल विश्वविद्यालयका कानुन विषय समितिका अध्यक्ष डा. रुद्रप्रसाद फुयालको संयोजकत्वमा गठित उक्त

अध्ययन समितिमा पू.वि. स्कुल अफ म्यानेजमेन्टका विशेषज्ञ डा. सन्देश दास श्रेष्ठ र सदस्य श्री राजकुमार सापकोटा रहनुभएको छ।

समितिले 'वागीश्वरी कलेज अफ म्यानेजमेन्ट' सामुदायिक कलेज भन्ने आधार खोज्नुका साथै कलेज सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार, पुस्तकालय, शैक्षिक जनशक्ति र कलेज व्यवस्थापन समितिका पदाधिकारीहरूसँग आवश्यक छलफल गरेको थियो।

छलफलमा व्यवस्थापन समितिका पदाधिकारीहरू र शिक्षकहरूले शैक्षिक गुणस्तरमा कुनै कमी हुन नदिने प्रतिबद्धता जनाउनुभएको थियो।

**४२ औं नेपालभाषा साहित्य तःमुंज्या तयारी समिति गठन**

# नेपालभाषा साहित्य तःमुंज्या कामदार वर्गको दबु



'नेपालभाषा साहित्य तःमुंज्या कामदार वर्गको दबु हो। राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयलाई तःमुंज्याले आवाज उठाउँदै आएको छ।'

उक्त भनाइ नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेपालभाषा साहित्य तःमुंज्याको आयोजनामा भदौ ८ गते भएको कार्यक्रममा व्यक्त गर्नुभएको हो।

उहाँले भन्नुभयो, 'यसपालिको तःमुंज्याको दबुमा नेपाली लेण्डुपहरूको विरोध हुनेछ। देशघाती नागरिकता विधेयक, एमसीसी सम्झौता, एसपीपी समझदारीको विरोध तःमुंज्याको दबुले गर्नेछ।'

कोशी, गण्डक, महाकाली सन्धिको विरोध तःमुंज्याको दबुले गर्दै आएको चर्चा गर्नुहुँदै उहाँले भन्नुभयो, 'यसपालिको तःमुंज्याको दबुमा लुम्बिनीमा ध्यान गर्न आएका भारतीय प्रधानमन्त्री मोदीलाई अरूण चार जलविद्युत् परियोजना 'प्रसाद' दिएको र पश्चिम सेती जलविद्युत् आयोजना भारतीय र कम्पनीलाई दिएकोको विरोध हुनेछ।

उहाँले भन्नुभयो, 'सदाझैँ यसपालिको रोपाइँको बेला रासायनिक मल अभाव भयो। महँगी पनि भयो। यो सबैको विरोध तःमुंज्याको दबुमा हुनेछ।'

उहाँले तःमुंज्याको दबुले नयाँ पुस्तालाई देशभक्त र सुसंस्कृत बनाउन भूमिका निर्वाह गर्ने कुरा उल्लेख गर्नुहुँदै नयाँ पुस्तालाई देश र समाजको सेवामा समर्पित हुन उत्साहित गर्नेछ भन्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाई**ले नेपालभाषा साहित्य तःमुंज्यामार्फत देशभर छरिएर रहेका भाषाप्रेमी तथा संस्कृतिप्रेमीहरूलाई एकत्रित गरेर समेट्दै लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो।

नेमकिपा भनसका अध्यक्ष **नारायणबहादुर दुवाल**ले नेपालभाषा साहित्य तःमुंज्या राजनीतिक सङ्घर्ष गर्ने दबु रहेको बताउनुभयो।

नेपालभाषा साहित्य तःमुंज्याका अध्यक्ष **आशाकुमार चिकबन्जार**को सभापतित्वमा भएको उक्त कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष **श्यामकृष्ण खत्री, कृष्णबहादुर दुगुजू, लक्ष्मीनारायण खत्री, लक्ष्मीसुन्दर सुवाल र अम्बिका न्याइच्याई**ले पनि बोल्नुभएको थियो।

भेलाले श्यामकृष्ण खत्रीको अध्यक्षतामा ४२ सदस्यीय ४२ औँ नेपालभाषा साहित्य तःमुज्या सम्मेलन तयारी समिति गठन गरेको छ।

# भक्तपुर काण्डको विरोध एवम् भत्सर्ना

नेपाल नगरपालिका कर्मचारी एशोसिएसन भक्तपुर नगरपालिका समितिको आयोजनामा भक्तपुर काण्डको विरोध एवम् भत्सर्ना र वर्तमान राजनैतिक समसामयिक विषयमा कर्मचारी भेला तथा प्रवचन कार्यक्रम भदौ १० गते भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले राज्यस्तरबाट हुने षड्यन्त्र परापूर्वकालदेखि नै हुने गरेको बताउनुहुँदै नेमकिपाले शासक



वर्गले गरेको विभेद र शोषणको भण्डाफोर गर्दै देश विकास र जनताको निरन्तर सेवामा लागिरहेको बताउनुभयो ।

नेमकिपाको विचार र सिद्धान्त अगाडि कुनै पनि शासक दल टिक्न सक्दैन, उहाँले भन्नुभयो – 'शासक दलहरूसँग नेमकिपाको सङ्घर्ष देशमा राजनीतिक परिवर्तनको निम्ति' हो भन्नुभयो ।

देश र जनताको हितमा लागेका नेता कार्यकर्ता र दललाई समूल नष्ट गर्न विश्वमै अनेक षड्यन्त्र हुने गरेको इतिहास केलाउनुहुँदै प्रमुख प्रजापतिले जर्मनी कम्युनिष्टहरूको लोकप्रियता र प्रभावलाई दबाउन हिटलरको फासीवादी सरकारले कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताहरूलाई सिध्याउन जर्मनी संसद् भवन राइखस्टागमा आगो लगाएको बताउनुभयो ।

नेपालमा पञ्चायती व्यवस्था अन्त्य भए पनि शासक दलहरूमा अझै पञ्चायती मानसिकता नै यथावत रहेको बताउनुहुँदै उहाँले शासन सत्तामा बसेर राजनीति गर्ने नेताहरूकै कारण नेपाली जनताले दुःख पाइरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर काण्डमा भक्तपुर र नेमकिपालाई सङ्घर्षको मैदानमा कायम राख्न महिलाहरूको भूमिका र नेतृत्व अत्यन्त सराहनीय रहेको र उक्त सङ्घर्षको नेतृत्व गर्ने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको अर्धाङ्गिनी शोभा बिजुक्छेँको योगदान अतुलनीय रहेको स्मरण गर्नुभयो ।

कार्यक्रममा कर्मचारी एशोसियनका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले भक्तपुर काण्ड जस्तै अहिले पनि विभिन्न स्वरूपमा नेमकिपालाई नष्ट गर्न षड्यन्त्र हुन सक्ने प्रति सचेत रहनुपर्ने र कुनै पनि षड्यन्त्र एकताबद्ध रूपमा सङ्घर्ष गर्दै षड्यन्त्रलाई पराजित गर्नुपर्नेमा जोड दिनुभयो । उक्त कार्यक्रममा भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवाल, कर्मचारीहरू गणेशलाल फाँजु र रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

# 'उपत्यकामा खानेपानी व्यवस्थापन एवम् संस्थागत सबलीकरण' विषयक छलफल



नेपाल सरकार खानेपानी मन्त्रालयको आयोजनामा काठमाडौँ उपत्यकाभित्रका ७ ओटा महानगर तथा नगर प्रमुखहरूबीच 'उपत्यकामा खानेपानी व्यवस्थापन एवम् संस्थागत सबलीकरण' विषयक छलफल कार्यक्रम भदौ १३ गते मन्त्रालयको सभाहलमा भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले मेलम्चीको पानी उपत्यकामा पठाउन ढिलाइ गर्न नहुने बताउनुहुँदै भक्तपुरको मुख्य पानीको स्रोत नगरकोटलाई सरकारले जलाधार क्षेत्र घोषणा गरी त्यस क्षेत्रको सुरक्षा र व्यवस्थापनको जिम्मा नेपाली सेनालाई दिइनुपर्नेमा जोड दिनुभयो ।

उहाँले भक्तपुरका खानेपानीका पाइपलाइनहरू निकै पुराना भइसकेको अवगत गराउनुहुँदै ती पाइपहरू फेर्नुको विकल्प नरहेको, ढल तथा खानेपानीको पाइप सँगै राख्नु नहुने र मेलम्चीको पानी नआएसम्मको लागि बोडेबाट आउने पानीको मात्रा बढाउनुपर्ने बताउनुभयो ।



महादेव पोखरीमा ड्याम बनाउने कुरा छिटो छरितो ढङ्गले अगाडि बढाउनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले सिस्नेरी खानेपानी आयोजनालाई विकल्पको रूपमा विकास गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख **दिपककुमार रिसाल**ले खानेपानीको स्रोत अभावलाई मन्त्रालयले वैकल्पिक उपाय अपनाएर समस्या समाधानतर्फ जोड दिनुपर्ने बताउनुहुँदै केयुकेएलले उपत्यकाको खानेपानी व्यवस्थापन र आपूर्तिमा क्रियाशीलता देखाउनुपर्ने बताउनुभयो ।

खानेपानी मन्त्रालयका सचिव **मणिराम गेलाल**ले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुहुँदै उपत्यकामा नयाँ बस्तीको विकाससँगै खानेपानीको समस्याले विकराल रूप लिँदै गएको बताउनुभयो । उहाँले वर्षामा ठूलो पानी पर्दा मेलम्ची आयोजनामा क्षति पुऱ्याउने सम्भावना भएको हुँदा मेलम्चीको पानी पथान्तरणमा रोक लगाएको बताउनुहुँदै दशैं–तिहार पछाडि पुनः मेलम्चीको पानी उपत्यकामा वितरण गर्ने तयारीमा मन्त्रालय अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा काठमाडौँ र ललितपुर महानगरपालिकाकातर्फबाट उपस्थित प्रतिनिधिहरूले ललितपुरका धेरै क्षेत्रमा मेलम्चीको पाइप बिछ्याउन अझ पनि बाँकी रहेको हुँदा उक्त स्थानमा पाइप बिछ्याउनुपर्ने, मेलम्चीबाहेक अन्य खानेपानी स्रोतको पहिचान र संरक्षणमा जोड दिनुपर्नेमा जोड दिनुभयो भने इ. **महेश भट्टराई**ले 'उपत्यकामा खानेपानी व्यवस्थापन एवम् संस्थागत सबलीकरण' गर्ने विषयमा प्रस्तुतिकरण देखाउनुभएको थियो ।

खानेपानी मन्त्री उमाकान्त चौधरीको अध्यक्षतामा बोलाइएको उक्त बैठकमा माननीय मन्त्री अनुपस्थित हुनुभएकोले मन्त्रालयका सचिव मणिराम गेलालको अध्यक्षतामा सो बैठक सम्पन्न भयो । कार्यक्रममा केयुकेएलका सीईओ मिलन शाक्य, काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम राणा, पीआईडीका प्रतिनिधि, मेलम्ची खानेपानी आयोजना, एडीबीका प्रतिनिधिहरूलगायतको उपस्थिति रहेको थियो ।

## मङ्सिर ४ मा आमनिर्वाचन

प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन मङ्सिर ४ गते एकै चरणमा गर्ने निर्णय सरकारले गरेको छ । चुनावको मिति घोषणा भएपछि निर्वाचन आयोग चुनावको तयारीमा जुटेको छ ।



मिति घोषणा भएपछि निर्वाचन आयोगले पत्रकार सम्मेलन गरी प्रवक्ता शालिग्राम शर्मा पौडेलले आयोगले अब गर्ने कामहरूको बारेमा जानकारी दिनुभयो ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले सरकारले आज गरेको निर्णय आकस्मिक नभएर अपेक्षित र नियमित भएको बताउनुभयो । स्थानीय चुनावमा देखिएका मतदान केन्द्रलगायतका कमीकमजोरी सुधार्ने गरी आयोगले तयारी गरेको उहाँले जानकारी दिनुभयो ।

'यो निर्वाचनमा कुनै पनि सवाल नउठ्ने गरी आयोगले तयारी गरेको छ,' थपलियाले भन्नुभयो ।

निर्वाचन आचारसंहितालाई व्यावहारिक बनाउन परिमार्जन गर्नुपर्ने आवाज उठेको भन्दै त्यसलाई पनि सम्बोधन गरिने थपलियाले जानकारी दिनुभयो ।

## ६३ स्थानीय तहले बजेट पेस गरेनन्

देशका सात सय ५३ पालिकामध्ये हालसम्म ६३ स्थानीय तहले चालू आर्थिक वर्षको बजेट विवरण पेस गरेका छैनन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा बजेट प्रविष्ट गराएपछि चालू आवको कारोबार सुरु भएर भुक्तानी प्रक्रिया सुरु हुनेमा हालसम्म ६३ पालिकाले बजेट विवरण पेस नगरेको मन्त्रालयको स्थानीय तह समन्वय शाखाका प्रमुख रेशम कँडेलले जानकारी दिए ।

मन्त्रालयका अनुसार हालसम्म बजेट विवरण प्रविष्ट नगरेका स्थानीय तहमध्ये सबैभन्दा बढी मधेस प्रदेशका ३९ स्थानीय तह छन् । मधेस प्रदेशमा कूल एक सय ३६ ओटा पालिका छन् । मन्त्रालयका अनुसार हालसम्म बजेट विवरण प्रविष्ट नगराएका स्थानीय तहमध्ये प्रदेश १ मा तीन, बागमती प्रदेशमा चार, लुम्बिनीमा १०, कर्णाली प्रदेशमा तीन र सुदूरपश्चिम प्रदेशमा चार स्थानीय तह छन् । रासस

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

# संक्षेपमा

## गाईजात्रामा सवारीसाधन पार्किङ तथा शान्ति सुरक्षासम्बन्धी छलफल



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको उपस्थितिमा २०७९ को जनै पूर्णिमा र गाईजात्रा पर्वमा सवारीसाधन पार्किङ र शान्ति सुरक्षासम्बन्धी साउन २५ गते सरोकारवालाहरुबीच छलफल भयो ।

## सरुवा रोगसम्बन्धी अभिमुखीकरण



भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा सरुवा रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम भयो ।

## बाल चिकित्सासम्बन्धी तालिम



उपप्रमुख रजनी जोशी ख्वप अस्पतालको आयोजनामा भएको एकदिने बाल चिकित्सासम्बन्धी तालिममा ।

## निरीक्षण



उपप्रमुख रजनी जोशी भक्तपुर नगरपालिकाद्वारा सञ्चालित नवनिर्मित शिशुस्याहार केन्द्र (माथि) ।
ख्वप अस्पतालको निरीक्षणमा (तल) ।



## अवलोकन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको दरबार क्षेत्रमा प्रदर्शनमा राखिएको आइसिसी टि २० विश्वकपको ट्रफी भदौ १५ गते अवलोकन गर्नुहुँदै ।

# २०७९ सालको गाईजात्राको केही झलकहरू













# २०७९ सालको पंचदान

**कोरोना महामारीको कारण विगत सालमा स्थगित भएको पंचदान पर्व यस वर्ष भव्यताकासाथ सम्पन्न भयो । केही झलक**













# भक्तपुर जिल्लाका नपाहरूमा निर्वाचितहरू




## मध्यपुर थिमी नगरपालिकामा निर्वाचित

| पद | नाम | दल/स्वतन्त्र |
|---|---|---|
| प्रमुख | सुरेन्द्र श्रेष्ठ | नेपाली काँग्रेस |
| उपप्रमुख | विजय कृष्ण श्रेष्ठ | नेकपा (माओवादी केन्द्र) |
| **वडा अध्यक्ष** | | |
| वडा नं. १ | बाबु काजी डंगोल | नेका |
| वडा नं. २ | श्रीकृष्ण श्रेष्ठ | नेका |
| वडा नं. ३ | कृष्ण हरि आचार्य | नेका |
| वडा नं. ४ | बाल कृष्ण श्रेष्ठ | एमाले |
| वडा नं. ५ | बाल कृष्ण श्रेष्ठ | नेका |
| वडा नं. ६ | ज्ञान दास प्रजापती | नेका |
| वडा नं. ७ | कृष्ण कुमार प्रजापति | एमाले |
| वडा नं. ८ | रमेश थापा श्रेष्ठ | नेमकिपा |
| वडा नं. ९ | सानु काजी राजवाहक | नेका |
| **वडा सदस्य** | | |
| वडा नं. १ | कान्छा राम द्वारे | नेका |
| | श्यामकृष्ण प्रजापति | एमाले |
| वडा नं. २ | रबिन सिजापति | एमाले |
| | शेखर थापा मगर | नेका |
| वडा नं. ३ | गणेश मान कुटु | नेका |
| | रबिन्द्रनाथ न्यौपाने | एमाले |
| वडा नं. ४ | मदन कृष्ण श्रेष्ठ | एमाले |
| | उमेश बोडे श्रेष्ठ | नेका |
| वडा नं. ५ | राज भाई प्रजापती | नेका |
| | सुरेन्द्र भासिमा | एमाले |
| वडा नं. ६ | राम चन्द्र थापा मगर | नेका |
| | तुल्सी राम प्रजापती | माके |
| वडा नं. ७ | योगेन्द्र कुमार दुवाल | एमाले |
| | भक्त राज खत्री | एमाले |
| वडा नं. ८ | सुरेन्द्र था श्रेष्ठ | नेमकिपा |
| | विजय प्रकाश साहुखल | नेमकिपा |
| वडा नं. ९ | उमेश ख्याजु | नेका |
| | रन्जय कार्की | नेका |
| **महिला सदस्य** | | |
| वडा नं. १ | सरस्वती खड्का | नेका |
| वडा नं. २ | सरिता अर्याल | एमाले |
| वडा नं. ३ | विनु के.सी. | नेका |
| वडा नं. ४ | राम केशरी श्रेष्ठ | एमाले |
| वडा नं. ५ | कमला प्रजापती | एमाले |
| वडा नं. ६ | अरुणा कारंजित | नेका |
| वडा नं. ७ | सुजाता बाडे | नेका |
| वडा नं. ८ | उजला थापा श्रेष्ठ | नेका |
| वडा नं. ९ | तुईल माया चक्रधर | नेका |
| **दलित महिला सदस्य** | | |
| वडानं. १ | रिमा परियार | नेका |
| वडानं. २ | अम्बिका रजक | एमाले |
| वडानं. ३ | निर्मला परियार | नेका |
| वडानं. ५ | लक्ष्मी देउला (पोडे) | नेका |
| वडा नं. ६ | सिता विश्वकर्मा | नेका |
| वडा नं. ७ | शर्मिला विश्वकर्मा | नेका |
| वडा नं. ८ | मनिसा परियार | नेमकिपा |
| वडा नं. ९ | सन्तली विश्वकर्मा | एमाले |

## चाँगुनारायण नगरपालिकामा निर्वाचित

| पद | नाम | दल/स्वतन्त्र |
|---|---|---|
| प्रमुख | जिवन खत्री | नेपाली काँग्रेस |
| उपप्रमुख | रमेश बुढाथोकी | नेकपा (एमाले) |
| **वडा अध्यक्ष** | | |
| वडा १ | सिजन कार्की | नेका |
| वडा २ | सोम प्रसाद प्रधान | नेका |
| वडा ३ | श्याम सुन्दर धिमाल | एमाले |
| वडा ४ | रोज बहादुर तामाङ | एमाले |
| वडा ५ | जयन्द्र खड्का | नेका |
| वडा ६ | धन बहादुर लामा | राप्रपा |
| वडा ७ | श्याम कृष्ण नयांजु (श्रेष्ठ) | राप्रपा |
| वडा ८ | जनक खत्री | नेका |
| वडा ९ | गणेश त्यात | नेमकिपा |
| **वडा सदस्य** | | |
| वडा १ | गोविन्द श्रेष्ठ | नेका |
| | श्री कृष्ण श्रेष्ठ | नेका |
| वडा २ | उमेश प्रधान | एमाले |
| | प्रेम खत्री | नेका |
| वडा ३ | सिव राम सुलु | एमाले |
| | बिष्णु प्रसाद न्यौपाने | एमाले |

| | | |
|---|---|---|
| वडा ४ | प्रदिप खनाल | एमाले |
| | बिजय कुमार तामाङ | एमाले |
| वडा ५ | सुरेश कार्की | नेका |
| | प्रभु राम थापा | नेका |
| वडा ६ | विर मान तामाङ | राप्रपा |
| | हरि प्रसाद लामिछाने | राप्रपा |
| वडा ७ | श्याम काजी नयाजु | नेका |
| | पुष्कर खड्का | नेका |
| वडा ८ | हरि गोपाल श्रेष्ठ | एमाले |
| | प्रल्हाद दुलाल | एमाले |
| वडा ९ | विद्यापती प्वार थापा | नेमकिपा |
| | रविन वासुकला | नेमकिपा |
| **महिला सदस्य** | | |
| वडा १ | मुना गुरुङ | नेका |
| वडा २ | राधा देवी गैडा | एमाले |
| वडा ३ | रमा थापा | एमाले |
| वडा ४ | सन्जीता ढुंगाना धिमिरे | एमाले |
| वडा ५ | निर्मला के.सी. | नेका |
| वडा ६ | आरती लामा | राप्रपा |
| वडा ७ | सिता देवी दहाल(लामिछाने) | नेका |
| वडा ८ | नानु कार्की | एमाले |
| वडा ९ | कमला भारती (गिरी) | नेमकिपा |
| **दलित महिला सदस्य** | | |
| वडा १ | पुजा बर्देवा | नेका |
| वडा २ | सिता मिजार | एमाले |
| वडा ३ | सुस्मा सुनुवार | एमाले |
| वडा ४ | राम माया मिजार | एमाले |
| वडा ५ | राम कुमारी वि.क. | नेका |
| वडा ६ | सोनु विश्वकर्मा | राप्रपा |
| वडा ७ | मनिता नेपाली | नेका |
| वडा ८ | अनिता परियार | एमाले |
| वडा ९ | सुमित्रा दर्जी | नेमकिपा |

## सूर्यविनायक नगरपालिकामा निर्वाचित

| पद | नाम | दल/स्वतन्त्र |
|---|---|---|
| प्रमुख | वासुदेव थापा | नेकपा (एमाले) |
| उपप्रमुख | सरिता भट्टराई(तिमिल्सिना) | नेकपा (एमाले) |
| **वडा अध्यक्ष** | | |
| वडा १ | सानु काजी कायस्थ | एमाले |
| वडा २ | प्रदिप कार्की | नेका |
| वडा ३ | दिपेन्द्र केसी | नेका |
| वडा ४ | लछु राम न्यौपाने | नेका |
| वडा ५ | राज कुमार जोशी | एमाले |
| वडा ६ | इश्वर खड्का | नेका |
| वडा ७ | रविन्द्र सापकोटा | एमाले |
| वडा ८ | पुष्प राज बस्नेत | एमाले |
| वडा ९ | भगवान खत्री | नेका |
| वडा १० | शिव राम राउत | एमाले |
| **वडा सदस्य** | | |
| वडा १ | सुवास न्यौपाने | नेका |
| | कुमार प्रसाद चौलागाई | एमाले |
| वडा २ | जर्नादन खड्का | नेका |
| | भगत राना | नेका |
| वडा ३ | घनश्याम भट्टराई | नेका |
| | जनक भण्डारी | नेका |
| वडा ४ | उज्ज्वल राजथला | नेका |
| | विदुर खड्का | एमाले |
| वडा ५ | वासुदेव पोखरेल | एमाले |
| | मनोज थापा | एमाले |
| वडा ६ | दीप गिरी | नेका |
| | लक्ष्मण त्वाटी | नेका |
| वडा ७ | उमेश कार्की | एमाले |
| | इश्वर बहादुर थापा | एमाले |
| वडा ८ | बिश्वराम त्वानाबासु | एमाले |
| | विक्रम तामाङ | एमाले |
| वडा ९ | विनय महत | एमाले |
| | शेर काजी सुवाल | एमाले |
| वडा १० | तारा बहादुर विष्ट | एमाले |
| | विदुर देउजा | एमाले |
| **महिला सदस्य** | | |
| वडा १ | मन्जु कार्की | एमाले |
| वडा २ | कल्पना खतिवडा (दाहाल) | नेका |
| वडा ३ | हेमा दाहाल (खतिवडा) | एमाले |
| वडा ४ | तारा खतिवडा (सापकोटा) | एमाले |
| वडा ५ | कमला पोखरेल | एमाले |
| वडा ६ | हिरा लक्ष्मी कोजु | नेका |
| वडा ७ | गिता पण्डित (बस्नेत) | एमाले |
| वडा ८ | सावीत्री मिश्र | एमाले |
| वडा ९ | गंगा खड्का | एमाले |
| वडा १० | शर्मिला बस्नेत | एमाले |
| **दलित महिला सदस्य** | | |
| वडा १ | कल्पना नेपाली | एमाले |
| वडा २ | रन्जीता तिखत्री | नेका |
| वडा ४ | पम्फा परियार | एमाले |
| वडा ५ | गिता विसुंके (पुर्कुटी) | एमाले |
| वडा ६ | सरला विश्वकर्मा | नेका |
| वडा ७ | सन्तोषी नेपाली (परियार) | एमाले |
| वडा ८ | अन्जना नेपाली | एमाले |
| वडा ९ | पुजा वराह | नेका |
| वडा १० | राधिका मिजार | एमाले |

स्रोत : निर्वाचन आयोग

पुनश्च : भक्तपुर नपामा निर्वाचितहरूको विवरण सङ्ख्या ३०८मा

# विश्वमा कोभिड–१९ को स्थिति (भदौ १५ गते)

| क. सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | साउन १५ मा |
|---|---|---|---|---|---|
| | विश्व | ६०७,३३०,२५८ | ५८३,३५५,२८३ | ६,४९२,३८५ | |
| १ | संरा अमेरिका | ९६,१४९,०१६ | ९१,८७३,१६९ | १,०६१,७४८ | १ |
| २ | भारत | ४४,४२९,२५८ | ४३,८३५,८५२ | ५२७,८७४ | २ |
| ३ | फ्रान्स | ३४,५०९,९६१ | ३३,९१०,९३० | १५४,०३९ | ४ |
| ४ | ब्राजील | ३४,४१४,०११ | ३३,४५७,३५९ | ६८३,९१४ | ३ |
| ५ | जर्मनी | ३२,०९५,८५४ | ३१,२०४,४०० | १४७,२२३ | ५ |
| ६ | संयुक्त अधिराज्य | २३,४९२,८७५ | २३,११८,१६८ | १८७,७६१ | ६ |
| ७ | दक्षिण कोरिया | २३,२४६,३९८ | २१,२०९,६६६ | २६,७६४ | ८ |
| ८ | इटाली | २१,८४५,९४३ | २१,०१०,११७ | १७५,५०५ | ९ |
| ९ | रूस | १९,४८२,६४८ | १८,५५७,५८० | ३८४,२५४ | ७ |
| १० | जापान | १८,७७२,००४ | १६,८७५,९६३ | ३९,५६४ | १४ |
| ११ | टर्की | १६,६७१,८४८ | अप्राप्त | १००,४०० | १० |
| १२ | स्पेन | १३,३४२,५३० | १३,११३,९७९ | ११२,६०० | ११ |
| १३ | भियतनाम | ११,४०८,९५२ | १०,१७०,२७१ | ४३,११७ | १२ |
| १४ | अस्ट्रेलिया | १०,०२९,१०३ | ९,८७२,६१४ | १३,८९९ | १६ |
| १५ | अर्जेन्टिना | ९,६७८,२२५ | ९,४७७,२७१ | १२९,७११ | १३ |
| १६ | नेदरल्यान्ड | ८,३८५,११० | ८,३१३,९७७ | २२,५९९ | १५ |
| १७ | इरान | ७,५२७,४९९ | ७,२९२,५६६ | १४३,८२० | १७ |
| १८ | मेक्सिको | ७,०२१,५९८ | ६,२७४,७६२ | ३२९,४५६ | २१ |
| १९ | इन्डोनेसिया | ६,३५४,२४५ | ६,१५१,६५० | १५७,५४१ | १९ |
| २० | कोलम्बिया | ६,२९९,५९५ | ६,१२२,४५७ | १४१,५१९ | १८ |
| २१ | पोल्यान्ड | ६,१७३,०५९ | ५,३३५,९६२ | ११७,०५९ | २० |
| २२ | पोर्तुगल | ५,४१७,१०१ | ५,३११,७८२ | २४,८४५ | २२ |
| २३ | ताइवान | ५,२७३,४४९ | ४,७११,७४८ | ९,८९३ | ३६ |
| २४ | युक्रेन | ५,०४४,९४१ | ४,९२२,३६३ | १०८,८०३ | २३ |
| २५ | अस्ट्रिया | ४,९०२,९१४ | ४,८१७,८८४ | १९,४०७ | २७ |
| २६ | मलेसिया | ४,७८०,२८४ | ४,७१२,९१५ | ३६,२१० | २५ |
| २७ | प्रजग कोरिया | ४,७७२,८१३ | ४,७७२,७३९ | ७४ | २४ |
| २८ | ग्रीस | ४,७६२,८२७ | ४,६५४,९२१ | ३२,५५२ | ३० |
| २९ | थाइल्यान्ड | ४,६५०,९१९ | ४,६०२,८६२ | ३२,३०६ | २६ |
| ३० | इजरायल | ४,६३२,१०९ | ४,६०८,५६३ | ११,६०३ | २८ |
| ३१ | चिली | ४,५०२,६७४ | ४,४१५,४३६ | ६०,४४५ | ३१ |
| ३२ | बेल्जियम | ४,४८२,३१५ | ४,३८९,९४७ | ३२,५१६ | २९ |
| ३३ | क्यानाडा | ४,१५८,४९१ | ४,०२८,६७६ | ४३,७९७ | ३२ |
| ३४ | पेरू | ४,१०२,६४१ | ३,८३९,७६९ | २१५,७४५ | ३८ |
| ३५ | चेक गणतन्त्र | ४,०३८,५११ | ३,९८५,०८७ | ४०,८०५ | ३३ |
| ३६ | स्विट्जरल्यान्ड | ४,०२५,८७० | ३,९३७,०९३ | १४,१४८ | ३४ |
| ३७ | दक्षिण अफ्रिका | ४,०११,६५७ | ३,९०२,८२२ | १०२,०८४ | ३० |
| ३८ | फिलिपिन्स | ३,८७८,७३४ | ३,७९०,७९३ | ६१,७७३ | ३५ |
| ३९ | रोमानिया | ३,२१६,२५७ | ३,०९२,९५३ | ६६,६७३ | ४० |
| ४० | डेनमार्क | ३,०९१,३९४ | ३,०७४,०११ | ६,९२० | ३९ |
| ४१ | स्वीडेन | २,५६४,४२३ | २,५२२,७६८ | १९,७७९ | ४१ |
| ४२ | इराक | २,४५७,८७१ | २,४२९,९६२ | २५,३४६ | ४२ |
| ४३ | सर्बिया | २,२७९,४८५ | २,१८१,११२ | १६,६७२ | ४३ |
| ४४ | हङ्गेरी | २,०३६,३९० | १,९४५,९१० | ४७,१९१ | ४५ |
| ४५ | बंगलादेश | २,०११,७३२ | १,९५६,२०१ | २९,३२३ | ४४ |
| ४६ | सिंगापुर | १,८३७,०९० | १,७५९,२८७ | १,५९२ | ५२ |
| ४७ | स्लोभाकिया | १,८३३,८७३ | १,८०८,१५० | २०,३४९ | ४६ |
| ४८ | न्यु जीलान्ड | १,७४०,८४० | १,७२३,२३२ | २,७४२ | ५३ |
| ४९ | जर्जीया | १,७३५,६८२ | १,६३७,२९३ | १६,८८९ | ४८ |
| ५० | जोर्डान | १,७३५,४९५ | १,७१८,०३२ | १४,११० | ४७ |
| ५१ | आयरल्यान्ड | १,६५५,३३८ | १,६३८,६४५ | ७,७८० | ४९ |
| ५२ | पाकिस्तान | १,५६९,०७६ | १,५२८,९०७ | ३०,५८१ | ५० |
| ५३ | हङकङ | १,५३१,३०८ | १,३१६,४४२ | ९,६८१ | ५५ |
| ५४ | नर्वे | १,४६०,०११ | १,४५४,११२ | ३,९८० | ५१ |
| ५५ | कजाखस्तान | १,३८८,४७९ | १,३५७,३०९ | १३,६८४ | ५४ |
| ५६ | मोरोक्को | १,२६४,३८८ | १,२४७,७०८ | १६,२७३ | ५६ |
| ५७ | फिन्ल्यान्ड | १,२५८,७९८ | १,२२४,०५२ | ५,५७७ | ५९ |
| ५८ | बुल्गेरिया | १,२४२,१३३ | १,१९१,७८३ | ३७,६०० | ५७ |
| ५९ | लिथुआनिया | १,२१७,३०० | १,१८६,८०१ | ९,२८६ | ६२ |
| ६० | क्रोएसिया | १,२१२,५४७ | १,१९१,०२८ | १६,६९० | ५८ |
| ६१ | लेबनान | १,२०८,६८१ | १,०८७,५८७ | १०,६२२ | ६० |
| ६२ | ट्युनिसिया | १,१४३,७८८ | अप्राप्त | २९,२३४ | ६३ |
| ६३ | स्लोभेनिया | १,१२५,१४५ | १,०९७,९१६ | ६,७८२ | ६४ |
| ६४ | क्युबा | १,११०,४९७ | १,१०१,६८७ | ८,५३० | ६१ |
| ६५ | बोलिभिया | १,१०१,६५२ | १,०२९,०४५ | २२,१९८ | ७० |
| ६६ | ग्वाटेमाला | १,१००,४३७ | १,०७२,४२८ | १९,४७२ | ७४ |
| ६७ | कोस्टा रिका | १,०४९,५५४ | ८६०,७११ | ८,८३६ | ७२ |
| ६८ | संयुक्त अरब इमिरेटस | १,०१४,८९९ | ९९३,७४० | २,३४१ | ६८ |
| ६९ | नेपाल | ९९७,१२२ | ९८१,९७६ | १२,००० | ६६ |
| ७० | इक्वेडर | ९९५,१४७ | ९४७,७०९ | ३५,८३२ | ७३ |
| ७१ | बेलारूस | ९९४,०३७ | ९८५,५९२ | ७,११८ | ६५ |
| ७२ | उरुग्वे | ९७९,१६० | ९७०,११६ | ७,४४५ | ६७ |
| ७३ | मंगोलिया | ९७८,९६० | ९६८,३५५ | २,१७९ | ६९ |
| ७४ | पनामा | ९७८,१८१ | ९६२,२८० | ८,४७० | ७१ |
| ७५ | लात्भिया | ८९७,९५७ | ८७९,२९७ | ५,९४४ | ७५ |
| ७६ | साउदी अरेबिया | ८१३,३७६ | ८००,५५३ | ९,२९३ | ७६ |
| ७७ | अजरबैजान | ८१२,२४८ | ७९८,८६७ | ९,८०५ | ७७ |
| ७८ | पारागुए | ७१५,१६२ | ६९३,२८३ | १९,४७८ | ७९ |
| ७९ | बहराइन | ६७१,४८४ | ६६८,४१४ | १,५१५ | ८१ |
| ८० | श्री लंका | ६६९,८९३ | ६५२,२७५ | १६,६९५ | ७८ |
| ८१ | कुवेत | ६५७,३९५ | ६५४,४७० | २,५६३ | ८० |
| ८२ | डोमिनिकन गणतन्त्र | ६३८,५०० | ६३२,९११ | ४,३८४ | ८३ |
| ८३ | प्यालेस्टिन | ६१९,५१९ | ६००,४९८ | ५,३९६ | ८४ |
| ८४ | म्यानमार | ६१५,११७ | ५९३,५६७ | १९,४३७ | ८२ |
| ८५ | इस्टोनिया | ५९७,७५९ | ५२४,९९० | २,६५१ | ८५ |
| ८६ | साइप्रस | ५७४,१२४ | ५६९,२९४ | १,१५२ | ८९ |
| ८७ | मोल्डोभा | ५६९,०८८ | ५०४,१४२ | ११,७२५ | ८७ |
| ८८ | भेनेजुयला | ५४२,३९७ | ५३४,८२१ | ५,७९६ | ८६ |
| ८९ | मीश्र | ५१५,६४५ | ४४२,१८२ | २४,६१३ | ८८ |
| ९० | लिबिया | ५०६,७७५ | ५००,१०४ | ६,४३७ | ९० |
| ९१ | इथियोपिया | ४९३,१८० | ४७१,६२० | ७,५७२ | ९१ |
| ९२ | रियुनियन | ४५६,१४१ | ४१८,५७२ | ८६१ | ९४ |
| ९३ | होन्डुरस | ४५३,४४३ | अप्राप्त | १०,९७२ | ९२ |
| ९४ | आर्मेनिया | ४३४,३९८ | ४२१,३१६ | ८,६५५ | ९३ |
| ९५ | कतार | ४२८,७९१ | ४२३,८४० | ६८१ | ९६ |
| ९६ | ओमान | ३९७,८४६ | ३८४,६६९ | ४,२६० | ९५ |
| ९७ | बोस्निया र हर्जगोभिना | ३९५,६३० | अप्राप्त | १६,०४९ | ९७ |
| ९८ | उत्तर मेसेडोनिया | ३४०,११९ | ३२८,९२४ | ९,४८१ | १०१ |
| ९९ | केन्या | ३३८,१७० | ३३२,३७० | ५,६७४ | ९८ |
| १०० | जाम्बिया | ३३२,८२२ | ३२८,४१२ | ४,०१६ | ९९ |
| १०१ | अल्बानिया | ३२९,०१७ | ३२०,९७० | ३,५८१ | १०२ |
| १०२ | बोत्स्वाना | ३२५,८६४ | ३२२,९५५ | २,७७८ | १०० |
| १०३ | लक्जम्बर्ग | २८४,९३१ | २७५,८५० | १,११४ | १०६ |
| १०४ | मोन्टेनेग्रो | २७५,३३८ | २६९,८१५ | २,७७३ | १०८ |
| १०५ | अल्जेरिया | २७०,२७२ | १८१,९०७ | ६,८७८ | १०३ |
| १०६ | नाइजेरिया | २६३,५२६ | २५७,३४३ | ३,१४८ | १०४ |
| १०७ | जिम्बाबे | २५६,७०८ | २५०,९६५ | ५,५९३ | १०५ |
| १०८ | उज्बेकिस्तान | २४३,७४३ | २४१,४८६ | १,६३७ | १०७ |
| १०९ | चीन | २४३,०८१ | २३१,५२० | ५,२२६ | ११० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११० | मोजाम्बिक | २३०,०७६ | २२७,७०९ | २,२१९ | १०९ |
| १११ | ब्रुनइ | २२०,२४५ | २१९,५६१ | २२५ | १२३ |
| ११२ | मार्टिनक्यू | २१८,७६४ | अप्राप्त | १,०३५ | ११४ |
| ११३ | लावस | २१४,०३९ | अप्राप्त | ७५७ | १११ |
| ११४ | कीर्गीज्स्तान | २०५,७१६ | १९६,४०६ | २,९९१ | ११२ |
| ११५ | आइसलान्ड | २०४,२६८ | अप्राप्त | १७९ | ११३ |
| ११६ | एल साल्भाडोर | २०१,७८५ | १७९,२६६ | ४,२२३ | ११७ |
| ११७ | अफगानिस्तान | १९२,९०६ | १७१,५१९ | ७,७७७ | ११५ |
| ११८ | ग्वाडेलौप | १९१,९९७ | अप्राप्त | ९८६ | ११९ |
| ११९ | माल्दिभ्स | १८४,८५६ | १६३,६८७ | ३०८ | ११६ |
| १२० | ट्रिनिडाड एन्ड टोवागो | १७८,९६४ | १६८,९५६ | ४,१३९ | १२१ |
| १२१ | उगान्डा | १६९,३९६ | १००,४३१ | ३,६२८ | १२० |
| १२२ | नामिबिया | १६९,२५३ | १६४,८१३ | ४,०६५ | ११८ |
| १२३ | घाना | १६८,५८० | १६७,०८० | १,४५९ | १२२ |
| १२४ | जमैका | १४९,७६३ | ९६,५१४ | ३,२५४ | १२४ |
| १२५ | कम्बोडिया | १३७,६२० | १३४,४२० | ३,०५६ | १२५ |
| १२६ | र्वान्डा | १३२,४२७ | १३०,९०१ | १,४६६ | १२६ |
| १२७ | क्यामरून | १२१,६५२ | ११८,६१६ | १,९३५ | १२७ |
| १२८ | माल्टा | ११४,०२६ | ११२,७०० | ८०१ | १२८ |
| १२९ | अंगोला | १०२,६३६ | १००,४३७ | १,९१७ | १२९ |
| १३० | बार्बाडोस | १००,९७३ | ९८,९७४ | ५४१ | १३४ |
| १३१ | फ्रेन्च गीयाना | ९३,५८६ | ११,२५४ | ४०८ | १३१ |
| १३२ | प्रजातान्त्रिक गणतन्त्र | ९२,६३४ | ८३,५०४ | १,४०० | १३० |
| १३३ | च्यानल टापू | ८९,६५७ | ८९,१२५ | १९८ | १३७ |
| १३४ | सेनेगल | ८८,०६८ | ८५,९५० | १,९६८ | १३३ |
| १३५ | मलावी | ८७,८५६ | ८४,९१९ | २,६७८ | १३२ |
| १३६ | आइभोरि कोस्ट | ८६,६९५ | ८५,८०२ | ८१९ | १३५ |
| १३७ | सुरिनाम | ८१,०३९ | ४९,६१४ | १,३८३ | १३६ |
| १३८ | फ्रेन्च पोलीनेसिया | ७६,४३९ | अप्राप्त | ६४९ | १३८ |
| १३९ | न्यू क्यालेडोनिया | ७३,७९८ | ७३,०३२ | ३१४ | १४३ |
| १४० | इस्वाटिनी | ७३,३६१ | ७१,९२२ | १,४२२ | १३९ |
| १४१ | गुयाना | ७१,००५ | ६९,४९२ | १,२७८ | १४० |
| १४२ | बेलिज | ६८,२३८ | ६७,३४६ | ६८० | १४४ |
| १४३ | फिजी | ६८,१५३ | ६६,१५८ | ८७८ | १४१ |
| १४४ | मडागास्कर | ६६,६२६ | ६५,०८४ | १,४१० | १४२ |
| १४५ | सुडान | ६३,२२८ | अप्राप्त | ४,९६१ | १४५ |
| १४६ | मौरितानिया | ६२,७६२ | ६१,७३० | ९९२ | १४७ |
| १४७ | क्याबो भर्ड | ६२,३१० | ६१,८२८ | ४१० | १४८ |
| १४८ | भुटान | ६१,०७६ | ६०,९६१ | २१ | १४६ |
| १४९ | सिरिया | ५७,०२६ | ५३,३८३ | ३,१६३ | १४९ |
| १५० | बुरुन्डि | ४९,२१२ | ४७,६७७ | ३८ | १५५ |
| १५१ | ग्याबोन | ४८,६४९ | ४८,०६७ | ३०६ | १५० |
| १५२ | सेशेल्स | ४६,०८१ | ४५,७७७ | १६९ | १५२ |
| १५३ | अन्डोरा | ४६,०२७ | ४५,७९१ | १५४ | १५४ |
| १५४ | कुरासाओ | ४५,१२७ | ४४,७२० | २८२ | १५३ |
| १५५ | पपुआ न्यू गिनी | ४४,८८० | ४३,९८२ | ६६४ | १५१ |
| १५६ | अरुबा | ४२,७९२ | ४२,३४० | २२६ | १५६ |
| १५७ | मौरिसियस | ४०,१७८ | ३८,४५४ | १,०२२ | १५७ |
| १५८ | मायोत्ते | ४०,००४ | अप्राप्त | १८७ | १५८ |
| १५९ | तान्जानिया | ३८,७१२ | अप्राप्त | ८४१ | १६२ |
| १६० | टोंगो | ३८,४६५ | ३८,०३२ | २८२ | १५९ |
| १६१ | आइल अफ मान | ३८,००८ | अप्राप्त | ११६ | १६५ |
| १६२ | गिनी | ३७,४७० | ३६,७६३ | ४४७ | १६० |
| १६३ | बहामाज | ३७,०५९ | ३५,८४९ | ८२३ | १६१ |
| १६४ | फैरोए टापू | ३४,६५८ | अप्राप्त | २८ | १६३ |
| १६५ | लेसोथो | ३४,२०६ | २५,७४० | ७०४ | १६४ |
| १६६ | हैटी | ३३,३८१ | ३०,६७३ | ८४१ | १६६ |
| १६७ | माली | ३१,३६५ | ३०,४६१ | ७३९ | १६७ |
| १६८ | केमान आइलान्ड | ३०,०५७ | ८,५५३ | २९ | १६८ |
| १६९ | सेन्ट लुसिया | २८,७३५ | २८,२६० | ३९१ | १७० |
| १७० | बेनिन | २७,४९० | २७,२१७ | १६३ | १६९ |
| १७१ | सोमालिया | २७,०२० | १३,१८२ | १,३५० | १७१ |
| १७२ | कंगो | २४,८३७ | २४,००६ | ३८६ | १७२ |
| १७३ | टिमोर लेस्टे | २३,१६३ | २२,९८१ | १३८ | १७३ |
| १७४ | सोलोमन टापु | २१,५४४ | १६,३५७ | १५३ | १७४ |
| १७५ | बुर्किना फासो | २१,१२८ | २०,६३२ | ३८७ | १७५ |
| १७६ | सान मारिनो | २०,३६५ | २०,१४६ | ११८ | १८१ |
| १७७ | जिब्राल्टर | २०,०४९ | १६,५७९ | १०७ | १७६ |
| १७८ | ग्रेनाडा | १९,२८९ | १८,८७८ | २३६ | १७८ |
| १७९ | लिक्टेन्स्टाइन | १९,१४६ | १८,९५० | ८६ | १७९ |
| १८० | निकारागुआ | १८,४९१ | ४,२२५ | २२५ | १७७ |
| १८१ | दक्षिण सुडान | १७,८२३ | १७,३३५ | १३८ | १८२ |
| १८२ | ताजिकिस्तान | १७,७८६ | १७,२६४ | १२५ | १८० |
| १८३ | बर्मुडा | १७,७८५ | १७,५१६ | १४८ | १८४ |
| १८४ | इक्वेटोरियल गिनी | १६,९५० | १६,६०२ | १८३ | १८३ |
| १८५ | समोआ | १५,७६७ | १,६०५ | २९ | १८६ |
| १८६ | जिबौटी | १५,६९० | १५,४२७ | १८९ | १८५ |
| १८७ | टोंगा | १५,२३५ | १४,३१७ | १२ | १९० |
| १८८ | मार्शल टापु | १५,००७ | १२,३३७ | १७ | २२५ |
| १८९ | केन्द्रीय अफ्रिकी गणतन्त्र | १४,८६२ | १४,५२० | ११३ | १८८ |
| १९० | डोमिनिका | १४,८५२ | १४,५५४ | ६८ | १८७ |
| १९१ | मोनाको | १४,३७५ | १४,२६८ | ५७ | १८९ |
| १९२ | गाम्बिया | १२,३११ | ११,७८८ | ३७१ | १९१ |
| १९३ | ग्रीनलान्ड | ११,९७१ | २,७६१ | २१ | १९२ |
| १९४ | सेन्ट मार्टिन | ११,९४१ | १,३९९ | ६३ | १९५ |
| १९५ | यमन | ११,९२५ | ९,११९ | २,१५५ | १९३ |
| १९६ | भनौतु | ११,७९३ | ११,७५१ | १४ | १९४ |
| १९७ | क्यारिबियन नेडरलान्ड | ११,०२८ | १०,४७६ | ३५ | १९७ |
| १९८ | सिन्ट मार्टेन | १०,८३६ | १०,७४१ | ८७ | १९६ |
| १९९ | इरिट्रिया | १०,१५४ | १०,०४६ | १०३ | १९८ |
| २०० | नाइजर | ९,३२९ | ८,८६३ | ३१२ | १९९ |
| २०१ | एन्टिगुआ एन्ड बर्बुडा | ८,९७४ | ८,७९४ | १४५ | २०० |
| २०२ | गिनी बिसाउ | ८,४९१ | ८,३०० | १७५ | २०१ |
| २०३ | कोमोरोस | ८,४५० | ८,२७० | १६१ | २०२ |
| २०४ | लाइबेरिया | ७,८३५ | ७,२६० | २९४ | २०४ |
| २०५ | सिएरा लियोन | ७,७४७ | अप्राप्त | १२६ | २०३ |
| २०६ | चाड | ७,५३८ | ४,८७४ | १९३ | २०५ |
| २०७ | माइक्रोनेसिया | ७,३२६ | १४४ | २६ | २२३ |
| २०८ | ब्रिटिस भर्जिन टापु | ७,२९१ | अप्राप्त | ६४ | २०७ |
| २०९ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ७,११२ | ६,६४१ | ११५ | २०६ |
| २१० | सेन्ट किट्स एन्ड | ६,५०९ | ६,४४६ | ४६ | २१० |
| २११ | टर्क्स एन्ड कैकोस | ६,३५९ | ६,२८५ | ३६ | २०८ |
| २१२ | कूक टापू | ६,२६५ | ६,१७६ | १ | २११ |
| २१३ | साओ टोम एन्ड | ६,१५३ | ६,०६० | ७६ | २०९ |
| २१४ | पलाउ | ५,३४८ | ५,२६५ | ६ | २१२ |
| २१५ | सेन्ट बार्थ | ५,२६३ | अप्राप्त | ६ | २१३ |
| २१६ | नाउरु | ४,६११ | ४,६०५ | १ | २१६ |
| २१७ | अन्गिला | ३,८३७ | ३,७८९ | ११ | २१४ |
| २१८ | किरिबाटी | ३,४३० | २,७०३ | १३ | २१५ |
| २१९ | सेन्ट पीरे मिक्वेलोन | ३,१३१ | २,४४९ | १ | २१७ |
| २२० | फकलान्ड टापू | १,८८६ | अप्राप्त | | २१८ |
| २२१ | मोन्टसेराट | १,१४५ | १,१०६ | ८ | २१९ |
| २२२ | मकाओ | ७९३ | ७८५ | ६ | २२२ |
| २२३ | वालिस एन्ड फुटुना | ७६१ | ४३८ | ७ | २२१ |
| २२४ | डाइमन्ड प्रिन्सेस | ७१२ | ६९९ | १३ | २२० |
| २२५ | नियुए | ७० | ६० | | २२७ |
| २२६ | भेटिकन सिटी | २९ | २९ | | २२४ |
| २२७ | पश्चिमी सहारा | १० | ९ | १ | २२६ |
| २२८ | एमएस जान्डाम | ९ | ७ | २ | २२८ |
| २२९ | तुभालु | ८ | | | २२९ |
| २३० | सेन्ट हेलेना | ७ | २ | | २३० |
| जम्मा | | ६०७,३३०,२५८ | ५८३,३५५,२८३ | ६,४९२,३८५ | |
| साउन १५ सम्म जम्मा | | ५८१,८१५,९०६ | ५५१,८०७,८६१ | ६,४१९,११२ | |
| स्रोत | WORLDOMETERE | मिति : २०७९।०५।१५ | | | |

इतिहासको पानाबाट

# २००६ सालको नगरपञ्चायत ऐन (७)

१०३. सदर तालुक अड्डाको तालुकी सवालबमोजिम तपसीलबमोजिमको काम गर्ने अधिकार हुनेछ।

(१) कुनै इलाकामा नगरपञ्चायत कायम गर्ने र सो नगरपञ्चायतको साँध सीमाना तोक्ने अथवा सो नगरपञ्चायतको इलाका घटबढ गर्ने अथवा स्थापित भएको नगरपञ्चायतलाई केही समयको निमित्त स्थगित गर्ने वा खारीजै गरी अर्को नगरपञ्चायत खडा गर्ने।

(२) दफा ८ को (घ) र (ङ) मा लेखिएका बन्देजभित्र परेका कसैलाई चुनावमा मत दिन अथवा चुनावमा सदस्य बन्न, खडा हुन अधिकार दिने।

(३) कुनै नगरपञ्चायत केही कालको निमित्त स्थापित भएको बेलामा सो नगरपञ्चायतको काम काज चलाउन अरु मानिस नियुक्त गर्ने।

(४) यस ऐनमा तोकिएको पञ्चायतको कुनै काम निजले गरेको रहेनछ भने सो काम यति दिनभित्रमा गर्नू भनी नगरपञ्चायतलाई अडर दिने र तोकिएको म्यादभित्र सो काम निजले गर्न नसकेमा सो काम गर्न अरु मानिस खटाउने र सो काम गर्दा लागेको खर्च नगरपञ्चायतको कोषबाट भराई दिने।

(५) दफा १५ (क) मुताविक झिकिएका कुनै सदस्यले अन्यायमा झिकिएँ भनी उजूर गरेमा सो उजूर सुन्ने र अन्तिम फैसला गर्ने।

(६) दुनियाँ वा रैतीलाई हानि हुने गरी कुनै सदस्यले आफ्नू पदको दुर्व्यवहार दुरूपयोग गरेमा निजलाई नगरपञ्चायतले नझिकिए पनि झिकिदिने।

(७) नगरपञ्चायतबाट झिकिएका कुनै सदस्यलाई फेरि चुनावमा खडा हुने अखतियार दिने।

(८) नगरपञ्चायतका सभापतिले आफ्नो कर्तव्यपालन गर्न नसकेमा वा राजीनामा दिन पर्ने खण्ड पर्दा पनि नदिएमा निजलाई झिकिदिने।

(९) नगरपञ्चायतको प्रधानकर्मचारी अरु महिनाको ५० भन्दा बढ्ता तलब खाने कर्मचारी भर्ना गरिदिने र निजहरूको तलब र नोकरीको सर्त तोकिदिने।

(१०) नगरपञ्चायतको प्रधान कर्मचारीलाई नगरपञ्चायतले जरिवाना गरेमा यस सम्बन्धमा निजको उजूर सुन्ने र निजको जरिवाना घटबढ र माफ गर्ने।

(११) नगरपञ्चायतले पेस गरेको बजेट र उपनियम पास गरी दिने अथवा त्यसमा केही हेरफेर गर्नुपर्ने भए सो पञ्चायतद्वारै हेरफेर गराउने, आफै हेरफेर गरी पास गरिदिने।

(१२) नगरपञ्चायतको बजेट र हिसाव किताव कुनै जाँचकीद्वारा जँचाउन लगाउने।

(१३) दुई वा दुईभन्दा बढ्ता नगरपञ्चायतलाई निजहरूले चाहेमा वा आफ्ना तजबीजले संयुक्त समिति खडा गर्ने आज्ञा दिने।

(१४) कुनै नगरपञ्चायतमा कुनै गाउँपञ्चायत गाभिन आयो भने सो गाउँपञ्चायतको धन ऋण ज्यथा आमदानी जुन नगरपञ्चायतमा गाभिन गएको हो सोही नगरपञ्चायतको धन ऋण ज्यथा आमदानी ठहराउने र सो गाउँपञ्चायतले गर्नुपर्ने काम वा खर्च सोही नगरपञ्चायतद्वारा गराइदिने।

(१५) नगरपञ्चायतले उठाउन चाहेको कर, दस्तुर, फी महसुल लगाउन इजाजत दिने अथवा नगरपञ्चायतले लगाइराखेको कर महसुलमा केही दोष देखिए सो दोष हटाउन अडर दिने वा कुनै कारणले कर दस्तुर महसुल उठाउन रोक्का गर्ने वा कसैलाई कर महसुल माफ दिने।

(१६) नगरपञ्चायतले लगाएको कुनै कर दस्तुर फी उपर वा निजकै कुनै आडरउपर उजूर सुन्नु।

(१७) नगरपञ्चायको कागजपत्र कामकाज जान्ने अफिसर खटाउने वा नगरपञ्चायतबाट पञ्चायती कामको बारेमा रिपोट बयान अथवा कागज पत्र आमदानी खर्चको हिसाव वा नगरपञ्चायतको जिम्मामा रहेको कुनै किसिमको कागजपत्र मगाई जाँच्ने हेर्ने।

(१८) नगरपञ्चायतको कुनै नियम वा उपनियम संशोधन गर्ने वा खारीज गर्ने र निजका कर्मचारीहरूले दिएको अडर खारीज गर्ने।

(१९) आवश्यक देखेमा नगरपञ्चायतलाई कर्जा दिने वा आम दुनियाँ सँग वा अरु कोही संस्थासँग ऋण दिन इजाजत दिने र सो ऋणको ब्याज ऋण तिर्न समय किस्ता ऋण तिर्नलाई साल साल छुटयाउने र काम ठेगान गरिदिने।

(२०) नगरपञ्चायतलाई आवश्यक अरु अखतियार दिने नियम उपनियम बनाइदिने वा निजले पाएको कुनै अखतियार झिकिदिने।

*इति संवत् २००६ साल चैत्र २७ गते रोज १ शुभम् (समाप्त)*

सम्पादकको पृष्ठ

# गठबन्धनको गाईजात्रे राजनीति

विभिन्न दर्शन र सिद्धान्तलाई मानेर गठन भएका सत्ताधारी पार्टीहरू आगामी चुनावमामात्र होइन पछि पनि गठबन्धनलाई निरन्तरता दिने कुरा गरिरहेका छन्। गठबन्धनका दलमध्ये कुनै पूँजीवादी सिद्धान्तलाई र कुनै मार्क्सवादी सिद्धान्तलाई मान्नेछन्। यसको स्पष्ट अर्थ दुई विपरीत सिद्धान्तका ती दल सिद्धान्ततः विपक्ष वा शत्रु खेमाका हुन्। एक वाक्यमा भन्ने हो भने तिनीहरू एकआपसमा मानिसले मानिसलाई गर्ने हरेक प्रकारका शोषणलाई कायम राख्ने र उन्मूलन गर्नेमा विश्वास राख्छन्। तर, सत्ताको लागि तिनीहरूबीच गठबन्ध गरिएको छ र चुनावमा पनि सँगै जाने भएका छन्। चुनाव प्रचारमा अब तिनीहरूले के भन्छन् ? शोषणको उन्मूलन गर्ने भन्छन् कि शोषणलाई कायम राख्ने भन्छन् ? अथवा आ-आफ्नो दलीय सिद्धान्तअनुसार एउटै मञ्चमा बसेर उन्मूलन र कायम राख्ने दुवै भन्छन् ? तब नितान्त विपरीत सिद्धान्तको गठबन्धनको राजनीति के गाईजात्रे हुँदैन ? यस्तो गाईजात्रे राजनीति गर्नेलाई विश्वास गरे मतदाताले आफ्नो मताधिकारको दुरूपयोग गरेको ठहरिने छ।

देश संविधानअनुसार चल्छ भनेझैँ दलहरू विधान अनुसार चल्नुपर्छ। हरेक दलको विधान कुनै एक दर्शन र सिद्धान्तमा आधारित हुन्छ। गठबन्धनका दलहरूको विधानमा एकले अर्कोलाई 'मित्र' वा 'सम सिद्धान्त' का भनिएको छैन, बरु विरोधी र शत्रु मानिएको पाइन्छ। तर, गठबन्धन गर्ने दलहरूले सत्ता र चुनावको लागि विधानलाई रद्दीको टोकरीमा फालेको प्रमाण घामजतिकै प्रस्ट छ। दलको संविधानजस्तो विधानलाई नमान्ने दलहरूले चुनावी घोषणापत्रलाई मान्यता दिन्छ, पालना गर्छ भन्ने सोच्नु हदैको केटाकेटीपन हो। यसरी गठबन्धनका दलहरूले आ-आफ्नो विधानलाई पनि गाईजात्रे पत्रिका बनाएको छ।

हो, विशिष्ट उद्देश्यका लागि दलहरूबीच मोर्चा र सहयात्री हुनसक्छ। जनमत सङ्ग्रह, ४६ सालको जनआन्दोलन, प्रतिगमनविरोधी आन्दोलनमा त्यस्तो मोर्चा र सहयात्री बनेको इतिहास छ। उद्देश्य प्राप्तिपछि मोर्चा र सहयात्री दलहरूले आ-आफ्नो सिद्धान्त र विधानअनुसार चुनाव लडे, कोही सत्तामा पुगे कोही प्रतिपक्षमा बसे। तर पछि प्रमुख प्रतिपक्षी दल पनि सत्ता साझेदार हुन पुगे, कुनै दल प्रतिगामी सरकारको नेतृत्व गर्न पुगे, कुनै दल 'पार्टी ध्वस्त भए' पनि जनआन्दोलनलाई धोखा दिएर प्रतिगामी सरकारमा गएर आफ्नो विश्वासघाती चरित्र जगजाहेर गर्न पुगे। त्यस्ता सिद्धान्त, विधान, नीति र राजनीति कै हुर्मत लिने दलहरूले राजनीतिमा विकृति ल्याए। गठबन्धनको नाममा ६ दलले त्यस अराजनीतिक कुसंस्कारलाई निरन्तरता दिइरहेको छ।


यदि विगतका विकृति, विसङ्गतिलाई समाप्त पार्ने उद्देश्य राखेर गठबन्धन गरेको भए देश र समयको आवश्यकता ठान्न र मान्न सकिन्थ्यो। अरुचिकर भए पनि ओखती ठानेर सहन सकिन्थ्यो। त्यो पनि देखिएको छैन। अहिलेको गठबन्धन सत्ता र चुनावको लागि मात्र होइन देशको सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधीनतालाई अवमूल्यन गर्न, एमसीसी, एसपीपी, नागरिकताजस्ता राष्ट्रघात गर्न, भ्रष्टाचार र कुशासनबाट प्रजातन्त्र र गणतन्त्रको हुर्मत लिन, राजनीतिक सिद्धान्त र दलीय व्यवस्थाको मर्ममाथि साङ्घातिक हमला गर्न भइरहेको सर्वत्र दृष्टिगोचर भइरहेको छ। यसले प्रत्येक सच्चा प्रजातन्त्रवादी र गणतन्त्रवादीको मथिंगलमा हलचल ल्याउने अपेक्षा छ। अन्यथा 'सार्वभौमसत्ता सम्पन्न जनता' को विशेषण संविधानमा राख्नु 'कागलाई बेल पाके' जस्तै औचित्यहीन सावित हुनेछ।




भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले वडा नं. ७ स्थित न्यातौं (हनुमानघाट पुल) को उद्घाटन गर्नुभयो (भदौ १२ गते)




भक्तपुर नगरपालिका वडा नं. २ को आयोजनामा सरुवा रोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम भयो । (साउन २२ गते)



हनुमानघाटस्थित नवनिर्मित ब्यातँ (हनुमानघाट पुल)